# रसवाहिनी

## (जम्बुद्वीपमा उत्पन्न कथाहरू)



श्रीमती विद्यालक्ष्मी शाक्यद्वारा नेपालीमा अनुवादित

भिक्षु विपस्सी महास्थविरद्वारा सम्पादित

https://dhamma.digital

# रसवाहिनी

**(जम्बुद्वीपमा उत्पन्न कथाहरू)**

श्रीमती विद्यालक्ष्मी शाक्यद्वारा नेपालीमा अनुवादित

**भिक्षु विपस्सी महास्थविरद्वारा सम्पादित**

Dhamma.Digital

**प्रकाशक**

**उपासिका सरोज मानन्धर,**

**थंहिति परिवार, थापाथली परिवार तथा धर्ममित्रहरू**

काठमाडौं, नेपाल ।

https://dhamma.digital

**रसवाहिनी**
(जम्बुद्वीपमा उत्पन्न कथाहरू)

भद्दन्त रट्ठपाल थेरद्वारा श्रीलंकामा सीहली भाषाबाट पालिमा अनुदित त्रिपिटकबाह्य प्राचीन पालि साहित्यको अगाडिको भाग नेपालीमा अनुदित ।

श्रीमती विद्यालक्ष्मी शाक्यद्वारा नेपालीमा अनुवादित
भिक्षु विपस्सी महास्थविरद्वारा सम्पादित

**प्रकाशकः**
उपासिका सरोज मानन्धर,
थंहिति परिवार, थापाथली परिवार तथा धर्ममित्रहरू
काठमाडौं, नेपाल

प्रथम संस्करण २,००० प्रति

बुद्धसम्बत् २५६९
बिक्रम सम्बत् २०८२
ईश्वी सम्बत् २०२५

ISBN....

**मुद्रकः** सिग्मा जनरल अफसेट प्रेस
साँचल, सानेपा, ललितपुर, फोनः ५४५४०२९

आवरण चित्रको परिचय : भक्तपुरको मुनि विहारको चित्रालयमा प्रदर्शित २०१० सालभन्दा पहिलेको चित्र जसमा ब्रह्मादि देवहरूले धर्मदेशनाको लागि भगवान् बुद्धमा प्रार्थना गरिरहेका छन् ।



Dhamma.Digital
https://dhamma.digital

# प्राक्कथन

*रसवाहिनी*को अर्थ रस अर्थात् खुशी, प्रसन्नताको धारा हो । यो मूलतः सीहलभाषामा सिर्जित साहित्यिक कृति हो, जुन कि जम्बुद्वीपमा उत्पन्न कथाहरू र सीहलद्वीपमा उत्पन्न कथाहरू गरी दुई भागमा विभाजित छ । यो श्रीलंकाको सीहलद्वीप महाविहार गुत्तवङ्क परिवेणवासी भद्दन्त रट्ठपाल स्थविरद्वारा संग्रहित तथा पालि (मागधी) भाषामा परिवर्तित त्रिपिटकबाह्य पालि कृति हो । पछिका कवि कुञ्जर महावैय्याकरणिक भद्दन्त वेदेहसामि स्थविरद्वारा शुद्धिकरण तथा सम्पादन गरिएको हो। यो ३२ भाणवारमा विभाजित छ। यसमा बौद्ध परिवेशका १०३ वटा कथाहरू छन्। यसमा भिक्षु, भिक्षुणी, उपासक, उपासिका, देवदेवी, यक्ष, पशुपंक्षीहरूका समेत प्रसंगहरू छन् । यसका ९२ वटा कथाहरू *सहस्सवत्थु अट्ठकथा*का ९३ वटा कथाहरूमध्येमा समावेश छन् । ईशाको ८औं वा ९औं शताब्दीको मानिएको *महावंस टीका*मा यही *सहस्सवत्थु अट्ठकथा*को उल्लेख रहेको हुनाले *रसवाहिनी*को प्राचीनता प्रष्ट हुन्छ । यसका कतिपय कथाहरू *जातक, अवदान, अवदानकल्पलता* आदिका कथासदृश छन्, आदि । यस्ता व्यापक अन्वेषण गर्ने आँनलाइनमा उपलब्ध तेलवत्ते राहुल (Telwatte Rahul) को सन् १९८१ मा Austrelian National University मा बुझाइएको विद्यावारिधि शोधप्रबन्ध (थेसिस) RASAVAHINI : JAMBUDIPUPPATTIVATTHU, an edition



https://dhamma.digital

together with an English translation साथमा नेवारी, थाइ तथा पालि स्रोतसँग दाँजेर श्रीमती विद्यालक्ष्मी शाक्यद्वारा नेपालीमा अनुवादित पाण्डुलिपिलाई सम्पादन गरेको हुँ ।

*रसवाहिनी*मा बताइएका बुद्ध, धर्म र संघ अर्थात् त्रिरत्नको गुण, प्रभाव र महानता, देवमनुष्यहरूका माझमा भगवान बुद्धको श्रेष्ठता, प्राणीहरूको जन्मजन्मान्तर, स्वर्गनर्क, पापपुण्यका फलाफल आदि विषय रहेकोले यो एउटा धार्मिक कृति भएको देखाउँछ । यसका धेरैजसो कथाहरूमा रहेको *किर* शब्दले यो श्रुतिपरम्परा भएको बताउँछ । तैपनि यसमा रहेका बुद्धकालका मात्र होइन कि त्योभन्दा पहिलेका भेषमा रहेका तथा पछिका घटना, जात्रा तथा पर्वदिनहरूका केही विवरणहरूमा आजबाट कमसेकम पाँचशय बर्ष पहिलेसम्मको दक्षिणएसियाको बुद्धधर्मको इतिहासका झलकहरू पनि भेटिन्छ । तसर्थ आधुनिक ढंगले इतिहास लेखिनु अगाडिसम्म वा त्यस्ता अन्वेषणपूर्ण कृतिहरू[१]मा पहुँच नभएकाहरूलाई त्यहाँको बुद्धधर्मको इतिहास जान्नको लागि पनि यो कृति उपयोगी छ ।

*रसवाहिनी* धेरै पहिलेदेखि श्रीलंका तथा म्यानमारमा पालि भाषा सिक्ने पाठ्यपुस्तकको रूपमा प्रयोग भइआएको छ । ईशाको बिसौं शताब्दीको पूर्वार्धमा त्यहाँ अध्ययन गर्न गएका नेपालका प्रथम पुस्ताका थेरवादी भिक्षुहरूद्वारा

१ जस्तो कि Giovanni Verardi : *Hardship and Downfall of Buddhism in India*; Manohar, 2-11; Published by Ajay Kumar Jain, New Delshi, India. 2011.



https://dhamma.digital

पनि यसको अध्ययन गरिएको थियो (हेर, भिक्षु महानाम सम्पादित पालि *रसवाहिनी जम्बुदीपुप्पत्तिकथा*मा रहेको भिक्षु बुद्धघोष महास्थविरको मन्तव्य) । फलस्वरूप उहाँहरूद्वारा नै यो नेपालमा पनि भित्रिएको हो । *रसवाहिनी* (जम्बुद्वीपमा उत्पन्न कथाहरू) ४० वटा कथाहरू सन् १९७९ र १९८० मा दुई भाग गरी भिक्षु अनिरुद्ध महास्थविरद्वारा नेपाल भाषामा अनुवाद तथा प्रकाशन भयो । *रसवाहिनी (जम्बुदीपउप्पत्तिकथा)* पालिपाठ मात्र पनि देवनागरी लिपिमा भिक्षु महानामको सम्पादकत्वमा सन् १९८३ मा उनै भिक्षु अनिरुद्ध महास्थविरद्वारा नै प्रकाशन भयो, जुन कि त्यसै बेलादेखि पालि भाषा पठनपाठनको लागि नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रममा राखिएको छ ।

आधुनिक नेपालमा *रसवाहिनी*का कथाहरूको परिचय मौखिकरूपमा त थेरवादी भिक्षुहरूको आगमनको प्रारम्भदेखि नै भएको अनुमान गर्न सकिन्छ । भक्तपुरको मुनि विहारमा उपाध्याय भिक्षु रत्नज्योति महास्थविरको प्रयासबाट बनेको चित्रालय (बैठक)मा धम्मसोण्डक राजाको कथा (क्रमसंख्या १.०१) को रंगीन चित्र प्रदर्शित छ, जुन कि बि. स. २०१० सालभन्दा पहिलेको चित्रकला मानिन्छ । भिक्षु विवेकानन्द महास्थविरको २०२२ सालमा प्रकशित कृति *बाल बौद्ध शिक्षा* (नेपालभाषा) पृ ४१-४६ मा बुद्धेनिको कथा (क्रमसंख्या १.०४) प्रकाशित छ । अर्को २०३६ सालमा कुलरत्न शाक्य वसी, ललितपुरद्वारा प्रकाशित *दाफा भजन* पुस्तिकाको पृष्ठ ३५ मा (कावीरपट्टनको कथा, क्रमसंख्या २.०५) २०३१



https://dhamma.digital

साल (बुद्धसम्बत २५१५) मा रचित भजन पाइन्छ। त्यस्तै महेन्द्ररत्न शाक्य लिखित *मंगल-सूत्र (भाग १)* २०३६ सालमा प्रकाशित पुस्तकको पृष्ठांक १०४-११५मा चोर साथीको कथा (क्रमसंख्या २.०७) छ। २०२० को दशकमा सरण स्थविरको कथा (क्रमसंख्या १.०६) कथाबाट प्रभावित भएर भक्तपुरमा सरणकुमार नाम राखेको पनि पाइन्छ। वर्तमान सम्पादकले उहाँ उपाध्यायको मुखबाट कावीरपट्टनको कथा (क्रमसंख्या २.०५) आदि देशना सुनेको पनि ५० बर्ष नाघिसक्यो। आफू श्रामणेर भएलगत्तै ललितपुरको श्रीसुमंगल विहारमा बस्दा २०३२ सालमा प्रव्रज्यासंवर ग्रहण (बरेछुयेगु) विधिमा रहेको बालकलाई गुरु भिक्षु बुद्धघोष महास्थविरद्वारा सुनाइएको अहितुण्डिक (सपेरा) को कथा (क्रमसंख्या १.०५ अझै याद छ। यस्तै महासेन राजाको कथा (४.०१) ले हामीलाई नेपालमा प्रचलित संस्कृत बौद्ध साहित्यको *सर्वानन्दनृपावदान* याद दिलाउँछ, जुनमा राजारानी आफैले कडा शारीरिक श्रमद्वारा आर्जित सम्पत्तिद्वारा भगवान बुद्ध प्रमुख भिक्षुसंघलाई पूजा तथा दान गरी पुण्य आर्जन गरेका थिए। मह व्यापारी तिन दाजुभाईहरूको कथा (क्रमसंख्या ४.०८) मा मौर्यसम्राट अशोकको जीवनी सम्बन्धी उल्लेख छ, जहाँ उनको नाम पियदास (पियदस्सी) पनि हो भन्ने उल्लेखहरू छन्। अझ त्यही कथामा पाइने श्रीलंकाका राजा तिस्सको नामको अगाडि देवानंपिय (देवताहरूका प्रिय) उल्लेख त्यस राजाको पदवी हो भन्ने अर्थ लाग्छ। यही नियम वा विधि उनका समकक्षी र समकालीन मौर्यसम्राट अशोकलाई पनि मान्य हुन्छ। त्यसैले अभिलेखहरूमा देवानंपिय पियदस्सी भनेको



https://dhamma.digital

मौर्यसम्राट अशोक नै हो भनी थम्याउन *रसवाहिनी*का यी उल्लेखहरू आधार बन्छन् । यसरी यसका विवरणहरूले नेपालका निग्लिहवा लगायत लुम्बिनीमा प्राप्त मौर्यसम्राट अशोकका शिलालेखहरू बुझ्न सहयोग मिल्छ ।

नेपाल उपत्यकामा मौर्यसम्राट अशोकका धर्मदूतहरूका साथमा सांस्कृतिक दूतहरूको समूह पनि आएको सम्भावनाबारे नेपाली विद्वानहरूको ध्यान पर्याप्त मात्रामा अझै गएको देखिंदैन । श्रीलंकाका जस्ता पुराना तथ्य प्रमाण नेपालसँग छैन भनेर पूरै घटनावलीलाई नै अस्वीकार गर्नतिर लाग्नु त पूर्वाग्रह हुन्छ कि ? मौर्यसम्राट अशोककी पुत्री चारुमतीको नेपाल आगमन भएको गुणानन्द पण्डित (डेनियल राइट अनुवादित *हिस्ट्री अफ नेपाल*) को वंशावलीको कथनलाई *रसवाहिनी*ले बल दिन्छ कि ? त्यस्तै मौर्यसम्राट अशोक नेपाल उपत्यकामा आगमन भएको *स्वयम्भूपुराण*को उल्लेखलाई पनि केही महत्त्व दिने कि ? उता श्रीलंकाका राजा देवानंपिय तिस्सलाई मौर्यसम्राट अशोकको आदेश अनुसार विधिवत राज्याभिषेक गरिदिएको उल्लेख यसका कथामा पढेपछि नेपाल उपत्यकामा पनि अशोककालमा नै उनीसँग सम्बन्धित अझ श्रीलंकाकोभन्दा पनि महत्त्वपूर्ण र व्यापक प्रभावकारी केही क्रियाकलापहरू अवश्यमेव भएको हुनसक्ने तथ्य स्वीकार गर्न सहज भएको छ । तर नेपालको विद्वतपरम्पराले यतिविघ्न महत्त्वपूर्ण घटनाको प्रमाण बचाइराख्न नसकेको अवस्थामा श्रीलंकाको यो *रसवाहिनी* ले जस्तो नेपालका *हिस्ट्री अफ नेपाल* तथा



https://dhamma.digital

*स्वभम्भूपुराण* ले थोरै भएपनि अभावपूर्ति गरेको मान्ने कि ? विगत केही शताब्दीहरूमा नेपाल उपत्यकामा बौद्ध शिक्षाका केन्द्रहरू नाश हुन गएकोले अशोकका धर्मदूतहरू सम्बन्धी बाकी ग्रन्थहरू पनि नाश हुनगएको हुन सक्छ ।

*रसवाहिनी*को इन्द्रगुप्त स्थविरको कथा (क्रमसंख्या ४.०४) मा स्थविरको स्वागतको लागि गरिएको प्रबन्धमा अष्टमंगल पनि प्रयोग भएको उल्लेख छ, जुन कि नेपालमा अझै चलनचल्तिमा छ । यो अष्टमंगलको उल्लेख पालि साहित्यमा रहेको पाउनु हाम्रो लागि उल्लेखनीय बुँदा हो । त्यस्तै हिमवन्त वा हिमाली क्षेत्र अरबौंको जनसंख्यालाई शुद्धजलको स्रोत नदीनालाका पानी र त्यहाँको वन जंगलमा पाइने काठ, जडिबुटि, पशुपंक्षी, लत्ताकपडा, अन्न, फलफूल आदि मगधको राजधानी पाटलीपुत्रको राजप्रासादमा पुग्ने गरेको यस प्राचीन उल्लेखले हिमवन्त प्रदेशमा मानवीय क्रियाकलापहरूको लागि उपयुक्त वातावरण रहेको जानकारी दिने मात्र होइन कि दक्षिण एसियाको सभ्यतामा नै हिमाली क्षेत्रले महत्त्वपूर्ण योगदान दिइआएको थाहा दिन्छ । यसले कौटिल्यको *अर्थशास्त्र*मा उल्लेख गरिएको नेपालबाट पाटलीपुत्रमा पैठारी हुने वस्तुहरूको सूचीमा वृद्धि गर्दछ । अझ कञ्चनदेवीको कथा (क्रमसंख्या २.०४) मा रहेको जात्राको वर्णनले काठमाडौं, ललितपुर, नाला (काभ्रे) तथा दोलखामा समेत वार्षिक चलिरहेको मच्छिन्द्रनाथ करुणामयको रथयात्राको झझल्को दिन्छ । मिथ्यादृष्टिकको कथा (क्रमसंख्या ३.०२), पिर्काको कथा (क्रमसंख्या ३.०३),



https://dhamma.digital

तथा कावीरपट्टनको कथा (क्रमसंख्या ३.०५) मा नेपालमा प्रचलित नेपाल सम्बत २०२-२१९ सालमा नेपाल उपत्यकामा राज्य गर्ने भूपति (राजा) हर्षदेवद्वारा रचित *प्रभातस्तुति*[२]मा जस्ता ब्राह्मण परम्पराका देवीदेवताहरूको सन्दर्भमा भगवान बुद्धप्रतिको बुद्धानुयायीहरूको अवधारणा व्यक्त हुन्छ । यसमा उल्लिखित लंकावासीहरूको बुद्धगयास्थित जयश्रीमहाबोधिवृक्षप्रतिको भावभाक्तिसँग नेपालीहरू पनि गाँसिएको छ । यसको कारण बुद्ध नेपालमा जन्मेकोले वा नेपालीहरू बुद्धधर्मावलम्बी भएकोले मात्र होइन । ती बाहेक पनि बुद्धगया मन्दिर जहाँ त्यस जयश्रीमहाबोधिवृक्ष रहेको छ, नेपालीहरूको पनि श्रद्धाको केन्द्र रहेको इतिहासमा प्रसिद्ध छ । सन् १२७५ मा पश्चिम नेपालका राजा अशोक चल्लले त्यस मन्दिरको जिर्णोद्धार गराएर दत्त राख्दा त्यसको संचालनको जिम्मा त्यहाँ बस्ने गरेका श्रीलंकाली भिक्षुहरूलाई जिम्मा दिइएको थियो । त्यस्तै यसै महाबोधि मन्दिरबाट प्रेरित भएर नै सन् १५८५ मा उपत्यकाको ललितपुर महानगरमा महाबुद्ध मन्दिर समेत निर्माण गरिएको थियो । त्यस्तै नेपालका *स्वयम्भूपुराण* र विभिन्न वंशावली, *धम्मपदअट्ठकथा*, *जातकअट्ठकथा*का कथाहरू सुन्ने, पढ्ने बानि परेका नेपालीहरूलाई यस *रसवाहिनी*का सबैजसो कथाहरूमा अवश्यमेव रसस्वाद पाइनेछ । नेपालसँग सम्बन्धित यस्ता विभिन्न तथ्यहरू रहेको हुनाले

---

२ *प्रभातस्तुति* भिक्षु सुदर्शन तथा रत्नसुन्दर शाक्यद्वारा बु. स. २०५२ सालमा प्रकाशित ।



https://dhamma.digital

धार्मिक विश्वासका साथसाथमा नेपालको इतिहासमा पनि *रसवाहिनी*को महत्त्व छ ।

*रसवाहिनी* नेवारी अनुवादसँग मेरो सम्बन्ध पुरानो हो । म संजोगले सन् १९७९ को हिउँदमा प्रथम पल्ट तानसेन पुगेर आनन्द विहारमा बसेको थिएँ । आनन्द विहारमा बस्नुहुने भिक्षु शाक्यानन्द भन्ते त्यो वर्षमा हुँगीमा वर्षावास बस्न जानुभएको फर्किनुभएको थिएन । आनन्द विहारमा वर्षावास बस्नुभएका भिक्षु अनिरुद्ध भन्ते यही *रसवाहिनी* पुस्तक प्रकाशनको सिलसिलामा बुटवल, लुम्बिनी जानुभएको खबर सुनेको थिएँ । तसर्थ त्यसबेला त्यहाँ कोही भिक्षु हुनुहुन्नथ्यो । केही दिनपछि उहाँ अनिरुद्ध भन्ते आनन्द विहारमा फर्की आउनुभयो र मलाई त्यो पुस्तक उपहार दिनुभयो । त्यस बेला केही दिन पहिले राम्दीघाट बजारनिर काली गण्डकीमा यात्रुबस खसेर ४७ जना यात्रीहरू मृत्यु भएको खबर पत्रिकाहरूमा आएको थियो । ती अभागी यात्रुहरूसँगै म पनि त्यस बस भित्र नै बसेर पल्टा खाँदै कालीगण्डकी किनारासम्म नै पुगेको थिएँ । म भने त्यो संख्याबाहिर परेँ । त्यस दुर्घटनाबाट घायल भएको मलाई परोपकारीहरूले पाखुरा समातेर सडकसम्म ल्याई गाडी चढाएर उपचारको लागि तानसेनको अस्पतालमा पुर्‍याएका थिए । त्यहाँ सामान्य उपचार पछि तानसेनको आनन्द विहारमा २ साताजति आराम गरिबस्दा स्थानीय अनेक उपासक उपासिकाहरूका साथै स्व. अनागारिका उप्पलवण्णा गुरुमाले सेवा गर्नुभएको मलाई याद छ । घायल अवस्थामा यो पुस्तक पढेर मलाई



https://dhamma.digital

शारीरिक तथा मानसिक शान्ति लाभ भएको पनि याद छ। त्यसपछि म भर्खर एस एल सी परिक्षा दिएर काठमाडौं महानगरको बागबजारस्थित धर्मचक्र विहार लगायत विहार हरूमा धार्मिक सेवा अवधिमा (सन् १९८३-८५) आर्यसूर-कृत संस्कृतको *जातकमाला* लगायत यही *रसवाहिनी*का कथाहरू देशना गर्दा श्रद्धालुहरू निक्कै प्रभावित भएका थिए।

यस्ता अनेक कारणहरूले गर्दा *रसवाहिनी* नेवारी अनुदित कृति पुराना पुस्ताका नेवारी पाठकहरूमा लोकप्रिय भयो र भाषा नबुझ्नेहरूका लागि फरक-फरक व्यक्तिहरूद्वारा नेपालीमा आंशिक उल्था गरी नेपाल बौद्ध परियत्ति शिक्षामा समेत अध्ययन-अध्यापन भइरहेको थियो। यसको पूर्ण नेपाली अनुवादको अभाव निक्कै खट्कीरहेको थियो। अब नेवारी पाठकहरू *रसवाहिनी* पुस्तकसँग परिचित भएको ४५ वर्षभन्दा बढी समय बितिसकेपछि भर्खर नेपाली भाषामा *रसवाहिनी* (जम्बुद्वीपमा उत्पन्न कथाहरू) मात्र भए पनि आउँदैछ। यसको श्रेय *रसवाहिनी*का सर्जकहरू र पुराना संवाहकहरूपछि नेवारी अनुवादक तथा प्रकाशक दिवंगत भिक्षु अनिरुद्ध महास्थविरलाई जान्छ भने त्यसपछिको श्रेय यसको नेपाली अनुवादिका र यसका प्रकाशकहरूलाई जान्छ। शुरुमा सामूहिक रूपले प्रकाशन गर्ने र चन्दा रकम अनुसार पुस्तक वितरण गर्ने भनी गण महाविहारमा भएको महापरित्राण पाठ कार्यक्रममा प्रचार गर्दा प्राप्त भएको चन्दा दान (नेपाली रुपैयाँ) निम्नलिखित छ-



https://dhamma.digital

| दाताहरूको नामावली | रकम |
|---|---|
| श्रीमती सुमना महर्जन, कलधारा, काठमाडौं | ५०,००० |
| श्री राजीवमान सिंह र श्रीमती शकुन्तला सिंह, भोटेबहाल, काठमाडौं | ५०,००० |
| श्रीमती रामदेवी सिंह, महाराजगंज, काठमाडौं | २५,००० |
| श्रीमती ताराशोभा तुलाधर, काठमाडौं | १०,००० |
| श्रीमती मैंयाँ डंगोल, काठमाडौं | १०,००० |
| श्री नाति महर्जन त्यौर, काठमाडौं | १०,००० |
| श्री बुद्धरत्न महर्जन, ठँहिटी, काठमाडौं | १०,००० |
| श्री नातिकाजी महर्जन, बालाजु, काठमाडौं | १०,००० |
| श्रीमती मैंयाँ महर्जन, नयाँ बजार, काठमाडौं | १०,००० |
| श्रीमती दयालक्ष्मी मानन्धर, भक्तपुर | ५,००० |
| श्री सुप्रबुद्ध शाक्य परिवार, आदिपद्म महाविहार, सूर्यमढी, भक्तपुर न.पा.-९ | ५,००० |
| श्रीमती रमना श्रेष्ठ, काठमाडौं | २,००० |
| श्रीमती शान्ति मानन्धर, धरहरा, काठमाडौं | २,००० |
| श्रीमती बसुन्धरा महर्जन, काठमाडौं | १,१०० |
| श्रीमती इन्द्रमाया मानन्धर, भक्तपुर | १,०२० |
| श्रीमती शान्ति शाक्य मानन्धर, काठमाडौं | १,००५ |
| श्रीमती लक्ष्मी शाक्य, सानेपा, ललितपुर | १,००० |
| श्रीमती राधिका महर्जन, काठमाडौं | १,००० |

Dhamma.Digital



https://dhamma.digital

| | |
|---|---|
| श्रीमती कृष्णमाया लाछिमस्यु, भक्तपुर | १,००० |
| श्रीमती कल्पना सिमाछ्वा, भक्तपुर | १,००० |
| श्रीमती ज्ञानीमाया तुलाधर, काठमाडौं | १,००० |
| श्रीमती लक्ष्मीकेशरी प्रजापति 'कोविद', भक्तपुर | ६०० |
| श्रीमती गंगादेवी मानन्धर, काठमाडौं | ५०० |
| श्रीमती लक्ष्मी महर्जन, काठमाडौं | ५१० |
| श्रीमती मंगलदेवी मानन्धर, काठमाडौं | ५०० |
| श्रीमती लक्ष्मी तुलाधर, काठमाडौं | ५०० |
| श्रीमती रेणुकादेवी श्रेष्ठ-तण्डुकार, काठमाडौं | ५०५ |
| श्रीमती लक्ष्मी श्रेष्ठ, काठमाडौं | १५० |

उहाँहरू सबैजनालाई साधुवाद छ। साथै यो पुस्तक आफ्ना अति पूज्य पिता स्व. डा. द्वारिकाप्रसाद मानन्धर, अति श्रद्धेय ससुरा बुवाज्यू दिवंगत लक्ष्मीदास मानन्धर र जहान दिवंगत ई. देवदास मानन्धरको निर्वाण कामनार्थ प्रकाशन गर्ने श्रद्धा गर्नुभएकी उपासिका सरोज मानन्धरलाई साधुवाद छ। उहाँ तिनैजना दिवंगतहरू आफ्नो मातृभाषा नेपाल भाषा, बुद्धधर्म र आफ्नो समुदायको हित र उत्थानका लागि नयाँ नयाँ प्रविधिको प्रयोग गर्दै जीवन व्यतीत गर्नुभएका समाजसेवी, उद्यमी तथा बौद्ध उपासकहरू हुनुहुन्थ्यो । उहाँहरूलाई भगवान् त्रिरत्नको अशिर्वाद तथा यो पुस्तक प्रकाशन सहित आआफ्ना अन्य पुण्यराशीको प्रभावले सद्गति तथा निर्वाण लाभ होस् भनी पुण्यानुमोदन गर्दछु ।



https://dhamma.digital

यहाँनिर स्वर्गीय उपासक श्री लक्ष्मीदास मानन्धरज्यूको एउटा उपकार स्मरण गर्न चाहन्छु । उहाँ आफू माननीय सांसद सदस्य रहेको बेलामा नेपालको राष्ट्रिय बौद्ध संस्था मानिएको धर्मोदय सभाका पनि केन्द्रिय कार्यसमितिका उपाध्यक्ष हुनुहुन्थ्यो । त्यस बेलामा धर्मोदय सभालाई नेपाल तथा भारतमा वैशाख स्मारक स्तूप जात्रा र प्रदर्शनीको मौका आएको थियो । तर केही पदाधिकारीहरूले विमति राखेकोले विवाद उत्पन्न भएको थियो । यस्तो अवस्थामा उहाँले जोडदार समर्थन र अगुवाई गरेर जिम्मा लिनुभएकोले यो विश्वस्तरीय बौद्ध गतिविधि सफल भएको थियो ।

कुरो यस्तो थियो कि सन् १९९८ मा संयुक्त राष्ट्रसंघ (यूएन)ले बैशाख पूर्णिमाको दिनलाई संयुक्त राष्ट्रसंघको प्रधान कार्यालय र अरु कार्यालय, निकाय र नियोगहरूमा बैसाख दिवस भनी मनाउने निर्णय गरेको थियो । यसलाई स्वागत गरी थाइलैंडका १९ औं परमपूज्य संघराज भिक्षु समतेच बरञाणसंवर (सुवड्ढन महाथेर) बाट संयुक्त राज्य अमेरिकाको न्यूयोर्क महानगरस्थित संयुक्त राष्ट्रसंघको प्रधान कार्यालयमा स्थापनार्थ उपहारस्वरूप अन्तर्राष्ट्रिय बौद्ध बैसाख स्मारक स्तूप र भगवान बुद्धका अस्थिधातुहरू प्रदान गर्नुभएको थियो । त्यहाँ  स्थापना गर्नुभन्दा पहिले यसको विश्वभ्रमणको सिलसिलामा नेपालमा भक्तपुरको मुनि विहार (श्री धर्म्मोत्तम महाविहार) मा त्यो स्तूप तथा बुद्ध अस्थिधातु जात्रा तथा प्रदर्शनी गरिएको थियो, जहाँ वि. स. २०४४ साल (सन् १९८७) देखि धर्मोदय सभा, भक्तपुर



https://dhamma.digital

शाखाको कार्यालय अवस्थित छ । २०६० श्रावण २३ देखि श्रावण ३१ गतेसम्म नेपाल तथा भारतमा भएको सो यात्रा र प्रदर्शनीको जिम्मेवारी धर्मोदय सभाले पाएको थियो । त्यसको कार्यान्वयन त्यसका उपाध्यक्ष उहाँ लक्ष्मीदास मानन्धरज्यूले गर्नुभएको थियो ।[३] म आफू पनि त्यस स्तूप र अस्थिधातुको रक्षक रहेको हुनाले यस गतिविधिमा उहाँको योगदानको उच्च महत्त्व अनुभव गरेको छु । त्यसै बेलादेखि मेरो उहाँसँग मैत्रीपूर्ण सम्पर्क रहिआएको थियो । यसै कारणले उहाँको परिवारसँग पनि सम्पर्क बढ्यो, जुनमा यो *रसवाहिनी* प्रकाशनले नयाँ आयाम थपेको छ ।

भक्तपुरकी श्रद्धावती उपासिका विद्यालक्ष्मी शाक्यले प्रारम्भिक अनुवाद गरिराखेको *रसवाहिनी* को पाण्डुलिपि मैले धेरै समय र मेहनत लगाएर पालि, नेवारी, थाइ तथा अंग्रेजी स्रोतहरूसँग रुजु गरेर सकभर मिलाएँ । यसमा प्रथम गाथा, सुवर्णतिलकाको कथा (क्रमसंख्या ४.०२) को श्लोक नं ९ तथा अशोक राजालाई महाकाल नागराजले देखाएको बुद्धरूपको वर्णन (क्रमसंख्या ४.०८, पृ. २९८) को अनुवाद गहारो लागेकोले एकदुइजना विद्वानहरूसँग छलफल गर्दा पनि सन्तोषजनक हुन सकेको छैन । त्यसैले जसोतसो गरी छोडेको छु । यति बाहेक मेरा मित्र भिक्षु उपतिस्ससँग मिलेर केही पालि शब्दको अनुवादलाई अन्तिमरूप दियौं । त्यस्तै उपासक हरिओम् श्रेष्ठज्यूबाट प्राप्त नेपाली भाषा शुद्धाशुद्धी

---

३ भिक्षु विपस्सी धम्मारामो लिखित तथा सम्पादित *भक्तपुरको मुनि विहार*, २०७१ सालमा प्रकाशित, पृष्ठ १५०-१५७



https://dhamma.digital

सम्बन्धी सल्लाहलाई मैले अंगिकार गरेको छु । आशा छ कि अनुवाद पठनीय हुनेछ ।

यति गर्दा पनि यसमा अझै स्खलनहरू रहेको हुनसक्छ, अज्ञानता तथा भूलबस दोषहरू रहेको हुनसक्छ, त्यसको लागि क्षमाप्रार्थी छु । आगामी संस्करणहरूमा सुधार गर्दै जानेछौं । यस प्रकाशनले पालि विद्यार्थीहरूलाई मात्र होइन कि नेपाल तथा बौद्ध धर्म र संस्कृतिका विद्वान, विद्यार्थीका साथै सामान्य पाठकहरूलाई समेत उपयोगी हुने भयो । आशा छ कि यो *रसवाहिनी* सबै थरिका पाठकहरूले झन धेरै मन पराइदिनु हुनेछ ।

उपरोक्त व्यक्तित्वहरूको सहयोग बिना यो पुस्तक पाठकहरूको हातमा पुऱ्याउन गाह्रै हुन्थ्यो । अझ म यो पुस्तक तयारीमा लाग्दा बैंकक्को राजकीय विहार वत् पवरनिवेस विहारको कमिटी जसको संरक्षणमा मैले थाइलैंडमा भिक्षु जीवन यापन गरिरहेको छु, त्यस्तै भक्तपुरको मुनि विहार तथा यहाँ संचालित मुनि विहार भिक्षु तालिम केन्द्रको जिम्मा लिएर मलाई छुट्टि दिने विहारका संचालक शिष्य भिक्षुहरू पद्मबहादुर तामाङ (आलोक), अर्जुन मगर, उत्तम ढुँगाना, दीपक मगर, गोविन्द (आनन्द) अधिकारी, उमेश काफ्ले तथा मोहन अधिकारी सहित सबै श्रामणेरहरू, अनागारिका नीलशेभा, माया तथा केशरी, अनि मुनि विहार व्यवस्थापन समिति तथा मुनि विहार दायकसभाका पदाधिकारीहरू उपासक श्री शिवप्रसाद बाला लगायत अन्य सघाउने तथा दानपुण्य गर्ने नेपाल तथा थाइलैंडका सबै उपासक



https://dhamma.digital

उपासिकाहरूप्रति म कृतज्ञ छु जसले मलाई पालनपोषण गरे, सेवा गरे, सहयोग गरे तथा उत्साह बढाए । गत केही वर्षदेखि मुनि विहारमा पुष्परत्न बज्राचार्य तथा एन्जेल श्रेष्ठबाट विहारका भइपरी आउने काममा सहयोग पाउनाले तथा राजकुमार र रामप्यारी गाइजू दम्पतिबाट भान्छामा सेवा हुनाले पनि मुनि विहार झन दरो भएको अनुभव हुन्छ। वर्तमानकालमा मुनि विहारमा निर्माण भइरहेको संघराज शतवार्षिकी भवन निर्माण समितिका उपाध्यक्ष श्री नारायण प्रसाद खाइतुका पूजनीय पिता नारायणभक्त खाइतुको यही भाद्र २१ गते ८३ वर्षको उमेरमा दिवंगत भएकालाई सुगति तथा निर्वाण लाभ होस्। त्यस्तै शोकसन्तप्त परिवारलाई धैर्य धारण गर्न सकोस्। अन्तमा भगवान त्रिरत्नको आशीर्वाद तथा आआफ्ना पुण्यराशिको प्रभावले यस *रसवाहिनी* पुस्तकका सबै नै अनुवादक, प्रकाशक, सहायक तथा पाठकहरूको सुस्वास्थ्य, दीर्घायु, सफलता तथा उत्तरोत्तर प्रगतिका साथै मनोकामना शीघ्र पूर्ण होस् भनी आशिर्वाद व्यक्त गर्दछु ।

७ अक्टूवर २०२५
पवारणा दिवस
भिक्षु विपस्सी महास्थविर
वत् पवरनिवेश विहार, बैंकक, थाइलैंड ।



https://dhamma.digital

# प्रकाशकीय

श्रद्धेय भिक्षु विपस्सी महास्थविरद्वारा सम्पादित *रसवाहिनी (जम्बुद्वीपमा उत्पन्न कथाहरू)* पुस्तक प्रकाशन गर्न पाएकोमा हामीलाई धेरै प्रीति उत्पन्न भइरहेको छ । विगत समयमा अग्रज भिक्षुहरूद्वारा नेपालभाषामा अनुवाद गरिएको यो पुस्तक अहिले नेपाल बौद्ध परियत्ति शिक्षा अन्तर्गत परियत्ति शिक्षा पढ्ने विद्यार्थीहरूको लागि नभइ नहुने पुस्तक हो । हाल परियत्ति पढ्ने विद्यार्थीहरूको बढ्दो संख्या र गैर नेवार विद्यार्थीहरू पनि बढेकोले यो पुस्तक श्रद्धेय विपस्सी महास्थविरले नेपाली भाषामा सम्पादन गर्नु भएको हो ।

यस पुस्तकमा कथाको माध्यमद्वारा जनमानसमा कुशल पुण्य बृद्धि गर्ने, अकुशल कर्मबाट टाढा रहने, बुद्ध, धर्म तथा संघप्रति श्रद्धा बृद्धि गर्नु पर्ने जस्ता बिषयवस्तुहरू समावेश छन् । पालि गाथा अर्थसहित राखिएकोले विद्यार्थीहरूलाई पालि सिक्नको लागि पनि अति उपयुक्त छ। हाल नेपालमा लुम्बिनी विश्व विद्यालयको सम्बन्धन प्राप्त थेरवाद बुद्धिष्ट एकेडेमीबाट पालि बौद्ध शिक्षामा स्नातकोत्तर तहको कक्षा संचालन भएदेखि पालि विषय अध्ययन गर्ने विद्यार्थीहरूको संख्या पनि बृद्धि भएको छ । यसरी वर्तमान अवस्थामा यो *रसवाहिनी (जम्बुद्वीपमा उत्पन्न कथाहरू)* को महत्त्व दिन पर दिन बढ्दो छ ।



https://dhamma.digital

यस पुस्तकमा विभिन्न तथागतहरूका पालाका कथाहरू छन्, जस्तै विपस्सी तथागत, पदुमुत्तर तथागत, काश्यप तथागत आदि । ४० वटा कथाहरू समावेश रहेको यस पुस्तकमा प्रत्येक कथाले व्यक्तिमा कुशल पुण्य बृद्धि गर्नको लागि प्रेरणा दिइरहेको छ । कथाका पात्रहरू भिक्षु, भिक्षुणी, राजा, रानी, सर्वसाधारण, चोर, व्याधा आदि मात्र नभई केही जनावरहरू पनि छन् । यसरी नै बुद्धकालीन श्रावक, महाश्रावकहरू, भिक्षु सारिपुत्र, भिक्षु सीवली, भिक्षु रेवत आदिका चर्या पनि यस भित्र पाउँछौं ।

कथाहरूका अन्तमा दिइएका सार अध्ययन गर्दा यसले पाठकहरूलाई आदेश दिएको जस्तो भान हुन्छ । केही उदाहरणका लागि "विश्वास योग्य साथीहरू पाउनको लागि कुशल कर्म संचय गर्नु होस् ।" (तिन जना मित्रहरूको कथा) "थोरै मात्र उपकारले प्रसन्न मन गरी सज्जन सत्पुरुषहरूले आफ्नो प्राण दिन्छन् भनी चिन्तन गरी उपकार गर्ने मानिस प्रति मित्रद्रोही भने नहुनू ।" (साथीलाई जीवनदान गर्नेको कथा) "कुशल कर्म गर्नेलाई समुद्रमा देवताहरूको शरण पाइन्छ ।" (फल्याक दिनेको कथा) "बुद्ध भन्ने वचनले अमनुष्यहरूलाई भय उत्पन्न गर्छ, त्यसैले बुद्धप्रति श्रद्धा गर, शील पालन गर । (यक्षलाई छल्नेको कथा) "भो सज्जनवृन्द, यस प्रकार पापको पनि फल हुन्छ, पुण्यको पनि फल हुन्छ भनी जानेर पुण्य कार्य गर्नुहोस् जहाँ मानिसले शोक गर्नु पर्दैन ।" (तिन जना महव्यापारी दाजुभाईको कथा) "श्रद्धा उत्पन्न गरी मन प्रसन्न गरेको थोरै मात्र पुण्य कर्म भए पनि



https://dhamma.digital

महान फल दिने हुन्छ। सानो पुण्य भनेर हेला नगर ।" (श्रद्धा उपासकको कथा) "पुण्य क्षेत्ररूपी शीलवान भिक्षुहरूलाई दान देऊ ।" (चोरघातकको कथा) "गरिब दरिद्र गृहस्थ भए पनि त्रिरत्नमा राम्ररी प्रयास गर ।" (दरिद्रनीको कथा) आदि ।

यस पुस्तकको अर्को महत्त्वपूर्ण पक्ष भनेको पालि गाथाहरू र यसका गहकिलो अनुवाद हो । हरेक कथामा पालि भाषाका गाथा र अर्थ रहेकोले यसबाट मनुष्य जीवनको ज्ञानका साथै पालि भाषाको ज्ञानको पनि सम्प्रेषण भइरहेको पाइन्छ । तसर्थ यति महत्त्वपूर्ण पुस्तक नेपाली भाषामा प्रकाशन गर्नको लागि हामीलाई अवसर प्रदान गर्नु भएकोमा श्रद्धेय भिक्षु विपस्सी महास्थविरप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

मेरा दुबै परिवार अर्थात् माइती (थापाथली परिवार) र मेरो घर (थंहिति परिवार) गहिरो बौद्ध धार्मिक परिवेशमा हुर्केको हुनाले हामीलाई यस *रसवाहिनी* जस्तो धार्मिक पुस्तक प्रकाशनमा श्रद्धा उत्पन्न भएको हो । मेरी अतिपूज्य सजीव आमा जमलदेवी मानन्धरले थापाथली परिवारको अगुवाई गरी आफ्ना श्रीमान् (मेरा अति पूज्य पिता) स्व. डा. द्वारिकाप्रसाद मानन्धर (पूर्व मेडिकल सुपरिटेन्डेण्ट वीर अस्पताल एवं कान्ति अस्पताल) सहित दिवंगत आफन्तहरुको सद्गति तथा निर्वाण कामना गर्नुभएको छ । मैले मेरा घर (थंहिति परिवार) का अति श्रद्धेय ससुरा बुवाज्यू दिवंगत लक्ष्मीदास मानन्धर र मेरा जहान दिवंगत ई. देवदास



https://dhamma.digital

मानन्धरको निर्वाण कामनार्थ यो पुस्तक प्रकाशन गरेका छौं । उहाँहरू तिनैजना आफ्नो मातृभाषा नेपाल भाषा, बुद्धधर्म र आफ्नो समुदायको हित र उत्थानका लागि नयाँ नयाँ प्रविधिको प्रयोग गर्दै जीवन व्यतीत गर्नुभएका समाजसेवी, उद्यमी तथा बौद्ध उपासकहरू हुनुहुन्थ्यो । उहाँहरूलाई सद्‌गति तथा निर्वाण कामना गर्दै पुण्य प्राप्त होस् भनेर यो पुस्तक धर्मदान गर्दछौं । साथै मान्य दिवंगत ज्ञातिबन्धुहरूले पनि यस पुण्यको अनुमोदन गरुन् । यस प्रकाशनको लागि आर्थिक सहयोग गर्नुभएका सबै आफन्त तथा धर्ममित्रहरूलाई साधुवाद व्यक्त गर्दछौं ।

उपासिका सरोज मानन्धर,
थँहिति परिवार,
थापाथली परिवार सह धर्ममित्रहरू,
काठमाडौं महानगरपालिका, नेपाल ।

Dhamma.Digital



https://dhamma.digital

https://dhamma.digital

# थँहिती परिवार



बाज्या / अजि - स्व. लक्ष्मी नारायण मानन्धर / पूनमाया मानन्धर



बा / मां - स्व. लक्ष्मी दास मानन्धर / लक्ष्मी देवी मानन्धर



स्व. - ई - देव दास मानन्धरको नाममा दाताहरु -
छोरा छोरी बुहारी नाती नातीनिहरुः-

सरोज मानन्धर
- न्हसला, बिकास, न्हुजः
- सोधन, समिक्षा, निभाजः
- हिसीला, श्रीजन

नारायण दास मानन्धर / प्रज्जवल मानन्धर
- इच्छाङ्कुश
बिजया लक्ष्मी मानन्धर / अरुण मानन्धर
गुणकेशरी प्रधान / नहेन्द्र प्रधान

https://dhamma.digital

# थापाथली परिवार



**स्व. श्रीमान् डा. द्वारिकाप्रसाद मानन्धर**

**(पूर्व मेडिकल सुपरिटेन्डेण्ट वीर अस्पताल एवं कान्ति अस्पताल)**



**स्व. गंगा प्रसाद मानन्धर**



**स्व. पंच माया मानन्धर**



**स्व. दिनेश मानन्धर**



**स्व.लक्ष्मी कुमारी मानन्धर**

Dhamma Digital

ससुराबा : सिंह वीर मानन्धर
बुबा : ईन्द्रमान मानन्धर, आमा : हिरा देवी मानन्धर
ससुरा : कुल नारायण मानन्धर, सासु आमा : रत्न माया मानन्धर
काका ससुरा : जित नारायण मानन्धर,
काकी सासु आमा : लक्ष्मी कुमारी मानन्धर
जेठाजु : गंगा प्रसाद मानन्धर, जेठानी दिदी : पंच माया मानन्धर
ज्वाईं स्व. - दिनेश मानन्धर

**दाता :**
**श्रीमती जमलदेवी मानन्धर**

छोरा : सागर प्रसाद मानन्धर / वुहारी : सिन्धु मानन्धर
छोरीहरु : करुणा, सरोज, सरिता, सविता मानन्धर
नातिनी : रेश्मा बजगाइँ, दिलाशा
नाति : रजबिनराज, शौरभ, शाश्वत, प्रथम मानन्धर

https://dhamma.digital

# विषय सूची


विषय पृष्ठांक

१. धर्मसोण्डक वर्ग ........ ४

१.०१. धर्मसोण्डक राजाको कथा ........ ४

१.०२. व्याधाको कथा ........ २०

१.०३. तिन जना मित्रहरूको कथा ........ २८

१.०४. बुद्धेनिको कथा ........ ३७

१.०५. अहितुण्डिक (सपेरा) को कथा ........ ४३

१.०६. सरण स्थविरको कथा ........ ४८

१.०७. वेस्सामित्तको कथा ........ ५६

१.०८. महामन्धाताको कथा ........ ६३

१.०९. बुद्धवम्म व्यापारीको कथा ........ ७०

१.१०. रूपदेवीको कथा ........ ७५

२. नन्दिय वर्ग ........ ८२

२.०१. नन्दिय राजाको कथा ........ ८२

२.०२. एउटा मानिसको कथा ........ ९६

२.०३. विसमलोम कुमारको कथा ........ ९९

२.०४. कञ्चन देवीको कथा ........ १०६

२.०५. बाघको कथा ........ १११

२.०६. फल्याक दिनेको कथा ........ ११६

२.०७. चोर साथीको कथा ........ १२१

२.०८. मरुत्त ब्राह्मणको कथा ........ १३०





https://dhamma.digital

२.०९. पानी खुवाउनेको कथा ........................ १३३
२.१०. साथीलाई जीवन दान दिनेको कथा ....... १३८
३. यक्षवंचित वर्ग ................................................ १४२
३.०१. राक्षसलाई छल्नेको कथा ..................... १४२
३.०२. मिथ्यादृष्टिकको कथा ............................ १४६
३.०३. पिर्काको कथा.......................................... १५२
३.०४. उत्तर श्रामणेरको कथा............................ १६१
३.०५. कावीरपट्टनको कथा ................................ १७६
३.०६. चोर घातकको कथा................................. १८३
३.०७. श्रद्धावान उपासकको कथा....................... १८९
३.०८. गरीब दुःखीको कथा................................ १९९
३.०९. देवपुत्रको कथा....................................... २०६
३.१०. सीवली स्थविरको कथा........................... २१६
४. महासेन वर्ग .................................................... २३१
४.०१. महासेन राजाको कथा............................. २३१
४.०२. सुवर्णतिलकाको कथा.............................. २३५
४.०३. दरिद्रनीको कथा..................................... २४८
४.०४. इन्द्रगुप्त स्थविरको कथा ........................ २५५
४.०५. साखमाला पूजिकाको कथा ..................... २६७
४.०६. मोरिय ब्राह्मणको कथा ........................... २७४
४.०७. छोराको कथा......................................... २८१
४.०८. मह ब्यापारी तिन दाजुभाईहरूको कथा.. २८६
४.०९. बोधि राजकुमारीको कथा ....................... ३१६
४.१०. कुण्डलिको कथा .................................... ३२४

Dhamma.Digital



https://dhamma.digital

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**

# रसवाहिनी

१. सत्थुप्पसत्थचरणं सरणं जनानं
ब्रह्मादिमोलिमणिरंसिसमावहन्तं,
पङ्केरुहाभमुदुकोमलचारुवण्णं
वन्दामि चक्कवरलक्खणं सन्निधानं । ॥१॥

मानिसहरूका शरण हुनुभएका उनै भगवान शास्ताको ब्रह्मा आदिका मोलि मणिका रश्मीहरूले उज्यालो रहेको, कमल समान कलिलो, कोमल र आकर्षक, चक्र र उत्तम लक्षणहरूले युक्त त्यस उत्तम श्रीचरणलाई म वन्दना गर्दछु । ॥१॥

२. सिद्धं जिनेन चिरकालं अतन्दितेन
यं भावको समधिगच्छति खेममग्गं,
यं कप्परुक्खरुचिदानमणी'व भाति
तं धम्मं अग्गं असमं पणमामि निच्चं । ॥२॥

अप्रमादी जिन (विजेता, भगवान) द्वारा चिरकालसम्म कोसिस गरी सिद्ध गरिएको, जसको भावना गर्नेलाई निश्चितरूपले क्षेममार्ग (निर्वाण) मा पुऱ्याउँछ, जुन कल्पवृक्ष समान वा चिन्तामणि समान प्रकाशमान छ, त्यस उत्कृष्ट र अतुलनीय धर्मलाई म नित्य प्रणाम गर्दछु । ॥२॥



https://dhamma.digital

३.	सन्तिन्द्रियं सुगतसूनुवरं विसुद्धं
यं दक्खिणेय्य अमतदं सुचिपुञ्ञखेत्तं,
ताणेसिनं सरणं उज्झितसब्बदुक्खं
वन्दामि संघं अनग्घं सिरसा महग्घं । ॥३॥

सुगतका विशुद्ध उत्तम पुत्रहरू जो शान्त इन्द्रिय भएका, पुण्यरूपी बिऊ रोप्ने शुद्ध खेत भएका, दान दक्षिणा ग्रहण गर्न योग्य, सबै दुःख हरण गर्न सक्ने ज्ञानरूपी अमृत दिने हुन्, त्यस अमुल्य महासंघलाई म शिरले वन्दना गर्दछु । ॥३॥

४.	यं पत्तं एत्थ रतनत्तयथोमनेन
पुञ्ञेन तेन दुरितं सकलं पनुज्ज,
वक्खामहं सुमधुरं रसवाहिनिं तं
भो भो सुणन्तु सुजनाभिमुदावहा सा । ॥४॥

यस त्रिरत्नको स्तुति गरेको पुण्यद्वारा सबै भय अन्तरायहरू हटेर जाउन् । अब मैले अत्यन्त सुमधुर *रसवाहिनी* ग्रन्थ प्रकाश गर्नेछु । भो ! भो ! सज्जनवृन्द, यसलाई राम्ररी मनन् गर्नुहोस्, यो चित्त प्रसन्न गर्ने एउटा हेतु हुनेछ । ॥४॥

५.	तत्थ तत्थुप्पन्नानि वत्थूनि अरहा पुरे,
अभासुं दीपभासाय थपेसुं तं पुरातना । ॥५॥

परापूर्वकालमा विभिन्न स्थानहरूमा उत्पन्न भएका कथावस्तुहरूलाई अरहन्तहरूद्वारा सीहल द्वीपको भाषामा आज्ञा भयो र प्राचीन आचार्यहरूले तिनलाई रचना गरिराख्नुभयो । ॥५॥



https://dhamma.digital

६. महाविहारे तं गुत्तवङ्कपरिवेणवासिको,
रट्ठपालो'ति नामेन सीलाचारगुणाकरो । ॥६॥

त्यो ग्रन्थ (अनुराधपुर नगरमा) महाविहारको गुत्तवङ्क परिवेणवासी रट्ठपाल नामका शीलाचार गुण धर्म सम्पन्न स्थविरद्वारा ॥६॥

७. हिताय परिवत्तेसि पजानं पालिभासतो,
पुनरुत्तादिदोसेही तं आसि सब्बं आकुलं ।
अनाकुलं करिस्सामि तं सुणाथ समाहिता । ॥७॥

सत्त्व प्राणीहरूलाई हित गर्नको लागि पालिमा अनुवाद गरिएको त्यो ग्रन्थमा पुनरुक्ति दोष आदिले गर्दा अलमल थियो । म ती सबै दोषहरू हटाएर शुद्ध बनाउँछु । यस ग्रन्थलाई एकाग्र चित्तले सुन्नुहोस् । ॥७॥

८. वीतरागा पुरे'वोचुं यस्मा तस्माहि भासितं,
एतं आदरणीयं हि साधु साधुहि सब्बदा'ति । ॥८॥

जसको निम्ति (जुन उद्देश्यले) वीतरागी (अरहन्त) हरूबाट यो आज्ञा भयो, त्यसको लागि यसलाई मनन गरी सधैं सत्पुरुषहरूले आदर सत्कार गर्नु पर्दछ । ॥८॥

यो *रसवाहिनी* ग्रन्थ उत्पत्तिको हिसाबले जम्बुद्वीपमा तथा सीहलद्वीपमा भन्ने दुइ थरिका छन् । तिनमा जम्बुद्वीपमा उत्पन्न ४० वटा र सीहलद्वीपमा उत्पन्न ६३ वटा कथाहरू छन् । तिनमा पनि अब जम्बुद्वीपमा उत्पन्न कथाहरू अगाडि आउँछन् । अझ तिनमा पनि धम्मसोण्डकको कथा आदि पहिले आउँछन् ।

त्यो कथा कस्तो छ ?



https://dhamma.digital

## १. धर्मसोण्डक वर्ग

# १.०१. धर्मसोण्डक राजाको कथा

हाम्रा भगवानभन्दा पहिले यही भद्रकल्पमा काश्यप नामका शास्ता लोकमा उत्पन्न हुनुभयो । उहाँ भगवानको शासन अन्तर्धान भएको धेरै समय नबित्दै  हाम्रा बोधिसत्त्व वाराणसी राजाकी अग्रमहारानीको गर्भबाट जन्मिनुभयो । उहाँ जन्म भएको तुरुन्त पछि सबै सत्त्वहरूको मनमा धर्मको चित्त उत्पत्ति भयो । त्यसो हुनाले यो कुमारलाई धर्मसोण्ड भनि नामाकरण गरियो । उहाँ राजकुमार ठूलो परिवारको साथसाथमा हुर्कँदै गएपछि सबै शिल्प विद्याहरूमा निपुर्ण भएर पिताद्वारा उपराज पदले सम्मानित भएर दान आदि दसकुशलकर्मपथहरू पूर्ण गर्दै बुबा राजा स्वर्गवास भएपछि वहाँलाई राज्याभिषेक प्राप्त भयो । उहाँ धर्मसोण्डक महाराजाले देवनगर जस्तो वाराणसी नगरमा चक्रवर्तीले जस्तो राज्य गरिबस्दा एक महिना वा एक पक्ष बितेपछि श्रीशयनमा लेटेर यस्तो विचार गर्नुभयो- राज्यको श्रीसम्पत्ति मात्र भोग गरी बस्नु शोभा दिँदैन । धर्मबाट रहित भएर बस्नु भनेको सूर्य नभएको आकाश जस्तै हुन्छ, आदि नाना कारणहरू चिन्तन गर्नुभयो । त्यसैले भनिएको हो-

९. पुञ्ञेन सीलादिमयेन पुब्बे
कतेन पत्तो'स्मि अतन्दितेन,
मसक्कसारे विय देवराजा
राजत्तं इद्धे पुरमुत्तमम्हि । ॥९॥



https://dhamma.digital

पहिलेको जन्ममा अथकरूपले गरेको पुण्यकर्म र शीलपालन आदिले आज मैले मसक्कसार (सुदृढ, सुमेरु पर्वत) मा देवराज इन्द्र जस्तो उत्तम र समृद्ध नगरमा राजा हुन पाएँ । ॥९॥

१०. रूपेन हारी नयनुस्सवेन
सद्देन सम्मा सवणामतेन,
गन्धेन घाणुस्सवसोभनेन
रसञ्ञपुञ्ञेन रसेन चा'पि । ॥१०॥

दृश्यमा भुल्ने आँखाको लागि सुन्दर रूप, शब्दमा भुल्ने कानको लागि सुरिलो स्वर, गन्धमा भुल्ने नाकको लागि सुगन्ध, स्वादमा भुल्ने जिब्रो (मुख) को लागि स्वादिष्ट रस, ॥१०॥

११. फस्सेन गत्तस्स सुफस्सदेन
समिद्धिपत्तो'स्मि महिद्धिको'हं,
नेवेत्तकेनेव पमादभावं
आपज्जितुं युत्तरूपं ति ञत्वा ॥११॥

स्पर्शमा भुलिने शरीरलाई नरम स्पर्श, यी पञ्च काम गुणहरूमा पनि म अत्यन्त समृद्ध छु । (तर) महान राजकीय ऋद्धि सम्पन्न भएर म यसैमा मात्र भुलेर प्रमाद भईरहनु हुँदैन भन्ने जानेर ॥११॥

१२. दस्सामि अङ्गं अपि जीवितं च
धञ्ञं धनं चा'पि पसन्नचित्तो,
सोस्सामि धम्मं सिवं आदधानं
जिनेरितं जातिजरापहाणं । ॥१२॥



https://dhamma.digital

बरु अन्न-बाली, सुन-चाँदी आदि धनधान्य, शरीरका अङ्ग-प्रत्यङ्ग र जीवन नै अर्पण गर्नुपरे पनि प्रसन्नतापूर्वक जाति, जरा, व्याधि-मरण दुःखलाई हटाइदिने जिन (विजयी, भगवान) ले दिनुभएको निर्वाण सुखको उपदेश धर्म सुन्छु । ॥१२॥

१३. न सोभति यथाकासं जलं धामपतिं विना,
रज्जकरणं तथा मय्हं विना धम्मा न सोभति । ॥१३॥

जस्तो कि आकाश जाज्वल्यमान सूर्य बिना शोभायमान हुँदैन, त्यस्तै धर्म बिना मैले राज्य गर्नु पनि शोभायमान हुँदैन । ॥१३॥

१४. न सोभति यथा रत्ति निसानाथं विना सदा,
रज्जकरणं तथा मय्हं विना धम्मा न सोभति । ॥१४॥

जस्तो कि चन्द्रमा बिना रात शोभायमान हुँदैन, त्यस्तै धर्म बिना मैले राज्य गर्नु पनि शोभायमान हुँदैन । ॥१४॥

१५. अलङ्कतो'पि चे हत्थि विना दाठा न सोभति,
रज्जकरणं तथा मय्हं विना धम्मा न सोभति । ॥१५॥

जस्तो कि जति गहनाले सजिए पनि दन्त बिनाको हात्ती शोभायमान हुँदैन, त्यस्तै धर्म बिना मैले राज्य गर्नु पनि शोभायमान हुँदैन । ॥१५॥

१६. यथा कल्लोलमालीयं विना वेला न सोभति,
रज्जकरणं तथा मय्हं विना धम्मा न सोभति । ॥१६॥

जस्तो कि महासमुद्र किनारा बिना शोभा हुँदैन, त्यस्तै धर्म बिना मैले राज्य गर्नु पनि शोभायमान हुँदैन । ॥१६॥


https://dhamma.digital

१७.   यथा सुमण्डितो राजा कुपटो नेव सोभति,
रज्जकरणं तथा मह्यं विना धम्मा न सोभति । ॥१७॥

जस्तो कि राम्ररी सजिएका राजा राजपोशाक बिना शोभायमान हुँदैन, त्यस्तै धर्म बिना मैले राज्य गर्नु पनि शोभायमान हुँदैन ।  ॥१७॥

१८.   धम्मं एव सुणिस्सामि धम्मे मे रमती मनो,
न हि धम्मा परं अत्थि धम्ममूलंति सम्पदं ति । ॥१८॥

म धर्म नै सुन्नेछु । मेरो मन धर्ममा नै रमाउँछ । धर्मभन्दा उत्तम विषय अरु केही छैन । (देव, मनुष्य, निर्वाण) सम्पत्तिहरू प्राप्त गर्नमा धर्म नै मूल हो । ॥१८॥

यस प्रकार चिन्तन गरी बिहान सबेरै खोपीबाट निस्कनु भई सुसज्जित गरी स्वेतछत्र ओढाइएको राजसिंहासनमा अमात्यहरूद्वारा घेरिएर देवताहरूका राजा देवेन्द्र जस्तै गरी बस्नुभयो । आसनमा बसेर राजाले अमात्यहरूलाई यस्तो आज्ञा भयो– भो महानुभावहरू ! यहाँ उपस्थितहरूमध्ये जसलाई सम्यक्सम्बुद्धभाषित धर्महरूमध्ये केही पद मात्र भए पनि थाहा छ, उसले बताऊ । मलाई त्यो धर्मउपदेश सुन्ने इच्छा भयो ।

त्यहाँ उपस्थित सबैले “थाहा छैन, महाराज” भनी बिन्ती गरे । यो कुरा सुनी अप्रसन्न भएका राजाले यस्तो विचार गर्नुभयो- यदि मैले एक हजार असर्फी हात्तीलाई बोकाएर नगरमा “कसैले धनको लोभले भए पनि भगवान बुद्धका उपदेशको चार पद मात्र भए पनि बताउन सक्यो


https://dhamma.digital

भने उसलाई यी सबै दिनेछु" भनी भेरी बजाउन लगाई घोषणा गराएमा बुद्धका उपदेश जान्ने कोही न कोहीले मलाई उपदेश सुनाउनेछ, जुन कि मेरो दीर्घकालसम्म हित र सुखको कारण हुनेछ ।

तर त्यस्तो गरेर पनि धर्मदेशक कोही नपाएपछि राजाले रकम बढाउँदै दुई हजार, तिन हजार गर्दै "कोटि, प्रकोटि (दस बिलियन) असर्फि दिन्छु" भन्दा पनि कोही आएन । त्यसपछि गाउँ निगम, जनपद दिन्छु, फेरी खजांची पद, अझ सेनापति पद, उपराज पद नै दिन्छु, भन्दा पनि कोही आएन । अनि "मेरो यो देशको स्वेतछत्र (राज्य) नै दिन्छु भनी उहाँले आफ्नो राजकीय पोशाक फुकालेर भेरी बजाई घोषणा गर्न लगाउनुभयो कि म उसको दास हुन्छु जसले अलिकति भए पनि धर्मदेशना गर्ला । तर उहाँले यति गर्दा पनि धर्मदेशक पाउनुभएन । यस्तो भएकोले धर्म खोज्दै हिंड्नुभएका धर्मसोण्डक राजालाई झन बैराग्य (संवेग) उत्पन्न भयो र विचार गर्नुभयो- "धर्मबाट वियोग भएर राज्यमा बस्नुको के काम ?" अनि मन्त्रीहरूलाई राज्यभार सुम्पेर सद्धर्म खोज्न क्रमशः गाउँ, निगम, राजधानी हुँदै महावनमा पस्नुभयो । त्यसैले यस सम्बन्धमा ३ वटा श्लोकहरू भनिएको हो-

१९. पुरे भेरिं चरापेत्वा धम्मसोण्डो नराधिपो,
सद्धम्मज्झेसकं सत्थु अलद्धा धन कोटिहि । ॥१९॥

धर्मसोण्डक नराधिप (राजा) ले आफ्नो नगरमा भेरी बजाई प्रचार गराई करोडौं धन दान गर्ने हुँदा पनि



https://dhamma.digital

भगवान शास्ताको सद्धर्म बताउने कोही भेटाउन सक्नुभएन । ॥१९॥

२०. दासो होमि पहायाहं राजत्तं देसकस्स मे,
इच्चाह सो महीपालो अहो धम्मेसु लोलता ! ॥२०॥

अनि राजाले भन्नुभयो- म मेरो राज्य त्याग गरेर धर्मोपदेश सुनाउनेको दास हुन्छु । अहो ! आश्चर्य छ, धर्मप्रतिको राजाको महान लगाव । ॥२०॥

२१. रज्जं निय्यातयित्वान अमच्चानं मनोरमं,
वनं पाविसि सो राजा गवेसं धम्मं उत्तमं ति । ॥२१॥

उहाँ राजा आफ्नो अत्यन्त मनोरम समृद्ध राज्य मन्त्रीहरूलाई सुम्पेर उत्तम धर्मको खोजीमा वन पस्नुभयो । ॥२१॥

धर्मसोण्डक राजा धर्मको खोजीमा यसरी वन भित्र पस्नुभएपछि उहाँको पुण्यको प्रतापले देवराज इन्द्रको पण्डुकम्बल शैलासन तात्न थाल्यो । अनि देवराज इन्द्रले चिन्तन गरे- मेरो इच्छा बिरुद्ध यो मेरो आसन तात्नुको कारण के होला ? यस्तो भनी लोकमा हेर्दा धर्मसोण्डक राजाले आफ्नो सम्पूर्ण सुख-सुबिधा छोडी जम्बुद्वीपभरि खोजेर पनि धर्मोपदेश गर्ने कोही नभेटेर आज मात्रै महावनमा प्रवेश गरेको कारण देखे । “धर्मसोण्डक महाराजा अहिले सद्धर्मको लागि धन, बन्धुबान्धव र प्राण समेत त्याग गरेर महादुःख भोगिरहनु भएको छ। उहाँ सामान्य व्यक्ति हुनुहुन्न, यही कल्पमा बुद्ध हुनुहुने महान् बोधिसत्त्व हुनुहुन्छ। सद्धर्म



https://dhamma.digital

भेट्टाउन नसकेमा उहाँले महान दुःख भोग्नु पर्नेछ । यस्तो हुनदिनु योग्य छैन" भनी चिन्तन गरी "आज म त्यहाँ जानु पऱ्यो, उहँलाई धर्मामृत रसद्वारा अभिषेक गरेर फेरि राज्यमा नै स्थापना गर्नु पऱ्यो" भन्ने विचार गरेर आफ्नो स्वरूप छोडेर भयानक महाराक्षसको भेष धारण गरी महासत्त्वको अगाडि प्रकट भए । त्यसैले यहाँ यस्तो भनिएको हो-

२२. व्यग्घच्छसीहमहिसोरगहत्थिदीपि-
मिगाकुलं कण्टकसेलरुक्खं,
नरानं इन्दो पविसित्वा काननं
इतोचितो विब्भमि धम्मकामो । ॥२२॥

धर्मको इच्छा गर्नुभएका नरोत्तम (राजा) बाघ, भालु, सिंह, अर्ना, सर्प, हात्ति, चितुवा, हरिण, काँडा, ढुँगा आदि धेरै भएको घना महावनमा यताउति भौंतारी रहनुभयो । ॥२२॥

२३. तस्सानुभावेन पुरिन्ददस्स
सिलासनं उण्हं अहोसि कामं,
तेनेव सो लोकं उदिक्खमानो
अद्दक्खि धीरं विपिने चरन्तं । ॥२३॥

वहाँ राजाको प्रतापले पुरिन्दद (पहिले दान गर्ने, वा नगर ध्वस्त गर्ने, इन्द्र) को पण्डुकम्बल शैलासन उनको इच्छा बिना नै तात्न थाल्यो । त्यसै कारण इन्द्रले (मर्त्यमण्डलमा हेर्दा) महान जंगलमा भौंतारिरहेका धीर (बुद्धिमानी राजा) लाई देखे । ॥२३॥



https://dhamma.digital

२४. मयज्ज तं धम्मरसेन सम्मा
सन्तप्पयित्वागमनं वरं ति,
मन्त्वा सुभीमञ्जनकूटवण्णं
महामुखं निग्गतभीमदाठं । ॥२४॥

"आज मैले उहाँ राजालाई धर्म रसद्वारा राम्ररी संतृप्त गरी आउनु उत्तम हुनेछ" भनी मनमा विचार गरेर अत्यन्त भयंकर नीलो वर्णको, ठूलो मुख भएको लामालामा दाऱ्हा निस्किएको ॥२४॥

२५. दित्तग्गिसङ्कासविसालनेत्तं
मज्भेन भग्गं चिपिटग्गनासं,
खरतम्बदाठिं घनमस्सुवत्तं
नीलोदरं गज्जितभीमघोसं । ॥२५॥

दुबै ठूलठूला आँखाहरूबाट अग्नी ज्वालाहरू निस्कीरहेको, बिचमा फुटेर नाक थेप्चो परेको, तामाजस्तो कडा रंगको ओँठका दुवै छेउबाट निस्केका दुइवटा मुडेका दाऱ्हा भएको, ठाडो-ठाडो, बाक्लो र लामो दाऱ्ही-जुँगा भएको, डरलाग्दो आवाज निकालिरहेको, नीलो भुँडी भएको, ॥२५॥

२६. करोरुहं तिक्खसलोहितायतं
विसालधोतायतखग्गहत्थं,
गदायुधेनङ्कितं अञ्ञबाहुं
दट्ठोट्ठभीमं सवलीललाटं । ॥२६॥

भयानक हुनेगरी रक्ताम्य लामा लामा नंग्रा भएको, एउटा हातमा धारीलो लामो खड्ग बोकेको र अर्को हातमा गदा बोकेको, ललाट अनेक ठाउँमा खुम्चिएको, ॥२६॥



https://dhamma.digital

२७. मनुस्समंसादनरत्तपानं
भयानकं कक्खलयक्खवण्णं,
सुमापयित्वान वनन्तरस्मिं
दस्सेसि अत्तं स नराधिपस्सा ति । ॥२७॥

मानिसको मासु खाने, रगत खाने, भयानक, अत्यन्त कर्कस (खरो) रूप धारण गरी देवराज इन्द्रले आफुलाई वनमा राक्षसको रूपमा मनुष्यहरूका अधिपति (राजा) लाई देखाए । ॥२७॥

अनि महासत्त्वले आफ्नो नजिक पर्न आएको उक्त राक्षसलाई देख्नुभयो, तर उहाँलाई न भय, न त्रास उत्पन्न भएर चित्त अलिकति पनि विचलित भयो । बरु कस्तो चिन्तना गर्नुभयो भने- यस्तो राक्षसले पनि सायद धर्म जानेको हुनसक्छ, यदि मैले ऊबाट धर्म सुन्नपाएमा अतीव उत्तम हुनेछ । यसरी धर्म सुन्नु मलाई दीर्घकालसम्मको निम्ति हित र सुखको लागि हुनसक्छ ।

यस्तो चिन्तन गरिसकेपछि "उसलाई भेटेर सोध्नेछु" भनी राक्षसको अगाडि गई वार्तालाप गर्दै यसो भन्नुभयो-

२८. अस्मिं वनस्मिं तरुसण्डमण्डिते
सुफुल्लिता नेकलताकुलाकुले,
अधिग्गहीतो'सि महानुभाव
पुच्छामि तं देव वदेहि कङ्खं । ॥२८॥

अत्यन्त महान ऋद्धि-अनुभाव युक्त हे देव ! अनेक लता लहराले झ्वाम्म परेर अलंकृत रहेको यो बाक्लो रुख समूहको



https://dhamma.digital

वन-जङ्गलमा बसिरहनुभएका हजुरसँग मेरो मनमा शंका लागेको एउटा कुरा सोध्छु, कृपया बताउनु होस् । ॥२८॥

२९. धम्मं गवेसं वनमागतो'म्हि
पहाय रज्जं अपि ञातिसंङ्घं,
जानासि चे सम्म वदेहि मय्हं
एकम्पि गाथं सुगतेन देसितं । ॥२९॥

धर्म खोज्नको लागि म सारा ज्ञातिबन्धु र राज्य त्याग गरेर यो जङ्गलमा आएँ । हे मित्र यक्षराज ! यदि तिमीलाई थाहा छ भने सुगत (असल बाटोमा गएको, बुद्ध) भगवानद्वारा देशना भएको धर्म गाथा एउटा मात्र भए पनि मलाई सुनाऊ । ॥२९॥

अनि यक्षले भन्यो-

३०. धम्मं पजानामहं एकदेसं
जिनेरितं साधुतरं रसानं,
देसेमि चे'हं तव धम्मं अग्गं
तुवं हि किं काहसि देसकस्सा?ति । ॥३०॥

जिन (मारलाई जितेका, बुद्ध) देशित धर्मका केही अंश मलाई थाहा छ र यो रस मध्ये उत्तम रस हो । यदि मैले त्यो उत्तम धर्म सुनाएँ भने तिमी मलाई के दिन्छौ ? ॥३०॥

अनि महासत्त्वले भने-

३१. रज्जे ठितो अस्सं अहं सचे भो
अनप्परूपं पकरोमि पूजं,



https://dhamma.digital

इदानि एको वन मज्झपत्तो
करोमि किं देहं इमं ठपेत्वा ? ॥३१॥

हे मित्र ! यदि म मेरो राजगद्दीमा वसेको बेलामा भए तिमीलाई उच्चस्तरको महान पूजा-सत्कार गर्थे होला । अहिले म एक्लै यो वन-जङ्गलको बिचमा डुलीरहेको छु । मसँग मेरो यो शरीर एउटा बाहेक अरु कुन चीजले पूजा सत्कार गर्न सकुँला र ? ॥३१॥

३२. यदिच्छसि त्वं मम मंसलोहितं
करोमहं सङ्गहं अज्ज तेन,
न च'त्थि अञ्ञं तव अच्चनीयं
देसेहि धम्मं सुगतप्पसत्थं ति । ॥३२॥

यदि तिमीलाई मेरो मासु र रगत मन पर्छ भने म यसैद्वारा तिमीलाई पूजा-सङ्गह गर्नेछु । तिमीलाई पूजा गर्न लायक अरु त मसँग केही पनि छैन । सुगत (बुद्ध)द्वारा प्रकाशित धर्म उपदेश मलाई सुनाऊ । ॥३२॥

अनि यक्षले भन्यो-

३३. भुत्वान मंसं सुहितो व सन्तो
हन्त्वा पिपासं रुधिरं पिवित्वा,
धम्मं कथेतुं पभवामि तुय्हं
वत्तुं न सक्कोमि खुदापरेतो ति । ॥३३॥

तिम्रो मासु खाएर भोक मेटाई, रगत खाएर प्यास मेटाइ सकेपछि मात्र म तिमीलाई धर्म उपदेश गर्नेछु । भोक-तिर्खा सहेर धर्मदेशना गर्न सक्दिनँ । ॥३३॥



https://dhamma.digital

अनि महासत्त्वले भन्नुभयो-

३४. भुत्वा तुवं मं पठमं हि यक्ख
पच्छा तु देसेस्ससि कस्स धम्मं,
धम्मस्स मय्हं तव मंसलाभं
त्वमेव जानाहि यथा भवेय्या ति । ॥३४॥

हे यक्ष ! पहिला मलाई खाएर पछि तिमीले कसलाई धर्म उपदेश सुनाउने नि ? बरु मलाई पनि धर्म लाभ हुने र तिमीलाई पनि रगत मासु लाभ हुने तरिका तिमीले नै जान्नुपर्छ । ॥३४॥

राजाले यस्तो बोलेपछि देवताहरूका राजा इन्द्रले बोले- "हुन्छ महाराज ! मैले नै उपयुक्त तरिका बताउँछु" भनी आफ्नो नजिकै ऋद्धिद्वारा कालो रंगको तीन गावुत[४] अग्लो पर्वत उत्पन्न गरी भने- "हे महाराज ! तिमी यो पर्वत माथि चढेर चुचुरोमा उभिऊ र त्यहाँबाट मेरो मुखमा हाम फाल । तिमीले हाम फाल्ने बेलामा म तिमीलाई धर्म उपदेश दिनेछु । यस्तो गरेर एकै समयमा तिमीलाई धर्म लाभ हुनेछ र मलाई तिम्रो मंस ।

यो कुरा सुनेर राजाले सोच्नुभयो- यो अनन्त संसारमा घुम्दै गर्दा कति जन्महरूमा मलाई बाघ, भालु, सिंह, माछा, कछुवा र पंक्षीहरू जस्ता हिंस्रक प्राणीहरूद्वारा खाइ सके होलान्, त्यसको परिमाण नै छैन । आज भगवान सम्बुद्धको

---

४ सात हातको एक यट्ठि, बिस यट्ठिको एक उसभ र अस्सि उसभको एक गावुत हुन्छ ।



https://dhamma.digital

धर्म सुन्नको लागि जीवन त्याग गर्नु योग्य छ। अनि यस्तो भन्नुभयो-

३५. संसारवट्टेसु विवट्टमाना
पप्पोन्ति दुक्खं जनता अनेका,
एतं हि भो अत्तनो वा परस्स
अत्थाय नाहोसि अहोसि तुच्छं। ॥३५॥

संसार चक्रमा घुमि रहेका मानिसहरू अनेक प्रकारका दुःख भोगि रहन्छन्। तर यस प्रकारका दुःख सहनुले आफू र अरु कसैलाइ पनि फाइदा हुँदैन। बरु यी सबै निरर्थक हुन्छन्। ॥३५॥

३६. त्वं अदिन्नहारी ति च पारदारिको
पाणातिपाती'सि मुसा अभासि,
त्वमज्जपायी'ति अकासि दोसं
पग्गय्ह दुक्खं बहुसो ददन्ति। ॥३६॥

तिमीले चोरी गऱ्यौ, व्यभिचार गऱ्यौ, प्राणी हिंसा गऱ्यौ, झुठो बोल्यौ अथवा मद्यपान गऱ्यौ, अझ अरु-अरु दोषयुक्त कर्महरू गऱ्यौ भनेर समाति लगेर अनेक दुःख कष्ट सजाँय दिइन्छ (भोग्नु पर्छ)। ॥३६॥

३७. एतं हि भो अत्तनो वा परस्स
अत्थाय नाहोसि अहोसि तुच्छं।
रुक्खा पपाता पपतित्वा केचि
दुब्बन्धिया उग्ग विसादनेन। ॥३७॥



https://dhamma.digital

३८.	व्याधीहि नानाखरवेदनाहि
मरन्ति सत्ता उतुवेदनाहि,
एतं हि भो अत्तनो वा परस्स
अत्थाय नाहोसि अहोसि तुच्छं । ॥३८॥

भो यक्षराज ! यसरी सजाय दिइनुले मर्नु आफू र अरु कसैलाई फाइदा छैन, निरर्थक हुन्छ । अझ कोही-कोही रुख, पर्वत आदिबाट खसेर, आफै झुण्डिएर मर्छन् । बिष सेवन गरेर मर्छन् । कोही-कोही अनेक रोग कष्ट लागेर मर्छन् । कोही ऋतु परिवर्तन भएर मर्छन् । यी सबै मरण आफू र अरु कसैलाई सार्थक हुन्नन् । बरु निरर्थक हुन्छन् ॥३७-३८॥

३९.	व्यग्घच्छमच्छोरगकुच्छियम्हि
मतस्स मे नत्थि पमाणसङ्खा,
एतं हि भो अत्तनो वा परस्स
अत्थाय नाहोसि अहोसि तुच्छं । ॥३९॥

बाघ, भालु, माछा, सर्प आदिद्वारा खाइएर पेटमा पुगेर कति जन्ममा मेरो मृत्यु भयो, यसको परिमाण छैन । ती मृत्युहरू अरुको लागि वा मेरो लागि सार्थक भएन । बरु ती सबै निरर्थक भए । ॥३९॥

४०.	ए'तज्ज मे दुच्चजं अत्तदानं
न होति देविस्सरियादिकस्स,
सब्बञ्ञुभावं पन पापुणित्वा
संसारतो नित्तरणाय सत्ते । ॥४०॥

आज त्याग गर्न गाह्रो यो आत्मबलिदान दिन लागेको उत्तम दिव्य ऐश्वर्य सुख लाभको लागि होइन, वरू सर्वज्ञ



https://dhamma.digital

ज्ञान पाएर प्राणीहरूलाई यो संसारबाट उत्तीर्ण गर्नको लागि हो । ॥४०॥

४१. त्वं सम्म मय्हं बहुसो'पकारी
तस्मा तवे'तं वचनं करोमि,
असङ्कितो देसय मय्ह धम्मं
समिज्झते'दानि मनोरथोते ति । ॥४१॥

हे मित्र ! तिमी मेरो महान उपकारी हो । त्यसैले तिम्रो आदेश म अवश्य पूरा गर्नेछु । मलाई तिमी निर्धक्क धर्म उपदेश देऊ । तिम्रो मनोकामना छिट्टै पूर्ण हुने छ । ॥४१॥

यस्तो बोलेर महासत्त्व पर्वतमा चढेर टुप्पोमा उभेर भन्नुभयो- आज मैले सद्धर्मको लागि आफ्नो शरीरको रगत, मासु समेत दान गरी आत्मबलिदान हुने भएँ । हे मित्र ! प्रसन्न चित्त गरी धर्म देशना गर ।

यति भनी पर्वतको मुनि बसेर माथि हेरिरहेको राक्षसका लामा-लामा दाह्रा भएको ठूलो बाएको मुखमा ठ्याक्क पर्ने गरि हाम फाल्नुभयो । अनि देवताहरूका राजा इन्द्र शक्रले प्रसन्न भएर आश्चर्य चकित भई राक्षसको भेष छोडी अलंकृत दिव्य शरीर प्रकट गरी आकाशमा तरुण सूर्य समान प्रकाशमान भई माथि पर्वतबाट खसिरहेका महासत्त्वलाई दुइ हातले बलियोसँग थापि लिइ देवलोकमा लगे । त्यहाँ पण्डुकम्बल (पहेँलो कम्बल ओछ्याइएको) शैलासनमा बसाली दिव्य सुगन्ध फूलमाला आदिद्वारा पूजा गरी गराई सत्कार गरे । अनि आफू धर्मदेशना सुनेर प्रसन्न भएको आकार देखाई काश्यप दसबल (दशवटा बल भएका,



https://dhamma.digital

भगवान) ले देशना गरिराख्नुभएको अनित्यादि परिदीपिकामा उल्लेखित उपदेश सुनाए-

४२. अनिच्चा वत सङ्खारा उप्पादवयधम्मिनो,
उप्पज्जित्वा निरुज्झन्ति तेसं वूपसमो सुखो ति । ॥४२॥

अहो, सबै संस्कार धर्महरू एकान्तिक अर्थात् निश्चितरूपमा अनित्य छन्, उत्पत्ति र विनाश हुनु स्वभाविक हो । उत्पत्ति पछि विनाश हुन्छन् नै । यसको अन्त्य हुनु नै परम सुख-निर्वाण हो । ॥४२॥

यो गाथा धर्म उपदेश दिएर धर्मसोण्डक राजाको मनोकामना पूर्ण गरी देवलोकको महान ऐश्वर्य श्री सम्पत्ति देखाइ फेरी मर्त्यलोकमा फर्काएर ल्याई राजालाई उहाँकै राज्यमा स्थापित गरी "अप्रमादी हुनु होस् महाराज" भनि सम्झाइ आफू देवलोकमा नै फर्किए ।

४३. इति अमितसिरिं वा जीवितं वा पि सन्तो
न सुमरिय पसत्थं धम्मं एवाचरन्ति,
तनुतरविभवानं अप्पं आयूनं अम्भो
इह कुसलपमादो को नु तुम्हादिसानं ? ति । ॥४३॥

यस प्रकार सत्पुरुषहरूले अपरिमित रहेको ऐश्वर्य सुख सम्पत्ति, अझ आफ्नो प्राण नै वास्ता नगरि (बुद्धादि आर्यजनद्वारा) प्रशंसित सद्धर्मको मात्र आचरण गर्दछन् । भो सज्जनवृन्द ! अत्यन्त स्वल्प सम्पत्ति र आयु भएका तपाइँहरू जस्ताले त यस आत्मभावमा कुशल कर्म गर्नुमा प्रमाद भइरहनु कहाँ योग्य हुन्छ र ? ॥४३॥

धर्मसोण्डक राजाको कथा पहिलो समाप्त ।



https://dhamma.digital

# १.०२. व्याधाको कथा

अब यहाँबाट शुरु हुन्छ-

यस (भद्रकल्प) देखि एकतीस (३१) औं कल्पमा सिखी नामक सम्यक्सम्बुद्ध पूरा तीस वटा पारमिताहरू पूर्ण गर्नुभई परमाभिसम्बोधि प्राप्त गर्नुभई देव सहित लोकजनहरूलाई संसाररूपी कन्तार (मरुभूमि) बाट तार्दै, धर्मरूपी रत्न वर्षाउँदै, धर्मभेरी ठटाउँदै, धर्मको ध्वजा फहराउँदै, एक समयमा विवेक (एकान्त) स्थान खोज्दै एउटा अरण्यमा पस्नुभयो । त्यहाँ पसेर नाग, पुन्नाग आदि राम्ररी फक्रेका अनेक प्रकारका रुख र फूल बिरुवाहरूले सुशोभित रहेको, राम्ररी फक्रेका सुमन, मालति प्रभृति अनेक लता, लहराहरूको भित्र बस्ने अनेक द्वीपाया, चौपाया प्राणीहरूद्वारा सेवित, रमणीय, शीतल शिला आसनमा आफ्नो संघाटि चारपत्र गरी दोब्र्याइ ओछ्याएर, छ वर्ण भएको रश्मी सबै दिशाहरूमा फिजाइ बस्नुभयो । त्यस बेलामा त्यहाँ देव, ब्रह्मा, नाग, गरुड आदिहरू भेला भई दिब्य गन्ध, माला आदिद्वारा भगवानलाई पूजा गर्दै, स्तुति गर्दै, नमस्कार गर्दै बसिरहे । त्यस सभामा भगवानले मधुर स्वर निकाली ब्रह्मघोष हुनेगरी अमृतको वर्षा गरे झैं चार आर्यसत्ययुक्त धर्मदेशना गर्नुभयो ।

त्यस बेलामा त्यहाँ एक जना व्याधा मृग, बँदेल आदि जन्तुहरू शिकार गर्दै तिनका मासु खाँदै त्यस स्थानमा पुग्दा त्यहाँ धर्म उपदेश गरिबस्नुभएका भगवान्लाई देखेर



https://dhamma.digital

एकातिर बसेर धर्म उपदेश सुनेर चित्त प्रसन्न गरेर त्यहाँबाट मृत्यु भई देवलोकमा जन्मेर छ वटा कामसुगतिहरूमध्ये देव र मनुष्य लोकको सुख ऐश्वर्य आलोपालो गरी भोग्दै अहिलेको (गौतम) बुद्ध उत्पन्न भएपछि श्रावस्ती नगरको एक कुलगृहमा जन्मेर ज्ञान बुद्धिले छिप्पिएपछि भगवानको शासनमा प्रब्रजित हुनुभयो । एक दिन भगवानले गर्नुभएको चार आर्यसत्यले युक्त धर्म उपदेश सुनेर चार प्रतिसम्भिदाले युक्त भएको अरहत्त्व प्राप्त गर्नुभयो । एक दिन भिक्षु संघको माझमा आफ्ना पहिलेका जन्ममा गरिआएका कर्महरू प्रकाश पार्दै यस्तो प्रीति वाक्य व्यक्त गर्नुभयो-

१. एकतिंसे इतो कप्पे लोके उप्पज्जि नायको,
बत्तिंसलक्खणाकिण्णो सम्बुद्धो स सिखिव्हयो । ॥१॥

यस (भद्रकल्पदेखि) एकतिस कल्प पहिले नायक, बत्तिस लक्षणहरूले युक्त सिखी नामक सम्बुद्ध लोकमा उत्पन्न हुनुभयो । ॥१॥

२. जलन्तो दीपरुक्खो व सुरियो व नभं उग्गतो,
मेरूराजा व सम्बुद्धो जनेस'ग्गो पतापवा । ॥२॥

उहाँ सम्बुद्ध बलिरहेको बत्तिको वृक्ष जस्ता, आकाशमा उदीयमान सूर्य जस्ता, सुमेरु पर्वतराज जस्ता मनुष्यहरूका बिचमा अग्र र प्रतापवान् हुनुहुन्थ्यो । ॥२॥

३. पूरेत्वा धम्मनावायं स नाथो सकलं पजं,
पतिट्ठापेन्तो संसारकन्तारा सन्तिभूमियं । ॥३॥



https://dhamma.digital

उहाँले प्रजा (प्राणी) हरूलाई धर्मरूपी डुङ्गामा भरेर संसाररूपी कन्तारबाट पार गराइ (निर्वाणरूपी) शान्त भूमिमा प्रतिष्ठित गराउनुभयो । ॥३॥

४. धम्मकेतुं समुस्सेन्तो हनन्तो धम्मदुन्दुभिं,
सत्ते दुक्खा पमोचेन्तो वसी तत्थ जिनो वसी । ॥४॥

उहाँले धर्मरूपी झण्डा फहराई, धर्मको दुन्दुभी ठटाई प्राणीहरूलाई दुःखबाट मुक्त गर्दै जिन (विजयी, बुद्ध) त्यहाँ बास गरिरहनुभयो । ॥४॥

५. एकस्मिं समये नाथो लोकपज्जोतको जिनो,
विवेककामो सम्बुद्धो सुरम्मं काननं गतो । ॥५॥

एक समयमा उहाँ नाथ, लोकलाई उज्ज्वल पार्नुहुने जिन (पञ्च मारलाई जित्नुभएका, बुद्ध) सम्बुद्ध एकान्त वास गर्ने इच्छा गरी सुरम्य वनमा पस्नुभयो । ॥५॥

६. पुन्नागनागपूगादिनानापादपसंकुलं,
लतालिङ्गितसाखाहि सामोदकुसुमायुतं । ॥६॥

पुन्नाग, नाग, सुपारी आदि अनेक वृक्षहरूको लहरा, फूलहरूले व्याप्त र रमाइलो थियो, त्यो जङ्गल । ॥६॥

७. कुसुमामोदसम्मत्तछप्पदालीनिसेवितं,
नानामिगगणाकिण्णं मयूरगणनच्चितं । ॥७॥

त्यहाँ फूलको सुगन्धमा भमराहरू झुमिरहेका थिए, अनेक प्रकारका मृगहरू उफ्री खेलिरहेका थिए र मयूरहरू नाचिरहेका थिए । ॥७॥



https://dhamma.digital

८. सीतलच्छोदिका साधु सुपतित्थजलासयं,
आसारसारधाराहि निज्झरासतसङ्कुलं । ॥८॥

त्यहाँ निर्मल र सीतल पानी भरिएका र राम्रा किनारा भएका सुन्दर जलाशय (दह)बाट शयौंवटा पानीका मूसलाधार झरनाहरू बगिरहेका थिए । ॥८॥

९. गन्त्वान सो महारञ्ञं सीतलं सिकतातलं,
सिलातले निसिन्नो'सि विस्सज्जेन्तो छरंसियो । ॥९॥

उहाँ तथागत यस सितल र स्वच्छ बालुवा भएको जङ्गलमा पुगेर एउटा शिलाशनमा छ वर्ण रश्मी फिजाइ बस्नुभयो । ॥९॥

१०. देवा तत्थ समागन्त्वा पूजेसुं दिपदुत्तमं,
दिब्बेहि गन्धमालेहि नच्चेहि तुरियेहि च । ॥१०॥

त्यहाँ देवताहरू आई वहाँ दुइपाया (मनुष्य)हरूमध्ये उत्तम (भगवान) लाई दिव्य सुगन्ध, माला आदिद्वारा र बाजा बजाइ नाचगान गरि पूजा गरिरहे । ॥१०॥

११. देवदेवो तदा देवसङ्घमज्झे निसीदिय,

चतुसच्चं अदेसेसि निच्छरं मधुरं गिरं । ॥११॥

देवताहरूका पनि देवता हुनु भएका वहाँ (भगवान) ले देवताहरूको माझ बसेर मधुर वचनले चार आर्यसत्यको उपदेश गर्नुभयो । ॥११॥

१२. तदाहं लुद्दको आसिं मिगसूकरमारको,
मिगमंसेन जीवामि तेन पोसेमि दारके । ॥१२॥



https://dhamma.digital

त्यस बेला म मृग, बन्देल आदि मार्ने ब्याधा भएको थिएँ । तिनीहरूको मासुद्वारा जीविका गर्थें र बालबच्चाहरू पोषण गर्थें । ॥१२॥

१३. तदाहं मिगवं यातो सबाणो ससरासनो,
अद्दसं विरजं बुद्धं देवसङ्घपुरक्खतं । ॥१३॥

१४. चन्दं व तारकाकिण्णं मेरुंव'ण्णवमज्झगं,
विरोचमानं आसीनं चतुसच्चप्पकासकं । ॥१४॥

उक्त समयमा म तीर, धनुष बोकेर शिकार गर्न जाँदा तारागणले घेरिएको चन्द्रमा समान, महासमुद्र बिचको महासुमेरु पर्वत समान, देव र मनुष्यहरूका माझ जाज्वल्यमान भई चार आर्यसत्य प्रकाशक बुद्धको दर्शन भयो । ॥१३-१४॥

१५. एकपस्से ठितो तत्थ अस्सोसिं धम्मं उत्तमं,
तत्थ चित्तं पसादेत्वा सोमनस्सं पवेदयिं । ॥१५॥

त्यहाँ एक छेउमा बसेर एकचित्त गरि उत्तम धर्म सुनें, उक्त धर्ममा चित्त प्रसन्न गरी प्रमुदित भाव व्यक्त गरें । ॥१५॥

१६. एकतिंसे इतो कप्पे यं पुञ्ञं पसुतं मया,
तेनाहं पुञ्ञकम्मेन जातो'सिं देवयोनियं । ॥१६॥

आजदेखि एकतीस कल्प पहिले मैले जुन पुण्य संचय गरें, उक्त पुण्यकर्मद्वारा म देवयोनिमा जन्म हुनपुगें । ॥१६॥



https://dhamma.digital

१७. सम्पत्तिं अनुभुत्वान छकामग्गे'परापरं,
देवसङ्घपरिब्बुल्हो विमाने रतनामये । ॥१७॥

छ वटा काम स्वर्गलोकमा पालैपालो गरी जन्म लिंदै रत्नको विमानमा देवताहरूका बिचमा बसी त्यहाँको सम्पत्ति भोग गर्दै गरें । ॥१७॥

१८. मनुस्सेसु च यं अग्गं तस्स भागी भवाम'हं,
भोगे मे ऊनता न'त्थि सद्धम्मसवणे फलं । ॥१८॥

मनुष्यहरूको माझमा पनि म अग्र सम्पत्तिको स्वामी भएँ । मेरो भोग सम्पत्तिमा कमी थिएन । यो सबै सद्धर्म श्रवण गर्नाको पुण्यफल हो । ॥१८॥

१९. इमस्मिं भद्दके कप्पे सावत्थिपुरं उत्तमे,
अड्ढे महद्धने साले जातो'हं उदिते कुले । ॥१९॥

म यस भद्रकल्पमा उत्तम नगर श्रावस्तीमा निक्कै धनाढ्य र प्रसिद्ध महासाल कुलमा जन्म लिएँ । ॥१९॥

२०. महता परिवारेन पत्तो वुद्धिं च विञ्ञुतं,
चारिकं चरमानो'हं पत्तो जेतवनं वरं । ॥२०॥

ठूलो परिवारमा बसेर मैले बुद्धि र प्रसिद्धि पाएँ । अनि म देश चारिकामा घुम्दै उत्तम जेतवन विहारमा पुगें । ॥२०॥

२१. अद्दसं सह सिस्सेहि निसिन्नं सुगतं तदा,
अस्सोसिं मधुरं धम्मं चतुसच्चप्पकासकं । ॥२१॥

त्यस बेलामा मैले शिष्यहरूका साथमा बसिरहनुभएका सुगत (बुद्ध) को दर्शन गरें र उहाँका चार आर्यसत्य प्रकाश गर्ने मधुर धर्म श्रावण गरें । ॥२१॥



https://dhamma.digital

२२. सुत्वान मधुरं धम्मं पब्बजित्वान सासने,
अजरामरं सीतिभूतं पत्तो निब्बाणं उत्तमं । ॥२२॥

उक्त मधुर धर्मदेशना सुनेर म शासनमा प्रब्रजित भएँ तथा जरामरण मुक्त रहेको सितल उत्तम निर्वाण प्राप्त गरेँ । ॥२२॥

२३. सुतं एकमुहुत्तं मे तदा धम्मं सुदेसितं,
तेनम्हि चतुरोपाये न जातो अकुतोभयो ॥२३॥

त्यसबेला एक मुहुर्त मात्र भए पनि त्यस सुदेशित धर्मलाई सुनेँ । त्यस कर्मको कारणले म चार अपायमा उत्पन्न भइनँ, त्यसको भय नै कहिले पनि भएन । ॥२३॥

२४. करं उक्खिप्प वक्खामि करोथे'कगिरं मम,
ममोपमं करित्वान धम्मं सुणाथ साधुकं ति । ॥२४॥

त्यसो हुनाले हात उठाएर म भन्दैछु- मेरो वचन सुन्नुहोस् । मेरो उदाहरण लिएर तपाइँहरूले पनि राम्ररी धर्म श्रवण गर्नुहोस् । ॥२४॥

यस प्रकार बोलेर उहाँले जनताहरूलाई धर्मश्रवण कार्यमा लगाउनुभयो ।

२५. इति तनुतरकालं साधु धम्मं सुणित्वा
अधिगतविभवानं आनुभावं सुणित्वा,
भवविभवसुखं भो पत्थयन्ता कुसीतं,
जहथ सुणथ धम्मं दुल्लभं दुल्लभस्सा ति । ॥२५॥



https://dhamma.digital

यसरी अत्यन्त स्वल्प समय मात्र राम्ररी धर्मश्रवण गरेको कारणले पनि दिव्य र मनुष्य आदि सम्पत्ति प्राप्त भएको ब्याधाको आनुभाव (शक्ति) लाई सुनेर भो सज्जनवृन्द ! भवसुख सम्पत्ति र विभव सुखसम्पत्ति प्रार्थना गर्नेहरूले दुर्लभमा पनि दुर्लभ धर्म उपदेश सुन्ने मौका पाई रहेको समयमा राम्ररी धर्मउपदेश श्रावण गर्ने कोसिस गर्नुहोस् । ॥२५॥

ब्याधाको कथा दोश्रो समाप्त ।

Dhamma.Digital



https://dhamma.digital

# १.0३. तिन जना मित्रहरूको कथा

अब यहाँबाट शुरु हुन्छ-

जम्बुद्वीपमा पूर्वकालमा धेरै समयसम्म पानी नपरेर अनिकाल भयो रे । त्यस समयमा गृष्म ऋतुको सूर्यको चर्को घामका किरणहरूले गर्दा नदी-नाला, पोखरी, तलाउ, झरना सबै खाएर सिद्धिएको जस्तो भई सुक्नाले त्यहाँका माछा-कछुवा जस्ता जलचर प्राणीहरू सबै नाश भए । त्यसपछि ठूला जङ्गल क्षेत्रमा रुख, घाँस, लता आदि सबै नै अत्यन्त सुके । पशु र पंक्षीहरू समेत सबै घामले पोलेकोले र तिर्खाले मृगतृष्णालाई पानी ठानेर यताउता भौंतारी दगुर्नाले महादुःख भयो । त्यसबेला एउटा सुगाको बच्चा तिर्खाएर यताउति पानी खोज्दै जाँदा ठूलो जंगलमा एउटा साठी हात (रतन) जति गहिरो इनार जस्तो फोहर खाडलमा पानीको गन्ध पाएर दगुरेर गई झरेर लोभले धेरै पानी खानाले शरीर भारी हुनगएकोले त्यहीं खसेर माथि उक्लन सकेन । त्यस्तै पछि एउटा सर्प र एउटा मानिस पनि त्यहीं खसे । सर्पहरूले एकान्त ठाउँमा मात्र आफ्नो भेष बदल्न सक्छन् । त्यसो हुनाले त्यस्तो अवस्था नपाउनाले भेष बदल्न सकेन । भरोसा नपाएकोले मानिस पनि त्यहाँबाट उक्लन नसकेर मरणदेखी भयभीत भएर एक अर्कालाई बाधक नभईकन त्यहीं बसिरहे ।



https://dhamma.digital

पछि एक जना वाराणसीको मानिस त्यस जंगलमा आईपुग्यो । अनि ऊ पनि त्यहीं नै पानी खोज्दै आइपुगेर ती तिन जनालाई देखेर हृदय कम्पमान भएर (करुणा जागेर) लहराको टोकरी बुनेर डोरीले बाँधेर तल झारी उनीहरू तिनै जनालाई उद्धार गरिदियो । अनि उनीहरूले आफ्नो ज्यान बचाइ दियो भनेर खुसी भएर उसलाई यस्तो भने "हे स्वामी, तिम्रो आधारमा हाम्रो ज्यान बच्यो। तिमी आजदेखि हाम्रो मित्र भयौ, हामी पनि तिम्रा मित्र भयौं । यदि हाम्रो वासस्थानमा आउने इच्छा भएमा आउनू ।" उनीहरूमध्ये पहिले सुगाको बच्चाले- "हे स्वामी, वाराणसीको दक्षिणद्वारमा एउटा ठूलो वरको रुख छ, म त्यहीं बस्छु। तिमीलाई केही काम परेमा मकहाँ आई "हे सुगा ! भनेर बोलाउनू, म आउनेछु" भनी मैत्रीभाव बलियो पारी फर्केर गयो । त्यस्तै सर्पले पनि-"हे साथी ! म पनि, त्यही वर रुखको नजिक वल्मिक (धमिरा) को दुलो छ, त्यहाँ बस्छु। तिमीलाई काम पर्ने बेलामा त्यहाँ गएर "हे दीर्घ (सर्प)!, हे दीर्घ !" भनेर बोलाउनू। म आउने छु" भनी फर्केर गयो । त्यस्तै मानिसले पनि- "हे मित्र ! म वाराणसी नगरको फलानो बाटोको फलानो घरमा बस्दछु । तिमीलाई काम पर्ने बेलामा मकहाँ आउनू" भनी फर्केर गयो ।

पछि एक समयमा त्यो उपकार गर्ने व्यक्ति आफूलाई काम पर्दा "मेरा साथीहरूकहाँ जानेछु" भनी सोचेर दिएको संकेत अनुसार गएर निग्रोधवृक्षको मुनि बस्ने सुगाको बच्चालाई बोलायो । त्यो बोलाएको आवाज सुनेर सुगाको



https://dhamma.digital

बच्चा शीघ्रताले आएर ऊसँग भलाकुसारी गर्दै यस्तो बोल्यो- "धेरै दिनपछि आएछौ । के कस्तो कारणले आएका हौ, बताऊ ।" अनि उसले भन्यो- "साथी, म जीविका गर्न नसक्नाले जहान, छोरा-छोरी तथा आफन्तहरू नै छोडेर म तिमीकहाँ आएको हुँ ।" अनि सुगाले भन्यो, "साथी, मकहाँ आएको बेस भयो । तिमीले मलाई जीवनदान दिएका थियौ, मैले पनि तिमीलाई जीवनयापनको उपाय बनाइदिनु पर्छ । म फर्केर नआउँजेलसम्म केही बेर विश्राम गर" भनेर त्यहाँबाट गयो । सुगा जीवनयापनको उपाय खोजिरहेको बेलामा नै संयोगले वाराणसीका राजा नगरबाट निस्केर परिषद्को साथमा सुसज्जित उद्यानमा पसेर मनोरञ्जन (क्रीडा) गर्दै मध्याण्ह समयमा पूरा फक्रेका पाँच थरीका कमल फूलहरूले भरिएको एउटा मंगल पोखरी देखेर नुहाउने इच्छा गरी आफ्ना सबै गर-गहनाहरू फुकालेर राजपुरुषहरूलाई जिम्मा लगाई पोखरीमा ओर्ले । तब सुगा त्यहाँ पुगेर रुखका हाँगाहरूका बिचमा लुकेर बसी राजपुरुषहरू प्रमाद भएको देखेर राजाको मोतीको माला मुखले च्यापेर आकासबाट बेगले उडेर आई आफ्नो साथीलाई "हे साथी, यो बेचेर अप्रमादी भई जीवन चलाउनू" भनी दियो । अनि यो लिएर त्यो मानिसले "अब यो कहाँ लगेर जिम्मा दिइराख्नुपर्ला ?" भनी सोच्दा उसलाई याद आयो "मेरो एकजना साथी वाराणसीमा बस्दछ । उसकोमा राख्नुपर्ला ।" यति विचार गरी संकेत दिइराखेको अनुसार गई भेटेर कुशल वार्ता गरी सुगाको बच्चाले गरेका उपकारहरू प्रकाश गरी "यो मोतीको माला राम्ररी रक्षा गरी राख्नू" भनी दियो ।



https://dhamma.digital

त्यस क्षणमा राजा नुहाइधुवाइ गरी सकेर सुगन्ध लेपन गरी लुगा लगाई गहना लगाउँदा मोतीको माला देखेनन् । अनि पछि राजपुरुषहरूले भित्र तथा बाहिर बस्ने आफ्ना मानिसहरूमा खानतलासी गरी हेर्दा पनि मोतीको माला नभेटिएकोले नगरमा झ्यालि पिटेर सूचना दिन लगाइयो- "जसले राजाको त्यो मोतीमाला भेटाइ दिन्छ, उसलाई ठूलो सम्मान पुरस्कार दिइने छ।" अनि त्यो मोतीमाला लिईराखेको मानिसले सोच्यो, "म अहिले दुःखी छु, यो माला राजालाई देखाएर सुखपूर्वक बसुँला । त्यो मानिससँग मेरो के नाता छ र" भनी सोची उसले गरेको उपकारलाई वास्ता नगरिकन सो महामित्रद्रोही मानिस राजपुरुषकहाँ गएर त्यो मोतीमाला आफूसँग नासो राखिएको कुरा बतायो । "हे राजपुरुषहरू, एकजना मानिसले मकहाँ त्यो मोतीको माला नासो राखेर गएको छ" भन्यो । त्यसैले भनिएको हो, असत्पुरुषहरूसँगको संगतले यस्तै हुन्छ । भनिएको छ-

१. यथा संवड्ढितो निम्बो मधुखीरोदसिञ्चना,
न याति मधुरं तं वोपकारं असतं कतं । ॥१॥

मह, दुध मात्र सिंचेर हुर्काए पनि कागतीको रुखमा कहिल्यै गुलियो फल फल्दैन, त्यस्तै असत्पुरुषहरूलाई पनि जति उपकार गरे पनि आफ्नो अकृतज्ञ स्वभाव छोड्दैनन् । ॥१॥

२. सीसेन उदकं आदाय वड्ढितो पि नुहीतरु,
न याति मधुरं तं वोपकारं असतं कतं । ॥२॥



https://dhamma.digital

सिरमा बोकेर ल्याई सिंचेको भए पनि नुही भन्ने (तितो) बोटले कहिले पनि गुलियो फल दिंदैन । असत्पुरुषहरूलाई गरिएको उपकार पनि त्यस्तै हुन्छ । ॥२॥

३. निच्चं खीरोदपानेन वड्ढितो'सीविसो यथा,
विसं व परिवत्तेति तथा नीचोपकारकं । ॥३॥

जस्तो कि दूध ख्वाएर हुर्काइएको भए पनि सर्पको विष नै बढ्छ र एक दिन उसले डस्न सक्छ, नीच बिचारको दुर्जनहरूलाई गरिएको उपकार पनि त्यस्तै हुन्छ । ॥३॥

४. यथात्तना कतं आग्गि सीतलं न ददे खलु,
तथा नीचे कतं कारं अग्गी व दहते तनुं । ॥४॥

आफैले बालेको भए पनि आगो कहिल्यै सितल हुँदैन । त्यस्तै अकृतज्ञ मानिसलाई गरिएको उपकारबाट पनि त्यस आगोले जस्तै नै पोल्छ । ॥५॥

५. तस्मा उपपरिक्खित्वा हावभावेन बुद्धिया,
कातब्बा मेत्ति जन्तूहि नामित्तो लभते सुखं ति । ॥५॥

तसर्थ मानिसको स्वभाव, गुण, कारण र अकारणलाई परिक्षण गरेर सत्पुरुषहरूसँग मात्र मित्रता गर्न योग्य छ । असत्पुरुषहरूसँग मित्रता गर्नेले सुख पाउँदैन । ॥५॥

अनि पछि राजपुरुषहरूले त्यो मित्रद्रोहीले भने अनुसार नासो राखेर गएको व्यक्तिलाई मोतीमाला सहित गरी राजालाई देखाए । राजाले हराएको मालसहित चोरलाई देखेर रिसाएर "यसलाई दक्षिणद्वारनिर लगेर जिउँदै शूलीमा



https://dhamma.digital

चढाइदेऊ" भनेर आज्ञा दिए । राजपुरुषहरूले राजाको आज्ञा अनुसार उसलाई लगे । उनीहरूद्वारा लगिंदै गर्दा सो मानिसले दक्षिणद्वारबाट निस्कंदै गर्दा सर्प मित्रलाई याद गरेर उसबाट केही उपकार हुन सक्छ भन्ने सोची पहिले बताएको संकेत अनुसार वल्मीक (धमिरा)को दुलो देखेर "हे मित्र सर्प !" भनेर बोलायो । त्यो सर्प वल्मीकको प्वालबाट निस्केर आउँदा उसलाई त्यसरी लगिंदै गरेको देखेर संवेग भएर दुःख मानी "आज म साथीलाई अवश्यमेव भरोसा हुनुपर्यो" भनी सोचेर उसलाई भरोसा दिएर आफ्नो भेष बदलेर मनुष्यको रूपमा आई राजपुरुषहरूसँग भेटी "यो मानिसलाई तुरन्त मारी नहाल्नू" भनी दृढपूर्वक बोलेर त्यही क्षणमा अग्रमहारानी बसेको दरबारमा गएर सर्पको रूप लिएर देवीलाई डसेर (टोकेर) विषले मुर्छा भएको बेलामा फेरि मनुष्यको रूप लिएर आई "त्यो मानिस विषको औषधी जान्दछ" भनेर त्यही क्षणमा साथीकोमा गएर- राजाले बोलाउन पठाउने बेलामा तिमी गएर एक पसर पानीले देवीको सिरमा छ्यापेर बिषमुक्त गरीदेऊ" भनेर फर्क्यो ।

अनि राजा बिष निकाल्ने बैद्य खोज्दाखोज्दै त्यो कुरा सुनेर "त्यो सजाँय पाएको मानिसलाई ल्याऊ" भनी अह्राएर देवीलाई विषमुक्त बनाइदिनुहोस्" भनी अह्राए । त्यो मानिसले नागराजले बताए अनुसार विषमुक्त गरिदियो । अनि रानी सुखी र निरोगी भइन् । राजाले यो घटना देखेर सन्तुष्ट भई उसलाई खेत, घर, यान, वाहन आदि प्रदान गरी महान सत्कार गरे । अनि उसले राजाकहाँ गई आफूले


https://dhamma.digital

गरेका सबै कामहरू प्रकाश गऱ्यो । त्यसैले यस्तो भनिएको हो-

६. एकदाहं महाराज वनं कम्मेन केनचि,
गतो'द्दसं महावाटे पतितं सुवपोतकं । ॥६॥

भो महाराज ! एकदिन कुनै कामको लागि म जङ्गलमा गएको बेलामा निक्कै गहिरो खाडलमा एउटा सुगाको बच्चा खसिराखेको देखें । ॥६॥

७. अथोरगं मनुस्सं च दुक्खप्पत्ते खुदापरे,
उक्खिपिं करुणायाहं ते मे'वोचुं तदा तयो । ॥७॥

फेरि एउटा सर्प र एउटा मानिस पनि त्यहिं खसेर भोकले दुख पाइरहेको देखें । तिनीहरूप्रति करुणा जागेकोले तिनै जनालाई निकाली बचाइदिएँ । अनि ती तिनै जनाले मलाई यस्तो भने- ॥७॥

८. अदासि जीवं अम्हाकं उपकारो'सि नो तुवं,
तव किच्चे समुप्पन्ने अम्हाकं एहि सन्तिकं । ॥८॥

तिमीले हामिलाई जीवन दान दियौ । तिमीले हामीलाई महान उपकार गऱ्यौ । तिमीलाई पनि केही काम पर्दा हामीकहाँ आउनू । ॥८॥

९. एवं तेहि पवुत्तो'हं अगञ्छिं सुवसन्तिकं,
तेन कतुपकारो'हं मनुस्सस्सा पि सन्तिकं । ॥९॥

उनीहरूले मलाई यस्तो भनेकोले प्रथमतः म सुगा कहाँ गएँ । उसबाट उपकार प्राप्त गरेर म मानिस कहाँ गएँ । ॥९॥



https://dhamma.digital

१०. तेनाहं मरणं पत्तो अद्दसं उरगाधिपं,
सो'दासि जीवितं मह्यं अलद्धं विपुलं धनं । ॥१०॥

त्यो मानिसको कारणले गर्दा मैले मृत्युदण्ड पाएँ । अनि मैले सर्पराजलाई देखेँ । अनि उसले मलाई ज्यान बचाइदियो, र उसकै कारणले मैले विपुल धन पाएँ । ॥१०॥

११. सुजनो नावमन्तब्बो खुद्दको ति नराधिप,
सुवो च उरगो चे'ते मित्तधम्मे पतिट्ठिता । ॥११॥

भो महाराज ! सत्पुरुषहरूलाई "क्षुद्र प्राणी हो" भनेर अपमान गर्न हुँदैन । सुगा र सर्पहरू पशुपंक्षी भए पनि मित्रधर्ममा प्रतिष्ठितहरू हुन् । ॥११॥

१२. कारणञ्ञु मनुस्से'सो अम्हेहि समजातिको,
कतूपकारो एवं पि दिसो जातो नराधमो । ॥१२॥

यो मानिस कारणहरू सबै राम्ररी जान्ने र समान जातको भएर पनि आफुलाई गरिराखेको उपकार बिर्सेर मेरो शत्रु हुनगयो । यो मानिस अधर्मी, दुष्ट हो । ॥१२॥

१३. अकस्मा देव कुप्पन्ति पसीदन्ति निमत्ततो,
सीलं हे'तंअसाधूनं बालानं अविजानतं । ॥१३॥

भो महाराज ! बिना कारण रिसाउने, फेरि बिना कारण खुसि हुने, यसरी कारण, अकारण नजान्ने मूर्ख असत्पुरुषहरूको स्वभाव हुन्छ । ॥१३॥

१४. मनुस्सा पि महाराज केचि विस्सासिया न वे,
तिरच्छाना पि होन्ते'व अजिम्हमनसा'सठा ति । ॥१४॥



https://dhamma.digital

भो महाराज ! यस्ता मूर्खहरूलाई मानिस नै भए पनि एकान्तिकरूपले विश्वास गर्न योग्य छैन । पशु-पंक्षी नै भए पनि मन सिधा भएका र छल-कपट नगर्ने विश्वास गर्न योग्य छन् । ॥१४॥

यस प्रकार उसले राजालाई आफ्नो इतिहास बतायो । राजा पनि उसको कुरा सुनेर खुसी भई "उसलाई चाहिने जति धन-सम्पत्ति र घर पनि बनाई दिनू" भनेर हुकुम भयो । उसले "मलाई उही मेरा मित्रहरू सुगा र नागराज बस्ने बर रुखसँगै घर बनाइ दिनुहोस्" भनि अनुरोध गर्यो । त्यहाँ घर बनाउन लगाएर राजाको सेवा गर्दै तिनै मित्रहरूसँग हाँसिखुसिसाथ संगत गर्दै जीवनभर सँगै बसेर आयु सकिएपछि आ-आफ्नो कर्म अनुसार परलोक गए ।

१५. इति पतितसुखम्हा अङ्गतो वा धनम्हा
परमतरपतिठ्ठा होन्ति मित्ता सखानं,
विरहितसखिनं भो न'त्थि यस्माभिवुद्धि
चिणथ कुसलधम्मं मित्तवन्तं महन्तं । ॥१५॥

यसरी शरीरले, धनले पतित भएकाहरू भए पनि शुद्ध भावना भएका मित्रहरू उत्तम प्रतिष्ठाको आधार हुन्छन् । भो पुण्यवान् सज्जनवृन्द ! विश्वासयोग्य मित्रहरू नहुनेहरूको अभिवृद्धि (उन्नति) हुनसक्दैन । तसर्थ विश्वासयोग्य साथीहरू पाउनको लागि आफुले सक्दो कुशल धर्म संचय गर्नुहोस् । ॥१५॥

तिन जना मित्रहरूको कथा तेश्रो समाप्त ।



https://dhamma.digital

# १.०४. बुद्धेनिको कथा

अब यहाँबाट शुरु हुन्छ-

सुनिन्छ कि परापूर्वकालमा जम्बुद्वीपको पाटलिपुत्र नगरमा सत्तासिकोटि धन ढुकुटीमा जम्मा भएको एउटा सेठ परिवार थियो । त्यस सेठकी एकलौटी छोरी थिइ, जसको नाम थियो, बुद्धेनि । बुद्धेनि सात बर्ष उमेरको हुँदा उनका बुबाआमा दुबैको मृत्यु भयो । अनि कुल परिवारका सबै सम्पत्ति बुद्धेनिको भयो । बुद्धेनि अत्यन्त सुन्दरी, देख्नेहरूको मन प्रसन्न पार्ने थिइन् । सुन्दर वर्णले युक्त भएकी हुनाले अप्सरा झैं भएर सबैकी प्यारी भइ बसिन् । तिनी त्रिरत्नप्रति श्रद्धाले प्रसन्न भएर सुखसँग बास गरिरहिन् । त्यस समयमा त्यस नगरमा बस्ने सेठ, सेनापति, उपराजा आदिहरूले तिनलाई आफ्नी स्त्री पादचारीका (सेविका, पत्नी) बनाउने इच्छाले उपहार सहित गरी माग्न मानिसहरू पठाए । त्यो कुरा सुनेर तिनले यस्तो चिन्तन गरिन्- "मेरा बाबा-आमाहरू सारा धन-सम्पत्ति छोडेर परलोक हुनुभयो । मैले पनि त्यस्तो गरेर जानु उचित छैन । पतिकुलमा गएर मलाई के फाइदा होला र ? केवल धन-सम्पत्ति सिध्याउने काम मात्र हुन्छ । मैले त यी सारा धनसम्पत्तिहरू बुद्धशासनको लागि मात्र खर्च गर्नु उत्तम हुनेछ ।" यस्तो चिन्तन गरी उनीहरूलाई "मलाई पतिकुलमा (पोइला) जाने मन छैन" भनेर फर्काइन् । त्यस बेलादेखि ऊ महादान गर्दै श्रमण-



https://dhamma.digital

ब्राह्मणहरूलाई खानपानद्वारा सेवा सत्कारमा लागी रहिन् । त्यसैले भनिएको हो-

१. चतुद्दिसायातजिनत्रजानं आपानभूतं घरं आसि तस्सा,
यदिच्छितपच्चयलाभहेतु देवद्दुमो वासि महानुभावो । ॥१॥

त्यो बुद्धेनीको घर चारै दिशाबाट आउने जिन-पुत्र (भिक्षु)हरूको पानी खाने जलद्रोणी समान थियो । त्यो घर इच्छित सबै बस्तुहरू लाभ हुने देवद्रुम (कल्पवृक्ष) समान थियो । ॥१॥

२. पुप्फुपहरादिवितानलङ्कता पदीपपञ्ञत्तसुभासनावली,
सुखासनासीनवसीहि'लङ्कता तस्सासि तस्मिं वरदानसाला । ॥२॥

उक्त उत्तम दानशालामा फूल र फूलमालाहरूले युक्त चँदुवाहरू टाँगेर सजाई राखिएका थिए । बत्तीहरू लहरै बालिराखिएका थिए । त्यहाँ लहरै बिछ्याइ राखिएका राम्रा राम्रा आसनहरूमा आनन्दपूर्वक आसनस्थ वसी (आत्मसंयमी) भिक्षुहरूद्वारा अलंकृत थियो । ॥२॥

३. सुधोतहत्था सुचिपुञ्ञचित्ता सदादरा रक्खितपञ्चसीला,
बुद्धेनिनामा करुणागुणग्गा अदा महादानवरं पसत्थं'ति । ॥३॥

शुद्ध पुण्य चित्त भएकी, सधैँ आदर मान गर्ने, पञ्चशीललाई रक्षा गर्ने, करुणागुण अग्र भएकी, राम्ररी धोएर सफा हात भएकी बुद्धेनि नामकी उपासिकाले महादान गरिरहेको हेर्नुस् त । ॥३॥

अनि केही समयपछि एक जना घोडा व्यापारी व्यापार गर्न पूर्वबाट पश्चिममा जाने क्रममा आयो र त्यहाँ बास


https://dhamma.digital

बस्यो । अनि सो व्यापारीले बुद्धेनिलाई देखेर प्रसन्न भई आफ्नै छोरी समान स्नेह राखी उसलाई सुगन्ध, फूलमाला, बस्त्र, अलंकार आदिले उपकार गरी फर्कने बेलामा भन्यो- हे छोरी, मैले ल्याएका यी घोडाहरूमध्ये तिमीलाई मन पर्ने एउटा घोडा छानेर लेऊ । बुद्धेनिले ती घोडाहरूमा हेरेर सिंधव घोडाको बच्चा एउटा छानेर भनिन्-"यो घोडा मलाई दिनुहोस्" व्यापारिले भन्यो- छोरी, यो सिन्धव घोडाको बच्चा हो । अप्रमादी भई (होशियारीसाथ) यसलाई पालनपोषण गर । यति भनी ऊ आफ्नो बाटो लाग्यो ।

बुद्धेनिले त्यो घोडाको बच्चा आकाशमा उड्न सक्ने भनेर जानेर राम्ररी पालन-पोषण गरिन् । तिनीले यस्तो विचार गरिन्: मलाई पुण्यकर्म गर्नको लागि साथी पाएँ । पछि एकदिन बुद्धेनिले यस्तो चिन्तन गरिन्- म भगवान बुद्धले मारसेनाहरूमाथि विजय प्राप्त गरी बुद्ध हुनु भएको ठाउँ जय महाबोधि भूमिमा पुगेको छुइनँ । त्यहाँ गएर बोधिवृक्षको दर्शन-पूजा गर्न पाए उत्तम हुने छ । अनि धेरै सुनका फूलमाला, चाँदिका फूलमाला आदि बनाउन लगाएर एक दिन आफ्नो घोडा चढी आकाश मार्गबाट गएर बोधिवृक्षनिर उभिएर घोषणा गरिन्- भो आर्यहरू, सुनका फूलमालाहरूले बोधिवृक्ष पूजा गर्नको लागि यहाँ आउनुहोस् ।

त्यसैले यस्तो भनिएको हो-

४. यतो पट्ठाय'हं बुद्धसासने सुद्धमानसा,
पसन्ना तेन सच्चेन मग्गानुग्गहबुद्धिया । ॥४॥



https://dhamma.digital

म बुद्धशासनमा आएदेखि नै शुद्ध मनले प्रसन्न छु । यो सत्यको प्रभावले ममाथि अनुकम्पा राख्नुहोस् । ॥४॥

५. आगच्छन्तु नमस्सन्तु बोधि पूजेन्तु साधुकं,
सोण्णमालाहि सम्बुद्धपुत्ता अरियसावका । ॥५॥

सम्बुद्धका पुत्र आर्य श्रावकहरू यहाँ आउनुहोस्, श्री महाबोधि बृक्षलाई नमस्कार गर्नुहोस् र यो स्वर्ण मालाद्वारा पूजा गर्नुहोस् । ॥५॥

६. सुत्वा तं वचनं अय्या बहु-सीहलवासिनो ।
आगम्म नभसा तत्थ वन्दिंसु च महिसुचा'ति । ॥६॥

श्रीलंका द्वीपमा बस्नुहुने धेरैजना आर्य संघहरूले बुद्धेनि कन्याको त्यो वचन दिव्य श्रोतद्वारा सुनेर आकाशमार्गबाट त्यहाँ आई वन्दना र पूजा गर्नुभयो । ॥६॥

त्यसबेलादेखि बुद्धेनि बुद्ध शासनमा अझ बढी प्रसन्न भई सधैँ घोडा चढेर आई आर्य संघहरूसँगै महाबोधिवृक्षलाई सुवर्ण मालाहरूद्वारा पूजा गरेर फर्कने गरिन् ।

तिनी सधैं यसरी पूजा गर्न आउने देखेर पाटलिपुत्रको उपवनमा बस्ने शिकारीहरूले तिनको रूप सम्पत्ति देखेर त्यहाँका राजाकहाँ गई यस्तो बिन्ती गरे- "भो महाराज ! यस्ती रूपसम्पन्न कन्या एक जना दिनहुँ घोडा चढेर बोधि वृक्षलाई पूजा गरी फर्केर जान्छे । त्यो कन्या महाराजको महारानी बनाउनको लागि योग्य छ ।"

त्यो कुरा सुनेर राजाले हुकुम दिए- हे भणे (कर्मचारी), त्यो कन्यालाई समातेर ल्याऊ । म उसलाई अग्रमहारानी



https://dhamma.digital

बनाइराख्छु। यति भनी राजाले त्यस कामका लागि मानिसहरू लगाइदिए। लगाइएका ती मानिसहरूले बोधि वृक्ष पूजा गरी फर्किने बेलामा पक्रेर लान्छौं भनी त्यहाँ एक ठाउँमा लुकेर समात्नलाई तयार भइ बसे।

सधैं झैं बुद्धेनि घोडा चढेर बोधि मण्डपमा गएर वीतराग आर्यहरू (अर्हत् भिक्षुहरू)का साथ भई बोधि वृक्षलाई फूलमालाहरूद्वारा पूजा वन्दना गरेर फर्किन्। अनि त्यहाँ उपस्थित भिक्षुहरूमध्ये एक जना धम्मरक्खित नामका स्थविरले उनलाई यस्तो सम्झाउनुभयो-

"बहिनी, तिमीलाई समाती लैजानको लागि बाटोको बिचमा एक जत्था चोरहरू कुरेर बसेका छन्। फलानो ठाउँमा पुगेपछि अप्रमादी भई (होश गरेर) छिटो जाऊ।"

तिनी जाँदै गर्दा त्यस ठाउँमा पुग्नासाथै चोरहरूले पीछा गर्दा घोडालाई कुर्कुच्चाले इसारा दिएर छिटोछिटो गइरहिन्। चोरहरू पनि पछ्याउँदै आइरहे। घोडा बेगले दौडेर गई आकाशमा उड्यो। सो कन्याले घोडाको वेग थाम्न नसकेर घोडाको पिठ्युबाट चिप्लेर तल खसेको अवस्थामा कन्याले भनी- हे पुत्र ! मैले गरीराखेको उपकार सम्झ।

अनि घोडाले आफ्नो पिठ्युबाट खसेकी मालिकनीलाई देखेर वेगले आई पुनः आफ्नो पिठ्युमा बसालेर आकास मार्गद्वारा गई आफ्नो गन्तब्यमा पुगी बसाली उभियो।

७. तिरच्छानगतापे'वं सरन्ता उपकारकं,
न जहन्ती ति मन्त्वान कतञ्ञू होन्तु पाणिनो ति।॥७॥



https://dhamma.digital

यस प्रकार पशुहरूले समेत आफुलाई गरेको उपकार सम्झेर कृतज्ञभाव व्यक्त गर्छन् भन्ने बुझेर सत्त्वप्राणीहरू (मानिसहरू) कृतज्ञ हुने प्रयास गर्नू । ॥७॥

त्यसपछि त्यस बुद्धेनि कन्याले आफ्नो सत्तासी करोड धन बुद्ध शासनमा रोपी (खर्च गरी), जन्मभर शीलपालन गरी, उपोसथ कर्म गरी, त्यहाँबाट च्यूत भई सुतेर बिउँझेको जस्तै भई देवलोकमा जन्म हुनपुगिन् ।

८. अतितरुणवया भो मातुगामापि एवं
विविधकुसलकम्मं कत्वा सग्गं वजन्ति,
कुसलफलमहन्तं मञ्ञमाना भवन्ता
भवथ कथं उपेक्खा दानमानादिकम्मे ? ॥८॥

भो सज्जनहरू ! अत्यन्त तरुण बैंसकी कन्याले समेत यसरी अनेक प्रकारका कुशलकर्महरू गरी स्वर्गलोकमा गइन् । कुशलकर्मको महान फल विपाक जान्ने तपाईं सज्जनहरूले दान दिनु आदि कुशल कर्ममा कसरी उपेक्षा गर्न सक्नुहोला र ? (सक्नुहुन्न नै) । ॥८॥

बुद्धेनिको कथा चौथो समाप्त ।



https://dhamma.digital

# (१.०५. अहितुण्डिक (सपेरा) को कथा

अब यहाँबाट शुरु हुन्छ-

यस भद्रकल्पमा हाम्रा (गौतम) भगवानभन्दा पहिले काश्यप भन्ने शास्ता लोकमा उत्पन्न हुनुभयो रे । उहाँले देवताहरू सहित लोकजनहरूलाई संसार सागरबाट पार तार्नुभई सबै बुद्धकृत्यहरू पूरा गर्नुभई अस्ताएको सूर्यझैं सेतव्य नगरमा अनुपादिशेष निर्वाण धातुद्वारा परिनिर्वाण हुनुभयो । त्यस बेलामा सारा जम्बुद्वीपवासीहरू भेला भएर प्रत्येक घरबाट एक-एक कोटि मूल्य पर्ने रत्नले आकृति (बुट्टा) हरू बनाइएका सुवर्णमय इट्टाहरू बाहिरको गारो बनाउनको लागि र आधाकोटि मूल्य पर्ने इट्टाहरू भित्री गर्भ बनाउनको लागि, गरी फेरि भित्र खालि ठाउँमा भर्नको लागि मनोशिला भन्ने स्थानबाट माटो ल्याएर प्रयोग गरी, पानीको ठाउँमा तेल प्रयोग गरी एक योजन जति अग्लो एउटा चैत्य बनाएर ठूलो सत्कार पूजा गरिरहेका थिए ।

त्यस बेलामा एक जना सपेरा गाउँ, निगम, राजधानीमा गएर सर्प नचाई (तमाशा देखाएर) जीविका गर्दै एउटा गाउँमा पुगेर त्यहाँ सर्प नचाई (तमाशा देखाउँदा) प्रसन्न भएका गाउँका मानिसहरूले दिएका अनेक प्रकारका उपहारहरू, खानपानका वस्तुहरू पाएर त्यहीं बसोबास गरिरहे ।



https://dhamma.digital

त्यस गाउँमा त धेरैजसो मानिसहरू त्रिरत्नको भक्ति गर्नेहरू थिए । त्यसो हुनाले उनीहरूले सुत्नलाग्दा “नमो बुद्धाय” आदि भनेर वन्दना गर्थे । त्यो सपेरा भने मिथ्यादृष्टिक (त्रिरत्नमा विश्वास नगर्ने) थियो । उसलाई त्रिरत्नको गुण के हो भन्ने थाहा थिएन । त्यसो हुनाले गाउँका मानिसहरूको त्यो वाचनहरू सुनेर आफूले पनि नक्कल गरी, गिज्याएको जस्तो गरी “नमो बुद्धाय” भनी बोल्ने बानि गर्यो ।

पछि एक दिन ऊ नाच्न सक्ने सर्प एउटा यताउति खोजीरहेको थियो । त्यस समयमा एउटा नागराजा काश्यप तथागतको चैत्यमा गई वन्दना गरी धमिराको दुलोमा पसेर बसिरहेको थियो । त्यसलाई देखेर सपेराले वेगले गईकन सो नागराजालाई समात्नको लागि मन्त्र जप्यो । सो नागराजाले त्यो मन्त्रवाचन सुनेर रिसाएर मार्ने इच्छा गरी सपेरालाई लखेट्यो । त्यसरी नागराजाले लखेटेको देखेर सपेरा जोडले भाग्दै गर्दा एउटा ढुँगामा ठेस लागेर लड्दा पहिले पहिले ठट्टा गरी बोले जस्तो नै उसको मुखबाट “नमो बुद्धाय” भन्दै लड्यो ।

उसले बोलेको त्यो वचन लखेट्न आएको नागराजाको कानमा अमृत समान भई पस्यो । त्यसपछि सो नागराजाले त्रिरत्नप्रति गौरव गरी त्यो सपेराप्रति उठेको रीस शान्त गरी यस्तो भन्यो- “हे साथी, नडराऊ । म त तिम्रो रत्नत्रय मन्त्ररूपी बन्धनको आनुभावले बाँधिइसकेँ । त्यसो हुनाले मैले तिमीलाई टोकेर मार्न योग्य रहेन । आज म तिमीदेखी प्रसन्न भएँ । ल, लिऊ, म तिमीलाई उपहार दिन्छु” भनी



https://dhamma.digital

सुनका तिन थुँगा फूलहरू दियो। यस प्रकार रत्नत्रय भन्ने शब्द त्यस्ता घोर विषधारी सर्पहरूको समेत मन प्रसन्न गराइदिन्छ। त्यसो हुनाले यहाँ यस्तो भनिएको छ-

१. बुद्धो ति वचनं सेट्ठं बुद्धो ति पदं उत्तमं,
नत्थि तेन समं लोके अञ्ञं सोतरसायनं। ॥१॥

बुद्ध भन्ने वचन नै श्रेष्ठ छ, बुद्ध भन्ने पद नै उत्तम छ। यो लोकमा कानलाई योभन्दा ठूलो रस दिनसक्ने अर्को कुनै कुरा छैन। ॥१॥

२. धम्मो ति वचनं सेट्ठं धम्मो ति पदं उत्तमं,
नत्थि तेन समं लोके अञ्ञं सोतरसायनं। ॥२॥

धर्म भन्ने वचन नै श्रेष्ठ छ। धर्म भन्ने पद नै उत्तम छ। यो लोकमा कानलाई योभन्दा ठूलो रस दिनसक्ने अर्को कुनै कुरा छैन। ॥२॥

३. संघो'ति वचनं सेट्ठं संघो'ति पदं उत्तमं,
नत्थि तेन समं लोके अञ्ञं सोतरसायन, ॥३॥

संघ भन्ने वचन नै श्रेष्ठ छ। संघ भन्ने पद नै उत्तम छ। यो लोकमा कानलाई रस दिनसक्ने योभन्दा ठूलो अर्को कुनै कुरा छैन। ॥३॥

४. तस्स मुखं मुखं नाम यं वत्तति मुखे सदा,
दुल्लभं बुद्धवचनं सब्बसम्पत्तिदायकं। ॥४॥

सारा सम्पत्ति दिन सक्ने दुर्लभ बुद्ध वचन सधैं जसको मुखमा रहन्छ, उसको मुख नै वास्तविक मुख हो। ॥४॥


https://dhamma.digital

५. तस्स मनो मनो नाम यं चे मनसि वत्तति,
दुल्लभं बुद्धवचनं सब्बसम्पत्तिदायकं । ॥५॥

सबै सम्पत्ति दिनसक्ने दुर्लभ बुद्ध वचन जसको मनमा रहन्छ, उसको मन मात्र वास्तविक मन हो । ॥५॥

६. तं एव कवचं देहे तं एव मणि कामदो,
तं एव सुरभिधेनुं तं एव सुरपादपो । ॥६॥

बुद्ध भन्ने शब्द शरीरलाई रक्षा गर्ने कवच (फलामको पोशाक) पनि हो। बुद्ध भन्ने शब्द चाहेका सबै वस्तु दिन सक्ने चिन्तामणि पनि हो । बुद्ध भन्ने शब्द कामधेनु (चिताएको दिने गाई) पनि हो । अनि बुद्ध भन्ने शब्द कल्पवृक्ष पनि हो । ॥६॥

७. तस्से'व सोतं सोतं व यं सुणाति जनो अयं,
दुल्लभं बुद्धवचनं सब्बसम्पत्तिदायकं । ॥७॥

सारा सम्पत्ति दिन सक्ने यो दुर्लभ बुद्ध भन्ने शब्द जसले सुन्छ, उसको कान मात्र वास्तविक कान हो । ॥७॥

८. एवंविधोरगो घोरो हलाहलविसो सदा,
बुद्धो ति वचनं सुत्वा सन्तुट्ठो'दासि जीवितं । ॥८॥

त्यस्तो सधैं हलाहल विषधारी नागराजाले पनि बुद्ध भन्ने शब्द सुनेर सन्तुष्ट भई सपेरालाई जीवन दान दियो । ॥८॥

९. सोण्णपुप्फत्तयं चा पि महग्घं बहलं अदा,
पस्स बुद्धो ति वाचाय आनुभावमहन्ततं ति । ॥९॥



https://dhamma.digital

नागले अनर्घ बाक्लो सुनका तिन थुँगा फूल पनि दियो । हेर, बुद्ध भन्ने शब्दको आनुभाव (प्रभाव), यतिसम्म महान छ । ॥९॥

१०. इति अविदितसत्तो किञ्चिबुद्धानुभावं
लभति धनविसेसं यस्स नामप्पकासा,
विदितजननिकायो किं नु तस्सानुभावं
न लपति जिननामं किच्चं अञ्ञप्पहाया ? ति । ॥१०॥

यसरी बुद्धको आनुभाव केही नजान्ने मानिसले समेत “नमो बुद्धाय” भनी उच्चारण मात्र गर्नाले पनि विशेष धन (सुनका फूलहरू) लाभ गरी लियो । त्यस्ता बुद्धहरूको आनुभाव राम्ररी जान्ने मानिसहरूले अरु कामहरू छोडेर भए पनि किन जिन (बुद्ध) को नाम जप्नमा लाग्दैन ? ॥१०॥

अहितुण्डिक (सपेरा) को कथा पाँचौं समाप्त ।

Dhamma.Digital



https://dhamma.digital

# १.०६. सरण स्थविरको कथा

अब यहाँबाट शुरु हुन्छ-

श्रावस्ती नगरमा सुमन नामक एकजना गृहपति थियो । उसकी पत्नीको नाम सुजम्पति थियो । उनीहरू घरगृहस्थीमा बस्दै गर्दा पछि उनीहरूका एउटा छोरा र एउटी छोरी भए । पछि ती सन्तानहरू सानै छँदा मातापिताको मृत्यु हुन लाग्दा दाजुचाहिंलाई बोलाएर- "हे मेरा पुत्र, हामीले तिमीलाई उचित स्थानमा पुऱ्याउन सकेनौं । हाम्रा घरमा जति पनि सम्पत्तिहरू छन्, ती सबै तिमी लेऊ, तिम्री बहिनीलाई पनि राम्ररी पालन-पोषण गर" भनेर दाजुको हातमा बहिनीको हात राखी दिएर मृत्यु भए । त्यसपछि सो पुत्रले दाहसंस्कारहरू गर्यो । कालान्तरमा बहिनीलाई योग्य कुलमा विवाह गरि दिएर आफूले पनि विवाह गर्यो । केही समयपछि बहिनी चाहिं गर्भवती भएपछि एक दिन आफ्नो पतिलाई भनि- "भो स्वामी, मलाई दाजु भेट्ने इच्छा भयो ।" पतिले "हुन्छ" भनेर योग्य कोशेलीहरू दिएर पत्नीलाई माइति पुऱ्याउन दुवैजना घरबाट निस्के । त्यस समयमा भगवान राम्रोसँग चीवर पारुपण गरी भिक्षुसंघद्वारा घेराई भिक्षाटनको लागि नगरमा प्रवेश गर्नुभयो । छ वटा गाढा रंगका रश्मी फिजाई आइरहनुभएका भगवानलाई देखेर मन प्रसन्न गरी पञ्चाङ्ग वन्दना गरी उनीहरू उभिइरहे । अनि तथागतले ती पति-पत्नीको उपनिस्सय सम्पत्ति देख्नु भई



https://dhamma.digital

उनीहरू दुवै जनालाई शरणमा र शीलमा प्रतिष्ठित गर्नुभई यस्तो आज्ञा हुनुभयो- "कुनै बेला तिमीहरूलाई दुःख पर्यो भने तथागतको स्मरण गर" तसर्थ भनिएको छ-

१. "यं किञ्चि भयमुप्पन्नं राजचोरादिसम्भवं,
तदा सरेय्य सम्बुद्धं निच्छन्तो तदुपद्दवं । ॥१॥

"राज भय, चोर भय आदि जुन सुकै भय उत्पन्न भए पनि त्यसबाट मुक्तिको लागि (सम्यक्) सम्बुद्ध भगवानलाई स्मरण गर्नु पर्दछ । ॥१॥

२. यं वे उपद्दवं होति यक्खपेतादिसम्भवं,
तदा सरेय्य सम्बुद्धं निच्छन्तो तदुपद्दवं । ॥२॥

भूत, प्रेत, यक्ष आदिको भय उत्पन्न हुँदा पनि त्यसबाट मुक्तिको लागि (सम्यक्) सम्बुद्ध भगवानलाई स्मरण गर्नु पर्दछ । ॥२॥

३. सीहव्यग्घतरच्छादिपुण्डरीकादिसम्भवं,
तदा सरेय्य सम्बुद्धं निच्छन्तो तदुपद्दवं । ॥३॥

सिंह, बाघ, भालु, चितुवा आदिको उपद्रव उत्पन्न हुँदा पनि त्यसबाट मुक्तिको लागि (सम्यक्) सम्बुद्ध भगवानको स्मरण गर्नु पर्दछ । ॥३॥

४. यं आतपग्गिवातादि-उदकासनिसम्भवं,
तदा सरेय्य सम्बुद्धं निच्छन्तो तदुपद्दवं । ॥४॥

घाम, आगो, हावा, पानी, वज्रपात (चट्याङ्ग) आदिको भय उपद्रव आदि उत्पन्न हुँदा पनि त्यसबाट मुक्तिको लागि (सम्यक्) सम्बुद्ध भगवानको स्मरण गर्नु पर्दछ । ॥४॥



https://dhamma.digital

५.　पज्जरादीहि रोगेहि विसमोतुहि सम्भवं,
　　तदा सरेय्य सम्बुद्धं निच्छन्तो तद् उपद्दवं । ॥५॥

अस्वस्थकर मौसम आदि ऋतुबाट उत्पन्न हुने ज्वरो आदि रोग हुँदा पनि त्यसबाट मुक्तिको लागि (सम्यक्) सम्बुद्ध भगवानको स्मरण गर्नु पर्दछ ।" ॥५॥

६.　मच्चुना चे यदा युद्धं करोन्तेना पि जन्तुना,
　　सरितब्बो तदा बुद्धो पत्थेन्तेनत्तनो जयं ति ।" ॥६॥

प्राणीहरूसँग मात्र होइन, अपितु मृत्यु मारसँग युद्ध हुने अवस्थामा पनि विजय चाहनेले भगवान बुद्धलाई स्मरण गर्नु पर्छ ।" ॥६॥

त्यसपछि उनीहरू भगवानको शिक्षाप्रति प्रसन्न भएर वन्दना गरेर गए । अनि दाजुले तिनीहरू आएको देखेर यथोचित मान सत्कार गरे । तिनको पति केही दिन त्यहाँ बसिसकेपछि पत्नीलाई जेठानको जिम्मा लगाएर "गाउँमा मेरो काम छ" भनी फर्केर गयो । अनि पछि तिनको दाजुले आफ्नी पत्नीलाई बोलाएर भने- हे भद्रे, यिनलाई सबै कर्तव्य गर । पत्नीले पनि त्यसबेलादेखि देवर्नीलाई पानी, भोजन आदिले सेवा गर्दै गर्दा तिनको हात, खुट्टा, गर्दन, पाउमा पहिरिएका आभरणहरूमाथि लोभ उत्पन्न भएर त्यसलाई दबाउन नसकेर खानपान नै छोडेर बिरामी जस्तो भई खाटमा लडिरहि । तिनको पति घरमा आउँदा पत्नीलाई सुतिरहेको देखेर खाटमा बसेर सोध्यो- हे भद्रे, कुनै बिमारी भयौ कि? बारम्बार सोध्दा पनि तिनी चुपचाप बसी रहि ।



https://dhamma.digital

फेरि पतिले बेस्सरी दबाव दिएपछि तिनले विचार गरि- "यदि मैले सोझै तिनको गहना चाहन्छु भनेमा उचित हुनेछैन। तिनको पंचमधुर मंस (मिठो मासु) चाहन्छु, भनेपछि उसलाई मारिहाल्छ । अनि त ती गहनाहरू मेरै हुनेछ ।" अनि "म तिम्री बहिनीको पंचमधुर मंस खान चाहन्छु। यदि पाइनँ भने मेरो जीवन रहनेछैन" भनी जवाफ दिइ । त्यो सुनेर उसले अनेक तरिकाले मानिसको हत्या गर्नु भनेको ठूलो पाप अपराध हो भनि जति रोक्दा पनि रोक्न सकिएन । अनि ऊ तिनीप्रति कामाशक्तिले मुर्छित रहेको मूर्खताले गर्दा "हुन्छ, ठिक छ, तिमीले पाउनेछौ" भनेर उसलाई वचन दियो। त्यसैले भनिएको हो-

७. "हायन्ति इधलोकत्था हायन्ति पारलोकिका,
हायन्ति महतो अत्था ये इत्थीनं वसङ्गता । ॥७॥

"जो व्यक्ति स्त्रीहरूको बशमा गएको हुन्छ, उसले यो लोकको अर्थ (फाइदा) लाई हानि गर्छ, परलोकको फाइदालाई पनि हानि गर्छ, उसले महान अर्थलाई हानि गर्छ । ॥७॥

८. एसा माता पिता एसो भगिनी भातरो इमे,
गरुतब्बे न जानन्ति ये इत्थीनं वसङ्गता । ॥८॥

जो व्यक्ति स्त्रीहरूको बशमा गएको हुन्छ, उसले आमा, बुबा, दिदी-बहिनी, दाजु-भाई कोहीलाई पनि "मैले कस्तो आदर-सम्मान राख्नु पर्छ" भन्ने जान्दैन । ॥८॥

९. कारणाकारणन्तेतं कत्तब्बं वा न वा इदं,
कामन्धत्ता न जानन्ति ये इत्थीनं वसङ्गता । ॥९॥


https://dhamma.digital

जो व्यक्ति स्त्रीहरूको बशमा गएको हुन्छ, सो कामान्ध व्यक्तिले "यो कारण हो, यो अकारण हो, अथवा कस्तो गर्नु पर्छ, वा पर्दैन" भनी जान्दैन । ॥९॥

१०. पाणं वा अतिपातेन्ति होन्ति वा पारदारिका,
भासन्ति अलिकं वाचं ये इत्थीनं वसंगता । ॥१०॥

जो मानिसहरू स्त्रीहरूको वशमा जान्छन् उनीहरू अति नै प्राणीहिंसा गर्ने हुन्छन्, परस्त्रीगमन गर्ने पनि हुन्छन् । उनीहरू भ्रूठ पनि बोल्छन । ॥१०॥

११. सन्धिच्छेदादिकं थेय्यं मज्जपानं च पेसुनं,
करोन्ति साहसं सब्बं ये इत्थीनं वसंगता । ॥११॥

जो मानिसहरू स्त्रीको वशमा जान्छन् उनीहरूले भित्ता फोडेर पनि चोरी (डकैति) गर्ने, मद्यपान गर्ने, चुग्ली लाउने जस्ता दुःसाहसिक जबर्जस्ति कामहरू पनि गर्न सक्छन् । ॥११॥

१२. अहो अच्छरियं लोके सरन्तानं भयावहं,
भरियाय वसं गन्त्वा सोदरिं हन्तुं इच्छती ति ।" ॥१२॥

अहो ! आश्चर्य, यो लोकमा सम्झँदा मात्र पनि भय उत्पन्न हुन्छ । उसले पत्नीको बशमा गएर आफ्नै साख्खे बहिनीलाई मार्ने इच्छा गर्यो ।" ॥१२॥

त्यसपछि त्यो दुःसाहसिक मानिसले बहिनीलाई यस्तो भन्यो- "बहिनी, हाम्रा आमा-बुबाले दिइराखेका ऋणहरू उठाउन जान्छौं । हामी दुबैजनालाई देखेपछि ऋणीहरूबाट


https://dhamma.digital

ऋण उठाउन सजिलो हुन्छ।" त्यो कुरा सुनेर बहिनीले स्वीकार गरेपछि एउटा सुविधाजनक रथमा बसाली ऋणीहरूकहाँ जाने जस्तो गरी ठूलो जंगलमा पुगेपछि रथलाई बाटोको छेउमा बिसाई तिनलाई हात पक्रेर "काट्नेछु" भनी चिन्तन गरेर रोइकराई रहेको अवस्थामा नै केस समाती भूमिमा पछ्राऱ्यो । त्यही क्षणमा तिनको प्रसवको वायु (कम्मजवाता) चल्यो । तिनले दाजुदेखि लाज मानेर भनि- हे दाई, मलाई प्रसववेदना भयो । मैले बच्चा नजन्माउन्जेलसम्म मलाई छोड्नुहोस् । यस्तो भन्दा पनि नछोडेको अवस्थामा नै एउटा पुत्र जन्माइ । अनि उसले नजिकको बर रुखमुनि मार्नेछु भनी जिउ समातेर घिसारी लग्यो । त्यही बेलामा तिनले "हे दाई, तिम्रो भान्जाको मुख हेरेर भए पनि मलाई नमार्नू" भनी अनुनय विनय गरि । अनि त्यो कर्कश स्वभावको मानिसले तिनको करुणालाग्दो आग्रहलाई पनि नसुनेको जस्तो गरी मार्नतिर नै अगाडि बढ्यो । अनि तिनले अशरण भएर चिन्तन गरि- "म चिच्याएको सुनेर यहाँ कोही आएर मेरो दाजुलाई अनर्थ गर्न सक्छ।" यसरी दाजुप्रतिको स्नेहको कारणले गर्दा तिनी आवाज नै ननिकाली निःशब्द बसेर आफुले ग्रहण गरेको शरणलाई मात्र याद गरेर लडेर बसि ।

त्यसपछि तिनले आफ्नो दाजुप्रति गरेको मैत्रीभावको कारणले र शरणागमनलाई स्मरण गरेको आनुभावले त्यस वटवृक्षमा बास गरिबसेको देवताले "यस्ती स्त्रीजातिक यहाँ मारिनुले त अवश्यमेव म देवसभामा जान पाउँदिनँ" भनी चिन्तन गरी तिनको लोग्नेको भेषमा आएर सो देवताले अपराधीलाई भगाई पठाएर "तिमी नडराऊ" भनी भरोसा



https://dhamma.digital

दिएर पुत्र सहित गरी तिनलाई रथमा बसाली त्यही दिनमा श्रावस्ती नगरमा पुग्राइ त्यहाँको एउटा पाटीमा तिनलाई लेटाई अन्तर्ध्यान भई गए ।

त्यसैले भनिएको हो-

१३. "सब्बसम्पत्तिदातारं सब्बलोकेकनायकं,
मनसा पि ये विभावेन्ति तं वे पालेन्ति देवता । ॥१३॥

१४. मुहुत्तं पि च यो मेत्तं भावेति यदि साधुकं,
तं वे पालेन्ति देवा पि तोसयन्ति उपायना ति ।" ॥१४॥

"सबै थोक सम्पत्ति दिनसक्ने लोकका एक मात्र नायक (अगुवा, बुद्ध)लाई जसले हृदयदेखि स्मरण गर्छ, उसलाई देवताहरूले रक्षा गर्छ । ॥१३॥

जसले एक छिनमात्र भए पनि शुद्धरूपमा मैत्री भावना गर्छ, उसलाई देवताहरूले पक्कै पनि रक्षा गर्छ, उचित उपहार दिएर सन्तोष पार्छ ।" ॥१४॥

त्यसपछि तिनको पति घरबाट निस्की काममा जान नगरमा आउँदा आफ्नी पत्नीलाई देखेर "प्रिय, तिमी कहिले आयौ ? कसले तिमीलाई ल्याइपुऱ्यायो?" भनेर सोध्यो । तिनले देवताले पुऱ्याएको कुरा थाहा नपाएकोले भनि- "यो के भनेको, तपाईंले नै मलाई ल्याएको होइन र ?" उसले पनि दोहोरो भन्यो - "प्रिय, यो तिमी के भन्दै छौ ? तिमीलाई तिम्रो दाजुको घरमा छोडेर आएको बेलादेखि चार महिना भइसक्यो । त्यसपछि तिमीलाई देखेको नै छैन । तिमी मसँग कसरी आएको हुन्छ र ?" भनी सोध्यो ।



https://dhamma.digital

यो सुनेर पत्नीले- "भो स्वामी, त्यसो भए यो रहस्य अरु कसैलाई नबताउनुहोला" भनेर दाजुले आफूमाथि गरेको अत्याचारका सबै कुरा विस्तृतरूपले बताइ। त्यो कुरा सुनेर तिनको पति संविग्न र भयभीत भई तिनलाई आफ्नो घरमा लग्यो । घरमा केही दिन विश्राम गरिसकेपछि उनीहरू दुबैजना भगवान शास्तालाई निमन्त्रणा गरी महादान दिएर वन्दना गरी एकछेउमा बसे । अनि तिनले भगवानलाई शरणशीलको आनुभावले आफ्नो ज्यान जोगिएको कुरा बताएर आफ्नो पुत्रलाई भगवानलाई वन्दना गराई शरण भनी नामाकरण गरे। भगवान शास्ताले उनीहरूको भित्री आशय जानेर त्यहि अनुसारको धर्मदेशना सुनाउनुभयो । धर्मदेशनाको अन्तमा पति-पत्नी दुवैजना स्रोतापन्न भए । बाँकी रहेको छोरो शरणकुमार बीस वर्ष उमेर पुगेपछि बुद्धशासनमा प्रब्रजित भएर विपस्सना बृद्धि गरी अरहत्त्व प्राप्त शरण स्थविर भनी प्रसिद्ध हुनुभयो ।

१५. खणं अपि मनसेवं देवदेवं सरन्ता
परमतरपतिट्ठं पापुणन्ती ति मन्त्वा,
भगवति गुणरासिं जानमाना जना भो
भजथ सरणसीलं सब्बथा सब्बकालन्ति । ॥१५॥

यस प्रकार देवाधिदेव हुनुभएका वहाँ भगवानलाई क्षण भर मात्र स्मरण गर्नेलाई पनि अत्यन्त उत्तम प्रतिष्ठा प्राप्त हुन्छ भनेर मनन गरी भगवानको सर्वगुणलाई जान्ने-बुझ्ने पुण्यवान्हरूले सर्बप्रकारले सधैं नै शरण शील भजन गर्ने कोसिस गर्नुहोस् । ॥१५॥

सरण स्थविरको कथा छैठौं समाप्त ।



https://dhamma.digital

# १.०७. वेस्सामित्ताको कथा

अब यहाँबाट शुरु हुन्छ-

जम्बुद्वीपको कोसम्बी नगरमा कोसम्बीका राजाका वेस्सामित्ता नामकी महारानी थिइन् रे । जब महान भिक्षुसंघका साथमा चारिका गर्दै भगवान बुद्ध कोसम्बीमा बस्नुभयो, तब सो महारानी राजाका साथमा विहारमा गएर अनुपम स्वरले बुद्धलीलाले देशना गरिरहनुभएका भगवान बुद्धको धर्मदेशना सुनेर प्रसन्न भई त्रिशरणमा प्रतिष्ठित भई बुद्धमामिका भएर बसिन् ।

पछि एक समयमा प्रत्यन्त (सीमान्त) देशको एउटा राजाले युद्धको तयारी गरेर "कि राज्य देऊ, कि युद्ध गर" भनी पत्र पठाए । त्यो सुनेर राजाले ठूलो सेनादलको बिचमा बसेर युद्धभूमिमा गएको बेलामा महारानीलाई सँगै लगी छावनीमा बसालेर तिनलाई यस्तो भने-

भद्रे ! संग्राम भूमिमा जानेको जित हुन्छ, कि हार, अगावै भन्न सकिन्न । यदि मेरो पराजय भयो भने पहिले नै रातो झण्डा फहराउनेछु । त्यस संकेत अनुसार तिमी कोसम्बीमा नै फर्केर जाऊ । यस्तो भनी अनुसासन गरी (सिकाई) संग्राम मण्डलमा गएर महायुद्ध गर्दागर्दै आफ्नो पराजय हुने कुरा जानेर रानीलाई सम्झेर रातो झण्डा फहराई युद्ध गर्दा गर्दै उनी युद्धभूमिमा लडे । अनि रानीले



https://dhamma.digital

रातो झण्डा देखेर "अवश्य पनि मेरा पतिको पराजय भयो" कि भनेर डराई भाग्न थालिन् । अनि त्यस चोर राजाका मानिसहरूले देखेर अवश्य पनि राजाकी अग्रमहिषी हो भनी चिनेर आफ्ना राजालाई देखाए । तिनीप्रति मन आसक्त भई राजाले मसँग अभिषेक (विवाह) गराऊ, भनी अमात्यहरूलाई आज्ञा दिए । अमात्यहरूले उनलाई राजासँग विवाह गर्न याचना गरे । तिनले उत्तर दिइन् कि म विवाह गर्न चाहन्नँ । त्यो कुरा अमात्यहरूले राजालाई जानकारी दिए । अनि राजाले तिनलाई बोलाउन लगाई "किन इच्छा नगरेको हो ?" भनी सोधे । उनले यस्तो जवाफ दिइन्-

१. सुणोहि साधुकं देव भासमानाय मे वचो,
भत्ता मय्हं मतो अज्ज सब्बसम्पत्तिदायको । ॥१॥

हे देव ! मेरो वचनलाई राम्ररी सुन्नुहोस् । मलाई सम्पूर्ण सम्पत्ति दिने मेरा स्वामी महाराज आज मृत्यु हुनुभयो । ॥१॥

२. कत्वान सो'भिसेकं मं अत्तनो हदयं विय,
पालेसि तं सरन्तस्सा सोकग्गि दहते मनं । ॥२॥

वहाँ महाराजले अभिषेक गरी हृदयसमान गरी मलाई पालन-पोषण गर्नुभयो । उहाँलाई सम्झेर मेरो मन शोकरूपी अग्नीले दाह भइरहेको छ । ॥२॥

३. महाराज सचञ्ञस्स अस्सं अग्गमहेसिका,
तम्हा दुक्खा कथंमुच्चे तस्सपेवं भवेय्यचे । ॥३॥



https://dhamma.digital

भो महाराज ! यदि अरु कुनै राजाकी महारानी भएको भए उसलाई पनि यस्तै दुःख अनुभव हुन्छ। त्यसबाट कसरी मुक्त हुन सक्ला र ? ॥३॥

४. सोकग्गिना परित्ताहं सोके सोकं कथं खिपे,
जलन्तग्गिम्हि को नाम पलालं पक्खिपे बुधो । ॥४॥

शोकरूपी अग्निले घेरिएको अवस्थामा परेकी मैले फेरी अर्को शोक कसरी थप्नु ? कुन पण्डितले फेरी शोक थप्ला र ? ॥४॥

५. पियविप्पयोग दुक्खं तं चिन्तयन्ती पुनप्पुनं,
तम्हा दुक्खा न मुञ्चामि तस्माहं तं न पत्थये ति।" ॥५॥

मेरा प्रिय स्वामीसँग बिछोडको दुःखलाई बारम्बार सम्झीरहेकी म त्यस दुःखबाट मुक्त भएको छैन । त्यसैले मैले त्यो अभिषेक नचाहेकी हुँ।" ॥५॥

त्यो कुरा सुनेर शत्रु राजा क्रोधले अभिभूत भई- "यदि अभिषेक गर्दैनौ भने म उसलाई अग्निमा फालिदिन्छु" भनेर काठको ठूलो चिता बनाउन लगाई त्यसमा आगो लगाई सबैतिर आगो बलेपछि "यस भित्र पस" भने । अनि रानीले याचना गर्दै यस्तो भनिन्-

६. "पापो निप्पापिनिं राज पातनं खलु पावके,
होति पापफलं तस्स पच्चते च परत्थ च । ॥६॥

"भो महाराज ! म निष्पापीलाई यसरी आगोमा खसाल्नु पाप हो । यस्तो गर्नेलाई यो पापको विपाक फल यस लोकमा र परलोकमा पनि अवश्य भोग्नु पर्ने हुन्छ। ॥६॥



https://dhamma.digital

७. पुरातनेहि भूपाल समणब्राह्मणेसु च,
मतापितुसु बालेसु रोगेनातुर-इत्थिसु,
नप्पसत्थो वधो देव तस्माहं न वधारहा ति ।" ॥७॥

हे भूपाल ! पुराना पण्डितहरू श्रमण-ब्राह्मणहरूलाई, आमा-बुबाहरूलाई, बाल-बच्चाहरूलाई र रोगले आतुर स्त्रीहरूलाई मार्ने कामलाई प्रशंसा गर्दैनन् । त्यसैले मलाई बध गर्नु उचित छैन ।" ॥७॥

त्यो कुरा सुनेर पनि राजा खुशी नभइ मानिसहरूलाई आज्ञा दिए- "यसलाई हात-खुट्टा समाई आगोमा फालिदेऊ ।" मानिसहरूले त्यस्तै गरे । अनि आगोमा फालिएको बेलामा महारानीले "यसबेला मलाई बचाउने कोही छैन, मात्र त्रि-रत्नको शरण ग्रहण गर्दछु" भनी "बुद्धं सरणं गच्छामि । (म बुद्धको शरणमा जान्छु । (धम्मं सरणं गच्छामि । (म धर्मको शरणमा जान्छु । संघं सरणं गच्छामि । (म संघको शरणमा जान्छु ।)" भन्दै मनले त्रिशरणलाई स्मरण गरिरहँदा आगोमा खस्यो । तैपनि अग्निले तिनको शरीरमा रौंको प्वालजति पनि पोलेन । बरु कमलको फूलभित्र पस्नु जस्तो भई शरीर शीतल रह्यो ।

राजाले यो आश्चर्यजनक घटना देखेर संविग्न भइ रौं ठाडो-ठाडो भएकोले बेगले त्यहाँ गई रानीलाई दुबै हातले समाती आफ्नो छातीमा लेटाएर ल्याई राजाको आसनमा बसालेर हात जोडेर बिन्ती गर्दै "के कारणले तिम्रो शरीरलाई आगोले नजलेको हो" भनी सोधे । रानीले यसको कारण बताउँदै यस्तो भनिन्-



https://dhamma.digital

८. मातापिता च ञाती च परिवारा च सोहदा,
मन्तोसधादयो चा पि महेसक्खा च देवता । ॥८॥

आमा-बुबा, आफन्त, परिवार, सहृदयी (मन मिलेकाहरू), मन्त्र, औषधी आदि जान्नेहरू, महान आनुभाव सम्पन्न देवताहरू आदि प्राणीहरूले पनि ॥८॥

९. एते च अञ्ञे च भूपाल सत्तानं भयमागते,
रक्खितुं नेव सक्कोन्ति हित्वान सरणत्तयं ॥९॥

हे भूपाल ! यी सबैलाई भय उत्पन्न हुँदा शरण लिन सकिने त्रि-रत्न बाहेक अरु कोही छैन । ॥९॥

१०. अगाहं बुद्धं सरणं बुद्धो मे सरणं इति,
तेन तेजेन मं राज जलन्तो अग्गि नो दही । ॥१०॥

भो महाराज ! मैले 'बुद्ध मेरो शरण हो', भनेर म बुद्धमा शरणागत भएँ । त्यसैको तेजले गर्दा मलाई आगोले पोलेन । ॥११॥

११. अगाहं धम्मं सरणं धम्मो मे सरणं इति,
तेन तेजेन मं राज जलन्तो अग्गि नो दही । ॥१२॥

भो महाराज ! मैले 'धर्म मेरो शरण हो' भनेर म धर्ममा शरणागत भएँ । त्यसैको तेजले गर्दा मलाई आगोले पोलेन । ॥१२॥

१२. अगाहं संघं सरणं संघो मे सरणं इति,
तेन तेजेन मं राज जलन्तो अग्गि नो दही । ॥१२॥



https://dhamma.digital

भो महाराज ! मैले संघ मेरो शरण हो, भनेर म संघमा शरणागत भएँ । त्यसैको तेजले गर्दा मलाई आगोले पोलेन । ॥११॥

१३. एवं महानुभावं तं पच्चक्खं एहिपस्सिकं ।
नानोपद्दव विद्धंसिं नानासम्पत्तिदायकं ॥१३॥

यसरी अत्यन्त आनुभाव प्रत्यक्ष भएको, आएर हेर भनी देखाउन सकिने, अनेक भय उपद्रव नाश गर्नसक्ने र अनेक सम्पत्ति दिनसक्ने ॥१३॥

१४. सरणत्तयं हि यो सत्तो न समादाय गण्हति,
इध वा परत्थ वा लोके सो सुखं नानुभोस्सति । ॥१४॥

यस्तो महान आनुभाव सम्पन्न त्रि-शरणलाई जसले राम्ररी धारण गर्दैन, उसलाई यो लोक र परलोकमा सुख प्राप्त हुँदैन । ॥१४॥

१५. सरणत्तयं हि यो सत्तो सुसमादाय गण्हति,
इध वा परत्थ वा लोके सो सुखा न परिहायति । ॥१५॥

जुन प्राणीले राम्ररी त्रिरत्नको शरण लिन्छ उसलाई यो लोक र परलोकमा पनि सुख परिहीन (क्षय) हुँदैन । ॥१५॥

१६. तस्मा तुवं पि भूपाल गण्हाहि सरणत्तयं,
तं ते भवति सब्बत्थ ताणं लेणं परायणं ति ।" ॥१६॥

त्यसो हुनाले भो भूपाल ! हजुर पनि त्रि-रत्नको शरणमा जानुहोस् । यसरी शरणमा जानुले हजुरलाई सबै



https://dhamma.digital

ठाउँबाट रक्षा हुन्छ । ओत लाग्ने गुफा समान र परम प्रतिष्ठा पनि हुन्छ ।" ॥१६॥

त्यो वचन सुनेर राजा अति नै प्रसन्न मन भई रानीबाट क्षमा दिलाएर रानीलाई उच्च आदर सम्मान गरी, "आजदेखि हजुर मेरी आमा भयो" भनी आमाको स्थानमा राखी त्रि-रत्नको शरण ग्रहण गरे । त्यहाँ भेला भएको ठूलो जनसमुदाय पनि त्यो प्रातिहार्य देखेर त्रिशरण तथा पंचशीलमा प्रतिष्ठित भई दान आदि पुण्यकर्महरू गरी आ-आफ्ना कर्म अनुसार परलोक गए ।

१७. इति सरणवरं सा केवलं उग्गहेत्वा
जलितदहनमज्झे सीतिभावं अलत्थ,
परमसरणसीलं पालयन्ता कथं वो
न लभथ भवभोगं निब्बुतिञ्चा पि अन्ते ? ति । ॥१७॥

यसरी तिनी (वेस्सामित्ता महारानी)ले केवल उत्तम त्रिशरण मात्र ग्रहण गरि लिएर हुरुरुरु बलिरहेको आगोको माझमा सितलभाव लाभ गरिन् । परम शरण तथा शील पालन दुबै गर्यो भने त तपाईंहरूलाई उपभोग-परिभोग सम्पत्ति र अन्तमा निर्वाण सम्पत्ति समेत कसरी प्राप्त नहोला र ? ॥१७॥

वेस्सामित्ताको कथा सातौं समाप्त ।



https://dhamma.digital

# १.0८. महामन्धाताको कथा

अब यहाँबाट शुरु हुन्छ-

यस्तो सुनिन्छ कि यस भद्रकल्पबाट एकान्नब्बे (९१) कल्प पहिले विपस्सी नामक सम्यक्सम्बुद्ध लोकमा उत्पन्न हुनुभई उत्तम धर्मचक्र प्रवर्तन गर्नुभई देव सहित लोकजनद्वारा पूजा गराई बन्धुमती नगरमा विराजमान हुनुभयो । उक्त समयमा मन्धाता त्यस नगरमा सुचिकार भएर जन्मेका थिए । सुचिकार कामद्वारा उनले जीविका गरी बसे । त्यस बेलामा सकल नगरवासीहरूले भगवान बुद्ध प्रमुख भिक्षुसंघलाई निमन्त्रणा गरी महादान दिए । अनि त्यो सुचिकारले विचार गरे- "मेरा नगरवासीहरू सबैजना दान दिइरहेका छन् । दान नदिनेमा म एकजना मात्र बाँकी रहेँ जो कि गरीब छु । यदि मैले आज बिउ रोपिनँ भने यस दुःखबाट मुक्त हुनेछैन ।" अनि उनले वेगले गई सुचिकार काम खोजेर भेटाई त्यसबाट केही दाम कमाएर ल्याई एकजना मात्र भिक्षुलाई पनि भोजन दान गर्ने मौका नपाएर बजारमा गई भुटेको सिमी (राजमास) किनेर टोकरीमा भरेर ल्याई भगवान बुद्ध प्रमुख भिक्षुसंघलाई दानशालाको अगाडि गएर उभिएर यस्तो विचार गरे- "मैले कुनै एक जना भिक्षुको पात्रमा दान गर्ने मौका छैन । अब मैले यसलाई आकासमा छरिदिनेछु । अनि कोही एक जना मात्र भिक्षुको पात्रमा एक दाना मात्र परे पनि यो मेरो लागि दीर्घकालसम्म हित सुखको लागि



https://dhamma.digital

हुनेछ ।" अनि उनले प्रसन्न भएर माथि आकाशतिर छरे । अनि आकाशबाट झर्दा परिचारिक देवताहरूको आनुभावले गर्दा र भगवान बुद्धको आनुभावले गर्दा बाहिर नझरी सबै नै भगवान बुद्धदेखि लिएर सबैजना भिक्षु संघको पात्रमा झर्न गयो । यो देखेर उनको मन अत्यन्त प्रसन्न र आश्चर्य चकित भई श्रद्धापूर्वक हात जोडेर बिन्ती गरी यस्तो प्रार्थना गरे-

१. "इमिना मे अधिकारेन पसादेन यतिस्सरे,
कामभोगीनहं अग्गो भवेय्यं जातिजातियं । ॥१॥

"मेरो यो दानमय कुशल कर्मको प्रभावले र यति (भिक्षु)हरूका ईश्वर हुनुभएका (बुद्ध भगवान) दर्शन गरेर चित्त प्रसन्न गरेको प्रभावले म सधैं जन्म जन्ममा पञ्चकाम सेवन गर्नेहरूमध्ये अग्र हुन पाउँ । ॥१॥

२. पहरित्वा यदा पाणिं, ओलोकेमि नभोतलं,
सत्तरतनसम्पन्नं वस्सं वस्सतु सब्बदा ति ।" ॥२॥

मैले तालि बजाएर आकास तिर हेर्ने बेलामा सधैं सप्तरत्नहरू[५]ले युक्त वर्षा होस् ।" ॥२॥

---

५ सप्तरत्न भनेको:
सुवण्णं रजतं मुत्ता, मणि बेलुरियानि च ।
वजिरं व पवालन्ति सत्ताहु रतनानिमे । ॥
अर्थ: सुन, चाँदी, मोती, मणी, बेलौर, हिरा र पवाललाई सप्तरत्न भनिन्छ ।



https://dhamma.digital

उनी तबदेखि लिएर देव, मनुष्य लोकमा घुम्दै रहे । यस भद्र कल्पको शुरुमा महासम्मत भन्ने राजा उत्पन्न भयो । महासम्मत राजाका पुत्र रोज, रोजका पुत्र वररोज, वररोजका पुत्र कल्याण, कल्याणका पुत्र वरकल्याण, वरकल्याणका पुत्र उपोसथ, र उपोसथका पुत्र मन्धाता भएर उनको जन्म भयो । उनी मन्धाता सप्तरत्नहरूले, चार ऋद्धिहरूले सम्पन्न भएर चक्रवर्ती राजा भई राज्य गरे । उनको बायाँ हात खुम्च्याएर दायाँ हात उठाउने बेलामा आकाशबाट दिव्य मेघजस्तो भई घुँडाघुँडासम्म बाक्लो हुने गरी सप्तरत्नहरूको वर्षा हुन्थ्यो । यस्तो आश्चर्यजनक काम हुन्थ्यो । उनी चौरासि हजार बर्ष बालक भइ खेल्दै बिताए । चौरासि हजार बर्ष नै उपराज भई बिताए र चौरासि हजार बर्ष चक्रवर्ति राजा भएर बिताए । यसरी उनको आयु एक असंख्य बर्ष थियो ।

उनले एक दिन कामतृष्णा पूर्ण गर्न नसकेर उत्कण्ठितभाव (अरुचि, आलस्यभाव) देखाए । अनि अमात्यहरूले देखेर सोधे- "हे देव ! किन होला, उत्कण्ठित हुनुभएको ?" उनले जवाफ दिए- "हे भणे ! मेरो पुण्यकर्मलाई हेर्दा यो राज्य मलाई योग्य छैन जस्तो छ । योभन्दा उत्तम राज्य कहाँ छ ?" "देवलोक राम्रो छ, महाराज !" भनी जवाफ दिए । अनि उनी चक्ररत्नमा पानी छ्यापेर परिषदको साथमा चातुम्महाराजिक देवलोकमा गए । अनि चार जना दिक्पाल महाराजहरू दिव्यमाला गन्ध आदि हातमा बोकेका देवताहरूको परिषद्का साथमा आएर स्वागत गरेर साथमा



https://dhamma.digital

लगी त्यहाँको राज्य सुम्पिदिए। राजा मन्धाता त्यहाँ परिषदको माझमा बसेर राज्य गर्दै धेरै समय बिताइसकेपछि उनले त्यहाँ पनि तृष्णालाई भरपूर गर्न नसकी अरुचिभाव देखाए। अनि चार जना दिक्पाल महाराजहरूले सोधे- महाराज! अरुचि लाग्यो कि ? अनि सोधे- यो देवलोकभन्दा सुन्दर कुन देवलोक छ नि ? जवाफ दिए- महाराज, हामी त दासदासी समान मात्र हौं, तावतिंस देवलोक त योभन्दा सयौंगुना रमणीय छ। अनि मन्धाता राजाले चक्ररत्नमा पानी छ्यापेर आफ्नो परिषदद्वारा परिवृत्त भई तावतिंस देवलोकतिर हिंडे। अनि शक्र देवराज इन्द्र दिव्य फूलमाला, सुगन्ध आदि हातमा लिएका देवताहरूद्वारा परिवृत्त भई बाटोमा स्वागत गर्न आए। "यहाँ आउनुहोस्" भनेर हात समाती उनलाई लगे। त्यसपछि राजा देवगणद्वारा परिवृत्त भई जाने बेलामा एक जना अमात्यले परिणायक रत्न र चक्ररत्न साथमा लिएर परिषदको साथमा मनुष्यमार्गमा झरेर आई आआफ्ना घर गए।

शक्रले मन्धातालाई शक्रभवनमा लगेर देवताहरूलाई दुई भागमा विभाजन गरी आफ्नो राज्यको बिचमा टुक्रयाएर दिए। त्यसबेलादेखि दुबै राजाहरूले स्वर्गमा राज्य गरे। यसरी राज्य गर्दै समय बित्दै जाँदा शक्र इन्द्र त्रिसठ्ठी (६३) लाख कोटि बर्षसम्म बसेर च्युत भए, त्यहाँ अर्को इन्द्रले जन्म लिए। उनले पनि त्यति नै राज्य गरेर आयु सकेर च्युत भए। यस्तै प्रकारले छत्तिस जना इन्द्रहरू च्युत भइसके। मन्धाता राजा भने मनुष्यभावमा नै अझै देवलोकको राज्य चलाइरहे।



https://dhamma.digital

त्यो समय बितेपछि अत्यन्त खुशी भएकोले कामतृष्णा उत्पन्न भयो । अनि यो आधा मात्र राज्य गरेर के गर्नु, शक्रलाई मारेर एउटै बनाएर राज्य गर्नेछु भनी चिन्तन गरे । शक्रलाई त मार्न सकिन्न । काम तृष्णा भनेको प्राणीको विनाशको हेतु हो । त्यसैले भनिएको हो-

३. “वरं अत्र सुखं त्यत्र अत्रिच्छाविहतो नरो,
इध वा परत्थ वा किञ्चि न सातं विन्दते सदा । ॥३॥

“यहाँ उत्तम छ, यहाँ सुख छ भनेर अधिक तृष्णा गर्नाले विनाश भएका व्यक्तिले इहलोकमा पनि, परलोकमा पनि कहिले पनि कुनै सुख भोग गर्न सक्दैन । ॥३॥

४. तण्हाय जायते सोको तण्हाय जायते भयं,
तण्हाय विप्पमुत्तस्स नत्थि सोको कुतो भयं ? ॥४॥

तृष्णाले गर्दा शोक उत्पन्न हुन्छ, तृष्णाले गर्दा नै भय उत्पन्न हुन्छ, तृष्णाबाट मुक्त व्यक्तिहरूलाई शोक पनि हुँदैन, भय पनि हुँदैन । ॥४॥

५. तण्हादासो नरो एत्थ राजचोरारिसम्भवं,
हत्थच्छेदादिकं दुक्खं पापुणाति विहञ्ञति । ॥५॥

यो संसारमा मानिसहरू तृष्णाको दास भएर राजाका सम्पत्ति चोर्ने आदि समेत हुन्छन् । हात काटिनु आदि दुःख भोग्नु पर्ने, हैरान हुनु पर्ने पनि हुन्छन् । ॥५॥

६. येन लोभेन जातेन सदा जीयन्ति पाणिनो,
खेत्तं वत्थुं हिरञ्ञं च गवास्सं दासपोरिसं,
सब्बत्थामेन सो लोभो पहातब्बो व विञ्ञुना ति ।” ॥६॥



https://dhamma.digital

खेत-बारि, वस्तु, सुन, गाई, घोडा, दास, जनता आदिको निम्ति उत्पन्न हुने लोभले गर्दा सत्त्व प्राणीहरूलाई हानि हुन्छ, विज्ञजनहरूले त्यस्तो लोभलाई अवश्य छोड्ने गर्छ ।" ॥६॥

त्यसरी अधिक तृष्णाले गर्दा उनको आयुसंस्कार नाश भयो । मानिसको शरीर छोड्ने बेलामा मनुष्य शरीर देवलोकमा विनाश (मृत्यु) हुँदैन । अनि उनी देवलोकबाट च्युत भई बन्धुमती नगरमा उद्यानमा प्रवेश गरे । उद्यान पालकले मन्धाता राजा आएको समाचार राजकुलमा निवेदन गर्यो । राजा राजकुलबाट आएर उद्यानमा नै आसनहरू ओछ्याउन लगाए । अनि पछि मन्धाता उद्यानमा ओछ्याइएका उत्तम आसनमा नउठ्ने गरी लेटे । त्यसपछि अमात्यहरूले उनीसँग सोधे- हे देव ! हजुको बारेमा हामीले जनताहरूलाई के समाचार देऔं ? अनि जवाफ दिए- तिमीहरूले महाजनसमूहलाई यो सन्देश देऊ कि मन्धाता महाराजा दुइहजार द्वीपहरू सहित चार महाद्वीपहरूमा राज्य गरेर, चातुर्महाराजिक देवलोकमा पनि राज्य गरेर, छत्तिस जना इन्द्रहरूको आयु परिमाणसम्म देवलोकमा राज्य गरेर मृत्यु भए । उनी यति भनी मृत्यु भएर कर्म अनुसार गए । यो तथ्य बताउनको लागि भगवान बुद्धले चतुर्महापरिषदको माझमा यी गाथाहरू बताउनुभयो-

७. यावता चन्दिमसुरिया परिहरन्ति दिसा भन्ति विरोचना,
सब्बेव दासा मन्धाता ये पाणा पठविनिस्सिता । ॥७॥

जहाँसम्म चन्द्र-सूर्यले दिशाहरूमा आफ्नो प्रकाश फिजाइ रहन्छ त्यहाँसम्म यो पृथ्वीमा आश्रित सम्पूर्ण प्राणीहरू मन्धाता राजाका दास थिए । ॥७॥



https://dhamma.digital

८. न कहापणवस्सेन तित्ति कामेसु विज्जति,
अप्पसादा दुखा कामा इति विञ्ञाय पण्डितो । ॥८॥

असर्फी धन नै बर्षा भए पनि पञ्चकाममा तृप्ति भने कहिल्यै हुँदैन । काम भनेको अल्प स्वादको हो भनी पण्डितजनहरू भन्दछन् । ॥८॥

९. अपि दिब्बेसु कामेसु रतिं सो नाधिगच्छति,
तण्हक्खयरतो होति सम्मासम्बुद्ध सावको ति ।

दिव्य काममा समेत रति (सुख) प्राप्त हुँदैन । तसर्थ सम्यक्सम्बुद्धका श्रावकहरू तृष्णाक्षय गर्नमा लागिरहन्छन् । ॥९॥

यस धर्मदेशना पछि धेरैजना श्रोताहरूले स्रोतापत्ति फल र मार्ग प्राप्त गरी तृष्णा क्षय गर्नमा लागे ।

१०. इति गतिनियतानं बोधिया उत्तमानं,
सकवसं उपनेत्वा देति दुक्खानि तण्हा,
अनियतगतिकानं का कथा मादिसानं
जहथ तं इति मन्त्वा भो भजव्हो तिवत्थुं । ॥१०॥

सज्जनहरू हो ! यसरी बुद्धत्व पाउने गति नियत भइसकेका मन्धाता जस्तो राजालाई पनि तृष्णाले बसमा पारी दुःख दियो भने त्यस्तो नियत नभएका हामी जस्ताको के कुरा ? तसर्थ यस कुरालाई राम्ररी जानेर त्यस तृष्णालाई दूर गरेर त्रिरत्नको भजन गर्नुहोस् । ॥१०॥

महामन्धाताको कथा आठौं समाप्त ।



https://dhamma.digital

# १.०९. बुद्धवम्म व्यापारीको कथा

अब यहाँबाट शुरु हुन्छ-

यस्तो सुनिन्छ कि जम्बुद्वीपको पाटलीपुत्र नगरमा बुद्धवम्म नामको एक जना व्यापारी थियो । व्यापारद्वारा जीविका गर्दै उसले पछि सार्थवाह (व्यापारीहरूको समूह)का साथमा गई ग्राम, निगम, जनपद, राजधानीहरूमा गएर व्यापार गर्दै हिंडीरह्यो । त्यस समयमा भगवान बुद्ध धेरै देव मनुष्यहरूलाई संसाररूपी मरुभूमिबाट तार्दै अनेक हजार भिक्षुहरूद्वारा घेरिएर जनपदमा चारिका गर्नुहुन्छ । अनि बत्तिस लक्षण र अस्सीवटा अनुव्यञ्जनहरूद्वारा प्रतिमण्डित, धपक्क बलेको सुवर्णमय सुमेरु पर्वत समान जाज्वल्यमान, महाभिक्षुसंघद्वारा परिवृत्त भगवान बुद्धलाई देखेर परम प्रीतिद्वारा शरीर प्रफुल्लित भएर दुबै हात जोडेर तथागतनिर गई नमस्कार गर्यो । बुद्धशासनमा अपरिचित रहेको कारणले उसले भगवान बुद्धलाई साँझको भोजनको लागि निमन्त्रणा दियो । अनि भगवान बुद्धले तथागत विकाल भोजनबाट विरत हुन्छन्, भन्नुभयो । अनि उसले भगवान बुद्धलाई वन्दना गरी सोध्यो, त्यसो भए भन्ते, विकालमा के सेवन गर्नुहुन्छ नि ? अनि भगवान बुद्धले उसलाई "आठ प्रकारका पानहरू तथागतहरूलाई उचित हुन्छ" भनी बताउनुभयो । आठ प्रकारका पानहरू भनेका यी हुन्- अम्बपान (आँपको सर्वत), जम्बुपान (जम्बूफलको सर्वत), चोचपान (बियाँ



https://dhamma.digital

नभएको केराको सर्वत), मोचपान (वियाँ भएको केराको सर्वत), फारुसकपान (लीचीको सर्वत), मधुकपान (महको सर्वत), मुद्दिकपान (अंगुरको सर्वत), सालुकपान (कमलको गानोको सर्वत) हो भनेर जवाफ दिनुभयो । त्यो कुरा सुनेर सो व्यापारीले सखर मिसाइएको मुद्दिकपान सर्वत बनाएर भगवान बुद्ध प्रमुख भिक्षुसंघलाई दान गर्यो । भिक्षुसंघ सहित भगवान बुद्धले सो सर्वत सेवन गरेर उसलाई धर्मदेशना गर्नुभई उहाँहरू जनपद चारिकामा जानुभयो ।

सो व्यापारी पनि प्रसन्न चित्तले फर्केर गई आफ्ना साथी व्यापारीहरूसँगै ठाउँ ठाउँका जनपदहरूमा व्यापार गर्दै महावत्तनीय नामको मरुभूमिमा पुग्यो । त्यहाँ उनीहरू सबैका गाडामा राखेर ल्याइएको पानी सिद्धिएछ । त्यहाँ सबै मानिसहरूले पनि र पशुहरूले पनि पानी पाएनन् । अनि त्यो व्यापारी प्यासले अभिभूत भएर यताउतिका गाडाहरूमा पानी खोज्दै हिंड्यो । अनि एउटा गाडामा मानिसहरूले उसलाई देखेर करुणाभावले भने- यहाँ आऊ, यस घ्याम्पोमा अलिकति पानी छ, यो पिऊ । अनि उसले त्यहाँ गई त्यो पानी पियो । उसलाई त्यो पानी अंगुरको सर्वत जस्तो भयो । पानी पिउँदै गर्दा उसले चिन्तन गर्यो- “मैले त्यसबेलामा भगवान सम्यकसम्बुद्धलाई दान दिएको अंगुरको सर्वत नै निस्सन्देह आज मैले खान पाएको हुनुपर्छ” भनी आश्चर्य मानेर मन प्रसन्न पारी आफै गई ती घ्याम्पाका बिर्काहरू खोलेर हेर्यो । सबै घ्याम्पाहरूमा नै अंगुरको सर्वतले भरिएका थिए । त्यहाँ उनले रसवन्त, ओजवन्त, क्षय नहुने दिब्यपान



https://dhamma.digital

जस्तो सर्वत देखेर उत्पन्न भएको अत्यन्त प्रीतिद्वारा शरीर प्रफुल्लित भएर घोषण गर्यो- आउनुहोस्, सबैजनाले पानी पिउनुहोस् । त्यो घोषणा सुनेर सबैजना भेला भएर पानी देखेर अद्भूत माने । सो व्यापारीले उनीहरूका माझमा नै बुद्धानुभाव प्रकाश पार्दै यस्तो भन्यो-

१. "पस्सथेदं भवन्ता भो आनुभावं महेसिनो,
अचिन्तनीयं अच्छेरं सन्दिट्ठिकं अकालिकं । ॥१॥

"भो सज्जनहरू ! महाऋृषि (भगवान बुद्ध) को यहि आत्मभावमा दृष्टान्त फल दिने, समय नबित्दै तुरुन्तै फल दिने, चिन्तन नै गर्न नसकिने यो आश्चर्यजनक आनुभावलाई हेर्नुहोस् । ॥१॥

२. पसन्न मनसा बुद्धे दिन्नं पानीयकं मया,
विपच्चति इदाने'व तं दानं मुनिवाहसा । ॥२॥

मैले प्रसन्न चित्तले भगवान बुद्धलाई सर्बत दान गरें । भगवान मुनि (बुद्ध) को आनुभावले त्यो दानको फल तुरन्त नै प्राप्त भयो । ॥२॥

३. ओजवन्तं सुधन्ना सीतलं मधुरोदकं,
दिब्बपानंव देवानं जातं अब्भुतं अक्खयं । ॥३॥

ओजपूर्ण, अमृतसमान, सितल, गुलियो, कहिले पनि नसिद्धिने, देवताहरूका दिव्यपान जस्ता अद्भूत सर्वत उत्पन्न भयो । ॥३॥

४. सीलवन्तेसु को नाम न ददेय्य विचक्खणो,
इध लोके परत्थे च सुखदं दानं उत्तमं ? ॥४॥



https://dhamma.digital

कुन विचारवानले यो लोक र परलोक दुबै लोकमा सुख दिने शीलवान्हरूलाई दिइने उत्तम दान नदेलान् र ? ॥४॥

५.　यथिच्छितं गहेत्वान पिवन्तु मधुरोदकं,
भाजनानि च पूरेत्वा यन्तु सब्बे यथिच्छितं ति ।" ॥५॥

यो गुलियो, मिठो सर्वत जसलाई जति मन लाग्छ त्यति लिएर खाऊ, पिऊ । इच्छा अनुसार भाँडोमा पनि भरेर लैजाऊ" । ॥५॥

यस्तो बोलेर सबै मानिसहरू र गाडा तान्ने गोरुहरू सबैलाई इच्छा पूर्ण हुने गरी अंगूरको रसपूर्ण पानी पिलायो । जो जो जहाँ तहाँबाट आएकाहरूले पनि त्यो पानी पिए । तर पानी अक्षय भईरह्यो । सार्थवाहका साथमा त्यो व्यापारी व्यापार गर्दागर्दै आफ्नो नगरमा आइपुगेपछि भगवान बुद्धको दर्शन गरेर जानेछु भनी सोची वेलुवन विहारमा गएर भगवान शास्तालाई वन्दना गरी भगवानबाट अनुमति पाएपछि एक छेउमा बस्यो । भगवान शास्ताले ऊसँग मधुर कुशलवार्ता गर्नुभयो । उपासकले पनि बोल्यो- भन्ते, म उपासक पनि हजुरको प्रातिहार्य (चमत्कार) देखेर प्रसन्न भएकोले वन्दना गरेर जानेछु भनी आएको हुँ । यस्तो यस्तो चमत्कार भयो भनी विस्तृतरूपले भगवानलाई बतायो । अनि उसलाई भगवानले धर्मदेशना गर्नुभयो । ऊ धर्मकथा सुनिसकेपछि शास्तालाई भोलिको लागि निमन्त्रण गरी महादान दिएर आफ्नै घरमा फर्केर आयो । ऊ त्यसबेलादेखि दानादि पुण्यकर्म गर्दै पछि त्यहाँबाट च्यूत भई देवलोकमा



https://dhamma.digital

बाह्र योजन ठूलो कनक विमानमा देवअप्सराहरूद्वारा परिवृत्त रहेको र दिव्य ऐश्वर्ययुक्त देवता भएर जन्म्यो । उसको पहिलेको जन्मका कुशल कर्महरू प्रकाश गर्नको लागि ठाउँ ठाउँमा रत्नका भाँडाहरूमा दिब्यमय अंगुरको सर्वत भरि पूर्ण रह्यो । ती सर्वत पिएर देवताहरू नाच्दछन्, बाजा बजाउँदछन् र खेल्छन् ।

६. न विपुलजिनसारं जानमानो जनेवं
लभति विपुलभोगं तोयमत्तस्स दाना,
विदित गुणगणा भो तीसु वत्थूसु तुम्हे
लभथ बहु विसेसं सीलवन्तेसु दाना ति । ॥६॥

महान् जिनसार (भगवान बुद्धका गुण) लाई नजानेका मानिसले पानी मात्र दान गर्दा पनि महान भोग सम्पत्ति लाभ हुन्छ । भो सज्जनवृन्द ! त्रिरत्नको गुणहरूलाई बुझ्ने तपाइँहरूले शीलवानहरूलाई दान गरी अपार विशेष भोग सम्पत्ति र मोक्ष सम्पत्ति प्राप्त गर्नुहोस् । ॥६॥

बुद्धवम्म व्यापारीको कथा नवौं समाप्त ।

Dhamma.Digital



https://dhamma.digital

## १.१०. रूपदेवीको कथा

अब यहाँबाट शुरु हुन्छ-

अतीतकालमा विपस्सी भगवानको पालामा बन्धुमति नामको एउटा नगर थियो । त्यस नगरमा गाउँकी एउटी युवती विहारमा डुलीरहेको बेलामा त्यहाँ एकजना रोगले ग्रस्त भिक्षुलाई देखेर करुणाले मन कम्पमान भएर सो भिक्षुकोमा गएर वन्दना गरी सोधिन्- "भन्ते, हजुरलाई कुन रोगले शरीरलाई पीडित गरिरहेको छ ? भिक्षुले "बहिनी, मलाई खरो रोगले पीडा दिइरहेको छ" भनी जवाफ दिए । तिनले "त्यसो भए भन्ते म त्यो रोगलाई निको पारीदिनेछु" भनी निमन्त्रणा गरी घरमा गई आफ्ना मातापितालाई त्यो कुरा बताएर उनीहरूबाट स्वीकृति पाइएपछि अर्को दिनमा थरिथरिका उत्तम रसहरू मिसाएर भैषर्ज्य आहार तयार गरिन् । अनि सो भिक्षु अर्को दिनमा चीवर पारुपण (दुबै काँध छोपेर ओढ्ने काम) गरी भिक्षाचारिका गर्दै तिनको घरमा गएर उभिए । तिनले स्थविर आएको देखेर प्रसन्न भएर पात्र लिएर आसन बनाएर दिइन् । त्यहाँ बसेका भिक्षुलाई आहारद्वारा राम्ररी सत्कार गरिन् । अनि तिनको श्रद्धाबलले दिएको भोजन खाना मात्रले नै त्यो रोग निको भयो । त्यसपछि सो भिक्षु रोग निको भइसकेकोले दोश्रो दिनमा सो घरमा भिक्षा लिन गएनन् । अनि सो युवती विहारमा गएर सो भिक्षुलाई वन्दना गरेर "किन नआउनुभएको हो" भनी



https://dhamma.digital

सोद्धा "तिम्रो दानले मेरो रोग निको भयो, त्यसैले नआएको हो" भनी जवाफ दिएपछि सो युवतीले प्रसन्न भएर "साधु" भनी घर फर्किन् ।

सो युवती त्यस पुण्यकर्मको प्रभावले मृत्युपछि देवलोकमा जन्मिन् । त्यहाँ तिनको बाह्र योजन ठूलो कनक विमान उत्पन्न भयो । तिनी त्यहाँ देवसम्पत्ति भोग गरीबसिन् । तिनी त्यहाँ छ वटा बुद्धान्तर समय बिताएर हाम्रा भगवानको समयमा जम्बुद्वीपमा देवपुत्रनगरमा उच्च ब्राह्मण कुलमा जेष्ठ ब्राह्मणकी पत्नीको गर्भमा प्रतिसन्धि ग्रहण गरिन् । सो कन्या गर्भ छिपेपछि माताको गर्भबाट निस्किन् । तिनी माताको गर्भबाट निस्केदेखि लिएर दिनकादिन आठआठ माना जति चामल उत्पन्न हुन थाल्यो । तिनको रूपसम्पत्ति देखेर प्रसन्न भएका मातापिताले तिनलाई रूपदेवी भनेर नामाकरण गरे । पछि तिनलाई योग्य पुरुषसँग विवाह गरिदिए । अनि रूपदेवीले एकमाना चामल मात्र लिएर पकाउन बस्दा पनि जेजे चितायो, त्यही त्यही जस्तो कि माछामासु आदि तिहुन, तरकारीहरू पनि, घिउ, नौनि, दूध, दही आदि गोरसहरू र जीरा, मरिच आदि कडा स्वादका मसलाहरू पनि, केरा, कटहर, मह, गुड आदि खाद्यवस्तुहरू समेत गरी भाँडाकुडाहरू भरी भरी उत्पन्न हुनथाले । तिनको हातले छोएको कुनै पनि खाद्यवस्तुहरू, भोज्यवस्तुहरू बासि हुँदैनथ्यो । भातको भाँडो हातमा लिएर सम्पूर्ण नगरवासीहरूलाई भात खुवाउँदा पनि एक दाडू उघाएको आकार पनि त्यसमा देखिंदैनथ्यो । उनको पुण्य



https://dhamma.digital

यस्तो गरी क्षय नहुने किसिमको भयो। यो कुरो सारा देवपुत्र नगरमा चन्द्रसूर्य समान प्रकट भइरह्यो ।

अनि तिनले पाँचसय जना भिक्षुहरूलाई नित्यरूपले आफ्नो घरमा निमन्त्रणा गरी भोजन गराउन थालिन् । अनि ती भिक्षुहरूमध्येमा प्रतिसम्भिदाप्राप्त महासङ्घरक्षित नामका स्थविरले तिनको पुण्य आनुभावलाई दिब्यचक्षुद्वारा देखेर विचार गर्नुभयो- "यिनले आफ्नो पूर्वजन्ममा गरिआएका पुण्यकर्महरू जान्दैनन् होला । त्यसलाई मैले प्रकाशित गरिदिनपाएमा उत्तम हुनेछ ।" अनि एक दिन तिनको घरमा भोजन गरिसकेपछि भत्तानुमोदन गर्ने क्रममा यस्तो भन्नुभयो- "हे बहिनी, तिमीले पहिले गरेका पुण्यकर्महरू थाहा छ कि ?" "थाहा छैन" भनी जवाफ दिइन् । "सुन्ने इच्छा छ" भनी निवेदन गरिन् । त्यसपछि तिनको पूर्वकर्म प्रकाश गर्दै यस्तो भन्नुभयो-

१. "एकनवुते इतो कप्पे, विपस्सी नाम नायको,
अहोसि लोके लोकेकनायको छिन्नबन्धनो । ॥१॥

"योभन्दा एकान्नब्बे कल्प पहिले बन्धन छिन्न भइसकेका लोकका एकमात्र नायक विपस्सी नामका बुद्ध भगवान यो लोकमा उत्पन्न हुनुभएको थियो । ॥१॥

२. तदा तस्मिं पुरे रम्म, आसि त्वं गामदारिका,
आहिण्डन्ती विहारस्मिं अद्दक्खि जिनसावकं । ॥२॥

३. रोगातुरं किसं पण्डुं अस्ससन्तं मुहुं मुहुं,
दिस्वान कम्पिता चित्ता निमन्तेत्वान तं मुनिं । ॥३॥



https://dhamma.digital

त्यस बेलामा त्यस रमणीय नगरमा तिमी एउटी गाउँकी कन्या थियौ । एक दिन विहारमा भ्रमण गरिरहँदा त्यहाँ जिन (विजयी, भगवान) बुद्धका एकजना शिष्य भिक्षुलाई देख्यौ । सो भिक्षु रोगले आतुर भएर दुब्लाएको, पहेँलो भएको, साँस फेर्न गहारो भएकोले स्वाँस्वाँ गरी सास फेरिरहेकोमा हृदय कम्पमान गरी सो भिक्षुलाई आफ्नो घरमा निमन्त्रणा गरेकी थियौ । ॥२-३॥

४. भेसज्जञ्चे'व भत्तञ्च अदा त्वं तेन सो यति,
अव्याबाधो अनीघो च, अहोसि अनुपद्दवो । ॥४॥

उहाँ भिक्षुलाई तिमीले औषधि र भोजन दान गर्यौ । त्यसको सेवनद्वारा उहाँ निरोगी, उपद्रव र कष्टरहित हुनुभयो । ॥४॥

५. ततो त्वं तेन कम्मेन सुकतेन ततो चुता,
जाता'सि देवलोकस्मिं सब्बकामसमिद्धिनी । ॥५॥

त्यहाँबाट च्युत भई तिमी त्यस पुण्यकर्मले गर्दा देवलोकमा उत्पन्न भई त्यहाँका सबै काम सुख सम्पत्तिले सम्पन्न भयौ । ॥५॥

६. तत्थ ते पुञ्ञतेजेन पासादो रतनामयो,
मणिथूपिसताकिण्णो, कूटागारेहि'लङ्कतो । ॥६॥

त्यहाँ तिम्रो पुण्यफलले अनेक सय सुनका गजूरहरूले शोभायमान कूटागारहरूले अलंकृत मणिमय प्रासादहरू थिए । ॥६॥



https://dhamma.digital

७. नेकगब्भसताकिण्णो सयनासनमण्डितो,
अच्छरासतसंकिण्णो नच्चगीतादिसंकुलो । ॥७॥

अनेक सय कोठा भएको, खाट तथा मेचहरूले मण्डित, सयौं देव अप्सराहरूद्वारा सेवा गरिएको रमणीय स्थान थियो । ॥७॥

८. रम्भाम्बजम्बुसन्नीरपूगपुन्नागपाटली,
नागादितरुसण्डेहि मण्डितुय्यानपन्तिहि । ॥८॥

त्यो स्थान पंक्तिबद्ध केरा, आँप, जम्बु, नरिवल, सुपारी, पुन्नाग, पाटली, नाग आदि रुख-बिरुवाहरूको समूहहरूले शोभायमान थियो । ॥८॥

९. पदुमुप्पलकल्हारकुन्दकाननमण्डिते,
मधुमत्तालिपालीहि सारसीसरसंकुले । ॥९॥

महले मस्त भएका भमराहरू र पोथी सारस हाँसहरूको समूहले युक्त तथा कमल, नीरकमल, कल्हार, कुन्द आदि फूलहरूले शोभायमान थियो । ॥९॥

१०. देवपुत्तेहि नेकेहि तथा देवच्छराहि च,
निच्चुस्सवे महाभोगे, विमाने मननन्दने । ॥१०॥

अनेक देवपुत्रहरू र देवअप्सराहरूले गर्दा पनि सधैं उत्सव जस्तो भईरहने महान सम्पत्तिले युक्त मनलाई प्रसन्न गर्ने दिव्यविमानहरूमा बसेर ॥१०॥

११. त्वं एवं देवलोकम्हि विन्दमाना महायसं,
अद्धानं वीतिनामेत्वा निब्बुते गोतमे जिने । ॥११॥


https://dhamma.digital

देवलोकमा तिमी यस प्रकार देवसुख अनुभव गर्दै धेरै समय बिताइसकेपछि गौतम जिन (भगवान बुद्ध) जन्मिंदा ॥११॥

१२. जम्बुदीपे इदानि त्वं निब्बत्ता उदिते कुले,
पुञ्ञपञ्ञा गुणावासा रूपेन'ग्गा पियंवदा । ॥१२॥

अहिले तिमी जम्बुद्वीपमा प्रसिद्ध, पुण्य र प्रज्ञाले सम्पन्न, रूपमा पनि अग्र र प्रिय वचन बोल्ने कुलमा जन्मेका छौ । ॥१२॥

१३. एवं ते देवलोकस्मिं देविस्सरियं अब्भुतं,
इमं ते इधलोकस्मिं सब्बं मानुसिकं सुखं । ॥१३॥

देवलोकमा तिम्रो दिव्य सम्पत्ति यस्तो अद्भूत थियो । अब यस लोकमा तिम्रो मनुष्यका सबै सुखहरू पनि अद्भुत किसिमको छ । ॥१३॥

१४. विपस्सिमुनिनो काले त्वं तस्से'कस्स भिक्खुनो,
अदा दानं गिलानस्स, तस्स तं फलं ईदिसं । ॥१४॥

उहाँ विपस्सी मुनि (भगवान) को समयमा तिमीले भिक्षुलाई भिक्षा भोजन दान गर्यौ जो कि त्यसबेलामा बिरामी थिए । त्यो दान गर्नाको पुण्यफल हो, यो ॥१४॥

१५. कातब्बं हि सदा पुञ्ञं इच्छन्तेन सुखप्पदं,
तस्मा त्वं सब्बदा भद्दे उस्सुक्का कुसले भवा ति ।" ॥१५॥

सुखपद पाउने इच्छुकहरूले सधैं पुण्य कर्म गर्नै पर्छ । त्यसो हुनाले भो भद्रे ! तिमी सधैं कुशल कर्म गर्नमा उत्सुक भइरहोस् ।" ॥१५॥



https://dhamma.digital

यसरी तिनको पूर्वजन्ममा गरिआएको पुण्यकर्मलाई प्रकाश पार्दै "अहिले पनि पुण्यकर्म गर्नमा सधैं उत्सुक भई अग्रसर होऊ" भनेर उपदेश दिनुभयो । रूपदेवी उपासिका स्थविरको धर्म देशना सुनी अत्यन्त मन प्रसन्न गरी त्यसबेलादेखि दान आदिमा झन् बढी लागेर पुण्यकर्महरू गर्दै त्यसैबाट प्रसन्नताले स्रोतापन्ना भइन् र आर्यश्राविका भइन् ।

१६. इति तरुणकुमारी पुञ्ञकम्मेसु सारं
अविदितगुणमत्ता दत्वा भिक्खुस्स दानं,
दिविमनुजसुखं सा'लत्थ तुम्हे भवन्ता
विदितकुसलपाका किं न लब्भेथ सन्तिं ? ॥१६॥

यसरी असल गुण थाहा नभएकी, पुण्यकर्मको सार थाहा नभएकी, केवल श्रद्धागुण मात्र भएकी सो युवतीले एक जना बिरामी भिक्षुलाई दान र सेवा गरेर दिव्यसुख र मनुष्य सुख प्राप्त गरिन् । भो सज्जनवृन्द ! कुशल कर्मको फललाई जानेर तपाइँहरूले निर्वाणसम्पत्ति किन प्राप्त गर्न नसक्नु नि ? (अवश्य नै सक्नुहुनेछ । ॥१६॥

रूपदेवीको कथा दसौं समाप्त ।

धर्मसोण्डक वर्ग पहिलो समाप्त ।



https://dhamma.digital

## २. नन्दिय वर्ग

# २.०१. नन्दिय राजाको कथा

अब यहाँबाट शुरु हुन्छ-

यस कल्पदेखि एक लाख कल्प पहिले पदुमुत्तर नामक शास्ता (गुरु, भगवान) लोकमा उत्पन्न हुनुभयो जो कि देवहरू सहित लोकजनहरूलाई संसार कान्तारबाट पार तार्दै चारिका गरिरहनु भएको थियो । भनिन्छ कि त्यस बेलामा एक जना कुटुम्बिक (घरमूलि) शास्ताको धर्म देशना सुनेर मन प्रसन्न भई भगवान बुद्ध प्रमुख भिक्षुसंघलाई निमन्त्रणा गरी महादानलाई व्यवस्थित ढंगले सजाएर आफ्नो घरलाई देवभवन जस्तो अलंकृत गरी भगवान बुद्धको लागि योग्य आसन तयार गरी गएर भगवान बुद्धलाई निवेदन गरे- भो भन्ते, भगवान ! भोजन गर्ने स्थानमा प्रस्थान गर्ने समय भयो । अनि भगवान भिक्षुसंघद्वारा परिवृत्त भई महान बुद्धानुभावको साथ गएर तयार राखिएको उत्तम बुद्धासनमा बस्नुभयो । अनि कुटुम्बिकले हर्षित र प्रसन्न चित्तले संघ सहित भगवानलाई अनेक मधुर अन्न, पान आदिद्वारा भोजन दान गरे ।

त्यसबेलामा उहाँ भगवानको शासनमा धुतङ्गधारी भिक्षुहरूमध्ये अग्र हुनुभएका वसभ स्थविर नामक महाश्रावक भिक्षाको लागि घरघर चहार्दै त्यस गृहपतिको घरको अगाडि



https://dhamma.digital

उभिनु भयो । वहाँलाई देखेर कुटुम्बिकले “भन्ते, भगवान शास्ता घरमा बसिरहनुभएको छ। हजुर पनि भित्र पाल्नुहोस्” भनी याचना गरे । तर स्थविर घरमा प्रवेश नगरिकन नै अगाडि बढ्नुभयो । अनि कुटुम्बिक भगवानको छेउमा गएर त्यो कुरा बताएर सोधे- “भो भन्ते, भगवान ! यहाँ देवता सहित मनुष्यलोकमा भगवानभन्दा पनि गुणहरूले झन माथि पुगेकाहरू पनि छन् कि ?” अनि भगवानले पुत्रको उपमा देखाई उहाँ स्थविरको गुण वर्णन गरी यस्तो भन्नुभयो-

१. पालेन्ति निम्मलं कत्वा पातिमोक्खादिसंवरं,
समादिन्नधुतङ्गा च अप्पिच्छा मुनिसूनवो । ॥१॥

उहाँ मुनिका (मेरा) पुत्रहरूले प्रातिमोक्ष संवर शील आदिलाई निर्मल हुने गरी पालन गर्नुहुन्छ । उहाँ धुतङ्गशीलहरू समादान गरी बसेका, अल्पेच्छा (थोरै इच्छा गर्ने) हुनुहुन्छ । ॥१॥

२. निच्चं अन्तकयुद्धम्हि, नद्धा योधा व दप्पिता,
पुञ्ञानं वत्थुभूता ते देवमानुसकादिनं । ॥२॥

उहाँहरू कवचधारी सेनाहरू झैं सदा मारसँग युद्धमा लागीरहने हुनुहुन्छ। उहाँहरू देव तथा मनुष्य आदिका लागि पुण्य प्राप्तिका कारण हुनुहुन्छ । ॥२॥

३. धारेम’हं वण्णवन्तं सीवेय्यं पि च चीवरं,
बुद्धपुत्ता महानागा न धारेन्ति तथाविधं । ॥३॥


https://dhamma.digital

म वर्ण-रङ्गले राम्रा सीवेय्य कपडाले बनेका चीवरहरू पनि धारण गर्दछु । तर यी उत्तम हात्ति समान भएका बुद्धपुत्रहरूले त्यस्ता चीवरहरू लगाउनुहुन्न । ॥३॥

४. धारेन्ति ते पंसुकूलं संघाटेत्वा पिलोतिके,
वणच्छादनचोलं व इच्छालोभविवज्जिता । ॥४॥

इच्छा र लोभबाट टाढा रहनुभएका वहाँ भिक्षुहरूले घाउ छोप्ने कपडा जत्रा साना टुक्राटाक्री चिथ्राहरू जोडेर पांशुकुल चीवर धारण गर्नुहुन्छ । ॥४॥

५. सादियामि सदा'हं भो उपासकनिमन्तनं,
ने'व सादेन्ति सम्बुद्धपुत्तोपासकयाचनं । ॥ ५॥

हे सज्जनहरू हो, म (भगवान बुद्ध) सदा उपासकहरूको निमन्त्रणा स्वीकार गर्दछु । तर सम्बुद्धका पुत्र धुतङ्गधारी भिक्षुहरूले उपासकहरूको निमन्त्रणा स्वीकार गर्नुहुन्न । ॥५॥

६. सपदानेन यं लद्धं लूखं वा पि पणीतकं,
तेन तुस्सन्ति मे पुत्ता रसगेधविवज्जिता । ॥६॥

घरैपिच्छे भिक्षाटन गरी जे जे प्राप्त हुन्छन्, तिनलाई रुखासुखा वा असल नभनिकन रसलोलुपता त्यागेर त्यही भोजन गरेर मेरा पुत्रहरू सन्तुष्ट रहनुहुन्छ ॥६॥

७. निप्पज्जामि अहं साधु सन्थते सयने सुभे,
न ते सेय्यं पकप्पेन्ति संसारभयभीरुका । ॥७॥

म सुविधाजनक तथा राम्ररी वछ्याइएका विछ्यौनाहरूमा लेट्छु । तर संसार भयदेखि डराउने



https://dhamma.digital

(भिक्षुहरू) त्यस्ता सयनासनहरू प्रयोग गर्न स्वीकार गर्नुहुन्न । ॥७॥

८. ठानासनेन गमनेन कप्पेन्ति इरियापथं ।
नेकभूमिसमाकिण्णपासादेसु वसामहं, ॥८॥

म अनेक तल्ला भएका ठूला प्रासादहरूमा बास गर्दछु । जबकि उहाँहरूलाई उभिनु, बस्नु, हिड्नु इत्यादि ईर्यापथहरू मात्र स्वीकार्य छ । ॥८॥

९. बुद्धपुत्ता तथाछन्नं न कदाचि पविसन्ति ते ।
रुक्खमूले सुसानस्मिं अब्भोकासे रमन्ति ते,
भावेत्वा भवनासाय हेतुं भावनं उत्तमं । ॥९॥

र उहाँ बुद्धपुत्रहरू छाना छाइएका ठाउँहरूमा पस्नुहुन्न। उहाँहरू उत्तम ध्यान भावना गर्दै रुखमुनि, मशानमा तथा खुल्ला आकाशमुनि मात्र बस्न रुचाउनुहुन्छ । ॥९॥

१०. अहं गामे वसिस्सामि पापेन्तो जनतं सिवं,
रमन्ति मम पुत्ता ते पन्तसेनासने'कका । ॥१०॥

म (भगवान बुद्ध) मानिसहरूलाई शिव (प्रसन्नता, निर्वाण) पठाउनको लागि गाउँ निगममा बास गर्छु । मेरा पुत्रहरू वन जङ्गलको सयनासनमा एक्लै एक्लै बस्न रुचाउनुहुन्छ । ॥१०॥

११. तेसं अब्भन्तरो सन्तो थेरो'यं वसभो महा,
धुतपापो धुतङ्गगो ञातो'यं मम सासने'ति । ॥११॥



https://dhamma.digital

वहाँ महावसभ स्थविर धुतङ्गधारी श्रावकहरूमध्ये उत्तम हुनुहुन्छ, जो पाप धोइसकिएका हुनुहुन्छ भनी मेरो शासनमा प्रसिद्ध हुनुहुन्छ । ॥११॥

यस प्रकार तथागतले हात उठाई चन्द्रमण्डल छोएर देखाउनु जस्तो गरी वसभ स्थविरको गुण प्रकाश गर्नुभयो । अनि कुटुम्बिकले यस्तो गुणगान सुनेर भविष्यमा आफू पनि त्यो पद प्राप्त गर्ने इच्छा गरी "म पनि भविष्यमा कोही एक जना सम्यक्सम्बुद्धको शासनमा धुतङ्गधारी अग्रश्रावक हुन पाउँ" भनी प्रार्थना गरी भगवानको पाउमा घोप्टो परेर बसे । भगवान शास्ताले त्यस कारणलाई परिक्षा गरी हेर्नुभई "आजबाट एक लाख कल्पको अन्तमा गौतम नामक शास्ता उत्पन्न हुनुहुनेछ । तिमी त्यसबेलामा धुतङ्गधारी भिक्षुहरूमध्ये अग्र भएर काश्यप भन्ने नामले प्रख्यात हुनेछौ" भनी भविष्यवाणी गर्नुभयो ।

त्यस बेलादेखि उनी प्रसन्न चित्तले पुण्यकर्म गरेर त्यहाँबाट च्यूत भई देव तथा मनुष्यलोकमा दिव्य ऐश्वर्य भोग गर्दै विपस्सी सम्यक्सम्बुद्धको पालामा एक शाटक नामक ब्राह्मण भएर महादान गरे । त्यहाँबाट च्युत भई काश्यप सम्यक्सम्बुद्ध परिनिर्वाण भएपछि वाराणसी नगरमा वाराणसी सेठ भएर जन्म भयो । दानादि पुण्यकर्म गरेर त्यहाँबाट च्युत भई संसारमा घुमी रहँदा वाराणसीको एउटा कुटुम्बिक भई जन्म भयो, जब मानिसहरूको आयु दसहजार वर्ष थियो । यिनी कुटुम्बिक अरण्य विहारमा यताउति डुलीबस्दा प्रत्यन्त जनपदमा जंगलको कुटिमा एकजना



https://dhamma.digital

प्रत्येक बुद्धलाई देखे । उहाँ प्रत्येक बुद्ध त्यहाँ चीवर सिउने काम गर्दै किनाराको कपडा नपुग भएकोले चीवरलाई समेटेर एक ठाउँमा राख्न लाग्नुभयो । कुटुम्बिकले त्यो देखेर "भन्ते, के गर्दै हुनुहुन्छ" भनी सोधे । उहाँ प्रत्येक बुद्ध अल्पेच्छी भएको कारणले उनले सोधेकोमा केही जवाफ दिनुभएन । उनले "यो चीवर पूर्ण भएको छैन" भनी जानेर आफ्नो पछ्यौरा प्रत्येक बुद्धको पाउनिर छोडेर गए । प्रत्येक बुद्धले लिएर त्यसबाट किनारा थपेर चीवर सिएर पारुपण गर्नुभयो । कुटुम्बिक जीवनको अन्तमा मृत्यु भएर तावतिंस भवनमा जन्मेर त्यहाँ आयु छउन्जेलसम्म दिव्यसम्पत्ति अनुभव गरी त्यहाँबाट च्यूत भएर वाराणसीबाट तीन योजनजति पर कुनै एउटा नगरमा जन्मिए । उनका मातापिताले उनलाई नन्दिय भनी नामकरण गरे । उनका सातजना दाजुभाईहरू थिए । बाँकी छ जना दाजुहरू अनेक व्यवसायहरू गरेर मातापितालाई पालन पोषण गर्दथे । नन्दिय भने अल्छि भएर घरमा नै बसिरहन्थे । त्यसो हुनाले बाँकी परिवार सदस्यहरू रिसाउँथे । मातापिताले पनि नन्दियलाई बोलाएर सम्झाउँथे । उनी भने चुप लागेर बस्थे । पछि अर्को समयमा गाउँमा चाड उत्सवको घोषणा भयो । अनि उनले आमालाई भने- "हे आमा ! मलाई लुगा दिनू न । म चाडमा रमाइलो गर्न जान्छु ।" आमाले उनलाई धोइएको लुगा ल्याइदिइन् । उनले "आमा, यो लुगा त खस्रो छ" भने । अनि आमाले अर्को लुगा ल्याइदिइन् । उनले त्यसलाई पनि अस्वीकार गरे । अनि उनलाई आमाले भनिन्- "छोरा ! जुन किसिमको घरमा हामी जन्मेका छौं नि, त्यहाँ योभन्दा सुखुमतर (नरम)



https://dhamma.digital

लुगा पाउने पुण्य औकात हाम्रो छैन" "त्यसो भए आमा ! म राम्रो लुगा पाउने ठाउँमा जान्छु" भने । आमाले "हुन्छ छोरा ! आजै तिमीले वाराणसी नगरको राज्य लाभ गरेको हेर्ने इच्छा छ" भनिन् । छोरोले "साधु, आमाको वचन पूरा होस् ! हुन्छ, म जान्छु" भनी आमालाई वन्दना प्रदक्षिणा गरी निस्के । आमालाई लागेको थियो कि "कहाँ जाला र, पहिले पहिलेजस्तै नै यताउति बरालिएर घर फर्किनेछ, यो बच्चा ।" उनी भने पूर्वजन्ममा गरिराखेको पुण्य बलले प्रेरित भई गाउँबाट निस्केर वाराणसीमा सेनगुप्तको घरमा बस्न गए ।

त्यसपछि एक दिन उनी ज्यामीहरूसँग कुराकानी गर्दै गर्दा उनलाई झपक्क निद्रा लाग्यो र सपना भयो- "मुखबाट आफ्ना आन्द्रा सबै बाहिर निस्केर जम्बुद्वीप भरि फिजेर फेरी आफ्नो पेटमा नै पस्यो" बिउँझिंदा उनी डराएर चिच्याए । अनि महासेनगुप्तले उनीसँग कारण सोधे । नन्दियले "सपना देखें" भनी बताए । "के सपना देख्यौ त" भनी उनीद्वारा सोधिंदा सबै कुरा बताए । त्यस पछि सेनगुप्तले "त्यो सपनाको फल के हुन्छ" भनेर आफ्ना कुलूपग (कुलमा आउजाउ भएकी) परिब्राजिका (स्त्री सन्यासी) सँग सोधे । परिब्राजिकाले बताए- "यदि यो सपना स्त्रीले देखेको भए उसले सातदिन भित्र राजासँग विवाह गर्न पाउँछे र त्यस्तै यदि पुरुषले देखेको भएमा ऊ सात दिनभित्र राजा हुन्छ ।" सेनगुप्तले परिब्राजिकाको त्यो भनाई सुनेर नन्दियलाई आफन्त बनाउँछु भनी आफ्ना सातजना छोरीहरूलाई



https://dhamma.digital

बोलाएर एकएकजना गरी सोधे- तिमी नन्दियसँग बस्छौ कि ? अरु छ जनाले अस्वीकार गरे। तिनीहरूले भने कि "यो नयाँ आएको मानिस असल कुलको हो वा खराब कुलको, मलाई थाहा छैन ।" अनि कान्छीसँग सोधे । तिनले "माता पिताले जोसँग दिन्छन् म स्वीकार गर्छु, म तपाइँहरूको वचन तोड्नेछैन" भनी स्वीकार गरि । अनि सेनगुप्तले नन्दियलाई बोलाएर आफ्नी छोरी विवाह गरिदिएर उनलाई महासम्पत्ति दिए ।

त्यसपछि सातौं दिनमा नन्दिय यताउति घुमघाम गरिरहँदा "राजाको मंगलउद्यान हेर्नेछु" भनी गएर मंगलसिलापटमा सिरसमेत कपडाले छोपेर लेट्यो। त्यो दिन वाराणसी राजाको मृत्यु भएको सातौं दिन थियो। अमात्यहरू र पुरोहित राजाको शरीरकृत्य (अन्त्येष्टि) गरिसकेर राजाको आँगनमा बसेर छलफल गरे । राजाकी एक्ली छोरी छिन्, छोरा भने छैनन् । राजा नभएको देश स्थिर हुँदैन । तसर्थ पुष्पमंगल रथ छोडेर पठाउनेछौं भनी उनीहरूले कुमुद फूलको जस्तो सेतो रंगका चारवटा सिन्धव घोडाहरू जोतेर स्वेतछत्र प्रमुख पाँच प्रकारका ककुधभाण्डहरू रथमा नै हालेर त्यसको पछाडि तूर्य वाजा बजाउन लगाएर रथ छोडेर पठाए । रथ प्राचीन (पूर्वी) द्वारबाट निस्केर उद्यानतिर गयो। बानि परेकोले उद्यानतिर गएको होला, सोचेर "फर्काउनेछौं" भनी केहीले भने। पुरोहितले "रोकटोक नगर" भने। रथ त कुमारलाई प्रदक्षिणा गरी उनलाई चढाउन तयार भएर खडा भयो। पुरोहितले (नन्दियले) ओढेको ओढ्ने खोलेर पाइताला



https://dhamma.digital

हेरेर बोले- "ओहो, यिनी त एउटा द्वीपको कुरा छोड, दुईहजार परिवार द्वीपहरूका साथ चारैवटा महाद्वीपहरूमा समेत राज्य गर्न सक्ने सामर्थ्य भएका व्यक्ति हुन् ।" अनि नन्दिय कुमारको ध्यान परिक्षण गर्नको लागि तिनचोटी तुरही बजाउन लगाए । त्यस बेलामा कुमारले मुखबाट ओढ्ने हटाएर सोधेः "तिमीहरू किन यहाँ आएको हो ?" "हे देव (महाराज), हजुरलाई राज्य प्राप्त भएको छ" भनी सुनाइयो । "तिम्रा राजा कहाँ गए नि?" भनी सोधे । "भो स्वामी मालिक, राजा परलोक भइसके" भनी बताए । "कति दिन भयो नि ?" भनी सोद्धा "आजबाट सात दिन भयो" भनी बताए । "राजाका पुत्र अथवा पुत्री कोही छैन र" भनी सोधे । "भो देव, पुत्री एकजना छिन्, पुत्र छैनन्" भनी जवाफ दिए । "त्यसो भए म राज्य गर्नेछु" भनी स्वीकारे । अनि उनीहरूले त्यही बेलामा अभिषेक मण्डप बनाउन लगाई राजकुमारीलाई सम्पूर्ण किसिमले अलंकृत गरी उद्यानमा ल्याएर नन्दिय कुमारसँग अभिषेक (विवाह) गरिदिए ।

त्यसपछि अभिषेक गरिसकिएको नन्दिय राजालाई एक लाख मूल्य पर्ने वस्त्र ल्याइदियो । नन्दिय राजाले "यो के हो, तात ?" भनी साधे । "यो हजुरलाई लगाउने लुगा हो" भनी जवाफ दियो । "यो त खस्रो छ, तात" भने । "हे देव, मानिसहरूद्वारा परिभोग गरिने वस्त्रहरूमा योभन्दा नरम वस्त्र अरु छैनन्" भने । "हे सेवकहरू ! के तिमीहरूका राजाले यस्तो खालको लुगा लगाउँथे र ?" भनी सोधे । "हो हजुर" भनी जवाफ दिए । "तिमीहरूका राजा पुण्यवान् थिए



https://dhamma.digital

भन्ने लाग्दैन । हे सेवकहरू ! सुनको कलश लिएर आऊ, हामीले चाहेका जस्ता वस्त्र पाउनेछौं" भने । अनि सुनको कलश ल्याइयो । उनी (राजा) उठेर हात पखालेर मुख चुठेर हातमा पानी थापेर पूर्वदिशामा छर्किदिए । तत्क्षणमा नै त्यो बाक्लो पृथ्वी फाटेर सोह्रवटा कल्पवृक्षहरू उम्रिए । फेरि हातमा पानी थापेर दक्षिण, पश्चिम, उत्तरतिर यसरी चारै दिशातिर पानी छर्के । सबै दिशाहरूमा सोह्र सोह्रवटा गरी चौसट्ठिवटा कल्पवृक्षहरू उम्रिए । नन्दिय राजाले एउटा दिव्य धोति लगाएर अर्को पछ्यौराले ओढेर भने- "अबदेखि नन्दिय राजाले जितेको राज्यमा कपासबाट धागो काट्ने महिलाहरूले त्यो काम गर्नु परेन भनी घोषणा गराऊ ।" अनि राजाले छत्र ओढेर हात्तिमाथि बसी नगर परिक्रमा गरी दरबारमा फर्केर आई प्रासादमा चढेर महान सम्पत्ति भोग गरिबसे । पहिले प्रत्येक बुद्धलाई एक पट्टी किनारा कपडा दान गर्नाको कस्तो आश्चर्यजनक फल हो, यो ?

त्यसैले पहिलेका आचार्यहरूले यस्तो भनेका हुन्-

१२. "यथा सासपमत्तम्हा बीजा निग्रोधपादपो,
जायते सतसाखङ्गो महा नीलम्बुदोपमो । ॥१२॥

"जस्तो कि तिल जत्रो सानो बिउले सयौं हांगाविंगा भएको नीलो महान मेघ समान वर वृक्ष उत्पन्न हुन्छ । ॥१२॥

१३. तथे'व पुञ्ञकम्मम्हा अणुम्हा विपुलं फलं,
होती ति अप्पपुञ्ञन्ति नावमञ्ञेय्य पण्डितो ति ।" ॥१३॥



https://dhamma.digital

त्यस्तै नै पुण्यकर्म पनि अणु जत्रो सानो मात्र भए पनि महान फल दिने गर्छ । त्यसैले बुद्धिमान पण्डितहरूले पुण्यलाई सानो भनेर हेला नगर्नू ।" ॥१३॥

यस्तै गरी समय बितिरहेको अवस्थामा एक दिन महारानीले "अहो तपस्याको फल", भनी दयाभाव व्यक्त गरिन् । के भनेको हो, भनी राजाद्वारा सोधिंदा जवाफ दिइन्, "महाराज ! हजुरको सम्पत्ति महान् छ । अब पछिको लागि पनि पुण्य गर्नुहोस्" भनी सुझाव दिइन् । राजाले "कसलाई दान दिउँ त ? यहाँ त शीलवानहरू देखिंदैनन्" भनेर सोधे । महारानीले "महाराज ! जम्बुद्वीपमा शीलवान् अरहन्तहरू अभाव छैनन् । तपाईं दान गर्ने पूजा सामग्री तयार गर्नुहोस् र म अरहन्तहरू भेटाइल्याउनेछु" भनि । अर्को दिनमा राजाले धेरै मूल्य पर्ने दान सामग्रीहरू तयार गराए । महारानीले "यदि यस दिशामा अरहन्तहरू हुनुहुन्छ भने उहाँहरूले यहाँ आउनुभई हाम्रो भिक्षादान ग्रहण गर्नुहोस्" भनी उत्तर दिशामा हिमालतिर फर्की एक अञ्जुली फूल लिएर माथितिर हुत्याएर घोप्टो लेटेर बसिन् । अनि ती फूलहरू आकाशबाट गएर हिमवन्त प्रदेशमा बस्नुभएका पद्मावती रानीका पुत्रहरू पाँचसय जना प्रत्येक बुद्धहरूमध्ये जेठो पदुम प्रत्येक बुद्धको चरणमा खस्न पुगे । त्यसैले भनिएको हो-

१४. "अहो पस्सथ'भोदानि विम्हयं पुञ्ञकम्मुनो,
अचेतना पि पुप्फानि दूतकम्मेसु व्यावटा । ॥१४॥



https://dhamma.digital

"भो सज्जनवृन्द ! अहो आश्चर्य ! हेर, पुण्य कर्मको अद्भूत घटना । यो चेतना नभएको एक अञ्जुली फूल भए पनि दूतको काम लाग्यो । ॥१४॥

१५. कत्तुकामेन लोकस्मिं सकलं अत्तनो वसं,
सब्बत्थामेन कत्तब्बं पुञ्ञं पञ्ञवता सदा'ति ।" ॥१५॥

संसारमा सबैलाई आफ्नो बशमा राख्ने इच्छा हुने प्रज्ञावान्हरूले सधैं सम्पूर्ण बल लगाएर पुण्य गर्ने कोसिस गर्नू ।" ॥१५॥

त्यसपछि महापदुम प्रत्येक बुद्धले त्यो निमन्त्रणा जानेर बाँकी भाइ प्रत्येक बुद्धहरूसँग छलफल गर्नुभयो । "हे मारिसहरू ! नन्दिय राजाले तपाइँहरूलाई निमन्त्रणा गरेका छन् । तपाइँहरूले सो निमन्त्रणा स्वीकार गर्नुहोला ।" उहाँहरूद्वारा निमन्त्रणा स्वीकार भएपछि तुरन्त नै आकाशमार्गबाट गई उत्तरद्वारमा ओर्लिनुभयो । मानिसहरूले "पाँचसय देवता (प्रत्येक बुद्ध) हरू आइपुग्नुभयो" भनी राजालाई जानकारी दिए । राजा रानी सहित सवारी भई वन्दना गरेर पात्र हातमा लिई प्रत्येक बुद्धहरूलाई दरबारमा लगेर उहाँहरूलाई दान दिएर भोजनकृत्य पूर्ण भएपछि राजाले संघको जेठासँग र रानीले संघको कान्छासँग घोप्टो परी यस्तो प्रार्थना गरे- "आर्यहरूले चतुप्रत्ययका कारणले दुःख नमान्नुहोस् । हामीलाई पुण्यकर्म गर्नबाट वंचित नगर्नुहोस् । हाम्रो यस स्थानमा हजुरहरू बास बस्न स्वीकार गर्नुहोस् ।" अनि स्वीकृत गराएर उद्यानमा निवासस्थान आदि बनाउन लगाई जीवनभरसम्म प्रत्येक बुद्धहरूलाई उपस्थान सेवा गरेर



https://dhamma.digital

पछि उहाँहरू परिनिर्वाण हुनुभएपछि अनेक खेलतमाशा गराई चन्दन आदि दाउराले दाहसंस्कार गरिसकिएपछि धातुहरू लिएर चैत्यहरूमा राम्ररी स्थापना गराएर "प्रत्येक बुद्धहरू जस्ता त मरण हुन्छन् भने हामीजस्ताको के कुरा गर्नु" भनेर संवेग उत्पन्न गरेर जेष्ठ पुत्रलाई राजगद्दीमा बसालेर स्वयं श्रमण प्रब्रज्याले प्रब्रजित भए। महारानी पनि राजा प्रब्रजित भएपछि "म के गरिबस्नु" भन्ने सोचेर प्रब्रजित भई दुबैजना उद्यानमा बसिरहेको बेलामा ध्यान अभिध्या प्राप्त गरी ध्यान सुखमा बिताएर आयुको अन्त्यमा ब्रह्मलोकमा उत्पन्न हुन गए। उनीहरू दुबैजना हाम्रा भगवानको पालामा ब्राह्मण कुलमा जन्मेर बुद्धशासनमा प्रब्रजित भए। त्यसबेलामा नन्दिय राजा धुतङ्गधारी भिक्षुहरूमध्ये अग्र महाकाश्यप स्थविर भन्ने नामको भिक्षु भएर चन्द्रमा एवं सूर्यजस्तो संसारमा प्रसिद्ध भई भगवान परिनिर्वाण हुनुभएपछि बुद्ध शासनमा अति नै शोभायमान हुनुभयो। उहाँकी पत्नी पनि भद्राकपिलानी नामले प्रसिद्ध हुनुभयो।

१६. "दत्वा पुरे'को विपिने चरन्तो पच्चेकबुद्धस्स'नुवातमत्तं,
कत्वा सरट्ठं कुरुदीपसोभं महानुभावो वसुधाधिपो'सि। ॥१६॥

"पूर्वकालमा महावनमा घुम्न जाँदा एक जनाले प्रत्येक बुद्धलाई चीवरको किनाराको सानो पट्टी कपडा एक टुक्रा मात्र दान दिएर आफू राष्ट्र र कुरुद्वीप समेत शोभायमान हुनेगरी अत्यन्त महान् आनुभाव सम्पन्न बनेर पृथ्वीको अधिपति भए। ॥१६॥



https://dhamma.digital

१७. तुम्हे च भोन्तो खलु सीलवन्ते ददाथ दानानि अनप्पकानि,
तं वो पतिट्ठा च भवन्तरस्मिं चिन्तामणिं कप्पतरुं व सारं ति ।" ॥१७॥

हे मित्रहरू ! तपाइँहरू पनि शीलवान् ऋषिमुनिहरूद्वारा प्रशंसित दान दिनमा लाग्नुहोस् । त्यस दानको फलले तपाईहरूलाई आगामि जन्महरूमा निश्चयरूपले नै चिन्तामणि रत्न जस्तो भई र सारपूर्ण कल्पवृक्ष समान भई आधार भरोसा हुनेछ ।" ॥१७॥

नन्दिय राजाको कथा पहिलो समाप्त ।

Dhamma.Digital



https://dhamma.digital

# २.०२. एउटा मानिसको कथा

अब यहाँबाट शुरु हुन्छ-

हाम्रा भगवान (बुद्ध) परिनिर्वाण भएपछि पाटलीपुत्र नगरको समीप एउटा गाउँमा एउटा गरीब मानिस बस्दथ्यो। ऊ एक दिन दुइटा लुगा लगाएर अर्को गाउँमा गइरहँदा घोर जंगलमा पुग्यो। ऊ गइरहेको देखेर "उसका लुगाहरू लुट्छु" भनेर एउटा चोरले उसलाई पछ्यायो । उसले टाढाबाट आइरहेको त्यो चोरलाई देखेर चिन्तन गर्यो- "मैले उसलाई भगाउन वा ऊसँग मुठभेड गर्न सक्दिनँ । उसले मलाइ भेट्टाएर अवश्यमेव मेरो इच्छा विरुद्ध मेरो लुगा लुटिलिने छ। मैले उसलाई त्यसै त दिन सक्दिनँ। दानस्वरूप दिनुपर्ला" भनी निश्चय गर्यो। अनि पछि चोरले भेट्टाएर उसको लुगा समात्यो । अनि सो मानिसले चित्त प्रसन्न गरेर "मेरो यो बस्त्र दान गरेको प्रभावले मलाई भवभोग सुखको लागि हेतु होस्" भनी बोलेर वस्त्र दिएर आफू नांगो भएकोले मूलबाटो छोडेर जंगलको गोरेटोमा गइरहँदा त्यहाँ ऊ सर्पको टोकाइले मृत्यु भएर हिमवन्त प्रदेशमा बाह्रयोजन ठूलो सुनको विमानमा उत्पन्न भई हजारौं अप्सराहरूद्वारा घेराई बस्यो । त्यस विमानको चारैतिर तीन योजनसम्म कल्पवृक्षहरू उम्रिराखेका थिए । उसले महान दिब्यसम्पत्ति देखेर प्रसन्नता प्रकट गर्नलाई यस्तो भन्यो-



https://dhamma.digital

१. “परिणामित्तमत्तेन दानस्स सकसन्तकं,
ददाति विपुलं भोगं, दिब्बं इस्सरियं वरं । ॥१॥

“आफ्नो वस्तु (सम्पत्ति) दान गर्नको लागि परित्याग गर्ना मात्रले पनि ठूलो भोगसम्पत्ति र उत्तम दिव्य ऐश्वर्य दिने गर्छ । ॥१॥

२. द्वादसयोजनुब्बेधं दुद्दिक्खं चक्खुमूसनं,
कूटागारवरुपेतं सब्बसोवण्णयं सुभं । ॥२॥

त्यो विमान बाह्र योजन अग्लो, आँखाले नै नभ्याउनेगरी ठूलो, उत्तम कूटागारहरूले युक्त सबै नै सुनले बनाइएको शुभमय थियो । ॥२॥

३. मम पुञ्ञेन निब्बत्तं नेकरागद्धजाकुलं,
तथे'व परिसुद्धेहि वितानेहि च'लङ्कतं । ॥३॥

मेरो पुण्यको कारणले अनेक प्रकारका रंगी-बिरंगी ध्वजा, पताकाहरू र परिशुद्ध चँदुवाहरूले सजिएको विमान उत्पन्न भयो । ॥३॥

४. पासादपरियन्तम्हि दिब्बवत्थानि लम्बरे,
वातेरिता ते सोभन्ति, अव्हेन्ता व सुधासिनो । ॥४॥

प्रासादको घेरामा दिव्यवस्त्रहरू लर्काइराखिएका थिए, तथा ती दिव्यवस्त्रहरू हावाले फरफराउँदा देवताहरूलाई बोलाइरहेको जस्तो शोभायमान थियो । ॥४॥

५. पासादस्स समन्ता मे भूमिभागे तियोजने,
इच्छितिच्छितदातारो जातासुं सुरपादपा । ॥५॥


https://dhamma.digital

प्रासादको घेरामा तिन योजन टाढासम्म इच्छित इच्छित बस्तु फल्ने कल्पवृक्षहरू उत्पन्न भएका थिए । ॥५॥

६. तत्थ नच्चेहि गीतेहि वादेहि तुरियेहि च,
नेकच्छरासहस्सेहि मोदामि भवने मम । ॥६॥

त्यहाँ मेरो विमानमा नाच, गान तथा वादन गरिरहेका, तुरहीहरू फुकेर गाइरहेका हजारौं हजार अप्सराहरूको बिचमा प्रसन्न भएर बसेको थिएँ । ॥६॥

७. न सम्मा दिन्नवत्थस्स अक्खेत्ते फलं ईदिसं,
खेत्ते सम्मा ददन्तस्स को फलं वण्णयिस्सती ? ति । ॥७॥

पुण्यक्षेत्र नभएको ठाउँ (व्यक्ति) मा पनि लुटिने वस्त्रलाई त्याग गरि दिएको दानको कर्म फल नै यस्तो महान छ भने पुण्यक्षेत्रमा श्रद्धा चित्तले दिएको दानको फलको वर्णन कसले गर्न सक्ला र ? ॥७॥

८. एवंविधं पि कुसलं मनुजो करित्वा ।
पप्पोति दिब्बविभवं मुनिवण्णनीयं,
मन्त्वान भो ददथ दानवरं सुसीले
सद्धाय सुद्धमनसा’स्स विसेसभागी ति । ॥८॥

भो सज्जनवृन्द ! मनुष्यहरूले यस्तो मात्र पुण्य गरेर मुनि (भगवान)द्वारा प्रशंसा गर्न मिल्ने दिव्य ऐश्वर्य सम्पत्ति लाभ हुन्छ भनी जानेर शीलवन्तहरूलाई श्रद्धापूर्वक मन शुद्ध गरी उत्तम वस्तु दान गर्ने कोसिस गर्नुहोस् । ॥८॥

एउटा मानिसको कथा दोश्रो समाप्त ।



https://dhamma.digital

## २.०३.विसमलोम कुमारको कथा

अब यहाँबाट शुरु हुन्छ-

सुनिन्छ कि अतीत कालमा जम्बुद्वीपमा काश्यप नामक सम्यक्सम्बुद्ध पारमिताहरू पूरा गरी सर्वज्ञज्ञान प्राप्त गरी लोकजनहरूलाई दुःखबाट मुक्त गरी सुख प्रदान गर्दै निर्वाण नगरमा भर्दै बस्नुभएको थियो । त्यस समयमा एक जना मानिस भगवान शास्ताको धर्मदेशना सुनेर, प्रसन्न भएर, भिक्षुसंघलाई दान दिई, शील पालन गरी, उपोसथ कर्म गरी, नाना थरिका पुण्यकर्महरू गरेर सुतेर जागेको जस्तो भई देवलोकमा जन्मिन गए । उनका सबै रत्नमय दिव्यविमानमा हजारौं देवअप्सराहरूले घेरा दिइरहेका थिए । त्यहाँ आयु छउञ्जेल बसेर त्यहाँबाट च्यूत भएर हाम्रा भगवान बुद्ध परिनिर्वाण भइसकेपछि जम्बुद्वीपमा, पाटलीपुत्र नगरमा आज्ञाचक्रवर्ति धर्माशोक महानरेन्द्र (महाराजा)की अग्रमहारानीको गर्भमा जन्म लिन पुगे । उनलाई नामकरण गर्दा शीरका कपालहरू सोझो नभएको भई जन्मेको हुनाले उनको नाम विसमलोम कुमार भनेर गरिए । उनी कुमार क्रमशः बैश पुगेर जान्ने बुझ्ने भएपछि बलवान् पनि भए । उनी महान शक्तिशाली तथा अभिरुप पनि भए । दर्शनीय तथा मन प्रसन्न पार्ने भएर यश तथा परिवारहरूले पनि सम्पन्न भएर बसे ।



https://dhamma.digital

पछि एक दिन उनका बुबा धर्माशोक महानरेन्द्र चौरासी हजार राजाहरूको घेरामा बसेर र अनन्त बल (सेना), वाहन, रथ आदिका साथमा हिमवन्तमा गएर मन लागुञ्जेलसम्म मनोरंजन गरेर बसेर फर्केर आइरहेको बेलामा चन्द्रभागा भन्ने गंगामा आइपुगे । त्यो नदी एक योजन चौडा, तिन गाउत गहिरो थियो । त्यस बेलामा त्यो नदीमा भर्खर बाढी आएकोले दुबै किनारामा लहर उठेर पानीमा धेरै फींज उठेर महावेगले बगीरहेको थियो । त्यस बेलामा राजाले गंगालाई देखेर “कसले एकै खेपमा यस महागंगालाई तर्न सक्ला ?” भनी सोधे । यो सुनेर विसमलोम कुमारले अगाडि आएर राजालाई वन्दना गरेर बोले “हे देव ! म यो गंगा तरेर जानु र आउनु गर्न सक्छु ।” राजाले “हुन्छ, साधु” भनी सहमति दिए । अनि कुमारले धोती बेस्सरी कस्सेर गोहीको दाँतले केस बाँधेर गंगाको किनारामा उभेर अठार हात माथि उफ्रेर एक उसभ (१४० हात) पर हाम फालेर नदी तर्न थाले । त्यसपछि कडा लहरहरूलाई काटेर पार तर्न नदीमा आउजाउ गरिरहेको बेलामा उसलाई समात्न आएका एकशयबिस वटा जति आक्रामक गोहीहरूलाई हातले हानेर टुक्राटुक्रा पारी मारेर तरेर स्थलमा चढेर राजालाई वन्दना गरेर उभिइरहे । राजाले त्यो घटना देखेर डराएर “यस्तोले त मलाई मारेर राज्य पनि लिन सक्छ । यसलाई मार्नु पर्ला” भनी चिन्तन गरी नगरमा पुगिसकेपछि कुमारलाई बोलाउन लगाई अमात्यहरूलाई आज्ञा दिए- “हे भणे ! यसलाई बन्धनागारमा राख ।” अमात्यहरूले त्यस्तै गरे । अनि बन्धनागारमा बस्दै चार



https://dhamma.digital

मास बित्यो । चार मास बितेपछि राजाले लम्बाइमा साठी हात जति लामो साठीवटा बाँसका कल्लिहरू ल्याउन लगाई तिनका गाँठहरू सफा गर्न लगाई भित्र फलाम भर्न लगाई राजांगणमा राख्न लगाई विसम कुमारलाई बन्धनागारबाट निकाली ल्याउन लगाई अमात्यहरूलाई यस्तो आज्ञा दिए- "हे भणे (सेवक) ! यो कुमारले खड्गद्वारा यी बाँसहरूलाई चार चार अंगुल लामो हुने गरी काटोस् । यदि काट्न सकेन भने उसलाई मारी देऊ । त्यो कुरा सुनेर कुमारले भने - "म बन्धनागारमा धेरै समयसम्म बसिसकेको छु । म भोकले पीडित छु, मैले आहारको कमीले दुःख पाएँ । तसर्थ मैले आहार खाइसकेपछि मात्र काट्नुपर्ला ।" राजअमात्यहरूले भने कि "अहिले तिमीलाई आहार केही पनि छैन ।" "त्यसो भए पोखरीमा गएर पानी पिउनेछु," भने । उनीहरूले "साधु, ठिक छ" भने । उनलाई पोखरीमा लगे । कुमारले पोखरीमा झरेर नुहाएर भरइच्छेक हिलो खाएर पानी पिएर उठेर तलवार समातेर महाजनसमूहले हेर्दा हेर्दै अट्ठासी हात जति उफ्रेर आकाशमाथि गएर सबै नै बाँसका कल्लिहरूलाई चार चार अंगुल जत्रो गरी खण्ड खण्ड गरिरहेको बेलामा तल झरेर फेदतिर ठूलो फलामको दण्डि भेटाएर किरिक्क शब्द आएको सुनेर तलवार बिसाएर रुँदै उभिइरहे । अनि राजपुरुषहरूले "किन रोएको" भनी सोद्धा कुमारले बोले- "यत्तिका मानिसहरू छन्, यहाँ, तर तिनमा एकजना पनि मेरा हितैषी छैनन् । यदि कोही साथी भएको भए बताउने थिए कि यिनमा फलाम हालिएका छन् । फलाम हालिराखिएको



https://dhamma.digital

कुरो मैले पहिले नै थाहापाएको भए यी बाँसहरूलाई एकएक अंगुल जत्रो हुने गरी काटिदिन्थेँ ।"

त्यसपछि राजाले कुमारले गरेको काम हेरेर प्रसन्न भएर उनलाई उपराज पद र धेरै सम्पत्तिहरू दिन लगाए । कुमारलाई यस्तो आकारको बलसम्पत्ति लाभ भएको त न जाति, न गोत्र, न कुल, न प्रदेश आदिको बलले नै हो । न त प्राणी हिंसा गर्नु आदि दुश्चरित्रको बलले भएको हो । कसको बलले भएको हो त ? काश्यप सम्यक्सम्बुद्धको पालामा भिक्षुसंघलाई दिएको दान आदि सुचरित्र कर्मको फलले नै हो ।

त्यसैले भनिएको हो-

१. "कस्सपस्स मुनिन्दस्स काले अञ्ञतरो नरो,
सम्बुद्धं उपसङ्कम्म सुत्वा धम्मं सुदेसितं । ॥१॥

"काश्यप मुनिन्द्र (भगवान) को पालामा एकजना व्यक्ति सम्यक्सम्बुद्धको समिप गएर वहाँले राम्ररी देशना गर्नुभएको धर्म सुनेर ॥१॥

२. पटिलद्धसद्धो हुत्वान सीलवन्तस्स भिक्खुनो,
मधुरन्नपाने पचुरे अदासि सुमनो तदा । ॥२॥

त्यस बेलामा अत्यन्त श्रद्धा उत्पन्न भएर प्रसन्न भई शीलवन्त भिक्षुहरूलाई प्रशस्त मधुर अन्नपान दान गरे । ॥२॥

३. अदासि चीवरे पत्ते तथे'व कायबन्धने,
अदा खीरंसलाकं च बहु कत्तरयट्ठियो । ॥३॥



https://dhamma.digital

चीवर, भिक्षापात्र, त्यस्तै कायबन्धन (पेटी), दुध, सलाक भोजन र धेरै लौरो आदि दान गरे । ॥३॥

४. अदा सुफस्सयं दानं मञ्चपीठादिकं तथा,
पावारकम्बलादीनि अदा सीतनिवारणं । ॥४॥

नरम स्पर्श भएको खाट, मेच, खास्टो तथा कम्बल आदि जाडो हटाउने वस्तुहरू पनि दान गरे । ॥१४॥

५. अदा भेसज्जदानानि अरोगत्थाय भिक्खुनं,
एवं नानाविधं पुञ्ञं कत्वान तिदिवं गतो । ॥५॥

भिक्षुहरूको रोग निको पार्नको लागि औषधिहरू दान गरे । यसरी अनेक प्रकारका पुण्य गरेर उनी देवलोक गए । ॥५॥

६. तत्थ दिब्बविमानम्हि उप्पन्नो सो महिद्धिको,
देवच्छरापरिवुत्तो देवसेनापुरक्खतो । ॥६॥

त्यहाँ देवविमानमा उत्पन्न भएर महान ऋद्धि सम्पन्न भई उनी देवता अनेक देवअप्सरा र देवसेनाहरूले घेराइ बसे । ॥६॥

७. दिब्बेहि नच्चगीतेहि दिब्बवादिततन्तिहि,
मोदमानो अनेकेहि दिब्बसम्पत्तिया सह । ॥७॥

दिव्य नाच गानहरूद्वारा, दिव्य घन बाजा, तन्ति बाजाहरूद्वारा र अनेक दिव्यसम्पत्तिहरूले प्रमुदित भएर बसे । ॥७॥



https://dhamma.digital

८. यावतायु तहिं ठत्वा जम्बुदीपे मनोरमे,
पुरे पाटलिपुत्तम्हि धम्मासोकस्स राजिनो । ॥८॥

९. पुत्तो हुत्वान निब्बत्ति महाथामो महाबलो,
महायसो महाभोगो आसि बुद्धादिमामको । ॥९॥

त्यस देवलोकमा आयु छउन्जेल बसेर त्यसपछि जम्बुद्वीपको अत्यन्त मनोरम पाटलिपुत्र नगरमा धर्माशोक राजाको पुत्र भएर जन्मिए । उनी महान शक्तिशाली र बलवान् थिए । महान यश र महान भोगसम्पत्ति सम्पन्न उनी बुद्धमामक (त्रिरत्नमा शरणागत) भए । ॥८-९॥

१०. कातब्बं कुसलं तस्मा भवसम्पत्तिं इच्छता,
पालेतब्बं अथो सीलं भावेतब्बं च भावन'न्ति ।" ॥१०॥

तसर्थ भोग सम्पत्ति इच्छा गर्नेहरूले कुशल कर्म गर्नुपर्छ, अनि शील पालन गर्नुपर्छ र ध्यान (भावना) गर्नुपर्छ ।" ॥१०॥

त्यसपछि कुमारले उपराज पद लाभ गरी सम्पत्ति भोग गरी मोग्गलीपुत्त स्थविर आदिदेखि महाभिक्षुसंघलाई चीवर, पिण्डपात, सयनासन, गिलानप्रत्यय आदि दान गरी सत्कार गरी शील पालन गरेर उपोसथ कर्म गरेर आयुको अन्त्यमा कर्म अनुसार गए । भनिएको छ-

११. "एवंविधं सुचरितं सुमनो करित्वा
भागि'स्स नेकविभवस्स भवे भवेसु,
तुम्हे पि भो सुचरितं विभवानुरूपं
कत्वान निब्बुतिपदं करगं करोथा ति ।" ॥११॥



https://dhamma.digital

“यस प्रकार उनले प्रसन्नतापूर्वक हातले सुचरित्र कुशल कर्म गरी विभिन्न जन्म जन्मान्तरमा सुख सम्पत्तिको मालिक हुन पाए । तसर्थ आफ्नो आफ्नो क्षमता अनुसार सुचरित्र कुशल कर्म गरी निर्वाण पद प्राप्त गर्ने कोशिश गर्नुहोस् ।” ॥११॥

विसमलोम कुमारको कथा तेश्रो समाप्त ।

Dhamma.Digital



https://dhamma.digital

# २.०४. कञ्चनदेवीको कथा

अब यहाँबाट शुरु हुन्छ-

भनिन्छ कि जम्बुद्वीपमा देवपुत्त नामको एउटा सुन्दर नगर थियो । त्यहाँ त्यस समयमा धेरै मानिसहरू भेला भएर पत्तमहं नामक पूजा गर्दथे । भगवानद्वारा परिभोग गरिएको पात्र लिएर अनेक विधानद्वारा उत्सव मनाउँथे । त्यसलाई पत्तमहं चाड भनिन्थ्यो ।

त्यस समयमा देवपुत्त नगरमा राजा सर्वरत्नमय रथलाई अलंकारहरूद्वारा अलंकृत गराई कुमुदको पातको वर्ण भएका चारवटा सिन्धव घोडाहरू त्यसमा जोतेर सुशिक्षित शिल्पाचार्य (कलाकार) हरूद्वारा सप्तरत्नले जडिएको अस्सि हात लामो बाँसको टुप्पोमा भगवान शास्ताद्वारा परिभोग गरिएको शैलमय पात्र धातुलाई मुक्ता (मोती ?), आदिका जालद्वारा अलंकृत गरी बाँसको टुप्पामा राख्न लगाई बाँसलाई रथमा ठड्याउन लगाई त्यस नगरलाई देवनगरजस्तो अलंकृत गरी ध्वजा पताका आदि फहराई बहुमूल्य तोरणहरूको समूह र पूर्णघट, दीपमाला आदि स्थापना गराई अनेक विधानका पूजा गरी नगर प्रदक्षिणा गराएर नगरको माझमा सुसज्जित रत्नमण्डपमा पात्रधातु बिसाएर सातौं दिनमा महाधर्मश्रवण गराउँथे । त्यस बेलामा त्यस जनपदमा धेरै मनुष्य, देवता, यक्ष, राक्षस, नाग, गरुड आदिहरू मानिसहरूको भेषमा



https://dhamma.digital

त्यस उत्सवमा समागम हुनको लागि झर्ने रहेछन् । यसरी त्यो पूजाविधान आश्चर्यजनक थियो ।

त्यस बेलामा एउटा नागराजले पुरुष समागम भइनसकेकी एउटी अति सुन्दरी कुमारीलाई धर्मकथा सुनिरहेको स्थानमा बसिरहेको देखेर तिनीप्रति आसक्त भएर अनेक आकारले तिनीसँग याचना गरेर पनि प्राप्त नभएकोले क्रोधित भएर "यसलाई मार्छु" भनी नाकबाट फुंकार हावा छोड्यो । उसले तिनलाई तिनको श्रद्धाबलको कारणले कुनै उपद्रव गर्न सकेन । अनि पछि नागले खुट्टादेखि लिएर तिनको सारा शरीरलाई आफ्नो शरीरले बेरेर शिरमाथि फणा फिजाएर तिनलाई तर्साउन कोसिस गरिरह्यो । यसबाट तिनले केही पनि चिन्ता नलिइकन एकचित्त गरी धर्म श्रवण गरिरहेको बलले तिनलाई अणुमात्र पनि दुःख दिन सकेन । रातिदेखि झिसमिसे बिहानसम्म त्यो घटना भएको देखेर मानिसहरूले "यो के भएको हो ?" भनी कारण सोधे । तिनले पनि उनीहरूलाई कारणहरू बताई यस्तो भनी सत्यक्रिया गरिन्-

त्यसैले भनिएको हो-

१. "ब्रह्मचारी अहोसाहं सञ्जाता इध मानुसे,
तेन सच्चेन मं नागो खिप्पं एव पमुञ्चतु । ॥१॥

"म यस मनुष्यभावमा जन्मेदेखि ब्रह्मचर्य पालन गर्दैछु । यस सत्य वचनको प्रभावले नागराजले मलाइ शीघ्र नै मुक्त गरोस् । ॥१॥



https://dhamma.digital

२.	कामातुरस्स नागस्स नो'कासं अकरिं यतो,
तेन सच्चेन मं नागो खिप्पं एव पमुञ्चतु । ॥२॥

त्यस कारणले मैले कामातुर नागराजलाई अनुमति दिइनँ । यस सत्य वचनको प्रभावले नागराजले मलाइ शीघ्र नै मुक्त गरोस् । ॥२॥

३.	विसवातेन खित्तस्स कुपितस्सोरगस्स'हं ।
अकुद्धो तेन सच्चेन सोमं खिप्पं पमुञ्चतु । ॥३॥

बिषालु साँस छोड्ने क्रोधित नागप्रति म क्रोधित भइनँ । यस सत्य वचनको प्रभावले नागराजले मलाइ शीघ्र नै मुक्त गरोस् । ॥३॥

४.	सद्धम्मं सुणमाना'हं गरुगारवभत्तिया,
अस्सोसिं तेन सच्चेन खिप्पं नागो पमुञ्चतु । ॥४॥

मैले गहिरो गौरव र भक्तिपूर्वक सद्धर्म सुनिरहेँ । यस सत्य वचनको प्रभावले नागराजले मलाई शीघ्र नै मुक्त गरोस् । ॥४॥

५.	अक्खरं वा पदं वापि अविनासेत्वा व आदितो,
अस्सोसिं तेन सच्चेन खिप्पं नागो पमुञ्चतू ति ।" ॥५॥

मैले शुरुदेखि एक अक्षर, एक पद पनि नछुट्ने गरी धर्म श्रवण गरी रहेँ । यस सत्य वचनको प्रभावले नागराजले मलाई शीघ्र नै मुक्त गरोस् ।" ॥५॥

सत्यक्रियाको अन्तमा नागराजाले तिनीदेखि अतीव प्रसन्न भएर आफ्नो भोग (शरीर) फुकाएर सयौं


https://dhamma.digital

वटा फणा फिंजाई कुमारीलाई त्यसमा बसाली धेरैजना नागमाणवकहरूका साथ उदकपूजा नामको पूजा गरे । त्यो देखेर धेरै नगरवासीहरूले “आश्चर्यजनक घटना भयो” भन्दै अठारकोटी धनद्वारा पूजा गरे ।

त्यसैले भनिएको हो-

६. “न’त्थि सद्धासमो लोके सुहदो सब्बकामदो,
पस्सथ’स्सा बलं सद्धा पूजन्ते’वं नरोरगा । ॥६॥

“लोकमा सबै इच्छा पूरा गरिदिने श्रद्धाभन्दा अरु हितैषी मित्र कोही छैन । हेर ! यस कन्याको श्रद्धा बलले गर्दा नाग र मनुष्यहरूले यस्तो विधिले पूजा गरे । ॥६॥

७. इध लोके’व सा’लत्थ भवभोगं अनप्पकं,
तस्मा सद्धेन कातब्बं रतनत्तयगारवं ति ।” ॥७॥

तिनी कुमारीले यसै लोकमा महान भोगसम्पत्ति प्राप्त गरिलिइन् । तसर्थ श्रद्धाले त्रिरत्नप्रति गौरब राख्न योग्य छ ।” ॥७॥

Dhamma.Digital

यस प्रकार सो कुमारीले महान भोग सम्पत्ति उपभोग गर्दै जन्मभर कुमारी-ब्रह्मचर्य पालन गरी अन्तमा आयुक्षय भएपछि मृत्यु भई त्यही नगरमा राजाकी रानीको गर्भमा प्रतिसन्धि लिएर दसमास बितेपछि माताको गर्भबाट जन्मिइन् । उनी जन्मेकै दिनमा सम्पूर्ण देवपुत्त नगरमा रत्नको वर्षा भयो । त्यसो हुनाले तिनलाई कञ्चनदेवी भनी नामाकरण गरियो । तिनी सर्वांग सबैजनाका मन पर्ने भइन् । तिनको सुन्दर रूपको उपमा दिनु परेमा देवअप्सरा समानकी



https://dhamma.digital

भइन् । मुखबाट कमल फूलको बास्ना आउँछ । शरीरबाट चन्दनको बास्ना आउँछ । सम्पूर्ण शरीरबाट बालसूर्यको जस्तो तेज निस्किरहने हुनाले चारवटा कोठाहरूमा बत्ति बाल्नु पर्दैन । सारा कोठाहरू तिनको शरीरको ज्योतिले नै उज्यालो भइरहन्छ । तिनको रूपसम्पत्ति सम्पूर्ण जम्बुद्वीपमा प्रसिद्ध भयो । अनि सकल जम्बुद्वीपवासी राजाहरू तिनलाई पाउनको लागि तिनका राजपितालाई पत्रहरू पठाए । तिनी भने पञ्चकाममा अलिप्त भएर पिताको अनुमति लिएर भिक्षुणी उपस्सय (वासस्थान)मा गएर प्रब्रजित भएर विपस्सना बढाएर प्रतिसम्भिदा सहित अरहत्त्व फल प्राप्त गरिन् ।

सुत्वान सादरवसेन कुमारिकेवं
धम्मं हि सीलं अमलं परिपालयन्ती,
लद्धान अनेकविभवं विभवं पयाता
मा भो पमज्जथ सदा कुसलप्पयोगे ति । ॥८॥

यसरी कुमारीले आदर पूर्वक धर्मकथा श्रवण गरी, निर्मल हुनेगरी शील पालन गरी जहाँ जन्मे पनि अनेक भवभोग सम्पत्ति प्राप्त गर्दै अगाडि बढ्दै निर्वाण समेत प्राप्त गरिलिइन् । तसर्थ भो सज्जनवृन्द ! कुशल कर्म गर्नमा प्रमादी नहुनू, प्रयोजन प्राप्त गर्नमा उद्योगी भइरहनू । ॥८॥

कञ्चनदेवीको कथा चौथो समाप्त ।



https://dhamma.digital

# २.०५. बाघको कथा

अब यहाँबाट शुरु हुन्छ-

जम्बुद्वीपमा चूल राष्ट्रको नजिक वाराणसी नगरमा एउटा माटोको पहाडको बिचबाट पहाड फुटेर बनेको महामार्ग थियो । त्यहाँ बिचमा एउटा बाघले आफ्नो अन्धो पितालाई पर्वतको गुफामा राखेर पालेर बसेको थियो । त्यही पर्वत मार्गको जंगलको द्वारमा तुण्डिल भन्ने एउटा सुगाको बच्चा एउटा रुखमा बास गरिरहेको थियो । उनीहरू दुबैजना आपसमा प्रेम गर्ने साथीहरू थिए ।

त्यस समयमा एक जना प्रत्यन्त (सीमान्त) ग्रामवासी मानिस आफ्नी पत्नीसँग झगडा गरेर वाराणसीतिर गइरहँदा त्यस वनद्वारमा आइपुग्यो । अनि सुगाले त्यस मानिसको दुःखी अवस्थालाई देखेर हृदय कम्पमान गरी उसलाई बोलाएर भन्यो- "भो मनुष्य, कहाँ जान लागेको हो ?" उसले "म अर्को जंगलमा जाँदैछु" भनेपछि तुण्डिलले भन्यो- हे मनुष्य, यस वनखण्डको बिचमा एउटा बाघ बस्दछ । ऊ कडा स्वभावको छ, आक्रामक छ । उसले भेटेभेटेकालाई मारेर खान्छ । तिमी त्यस बाटोबाट नजाऊ ।" त्यो अभागी मानिस हितकामी पंक्षीको वचनलाई अनादर गरी "म त्यहीं नै जान्छु" भन्यो । त्यसपछि तुण्डिल पंक्षीले भन्यो- "हे साथी ! यदि तिमीले बाटो नफर्किकन त्यही बाटोबाट जाने



https://dhamma.digital

हो भने त्यो बाघ मेरो साथी हो, तिमीबाट मेरो सन्देश सुन्न पाएमा उसले तिमीलाई मारेर खानेछैन ।" त्यो मानिसले यो कुरोलाई पनि वास्ता नगरिकन प्रदुष्ट स्वभावको भएकोले सुगामाथि रिसाएर उसलाई मुँग्रोले हानेर मारेर अरणीले आगो बालेर पोलेर उसको मासु खायो । असत्पुरुषसँग संगत गर्नु भनेको यस लोकमा पनि तथा परलोकमा पनि दुःखदायी हुने गर्छ ।

त्यसैले भनिएको हो-

१. "मया कतं मय्हं इदं इति वेस्सानरं नरो,
समालिङ्गति सप्पेमो दहते'व अस्स विग्गहं । ॥१॥

"यो मैले बालेको हो, यो मेरो हो" भनी आगोलाई प्रेमपूर्वक अंगाल्यो भने त्यसले त्यो मानिसको शरीरलाई अवश्यमेव पोल्छ नै । ॥१॥

२. मधुरखीरादि दानेन पेमसा परिपालितो,
सोरगो कुपितो च'स्स डसते'व अस्स विग्गहं । ॥२॥

मिठो दुध खुवाई प्रेम पूर्वक सम्हालेर पालि राखेको भए पनि सर्पले रिस उठ्दा एक दिन उसको शरीरमा डस्छ नै । ॥२॥

३. एवं निहीनजच्चेन पापेन अकतञ्ञुना,
नराधमेन दीनेन कतोपि खणसङ्गमो । ॥३॥

यस्तो निकृष्ट जातिको स्वभाव भएको पापी, बैगुणी, अधम, अशरण भएको व्यक्तिसँग एक क्षण मात्र संगत गर्यो भने पनि आफुलाई हानी हुन्छ नै । ॥३॥



https://dhamma.digital

४.	असाधुको अयं ते'वं जानमानेन जन्तुना,
मुहुत्तं पि न कातब्बो सङ्गमो सो अनत्थदो ति ।" ॥४॥

यो असत्पुरुष हो भनी जानेको व्यक्तिले अनर्थ गर्नसक्ने त्यस्ता व्यक्तिहरूसँग एक क्षण पनि संगत गर्नु उचित छैन ।" ॥४॥

त्यसपछि त्यो असत्पुरुष त्यो मासु खाएर जाँदा जादै जङ्गलको बिचमा पुग्यो । अनि बाघले उसलाई देखेर ठूलो स्वरले गर्जेर उसलाई झम्टिन उफ्र्यो । त्यो मानिस बाघलाई देखेर डराएर तुण्डिल सुगाको वचन सम्झेर यस्तो बोल्यो- "ओहो सज्जन ! म त तिम्रो साथी तुण्डिलकोबाट आएको हुँ ।" त्यो कुरा सुनेर बाघ मन मनै खुशी भएर "ए ल आऊ, साथी" भनेर उसलाई बोलाएर आफ्नो बस्ने ठाउँमा लगेर उसले खान मिल्ने आहार उसलाई खुवाएर बुबा बाघको नजिक बसालेर त्यो बाघ फेरि जंगलमा गयो । अनि पिता बाघले छोरा बाघ बाहिर गएको बेलामा त्यो मानिससँग वार्तालाप गर्दा उसले बताएकोले तुण्डिललाई मारेर खाएर आएको कुरा थाहा भयो । त्यसपछि छोरा बाघ फर्केर आउँदा "तिम्रो साथी पंक्षीलाई यसले मारेको हो" भनी बतायो । त्यो कुरा सुनेर बाघ दुःख मनाउ गरी वेगले सो पंक्षी बस्ने ठाउँमा गएर "हे साथी तुण्डिल" भनी बोलाउँदा साथीलाई देखेन, बरु त्यसको उखेलिराखेका प्वाँखहरू देखेर "मेरो साथी अवश्य पनि त्यही मानिसद्वारा मारिएको हो" भनी थाहा पाई दुःखी भई, बिरह गर्दै फर्केर आयो । अनि त्यो असत्पुरुषले बाघ उता गएको बेलामा उसको पिता बाघलाई



https://dhamma.digital

ढुँगाले हानेर मारेर "अब त्यो बाघलाई पनि मार्नेछु" भनी त्यो बाघको बाटो हेरेर लुकेर बस्यो । त्यही क्षणमा बाघ पनि आइपुग्यो । त्यो मानिस त्यो बाघ आएको बेलामा बाघको तेजले गर्दा डराएर "हे स्वामी, मलाई नमार" भनी बाघको पाउनिर घोप्टो परेर बस्यो । बाघले उसले गरेका कामहरू देखेर उसप्रति उठेको क्रोधचित्तलाई शान्त पारेर "मेरो साथीको सूचना ल्याउने दूतलाई दुर्व्यवहार गर्नु उचित हुँदैन" भनी चिन्तन गरी उसलाई आस्वस्त गरेर "हे साथी, अब जाऊ" भनी सुविस्तापूर्वक पठाइदियो । यस्तो हो, सत्पुरुषको संगत भनेको, जुन कि यस लोकमा पनि तथा परलोकमा पनि सुखदायी नै हुन्छ ।

यस्तो भनिएको छ-

५. "सब्भि-रे-व समासेथ सब्भि कुब्बेथ सन्थवं,
सब्बत्थ सन्थवो तेन सेय्यो होति न पापियो । ॥ ५॥

"सत्पुरुषहरूसँग मात्र संगत गर्नू, सत्पुरुषहरूसँग मात्र मित्रता गर्नू, ती सत्पुरुषहरूसँग गरेको संगत र मित्रताले सर्वत्र र सधैं कल्याण नै हुनेछ, खराब कहिले पनि हुनेछैन । ॥५॥

६. सुखावहो दुक्खनुदो सदा सब्भि समागमो,
तस्मा सप्पुरिसेहे'व सङ्गमो होतु जन्तुनं ति ।" ॥६॥

सत्पुरुषहरूसँग समागम हुनु सधैं सुखदायक हुन्छ, दुःखलाई हटाइ दिन्छ । त्यसैले सधैं सत्पुरुषहरूको मात्र संगत गर्नू ।" ॥६॥



https://dhamma.digital

त्यसपछि त्यो बाघ मृत्यु भएर त्यस मैत्री चित्तको प्रभावले गर्दा त्यहाँबाट स्वर्गलोकमा जन्मिन पुग्यो ।

७. एवंविधोपि फरुसो परमंसभोजी
ब्यग्घो दयायु'पगतो सुगतिं सुमेधो,
तस्मा करोथ करुणं सततं जनानं
तं वो ददाति विभवं च भवेसु भोगं ति । ॥७॥

यस्तो बिघ्न कडा स्वभावको, अरुको रगत मासु खाने बाघले पनि दया करुणा भाव जगाउनाले सुगतिमा जन्मिन पुग्यो । तसर्थ हे सज्जनवृन्द ! सदैव प्राणीहरूउपर सधैँ दया-करुणा राख्ने गर्नू । त्यसबाट भोग सम्पत्ति र अन्तमा निर्वाण सम्पत्ति समेत प्राप्त हुनेछ । ॥७॥

बाघको कथा पाँचौं समाप्त ।

Dhamma.Digital



https://dhamma.digital

# २.०६. फल्याक दिनेको कथा

अब यहाँबाट शुरु हुन्छ-

भनिन्छ कि श्रावस्तीमा एउटा मानिस "उत्तरापथतिर जान्छु" भनी लामो यात्रामा गइरहेको बेलामा गर्मीको महिनाको मध्याण्हको पारिलो घामले पीडित भई रुखको छायाँमा गएर फलेकमा बसेर पान खाँदै थियो। अनि पछि त्यस्तै नै उत्तरापथबाट आइरहेको एउटा मानिस पनि घामले पीडित भई आएर पहिलेको मानिसको नजिक बसेर भन्यो- तपाइँसँग खाने पानी छ कि ? अर्कोले "पानी त छैन" भन्यो। अनि उसले भन्यो- "मलाई पान भए पनि दिनुस्, पानी प्यासले पीडित छु।" तैपनि उसले पाएन। चार कहापण तिरेर एउटा पानको पात पायो। त्यही ठाउँमा बसेर पान खाएर प्यास मेटाइ उसको त्यस उपकारले उसलाई स्नेह गरेर आफ्नो जानुपर्ने ठाउँमा गयो। पछि अर्को समयमा त्यो मानिस बन्दरगाह गएर व्यापारको लागि नाउद्वारा गइरहेको अवस्थामा ऊ समुद्रको माझमा पुग्यो। त्यसपछि सातौं दिनमा नाउ फुट्यो। मानिसहरू माछा कछुवाहरूका भक्ष्य हुनपुगे। त्यही मानिस मात्र निरोगी भई एउटा फलेक छातिमा लगाएर समुद्र तरिरह्यो। त्यसपछि अर्को मानिस पनि त्यस्तै गरी नाउ फुटेर पनि बाँचेकोले समुद्र तरिरहेको बेलामा त्यो मानिससँग भेट भयो। अनि उनीहरू सात दिनसम्म समुद्र तरिरहेको बेलामा एकअर्कासँग परिचय भयो। उनीहरूमध्ये



https://dhamma.digital

कहापण दिएर पान किन्ने मानिस एउटा फलेक छातीमा लिएर तरिरहेको थियो । अर्को मानिससँग त्यस्तो थिएन । अनि उसले कहापण लिएर पान दिएको उपकार सम्झेर आफ्नो फलेक उसलाई दियो । त्यो मानिस फलेकमा लेटेर तरेर साथीलाई छोडेर गयो । अर्को मानिस कुनै आधार बिना नै तरिरहँदा गलेकोले बिस्तारै कोसिस कमजोर हुँदै गएकोले पानीमा डुब्न थाल्यो । त्यसै क्षणमा समुद्रमा अधिग्रहित मणिमेखला नामकी देवपुत्रीले डुबीरहेको त्यो मानिसलाई देखेर "यो सत्पुरुष हो" भनी उसको गुणानुस्मरण गरी वेगले गएर उसलाई आफ्नो आनुभावले समुद्रतीरमा पुऱ्याइदिइन् । अर्को त्यो फलेकमा बसेर गएको मानिसले उसलाई देखेर आश्चर्य मानेर सोध्यो- "हे साथी, कसरी पहिले नै आइपुगेको हो ?" उसले जवाफ दियो- "मलाई थाहा छैन, म त आरामसँग तीरमा आइपुगेको हुँ ।"

अनि देवपुत्रीले शरीर नै देखिने गरेर आफू आएको जानकारी दिंदै यस्तो भनिन्-

१. "यो मातरं वा पितरं वा धम्मेन इधपोसति,
रक्खन्ति तं सदा देवा समुद्दे वा थले पि वा । ॥१॥

"जसले आमा-बुबालाई धर्मानुकूल पालन पोषण गर्छ उसलाई जलमा भए पनि, स्थलमा भए पनि देवताहरूले रक्षा गर्छन् । ॥१॥

२. यो च बुद्धं च धम्मं च संघं च सरणं गतो,
रक्खन्ति तं सदा देवा समुद्दे वा थले पि वा । ॥२॥



https://dhamma.digital

जो व्यक्ति बुद्ध, धर्म र संघको शरणमा जान्छ, उसलाई जलमा भए पनि, स्थलमा भए पनि देवताहरूले रक्षा गर्छन् । ॥२॥

३. पञ्चविधं अट्ठविधं पातिमोक्खं च संवरं,
पालेति यो तं पालन्ति देवा सब्बत्थ सब्बदा । ॥३॥

जसले पञ्चशील, अष्टशील, प्रातिमोक्ष संवरशीलको रक्षा गर्छ, त्यस्तो शीलवान्लाई देवताहरूले सधैं रक्षा गर्छन् । ॥३॥

४. कायेन वाचसा मनसा सुचरितं चरतीध यो,
पालेन्ति तं सदा देवा समुद्दे वा थले पि वा । ॥४॥

जसले शरीर, वचन र मनले सुचरित्र आचरण गर्छ उसलाई जलमा भए पनि, स्थलमा भए पनि देवताहरूले रक्षा गर्छन् । ॥४॥

५. यो सप्पुरिसधम्मेसु ठितीध कतवेदिको,
पालेन्ति तं सदा देवा समुद्दे वा थले पि वा । ॥५॥

जो व्यक्ति सत्पुरुष धर्ममा बसेर कृतज्ञ हुन्छ, उसलाई जलमा अथवा स्थलमा जहाँ भए पनि देवताहरूले रक्षा गर्छन् । ॥५॥

अनि सो मानिसले भन्यो-

६. "ने'व दानं अदासाहं न सीलं परिपालयिं,
केन मे पुञ्ञ कम्मेन ममं रक्खन्ति देवता ?
पुच्छामि संसयं तुय्ह तं मे अक्खाहि देवते ति ।" ॥६॥


https://dhamma.digital

“मैले दान पनि गरेको छैन । शील पालन गरेको पनि छैन । मेरो कुन पुण्यले गर्दा मलाई देवताहरूले रक्षा गरे ? म तिमीसँग सोद्धछु, हे देवपुत्री, मेरो शंका निवारण गर्नुहोस् ।” ॥६॥

देवपुत्रीले बोलिन्-

७. “अगाधापारगे भीमे सागरे दुरिताकरे,
भिन्ननावो तरन्तो त्वं हदये कत्वा कलिङ्गरं । ॥७॥

“अति गहिरो, पार गर्न कठिन सागरमा डुँगा फुटेकोले तर्नको लागि तिमी एउटा फलेक छातीमा राखेर गइरहेका थियौ । ॥७॥

८. ठत्वा सप्पुरिसे धम्मे अत्तानं अनपेक्खिय,
खणसन्थवस्स पुरिसस्स अदासि फलकं सकं । ॥८॥

आफूलाई वास्ता नगरिकन सत्पुरुष धर्ममा बसेर एक छिन मात्र संगत भएको साथीलाई आफ्नो फलेक दियौ । ॥८॥

९. तं तुय्हं मित्तधम्मं च दानं च फलकस्स ते,
पतिट्ठा’सि समुद्दस्मिं एवं जानाहि मारिसा ति ।” ॥९॥

तिम्रो त्यो मित्रधर्म र आफ्नो काठको फलेक अरुलाई दिएको कारणले गर्दा तिमीलाई समुद्रमा प्रतिष्ठा बन्यो । हे मारिस ! यस्तो हो भनी तिमीले जान ।” ॥९॥

यस्तो बोलेर सो देवपुत्रीले उनीहरूलाई दिव्य आहारद्वारा सन्तुष्ट गरेर, दिव्य वस्त्र अलंकारहरूद्वारा सजाई आफ्नो आनुभावले उनीहरूलाई श्रावस्ती नगरमा नै पुऱ्याइ



https://dhamma.digital

दिइन् । त्यहि बेलादेखि उनीहरूले त्यसैलाई आरम्मण गरेर दान दिंदै, शील रक्षा गर्दै, उपोसथ कर्म गर्दै आयुको अन्तमा स्वर्ग परायण भए ।

१०. एवं परित्तकुसलेन पि सागरस्मिं
सत्ता लभन्ति सरणं खलु देवताहि,
तुम्हे पि सप्पुरिसतं न विनासयन्ता
मा भो पमज्जथ सदा कुसलप्पयोगे ति । ॥१०॥

यसरी थोरै मात्र कुशलकर्म गरेकोले पनि मानिसहरू निश्चितरूपले समुद्रमा देवताहरूको शरण पाइन्छ । भो सज्जनवृन्द ! तपाईँहरू पनि प्रमादी नहुनू, सत्पुरुष धर्मलाई नाश नगरिकन कुशल कर्म गर्नमा लागी रहनू । ॥१०॥

फल्याक दिनेको कथा छैठौं समाप्त ।

Dhamma.Digital



https://dhamma.digital

# २.०७. चोर साथीको कथा

अब यहाँबाट शुरु हुन्छ-

हाम्रा भगवान (बुद्ध) परिनिर्वाण भएपछि जम्बुद्वीपको देवदह नगरमा एक जना मानिस गरीब दुःखी भएकोले यताउता भौंतारिंदै प्रत्यन्त प्रदेशको एउटा गाउँमा गएर त्यहाँ एउटा परिवारसँग बास बस्यो । त्यहाँ मानिसहरूले उसलाई जाउलो, भात आदि दिएर पालिराखे । त्यहाँबाट ऊ त्यहाँका मानिसहरूसँग मैत्री सम्बन्ध बनाएर केही समयसम्म त्यहाँ बसेर अन्यत्र गएर पछि चोरी गरेर जीविका गर्‍यो । पछि एक दिन चोरी गरिरहँदा उसलाई राजपुरुष(प्रहरी) हरूले समातेर राजालाई देखाए । राजाले "उसलाई बन्धनागार (झ्यालखाना)मा राख" भनी आज्ञा दिए । राजपुरुषहरूले उसलाई बन्धनागारमा लगेर सिक्री आदिले बाँधेर पालेहरूलाई जिम्मा दिएर फर्केर गए । ऊ बन्धनागारमा बसेको बाह्र वर्ष बित्यो । पछि अर्को समयमा उसको पहिलेको साथी प्रत्यन्त ग्रामवासी मानिस केही कामको लागि देवदहबाट आएर यताउति घुमिरहेको बेलामा बन्धनागारमा बाँधिराखिएको त्यो मानिसलाई देख्यो । उसलाई देखेर उसको हृदय कम्पमान भयो । उसले रोई कराइ गरी, विलाप गरी सोध्यो, "हे साथी ! मैले केही गरीदिनुपर्छ कि ?" सो असत्पुरुषले जवाफ दियो- "हे साथी ! बन्धनागारमा बसिआएको आज बाह्र बर्ष बितिसक्यो । यत्तिका दिनसम्म खराब भोजन आदिको



https://dhamma.digital

कारणले मैले महादुःख भोगेँ । मैले आफ्नो इच्छाको भोजन खोजेर वा खाएर नफर्कुन्जेलको लागि मलाई यहाँबाट मुक्त गर्ने उपाय खोज ।”

उत्तरमा त्यो सत्पुरुषले भन्यो-

१. “रूपेन किन्तु गुणसीलविवज्जितेन
मिच्छालयस्स कितवस्स धिया किं अत्थं ?
दानादिचागविगतेन धनेन किं वा
मित्तेन किं ब्यसनकाल परम्मुखेनाति ।” ॥१॥

“शीलगुण नहुनेको रूपको के अर्थ हुन्छ र ? मिथ्या आचरणमा लागिरहने (धँतुवा) र छलकपट गर्ने मानिसको ज्ञानको के अर्थ हुन्छ र ? दान दिनु आदि त्यागले रहित धनको के अर्थ हुन्छ र ? विपत्ति पर्ने बेलामा विमुख हुने मित्रको के अर्थ हुन्छ र ?” ॥१॥

“हुन्छ साथी, म तिम्रो वचन पूरा गर्छु” भनेर बन्धनागारका पालेहरूकहाँ गएर “भो साथी ! ऊ भात खाएर फर्की नआउन्जेलसम्म म उसको सट्टामा दण्ड भोगेर बस्नेछु, उसलाई छोड्नुहोस्” भन्यो । पालेहरूले “त्यसरी छोड्न मिल्दैन । यदि ऊ फर्केर नआउन्जेलसम्म तिमी फलामको सिक्रीले बाँधिएर बसिराख्ने हो भने मात्र हामी उसलाई छोड्छौं, नत्र छोड्न सक्दैनौं” भने । त्यो मानिसले हुन्छ, “यस्तै होस्, साथी !” भनेर बन्धनागारमा पसेर चोरको खुट्टाबाट फलामको सिक्री फुकालेर आफ्नो खुटटामा बाँधेर चोरलाई मुक्त गराइदियो । त्यो असत्पुरुष बन्धनबाट मुक्त



https://dhamma.digital

भएर गएर त्यहाँ कहिल्यै फर्केर आएन । अहो ! कृतघ्नहरूको स्वभाव बुझ्न साह्रै गाह्रो रहेछ । त्यसैले भनिएको हो-

२. “वारिपूरे यथा सोब्भे ने’व’न्तो विसमं समं,
पञ्ञायते’वं साधुस्स भावं मनसि सम्भवं । ॥२॥

“जस्तो कि पानीले भरिएको खाडल मुनि समतल वा असमतल छ भनि माथिबाट देख्न सकिंदैन, त्यस्तै नै असत्पुरुषहरूको मनमा उत्पन्न कु-विचारलाई बुझ्न गाह्रो हुन्छ । ॥२॥

३. भासन्ति मुखतो एकं चिन्तेन्ति मनसापरं,
कायेने’कं करोन्ते’वं पकतायं असाधुनं । ॥३॥

मुखले एउटा कुरा बोल्छ, चिन्तन अर्कैको गर्छ, फेरी शरीरले अर्कै काम गर्छ । असत्पुरुषहरूको स्वभाव यस्तो हुन्छ । ॥३॥

४. तेसं यो भावं अञ्ञाति सो व पण्डितजातिको,
बहुस्सुतो पि सो येव परचित्तविदूपि सो’ति ।” ॥४॥

जसले त्यस्ता असत्पुरुषहरूको स्वभावलाई बुझ्छ, उही मात्र पण्डित, बहुश्रुत (विद्वान) र अरुलाई चिन्ने बुझ्ने हुन्छ ।” ॥४॥

यसरी यो मानिस बन्धनागारमा बसेर बाऱ्हबर्ष बित्यो । यतिको अवधिसम्म भोकले पीडित भई आहारको लागि अरुसँग कहिल्यै याचना गरेन । अनुचित (जुठो) नभएको आहार पाउने दिन कमै हुन्थ्यो वा धेरैजसो समुचित आहार



https://dhamma.digital

नै पाइँदैनथ्यो । अनि बाह्रबर्ष बितेपछि राजाको पुत्र जन्म्यो । अनि राजाले आफूले जितेका क्षेत्रका सबै बन्धनागारहरू खोल्न लगाए । अन्ततः पशुपंक्षीहरू समेतलाई बन्धनबाट मुक्त गराइदिए । बन्धनागारको ढोका खोल्नु मात्र के थियो, मानिसहरू आफ्ना मन लागेका ठाउँहरूतिर लागी हाले । तर त्यो मानिस एक जना भने अरुसँग नगइकन त्यहीं बसिरह्यो । पालेहरूले सोधे कि "भो मित्र ! किन नगएको ?" अनि जवाफ दियो- "भो साथी ! अरुले देख्ने गरी खुल्लमखुल्ला जान्नँ । म अत्यन्त दुर्बल छु । त्यसैले म राततिर मात्र निस्कन्छु ।" यति भनी राति अँध्यारो भएपछि त्यहाँबाट निस्केर नगर भित्र विश्वासीहरू कोही नभएकोले "कहाँ गएमा मलाई आहार प्राप्त होला ?" भनि बिचार गरेर निस्केर "यहाँ आहार प्राप्त हुन्छ" भनी विचार गरेर एउटा मशानमा गयो । त्यहाँ उसले फालिएको ताजा लास देखेर लासको हाडले त्यसको मासु काटेर कपालमुण्डमा हालेर त्यहीं लासकै टाउकाहरू जोडेर चिताबाट चूलोमा आगो बालेर मसानको आगो निभाउन ल्याइराखेको बचेको पानी प्रयोग गरी मानिसको हाडले नै चलाएर मासु पकाएर आगोबाट उतारेर रुखका हाँगाहरूले लाज छोपेर आफूले उतारेको झुत्रो लुगाले हावा छेक्नलाई चारैतिर बेरेर बस्यो । त्यही क्षणमा त्यहाँ पिप्फली रुखमा बस्ने देवताले उसका ती व्यवहारहरू देखेर "सोध्नेछु" भनी उसकहाँ गएर यस्तो भने- "भो मनुष्य, तिमी यस घना अन्धकारमा, मध्यरात्रीमा यताउति छरपस्ट रहेका लाशहरूका हाडहरू जम्मा गरेर कुकुर, स्याल आदि लास खानेहरूको बिचमा, मनुष्यहरूको



https://dhamma.digital

मासु खाने यक्ष, राक्षसहरू घुमिरहने ठाउँमा, जताततै चिताहरू बलिरहेको भयानक मसानमा मानिसको मासु पकाई तिमीले यो के गरिरहेको हो ?" भनी सोध्दै यस्तो भने-

५. "रत्तन्धकारे कुणपादकेहि समाकुले सीवथिकाय मज्झे,
मनुस्समंसं पचसीध सीसे वदेहि किं तेन पयोजनं ते ? ति । ॥५॥

"रातको अन्धकारमा, लासहरू थुप्रिएको यो मसानमा खोपडीहरूको चुल्हो बालेर मनुष्यको मासु पकाइ रहेका छौ । भन, तिमीले किन यस्तो गरिरहेको हो ? ॥५॥

अनि उसले जवाफ दियो-

६. "न यागहेतु न च दानहेतु
सुसानमज्झम्हि पचामि मंसं,
खुदासमो न'त्थि नरस्स अञ्ञं
खुदाविनासाय पचामि'मं भो ति ।" ॥६॥

Dhamma.Digital

"मसानको बिचमा आगो बालेर यो मासु पकाइरहेको यज्ञ-होम गर्नको लागि पनि होइन, दान गर्नको लागि पनि होइन । मनिसहरूलाई भोक जस्तो दुःख अरु छैन । यही भोक मेटाउनको लागि खाना पकाउँदै छु ।" ॥६॥

अनि देवताले सोधे-

"त्यो ठिक छ, तिमीले यी झुत्रा कपडाहरूले हावा छेक्ने बनाएका छौ । यस्तो किन गरेको हो नि ?"



https://dhamma.digital

७. “निवत्थसाखो हिरिसंवराय
पिलोतिकं तत्थ पसारयन्तो,
करोसि वातावरणं च सम्म
किं अत्थं एतं वद पुच्छितो मे ति ।” ॥७॥

“हे मित्र ! रुखका हाँगाहरूले लाज छोपेर, झुत्रा कपडा फिजाएर हावा छेक्ने बनाएर, यो के गरेको हो त ? मैले सोधेका प्रश्नहरूको जवाफ देऊ ।” ॥७॥

८. “सुभासुभामिस्सितसीतवातो
सयं अचित्तो व अचित्तभावा,
देहं फुसित्वान असाधुकस्स
अकतञ्ञुनो मित्तपधंसकस्स । ॥८॥

“असल तथा खराब मिसिएको चिसो हावा यद्यपि स्वयम् विचार रहित छ । विचार रहित भएको कारणले आफुलाई गरेको उपकार गुण नजान्ने मित्र द्रोही खराब ब्यक्तिको शरीरलाई छोएर

९. समावहन्तो यदि मे सरीरे
फुस्सति तं वायु मम आविसित्वा,
दुक्खं ददाती ति विसं व तं भो
परिवज्जितुं बद्धं इमं कुचेलं ति ।” ॥९॥

त्यो हावा बगेर आई यदि मेरो शरीरमा छोएमा त्यसले मलाई बिष समान दुःख दिन सक्छ । त्यसबाट बच्नको लागि यो झुत्रो कपडाले हावा छेकिराखेको हूँ ।” ॥९॥



https://dhamma.digital

देवताले भने-

१०. “किं अकासि भो सो कतनासको ते
धनं च धञ्ञं तव नासयी च ?
मातापिता बन्धवो खेत्तवत्थु
विनासिता तेन वदेहि किं ते ? ति ।” ॥१०॥

“भो मित्र ! त्यो बैगुनी मानिसले तिम्रो के बिगार गर्‍यो ? तिम्रो धन-धान्य नाश गर्‍यो कि ? तिम्रा आमा-बुबा, ज्ञातिबन्धु, खेत, सम्पत्तिहरू आदि नाश गर्‍यो कि ? मलाई बताऊ ।” ॥१०॥

अनि उसले बतायो-

११. “यं राजतो होति भयं महन्तं
सब्बस्स हरणादिबधादिकं च,
अकतञ्ञुना'सप्पुरिसेन होति
आरा व सो भो परिवज्जनीयो । ॥११॥

“भो मित्र ! राजाद्वारा सर्वस्व हरण गरिनु आदि, अनि बध गरिनु जस्ता भयंकर राजभय अकृतज्ञ असत्पुषहरूको तर्फबाट आउँछ, तसर्थ त्यस्ता व्यक्तिलाई टाढैबाट छोड्नु पर्छ । ॥११॥

१२. यं अत्थि चोरारिभयं हि लोके
अयोदकेनापि च पावकेन,
अकतञ्ञुना तं सकलं पि होति
आरा व सो भो परिवज्जनीयो । ॥१२॥


https://dhamma.digital

हे मित्र ! यो संसारमा चोरको भय पनि, शत्रुको भय पनि, पानीको भय पनि, आगोको भय पनि अकृतज्ञ असत्पुरुषहरूको तर्फबाट आउँछ । त्यसैले यस्ताको संगत टाढैदेखि छोड्नु पर्छ । ॥१२॥

१३. पाणातिपातं पि अदिन्नदानं
परस्स दारुपगमं मुसा च,
मज्जस्स पानं कलहं च पेसुणं
सम्फं गिरं धुत्तजनेहि योगं । ॥१३॥

प्राणी हिंसा गर्नु, चोरी गर्नु, व्यभिचार गर्नु, झुटो बोल्नु, मद्यपान गर्नु, झगडा गर्नु, चुक्ली गर्नु, व्यर्थको कुरा (गफ) गर्नु, धुर्तजनहरूसँग संगत आदि पनि ॥१३॥

१४. सब्बं अनत्थं असिवं अनिट्ठं
आपायिकं दुक्खं अनन्तं अञ्ञं,
अकतञ्ञुना'सप्पुरिसेन होति
आरा व सो भो परिवज्जनीयो ति ।" ॥१४॥

सम्पूर्ण अनर्थहरू, अशुभहरू, अनिष्टहरू, नरकमा जाने भय जस्ता अनन्त दुःखहरू सबै नै अकृतज्ञ र असत्पुरुषहरूबाट आउने गर्छन् । त्यसैले यस्ताको संगत टाढैदेखि छोड्नु पर्छ ।" ॥१४॥

यस्तो बोली आफूले असत्पुरुषसँग संगत गर्नाले भोगेका सारा दुःखहरू बतायो । अनि पछि देवताले बोले- मैले पनि भो ! भगवान शास्ताले मङ्गलसूत्र देशना गर्नुभएको दिनमा यही रुखमा बसेर सुनेको थिएँ, जुन यस्तो छ-



https://dhamma.digital

“असेवना च बालानं पण्डितानं च सेवना,
पूजा च पूजनीयानं एतं मंगलं उत्तमं ति ।”

“बाल-मूर्खहरूको संगत नगर्नु, पण्डितहरूको संगत गर्नु, पूजा गर्न योग्यहरूलाई पूजा गर्नु, यिनै उत्तम मङ्गल हुन् ।”

यस गाथाद्वारा “बाल मूर्खजनहरूको संगतको दोष सुनिराखेको छु” भनी बताई त्यो मानिससँग खुशी प्रसन्न भएर उसलाई आफ्नो विमानमा लगेर नुहाइदिएर दिब्य अलंकारहरूले सजाई, दिव्य अन्नपानहरू खुवाई, महान सत्कार सम्मान गरेर आफ्नो आनुभावले त्यही नगरमा राजगद्दीमा अभिषेक गरिदिए । उसले त्यहाँ राज्य गर्दै दान आदि पुण्यहरू गरेर आयु सिद्धिएपछि कर्म अनुसार गयो ।

१५. एवं असाधुजनसङ्गमसन्निवासं
संतज्ज साधु सुचि सज्जनसङ्गमेन,
दानादिनेककुसलं परिपूरयन्ता
सग्गापवग्गविभवं अभिसम्भुणाथा ति । ॥१५॥

यसरी असत्पुरुषहरूसँग संगत गर्नु र साथमा बस्नुलाई छोडेर पवित्र सत्पुरुषहरूसँग मात्र संगत गरी, दान आदि कुशल कर्महरू पूर्ण गरी बस्ने तपाइँहरूले स्वर्ग र मोक्ष सम्पत्ति साक्षात्कार गर्नुहोस् । ॥१५॥

चोर साथीको कथा सातौं समाप्त ।



https://dhamma.digital

## २.०८. मरुत्त ब्राह्मणको कथा

अब यहाँबाट शुरु हुन्छ-

जम्बुद्वीपमा चन्द्रभागा नदीतीरमा होमगाउँ नामको एउटा गाउँ थियो । त्यहाँ मरुत्त नामको एकजना ब्राह्मण बस्दथे । उक्त ब्राह्मण आफ्नो व्यापारव्यवसायको सिलसिलामा तक्षशिला गएर त्यहाँबाट घर फर्किरहँदा बाटोमा एउटा धर्मशालामा तीब्र चिलाउने (कुष्ठ) रोगले पीडित कुकुर देखेर ऊप्रति करुणा राखी नीलवल्लि (नीलो लतामय जडीवुटी विशेष) पिनेर अमिलो मट्ठासँग मिसाएर ख्वाई दिए । त्यो कुकुर रोग निको भएर स्वस्थ भएपछि ब्राह्मणले आफूलाई गरेको उपकारलाई सम्झेर ऊसँग नै आयो । पछि ब्राह्मणको पत्नी गर्भवती भई । गर्भ पूरा भएपछि जन्मिने बेलामा बच्चा तेर्सोबाट झरेर पेटभित्र नै मऱ्यो । त्यसपछि बच्चालाई शस्त्रद्वारा खण्डखण्ड गरी काटेर निकालियो । अनि ब्राह्मणले त्यो दृश्य देखेर मनमा बैराग्य उत्पन्न भएर गृहस्थीभाव छोडेर ऋषि परम्पराअनुसार प्रब्रजित भएर जंगलमा बास गरि बसे ।

अनि उनकी पत्नी अरु पुरुषसँग बसिरहँदा “यसले मलाई छोडेर प्रब्रजित भयो” भनेर ब्राह्मणप्रति द्वेषले गर्दा “हे प्रिय, यो ब्राह्मणलाई मारिदेऊ” भनी नयाँ पतिसँग सल्लाह गरि । उनीहरूका सल्लाह सुनेर कुकुर ब्राह्मणसँग नै हिंडीरह्यो । अनि एक दिन तिनको पति “तपस्वीलाई



https://dhamma.digital

मार्छु” भनी धनुषवाण लिएर निस्क्यो । त्यसबेलामा तपस्वी फलफूल बटुल्नको लागि जंगलमा गएका थिए । कुकुर आश्रममा नै बसिरह्यो । त्यो पुरुष तपस्वी आउने बाटोमा हेर्दै लुकेर पर्खि रह्यो । कुकुरले उसको प्रमादको वेला पारेर उसको धनुषको डोरी टोकेर चुँडाइ दियो । त्यो मानिसले फेरी डोरी ठिकठाक गरी बाँध्यो । यसरी जति पटक बाँधे पनि कुकुरले चुँडाइ दियो । अनि त्यो पापी मानिस तपस्वी आइरहेको थाहापाएर उसलाई मार्छु भनी सोचेर धनुष लिएर आयो । अनि त्यो कुकुरले उसको खुट्टामा टोकेर लडाइ उसको मुखमा टोकेर कमजोर पारेर भुक्यो । यसरी सत्पुरुषहरूले आफूलाई गरेको उपकारको बदला फेरि उपकार गर्छन् । त्यसैले भनिएको हो-

१. “उपकारं करोन्तो सो सुनखो कतवेदिको,
सत्तूपघातकं कत्वा इसिनो’दासि जीवितं । ॥१॥

“उपकार गर्ने मानिसलाई उपकार बुझ्ने कुकुरले शत्रुलाई घाइते बनाइ ऋषिको ज्यान बचायो । ॥१॥

२. तिरच्छाना पि जानन्ति गुणं अत्तनि कतं सदा,
इति ञत्वान मेधावी कतञ्ञू होन्तु पाणिनो ति ।” ॥२॥

पशु नै भए पनि आफुलाई गरेको उपकारलाई सधैं जान्दछ । प्रज्ञावानहरूले आफुलाई गरेको उपकारलाई जानेर कृतज्ञ भएर गुणलाई सम्झि राख्नुहोस् ।” ॥२॥

त्यसपछि ब्राह्मण ऋषिले कुकुरको आवाज सुनेर त्यहाँ जाँदा त्यो मानिसलाई विपत्तिमा परेको देखेर करुणा


https://dhamma.digital

जागेर औषधि उपचार गरी घाउ निको नभएसम्म पालेर आफु त्यहीं बसेर ध्यान अभ्यास गरी आयुको अन्त्यमा ब्रह्मलोक परायण भए ।

३. सुत्वान साधु सुनखेन कतूपकारं
मेत्तिं दिसस्स पकतं इसिना च सुत्वा,
सम्मा करोथ करुणं च परूपकारं
तं सब्बदा भवति वो भवभोग हेतू ति । ॥३॥

भो सत्पुरुषहरूहो ! कुकुरले गरेको उपकार र ऋषिले शत्रुलाई गरेको मैत्रीभावको कुरा सुनेर करुणा राखेर राम्ररी उपकार गर्नू । ती सबै नै तपाइँहरूलाई सधैं भवभोग सम्पत्तिको हेतु बन्नेछ । ॥३॥

मरुत्त ब्राह्मणको कथा आठौं समाप्त ।



https://dhamma.digital

# २.०९. पानी खुवाउनेको कथा

अब यहाँबाट शुरु हुन्छ-

सुनिन्छ कि जम्बुद्वीपको एउटा जनपदमा एउटा मानिस एउटा राष्ट्रबाट अर्को राष्ट्रमा, एउटा जनपदबाट अर्को जनपदमा घुमेर क्रमशः चन्द्रभागा नदीतीरमा पुगेर नाउ चढेर पारी गइरहेको थियो । अनि एउटी गर्भिणी स्त्री पनि त्यही डुँगामा गइरहेकी थिइ । अनि डुँगा गंगाको मध्यभागमा पुगेको अवस्थामा तिनलाई कर्मजवाता (प्रसवको हावा) चल्यो । अनि बच्चा जन्माउन नसकेर पीडित भई "मलाई प्यास लाग्यो, पानी देऊ" भनी मानिसहरूसँग याचना गरि । मानिसहरूले तिनको वचनलाई नसुनेको जस्तो गरेर कसैले पनि पानी दिएनन् । अनि त्यो जनपदवासी मानिसले तिनीप्रति करुणा जागेर पानी लिएर तिनको मुखमा खन्याइ दियो । त्यही क्षणमा तिनलई स्वास फेर्न सजिलो भयो र सुख पूर्वक बच्चा जन्माई । अनि उनीहरू पारी पुगेर केही दिन बितेपछि सबैजना आआफ्ना ठाउँमा पुगे ।

पछिको समयमा त्यो जनपदवासी कुनै एउटा कामको कारणले त्यस महिलाको वसोवास भएको नगरमा पसेर यताउति डुलेर हेर्दा पनि बास बस्ने ठाउँ नपाएर नगरको द्वारमा रहेको धर्मशालामा गएर त्यहाँ पल्टियो । त्यही दिनमा चोरहरू नगर पसेर राजाको महलमा ताला फोडेर बहुमूल्य धन लिएर गइरहेको बेलामा राजपुरुषहरूले पछ्याउँदै जाँदा



https://dhamma.digital

त्यही धर्मशालामा  छोडेर भागेर गए । अनि राजपुरुषहरू आएर चोरहरूलाई नदेखेर त्यस जनपदवासीलाई देखेर “यो चोर हो” भनी समातेर पछाडितिर बलियोसँग पाता कसेर भोलिपल्ट राजालाई देखाउन लगे । राजाले ”हे भणे ! किन तिमीले चोरी गरेको हो ?” भनी सोधिंदा “महाराज म चोर होइनँ, म त यहाँ पाहुना हुँ” भन्दा राजाले चोरहरू खोजेर पनि नभेटिएकोले “चोर यही हो, यसलाई मारीदेऊ” भनेर आज्ञा भयो । राजपुरुषहरूद्वारा उसलाई पाता कसेर मार्ने ठाउँमा लगिंदै गर्दा त्यस महिलाले उसलाई देखेर चिनेर हृदय कम्पमान भएकोले एकै छिनमा राजाकोमा गएर वन्दना गरेर “हे महाराज, यो चोर होइन, पाहुना हो, यसलाई मुक्त गरिदिनुस्” भनि । राजाले उसको कुरालाई नसुनेको जस्तो गरी भने- “यदि तिमीले उसलाई मुक्त गर्ने इच्छा छ भने उसको तौल जति धन दिएर मुक्त गर ।” तिनले भनि- “हे स्वामी, मेरो घरमा त्यति धन छैन । बरु मेरा सातजना छोराहरू समेत गरी मलाई दासी बनाउनु होस् । यसलाई मुक्त गरिदिनुहोस्, देव” भनि । अनि राजाले सोधे- “तिमी उसलाई भर्खर आएको पाहुना हो, भन्छयौ । फेरि यसको लागि तिमी सात जना पुत्रहरू सहित गरी आफूलाई दासत्व स्वीकार गर्छौ । किन यस्तो गरेको हो ? ऊ तिम्रो आफन्त हो, वा उपकारी हो ?” जान्नको लागि यस्तो सोधे-

१.	“किं ते भोति अयं पुरिसो तुवं पुच्छामि संसयं,
भाता वा ते पिता होति पति वा देवरो तव ? ॥१॥



https://dhamma.digital

"यो पुरुष तिम्रो को हो ? तिम्रो दाजुभाई हो कि ? पिता हो कि ? पति अथवा जेठान, देवर हो कि ? शंका लागेर सोध्दै छु। ॥१॥

२. ञाति सालोहितो किं नु उदाहु इणदायको,
अथोपकारको किं नु कस्मा'स्स देहि जीवितं ? ति।" ॥२॥

आफन्त हो कि, रगतको नातेदार हो कि, अथवा ऋण दिएको साहु हो कि, अथवा उपकार गर्ने उपकारी हो कि ? किन यसको लागि ज्यान दिंदैछौ ?" ॥२॥

अनि त्यो महिलाले भनि-

३. "एसो मे पुरिसो देव कतपुब्बोपकारको,
अत्ताणं एकिकं चे'सो दुक्खितं मरणे ठितं। ॥३॥

४. विजायितुं अस्सक्कोन्तिं गब्भिनिं तिब्बवेदिनिं,
तोयेन मं उपट्ठासि तेनाहं सुखिता तदा। ॥४॥

"भो देव ! यी पुरुष मलाई पहिले उपकार गर्ने हुन्। म गर्भिणी बच्चा जन्माउन नसकेर अशरण भएर एक्लै तीब्र वेदना भोगिरहेको बेलामा, दुःखित भई मरणासन्नमा पुगेकी मलाई यिनले पानीद्वारा सेवा गरे। त्यस बेलामा म त्यसबाट सुखी भएँ। ॥४॥

५. भङ्गकल्लोलमालाय उत्तरन्तं महण्णवं,
पहाय पातुं कूपस्स याति लोको पिपासितो। ॥५॥

किनारालाई भत्काइदिने कल्लोल आवाज गरी लहर उठिरहेको महासमुद्रलाई छोडेर प्यास लागेको मानिसले भने कुवाँ नै खोज्न जान्छ। ॥५॥



https://dhamma.digital

६. तथे'व विज्जमानेसु जनेसु मनुजाधिप,
एकस्से'व मनस्मिं हि गुणं तिट्ठति साधुकं । ॥६॥

भो मनुजाधिप (महाराज) ! त्यस्तै नै धेरै मनुष्यहरू भए पनि त्यो ठाउँमा राम्रो मन हुने मानिस त एक जना (थोरै) मात्र हुन्छन् । ॥६॥

७. पहत्वान मतं हत्थिं मंसत्थी केचि जन्तुनो,
अनुबन्धन्ति मंसत्थं ससं धावन्तं एककं । ॥७॥

मासु चाहने मानिसहरू मरेको हात्ती अगाडि नै भए पनि त्यसलाई छोडेर भागिरहेको एउटा खरायोलाई लखेटी रहन्छन् । ॥७॥

८. तथे'व विज्जमानेसु जनेसु मनुजाधिप,
गुणवन्तं अनुबन्धन्ति सप्पुरिसं कतवेदिकं । ॥८॥

त्यस्तै नै धेरै मानिसहरू विद्यमान भए पनि मानिसहरू कृतज्ञता गुण भएका सत्पुरुषलाई पछ्याउँछन् । ॥८॥

९. तस्मा सप्पुरिसे धम्मे पतिट्ठोस्मि नराधिप,
अनुस्सरन्ति एतेन कतपुब्बूपकारकं । ॥९॥

हे नराधिप (महाराज), तसर्थ म सत्पुरुष धर्ममा प्रतिष्ठित भएर उक्त पुरुषले पहिले गरेको उपकारलाई स्मरण गरेकी हुँ । ॥९॥

१०. अहं च मम पुत्ता च एतेन'म्ह सुखापिता,
जीवितं पि परिच्चज्ज मुञ्चनीयो अयं मया ति ।" ॥१०॥



https://dhamma.digital

यो मानिसको कारणले म र मेरो बच्चाले सुख पायौं । तसर्थ मेरो जीवन नै परित्याग गरेर भए पनि मैले यो मानिसलाई मुक्त गर्नु योग्य छ ।" ॥१०॥

त्यसपछि राजाले द्वारपालहरूलाई बोलाइ उनीहरूसँग पनि सोधपूछ गरेर "भर्खर मात्र आइपुगेको मानिस हो" भन्ने कुरा जानेर तिनी सत्पुरुष धर्ममा प्रतिष्ठित रहेकोले सन्तुष्ट भएर उनीहरू दुबै जनालाई महान यश दिए । यश प्राप्त गरेका उनीहरू त्यस बेलादेखि दानादि पुण्यकर्म गरी स्वर्ग परायण भए ।

११. धम्मे पतिट्ठितमना अपि मातुगामा
एवं लभन्ति विभवं च पसंसनं च,
धम्मं च साधुचरितं मनसीकरोन्ता
धम्मेसु वत्तथ सदा सुचिसज्जना ति । ॥११॥

सत्पुरुष धर्ममा मन लगाएकी महिलाले समेत यसरी भोगसम्पत्ति र प्रशंसा लाभ गर्छे भने, शुद्ध चित्तका सज्जन सत्पुरुषहरूले शुद्ध धर्म र सु-चरित्रको चिन्तन गरी सधैं सत्पुरुषधर्मलाई पालन गर्नुहोस् । ॥११॥

पानी खुवाउनेको कथा नवौं समाप्त ।



https://dhamma.digital

# २.१०. साथीलाई जीवन दान दिनेको कथा

अब यहाँबाट शुरु हुन्छ-

भगवान परिनिर्वाण हुनुभएपछि श्रावस्तीमा सोम ब्राह्मण र सोमदत्त ब्राह्मण भन्ने दुईजना ब्राह्मणहरू बस्दथे । यी सोमदत्त ब्राह्मणका साथमा सोम ब्राह्मण प्रायः गरी जुवा खेल्ने गर्थे । अनि एक दिन सोमदत्त ब्राह्मणले सोम ब्राह्मणलाई जुवामा हराएर उसको पछ्यौरा र छाप भएको औंठी लिएर आफ्नो घर जान लाग्दा सोम ब्राह्मणलाई "अब घर जाऔं" भन्यो । अनि सोमले "नाइँ साथी, म घर जान्नँ । मलाई धोती मात्र लगाएर (पछ्यौरा बिना) सडकमा हिंड्न लाज लाग्छ । बरु म यहिं बसिराख्नु बेस हुन्छ" भन्यो । सोमदत्तले भन्यो "यदि यस्तो हो भने लिऊ, यो पछ्यौरा" भनी दियो । "अब घर जाऔं" भन्यो । तै पनि ऊ गएन । साथीले फेरि "अब किन नजाने नि" भनी सोद्धा "साथी ! मेरो हातमा भएको औंठी नदेखेर मेरा घरमा स्वास्नी बालबच्चाहरूले मसँग झगडा गर्लान्" भन्यो । सोमदत्तले फेरि उसको औंठी पनि फर्काइ "तिमीले सक्ने बेला फर्काऊ (तिर), जाउँ" भनेर फकाएर घर पठाइ दियो । यसबाट उनीहरू झन घनिष्ठ साथी भए ।

पछि गएर सोमदत्त ब्राह्मणलाई "यसले परस्त्री गमन गर्यो" भनी मानिसहरूले समातेर राजालाई देखाउन लगे । राजाले उसको रूपसम्पत्ति देखेर सजाँइ नगरिकन "भयो,



https://dhamma.digital

एक पटकको लागि, आइँदा त्यस्तो नगर" भनी उपदेश दिएर छोडिदिए। राजाले यस्तै तीनपटकसम्म उपदेश दिएर छोडेर चौथो पटकमा "यसलाई लैजाऊ, बधमसानमा लगेर मारिदेऊ" भनी आज्ञा दिए। ऊ यसरी पापकर्ममा निन्तर लागेर अनेक किसिमले सम्झाइबुझाइ गर्दा पनि रोक्न सकिएन। त्यसैले भनिएको हो-

१. "सोणा चे'व सिगाला च वायसा नीलमक्खिका,
इच्चेते कुणपे सत्ता न सक्का ते निसेधितुं। ॥१॥

"कुकुर, श्याल, नीलो आँखा भएका काग, यी प्राणीहरू लाशमा आशक्त हुन्छन्। उनीहरूलाई त्यसो हुनबाट रोक्न सकिंदैन। ॥१॥

२. तथा पाणातिपातेसु परदारे सुराय च,
मुसावादेसु थेय्येसु सत्तसत्ता न वारिया ति। ॥२॥

त्यस्तै प्राणी हिंसा गर्ने, व्यभिचार गर्ने, मादक पदार्थ सेवन गर्ने, झुठो बोल्ने, चोरी गर्ने लतमा परेका व्यक्तिलाई त्यसबाट रोकेर रोकिन्न। ॥२॥

अनि राजपुरुषहरूले उसलाई बाँधेर लगे। त्यस बेलामा सोमदत्तलाई उनीहरूले लगिराखेको देखेर सोम ब्राह्मणले हृदय कम्पमान गरेर राजपुरुषहरूकहाँ गएर भन्योः "भो ! राजपुरुषहरू, मैले राजासँग बिन्ती नचढाउन्जेलसम्म यसलाई एक छिन नमार्नुस्।" अनि राजासमक्ष गएर वन्दना गरेर बोल्योः "रोक्नुस् महाराज, मेरो जीवन सोमदत्त ब्राह्मणलाई दिन्छु, उसलाई छोडिदिनुहोस्। यदि मार्नु नै परेमा मलाई



https://dhamma.digital

मार्नुहोस् ।" राजा चुप लागेर बसे । अनि राजपुरुषहरूले सोमदत्त ब्राह्मणलाई छोडेर सोम ब्राह्मणलाई बधमसानमा लगी मारि दियो । अहो ! कृतज्ञ मानिसको कृतज्ञताभाव भनेको यस्तो हुन्छ । त्यसो हुनाले यहाँ यस्तो भनिएको हो-

३. "कतूपकारं अत्तानं सरन्ता केचि मानुसा,
जीवितं देन्ति सोमो व सोमदत्तस्स अत्तनो ति ।" ॥३॥

"आफूलाई गरिराखेको उपकार गुणलाई बुझ्ने मानिसहरूले सोम ब्राह्मणले साथी सोमदत्तलाई बचाउन आफ्नो ज्यान लगाए जस्तो गर्न पछि पर्दैनन् ।" ॥३॥

उनी सोम ब्राह्मण जीवन दानले देवलोकमा जन्मेर ठूलो कनक विमानमा हजार देवअप्सराहरूको माझमा दिव्यसम्पत्ति अनुभव गरी बसिरहे । त्यस बेलामा सोमदत्त ब्राह्मणले सोच्यो, "मलाई उसले मरणबाट मुक्त गरिदियो" भनी उसको लागि बदला जीवन दान दियो र त्यसबेलादेखि लिएर त्यस देवताको दिब्यऐश्वर्यहरू वृद्धि भयो, प्रभाव पनि वृद्धि भयो। अनि त्यो सोमदत्त आफ्नो दिब्य ऐश्वर्य हेर्दा आफूले साथीलाई जीवन दान दिएको कुरा देख्यो । देखेपछि आफ्नो स्वरूप छोडेर मानिसको रूप लिएर सोमदत्त ब्राह्मणकहाँ गएर कुशलवार्ता गरी आफू देवलोकमा जन्मेको कुरा बताई उसलाई आफ्नो प्रभावले देवलोकमा लगेर "यथाइच्छा सम्पत्ति भोग गर" भनेर एक हप्तासम्म दिब्य ऐश्वर्य दिएर सातौं दिनमा ल्याएर उसकै घरमा फर्कायो । साथै दिब्य सम्पत्ति भोग गरिसकेको मानिसलाई मनुष्य सम्पत्ति घृणित हुन्छ । अनि पछि ऊ दिब्य सम्पत्ति सम्झेर दुब्लो, पातलो भई शरीर



https://dhamma.digital

नै पहँलोपहँलो हुनगयो । अनि एक दिन देवपुत्रले उसलाई हेरेको अवस्थामा उसले दुःख पाइरहेको देखेर “मनुष्यहरूले दिब्यसम्पत्ति भोग गर्न सक्दैन” भनेर उसलाई “जे जे इच्छा हुन्छ, त्यही त्यही सम्पत्ति दिने” एउटा चिन्तामणी दिएर उसको पत्नीलाई पनि आफ्नो आनुभावले मनुष्यस्त्रीहरूभन्दा रूपवन्त, यशवन्त वर्णवन्त, वर्णले सुन्दरी बनाइदियो ।

पछिको समयमा उनीहरू स्त्रीपुरुष प्रत्यक्षरूपले नै दिब्यसम्पत्ति पाएर दान दिएर, शील पालन गरेर साथी देवपुत्रकोमा जन्मिन पुगे ।

४. मन्देन नन्दितमना उपकारकेन
पाणं पि देन्ति सुजना इति चिन्तयित्वा,
मित्तद्दु मा भवथ भो उपकारकस्स
पासंसिया भवथ साधुजनेहि निच्चं ति । ॥४॥

भो सज्जनवृन्द, थोरै मात्र उपकारले प्रसन्न मन गरी सज्जन सत्पुरुषहरूले आफ्नो प्राण समेत पनि दिने गर्छन् भनी चिन्तन गरी उपकार गर्ने मानिसहरूलाई मित्रद्रोही भने नहुनू । सदैव सज्जनहरूद्वारा प्रशंसाको पात्र बन्नुहोस् । ॥४॥

साथीलाई जीवन दान गर्नेको कथा दशौं समाप्त ।

नन्दियराज वर्ग दोश्रो समाप्त ।



https://dhamma.digital

## ३. यक्षवंचित वर्ग

# ३.०१. यक्षलाई छल्नेको कथा

अब यहाँबाट शुरु हुन्छ-

भगवानको परिनिर्वाणपछि कोशल राजाको जनपदमा तुण्ड भन्ने एउटा गाउँ थियो । त्यहाँ बुद्धदास नामको एकजना मानिस थियो जो कि "म जन्मभरसम्म बुद्धको शरणमा जान्छु, बुद्ध नै मेरो शरण हो, मेरो आश्रय पनि, मेरो सहारा पनि बुद्ध नै हो" भनेर जन्मभरसम्म बुद्धको शरणमा गएको थियो । त्यस समयमा एउटा गाउँले यताउति घुम्दै त्यहि तुण्ड ग्राममा पुगेर उसैको घरमा बास बस्यो । त्यो गाउँलेको शरीरमा एउटा यक्ष चढेर पीडा दिन्थ्यो । उक्त समयमा त्यो गाउँले त्यो गाउँमा पस्दा बुद्धदास उपासकको गुण धर्मको तेजले गर्दा त्यो यक्ष उसको घरमा पस्न नसकी उसलाई छोडेर सात दिनसम्म गाउँको बाहिर ऊ फर्किने प्रतिक्षा गरिरह्यो । त्यसपछि त्यो गाउँले एक सप्ताहसम्म त्यहाँ बसेर सातौं दिनमा आफ्नो देशमा फर्कने इच्छा गरेर गाउँबाट निस्क्यो । अनि उसलाई त्यहाँबाट निस्किरहेको देखेर यक्षले समात्यो ।

अनि गाउँलेले सोध्यो- त्यत्रो दिनसम्म कहाँ गएका थियौं नि ? यक्षले भन्यो- भो मनुष्य ! म तिमीलाई पर्खिबसेको आजबाट एक सप्ताह भइसक्यो । अनि त्यो गाउँलेले "तिम्रो



https://dhamma.digital

मसँग के काम छ ? मैले तिमीलाई के दिनुपर्‍यो ?” भन्दा यक्षले भन्यो- भो मनुष्य, म भोकले पीडित छु, मलाइ भात चाहियो ।

गााउँलेले भन्यो- त्यसो भए म घर भित्र छँदा तिमीले किन मलाई नसमातेको ? यक्षले भन्यो- भो मनुष्य, त्यो घरमा बुद्धको शरणमा गएको एक जना उपासक छ, उसको शीलको प्रभावले म भित्र पस्न नसकेर बसिरहेको हुँ । अनि त्यो गाउँलेले “शरण भनेको के हो” भन्ने थाहा नभएकोले “उसले के भनेर शरण ग्रहण गर्छ त ?” भनेर यक्षसँग सोध्यो । यक्षले “बुद्धं सरणं गच्छामि भनेर शरण ग्रहण गर्छ” भनी बतायो । त्यो कुरो सुनेर गाउँलेले “अब यसलाई छल्नु पर्‍यो भनेर चिन्तन गर्‍यो र भन्यो- त्यसो भए हे यक्ष, अब म पनि बुद्धको शरणमा जान्छु भनेर “बुद्धं सरणं गच्छामि” भन्यो । यति मात्र भन्नासाथ नै त्यो यक्ष डराएर चिच्याउँदै फनफनी घुमेर लड्दै पड्दै भाग्यो । यसरी सम्यक्सम्बुद्धको शरण यस लोकमा भय-अन्तराय हटाउनको लागि हुन्छ । परलोकमा मोक्ष दिने हुन्छ । त्यसैले भनिएको छ-

१. “बुद्धो ति वचनं एतं अमनुस्सानं भयावहं,
बुद्धभत्तिकजन्तूनं सब्बदा मुदं आवहं । ॥१॥

“बुद्ध भन्ने वचनले अमनुष्यहरूलाई भय उत्पन्न गर्छ । बुद्धको उपर भक्तिभाव भएका प्राणीहरूलाई सधैं नै प्रसन्नता उत्पन्न गरिदिन्छ ।

२. सब्बोपद्दवनासाय पच्चक्खं दिब्बं ओसधं,
दिब्बमन्तं महातेजं महायन्तं महब्भुतं । ॥२॥


https://dhamma.digital

यो त सबै उपद्रव नाश गर्नको लागि प्रत्यक्ष दिव्य औषधि समान, महान तेज भएको दिव्यमन्त्र समान हो । महाअद्‌भूत महान जन्त्रसमान हो ।

३. तस्सा सो दारुणो यक्खो दिस्वा तं सरणे ठितं,
उब्बिग्गो च भयप्पत्तो लोमहट्ठो च छम्भितो । ॥३॥

त्यसैले उक्त भयानक यक्ष (त्रिरत्नको) शरणमा गएको मानिसदेखि भयले त्रस्त भई शरीरका रौंहरू काँढा झैं ठडिने गरि थर थर काम्यो ।

४. भमन्तो धावि तं दिस्वा तिमिरो व सुरियु'ग्गते,
सिब्बलीतूलभट्टं व चण्डवातेन खण्डितं । ॥४॥

उक्त (शरणमा गएको) मानिस देखेर सूर्य उदाएपछि अन्धकार भाग्ने झैं प्रचण्ड हावाले सिमलको भूवा उडाउने झैं यक्ष ढुनमुनिएर डगुरेर भाग्यो ।

५. यं दुक्खं राजचोरारियक्खपेतादिसम्भवं,
नि'च्छन्तेन मनुस्सेन गन्तब्बं सरणत्तयं । ॥५॥

राजा, चोर, शत्रु, यक्ष, प्रेत आदिद्वारा उत्पन्न हुने दुःख मन नपर्ने मानिसहरूले त्रि-शरण ग्रहण गर्नु पर्दछ ।

६. यो च बुद्धं च धम्मं च संघं च सरणं गतो,
चत्तारि अरियसच्चानि सम्मप्पञ्ञाय पस्सती ति ।[१]" ॥६॥

---

१ यो गाथा भिक्षु महानामसम्पादित *रसवाहिनी*मा छैन ।



https://dhamma.digital

जो व्यक्ति बुद्ध, धर्म र संघको शरणमा जान्छ, उसले चार आर्यसत्यलाई सम्यक प्रज्ञाद्वारा देख्छ ।"

त्यसपछि गाउँलेले शरण जानुमा महान गुण, महान आनिशंस देखेर बुद्धप्रति महान गौरब राखी श्रद्धा पूर्वक जीवनभर "बुद्धं सरणं गच्छामि" भनी शरण गएर त्यही शरण गमनको गुणको प्रतापले जीवनको अन्तमा सुतेर बिउँझेको झैं देवलोकमा जन्म हुन गयो ।

७. दिस्वान एवं सरणं गतं तं
अपेन्ति यक्खा पि महब्भयेन,
पालेथ सीलं सरणं च तस्मा
जहाथ दुरितं सुगतिं भजह्वो ति । ॥७॥

यस प्रकार शरण गएको व्यक्तिदेखि यक्षहरू समेत महान भय मानेर डराएर भाग्छन् । त्यसो हुनाले शरण र शीललाई राम्ररी पालन गरेर पापलाई दूर गर्नुहोस्, राम्रो र असल गतिको भजन गर्नुहोस् ।

यक्षलाई छल्नेको कथा पहिलो समाप्त ।

Dhamma.Digital



https://dhamma.digital

# ३.०२. मिथ्यादृष्टिकको कथा

अब यहाँबाट शुरु हुन्छ-

भगवानको परिनिर्वाणपछि राजगृह नगरमा एकजना ब्रह्माको भक्ति गर्ने मिथ्यादृष्टिक मानिस बस्दथ्यो । त्यहीं नै अर्को एक जना सम्यक्दृष्टिको मानिस पनि थियो । उनीहरू दुबैजनाका एक एक जना छोराहरू पनि थिए । ती बालकहरू दुवैजना साथी साथी भएर सँगै खेल्दै हुर्किंदै गए । पछि उनीहरू भकुण्डो खेल्ने गर्दा सम्यकदृष्टिको छोरोले "नमो बुद्धाय" भनेर भकुण्डो फाल्ने गर्यो र सधैं जित्यो । तर मिथ्यादृष्टिकको छोरोले "नमो ब्रह्मुनो" भनेर भकुण्डो फाल्ने गर्यो र सधैँ हार्यो । त्यसपछि हार्नेले जित्नेसँग सोध्यो- साथी ! तिमी सधैँ जित्ने गर्छ, के भनेर तिमीले भकुण्डो फाल्छौ ? जित्नेले- साथी म त "नमो बुद्धाय" भनेर फाल्ने गर्छु" भनी बतायो । त्यसबेलादेखि त्यो हार्नेले पनि "नमो बुद्धाय" भनेर भकुण्डो फाल्ने गर्न थाल्यो । त्यसपछि खेल्ने बेलामा धेरै जसो हार-जित प्रष्ट नभएर बराबर हुने गर्यो ।

पछिल्लो समयमा मिथ्यादृष्टिकको छोरो आफ्नो बाबुसँग दाउरा खोज्नको लागि जङ्गलमा पसेर बैलगाडा भरी दाउरा लादेर फर्किरहँदा नगरद्वारको नजिक पुगेपछि बैलगाड़ा बिसाएर गोरुहरूलाई घाँस चर्न फोइदियो । गोरुहरू चर्दै गएर अरू गोरुहरूको भीडमा मिसिएर नगरभित्र पस्यो ।



https://dhamma.digital

त्यसपछि छोरालाई "गाडा राम्ररी कुरेर बस्" भनी अन्हाई बाबु चाहिं गोरु खोज्न नगर भित्र पस्यो ।

अनि साँझ परेपछि मानिसहरूले नगरद्वार बन्द गरिदिए । त्यसपछि छोरा नगरको बाहिर दाउराको गाडाको मुनि लेतेर निदाउन पुग्यो । त्यसपछि त्यस रातमा त्यहाँ सम्यक्दृष्टिक र मिथ्यादृष्टिक दुइ जना यक्षहरू आहार खोज्दै आउँदा गाडामुनि सुतिरहेको त्यो बालकलाई देखे । तीमध्ये मिथ्यादृष्टिक यक्षले "यसलाई खाउँ न" भन्यो । सम्यकदृष्टिक यक्षले- त्यसो नगर, यो बच्चा "नमो बुद्धाय" भन्ने गर्दछ भनेर सम्झायो । तर तीन पल्टसम्म रोक्दा पनि अर्कोले "अवश्य खान्छु" भनेर गएर उक्त बालकको खुट्टा समातेर तान्यो । उक्त क्षणमा बालकले पहिलेदेखिको आफ्नो बानि अनुसार "नमो बुद्धाय" भन्यो । त्यो शब्द सुन्नासाथ यक्ष डराएर रौं ठाडो ठाडो भएकोले हातले छोडेर पछाडि हटेर उभियो ।

अहो ! आश्चर्य मान्नुपर्छ । यसरी बुद्धको आनुभावमा अद्भुत शक्ति छ । यसरी विश्वास नगरिकन नै मात्र बोल्ने बानि परेकोले "नमो बुद्धाय" भन्दा डर वा भयमुक्त, उपद्रव रहित भयो । साँच्चै विश्वास गरी जन्मभर बुद्धको शरण गएकाहरूलाई त केही भन्नै परेन । त्यसैले भनिएको हो-

१. "यथा पि सिखिनो नादं भुजङ्गानं भयावहं,
एवं बुद्धो ति वचनं अमनुस्सानं भयावहं । ॥१॥



https://dhamma.digital

"जस्तो मयुरको आवाजले सर्पहरूलाई भय उत्पन्न गर्छ, त्यस्तै "बुद्ध" भन्ने वचनले अमनुष्य (भूत, प्रेत, पिशाच आदि) हरूलाई भय उत्पन्न गरिदिन्छ। ॥१॥

२. यथा मन्तस्स जप्पेन विलयं याति किब्बिसं,
एवं बुद्धो ति वचनेन भायन्ति कुणपादका ॥२॥

जस्तो मन्त्र जप्दा भयंकर विष पनि शान्त भएर जान्छ, त्यस्तै "बुद्ध" वचनले यक्ष अमनुष्यहरू डराएर भाग्छन्। ॥२॥

३. अग्गिं दिस्वा यथा सित्थं दूरतो व विलीयति,
दिस्वाने'वं सरणगतं पेता'पेन्ता व दूरतो। ॥३॥

जस्तो टाढा रहेको आगोको अगाडि पर्दा मैन पग्लिन्छ, त्यस्तै बुद्धको शरण गएका व्यक्तिहरूदेखि भूतप्रेतहरू टाढैबाट हटेर जान्छन्। ॥३॥

४. पवरं बुद्धं इच्चेतं अक्खरद्वयं अब्भुतं,
सब्बोपद्दवनासाय थिरपाकारं उग्गतं। ॥४॥

उत्तम, अद्भूत "बुद्ध" भन्ने यी दुइ अक्षरहरू सबै उपद्रव नाश गर्नको लागि बनाईएको अग्लो र बलियो पर्खाल समान हो। ॥४॥

५. सत्तरतनंपासादं तं एव वजिरं गुहं,
तं एव नावं दीपं तं तं एव कवचं सुभं। ॥५॥

यी दुईवटा अक्षरहरू एकमात्र सप्तरत्नमय प्रासाद, हिराको गुफा, (संसार सागर तर्ने) नौका, (उज्यालो दिने) बत्ति, उत्तम कवच (फलामको पोशाक) हो। ॥५॥



https://dhamma.digital

६. तं एव सिरसि भासन्तं किरीटं रतनामयं,
ललाटे तिलकं रम्मं कप्पूरं नयनद्वये । ॥६॥

यो "बुद्ध" भन्ने दुईवटा अक्षरहरू शिरमा लाउने जाज्वल्यमान रत्नको मुकुट हो, निधारमा लगाइने आकर्षक टिका हो, आँखालाई सितल पार्ने कपूर हो । ॥६॥

७. ताडङ्कं कण्णयुगले सोण्णमाला गले सुभा,
एकावली तारहारभारा जत्तुसुलङ्कता । ॥७॥

"बुद्ध" शब्द एक मात्र दुबै कानमा लगाइने कुण्डल हो, गलामा लगाइने शोभायमान हार (माला) हो, एकावली माला र मेरुदण्डमा सजाइने रत्नले अलंकृत परिशुद्ध मोतीहार हो । ॥७॥

८. अङ्गदं बाहुमूलस्स करग्गे वलयं तथा,
अंगुलीस्वंगुलीया च खग्गं मङ्गलसम्मतं । ॥८॥

पाखुरामा लगाइने सुनका बाला (चुरा), नाडीमा लगाइने चूरी हो, औंलाहरूमा लगाइने औंठी समान र हातमा बोकिने मंगलखड्ग समान ("बुद्ध" शब्द) सार्थक छ । ॥८॥

९. सोण्णातपत्तं उण्हीसं सह वाणेन सरासनं,
तं एव सब्बालङ्कारं तं एव दुरितापहं । ॥९॥

सुनको छत्र र उण्हीस (फेटा), तीरले भरिएको धनुष, सम्पूर्ण शरीर सजाइने एकमात्र आभरण र यो नै एक मात्र सम्पूर्ण उपद्रव-भय हटाउने हो । ॥९॥



https://dhamma.digital

१०. तस्मा हि पण्डितो पोसो लोकलोचनसत्थुनो,
सरणं तस्से'व गन्तब्बं गुणनामं एहिपस्सिकं । ॥१०॥

तसर्थ पण्डितहरूले लोकजनको आँखा समान हुनुभएका शास्ताको "आऊ, यहाँ हेर" भन्ने वाक्यलाई सुहाउने बुद्ध भन्ने गुणनामको मात्र शरण ग्रहण गर्छन् ।

११. नमो ति वचनं पुब्बं बुद्धायेति गिरं तदा,
सुपन्तेन कुमारेन मिच्छादिट्ठिकसूनुना । ॥११॥

१२. सुत्वा वुत्तं पिसाचा पि मनुस्सकुणपे रता,
न हिंसन्ति अहो बुद्धगुणसारमहन्तता'ति ।" ॥१२॥

सुति रहेको मिथ्यादृष्टिकको पुत्रले त्यस बेलामा उच्चारण गरेको "नमो" बाट शुरु हुने वचन अर्थात् "नमो बुद्धाय" भन्ने वाक्य सुनेर लाशहरूमा आसक्त रहने पिशाचहरूले समेत उसलाई हिंसा गरेन । "बुद्ध" गुणको महानता यस्तो रहेछ, अहो ! आश्चर्यजनक छ ।" ॥११-१२॥

अनि सम्यक्दृष्टिक राक्षसले मिथ्यादृष्टिक राक्षसलाई यस्तो भन्यो- भो साथी, तिमीले अयोग्य काम गऱ्यौ, तिमीले बुद्धको गुणमा प्रहार गर्यौ, तिमीलाई दण्ड दिइनुपर्छ । मिथ्यादृष्टिक राक्षसले भन्यो- साथी, अब मैले के गर्नु पऱ्यो त ? उसले भन्यो- त्यो भोकाएको बालकलाई आहार ल्याइदेऊ । अनि मिथ्यादृष्टिक राक्षसले "हुन्छ, म फर्केर नआउन्जेलसम्म तिमी यहाँ पर्खेर बस" भनी त्यस बालकको लागि आहार खोज्दै गएर बिम्बिसार राजाको सुनको थालमा पस्किराखेको स्वादिष्ट भोजन ल्याएर बालकको बाबुको भेष



https://dhamma.digital

बनाएर आई बालकलाई खुवायो। फेरी बालकले बोलेको बुद्ध भन्ने वचन र आफुले गरेको भूल सबै त्यो थालको पछाडि लेखेर "राजाले मात्र यो अक्षर देखोस्" भनेर अधिष्ठान गरी यक्षहरू फर्केर गए । रात बितेर बिहान भएपछि राजाको भोजन गर्ने समयमा पहिलेको ठाउँमा सुनको थाल नदेखेर राजपुरुषहरूले सारा नगरमा खोजेर हेर्दा बैल गाडामा बालक र थाल देखेर थाल समेत बालकलाई समातेर राजालाई देखाए। राजाले थालीमा रहेका अक्षर आदि देखेर पढी हेर्दा बालकको गुणमा प्रसन्न भएर ठूलो यश सहित महाजनको पदबी दिए।

१३. जिनस्स नामं सुपिनेन'पेवं
न होति भीतिं लपतेन यस्मा,
तस्मा मुनिन्दं सततं सराथ
गुणे सरन्ता सरणं च याथा ति। ॥१३॥

यस प्रकार निद्रामा मात्र पनि जिन (विजयी, भगवान) को नाम मुखले उच्चारण गरेकोमा भयबाट मुक्त भयो । त्यसो हुनाले तपाइँहरूले पनि मुनिन्द्र भगवानलाई सधैं स्मरण गर्नुहोस्, (बुद्ध) गुण स्मरण गर्दै उहाँको शरणमा गर्नुहोस्। ॥१३॥

मिथ्यादृष्टिकको कथा दोश्रो समाप्त।



https://dhamma.digital

# ३.०३. पिर्काको कथा

अब यहाँबाट शुरु हुन्छ-

भनिन्छ कि जम्बुद्वीपमा महाबोधिवृक्षको दक्षिणतिर एउटा प्रत्यन्त नगर थियो । त्यहाँ श्रद्धाले प्रसन्न भएको त्रिरत्न मामक (त्रिरत्नप्रति ममता भएको) उपासक एकजना थियो । त्यस बेलामा एक जना क्षीणाश्रवी भिक्षुले भगवानद्वारा परिभोग गरिएको पाउमुनि राखिने एउटा पिर्का झोलामा राखेर आफु जहाँ पुगे पनि त्यसलाई पूजा गर्दै क्रमशः त्यस नगरमा पुगेर अन्तरवासक र उतरासंग चीवर राम्रोसँग लगाएर पात्र बोकेर चारहात जतिमात्र अगाडि हेरेर प्रब्रजितलीलाद्वारा मानिसहरूलाई संतुष्ट पार्दै बाटाको बिचबाट गइराख्नुभयो । अनि त्यस उपासकले त्यसरी गमन गरिरहनुभएका स्थविरलाई देखेर मन प्रसन्न पारेर नजिक गएर पञ्चाङ्ग वन्दना गरेर पात्र मागेर लिई भोजन खिलाएर "दिनहुँ मेरै घरमा बोलाउने इच्छा छ, मलाई अनुकम्पा राखी यहीं नै बास बस्नुहोस्, स्वामी" भनी प्रार्थना गरेर नगरको नजिकै रमणीय जंगलमा नदीकिनारमा पर्णशाला (झोपडी) बनाएर स्थविरलाई त्यो सौंपेर चतुप्रत्ययद्वारा उपस्थान गर्दै, मान गरेर पूजा गर्दै बसिरह्यो । स्थविरले पनि त्यहाँ एउटा सुविस्ताजनक ठाउँ छानेर भगवानले प्रयोग गर्नुभएको पाउ बिसाउने पिर्का धातु निधान गरी बालुवाको स्तूप बनाएर



https://dhamma.digital

सधैं नै सुगन्ध, धूप, प्रदीप, फूल आदिद्वारा पूजा गर्दै बास गरिरहनुभयो ।

त्यस बेलामा सो उपासकको सँगैको घरमा बस्ने एकजना ईश्वर (शिव) भक्तले आफ्नो देवतालाई सधैं नमस्कार पूजा गरिबसेको थियो । त्यो देखेर उसलाई उपासकले बुद्धगुण बताएर “हे मित्र, निरर्थक स्थानमा तिमीले उद्योग नगर, त्यो दृष्टी (मान्यता) छोड्देऊ” भन्यो । अनि सो कुटिल ईश्वरभक्त मानिसले तिम्रा शास्ताका गुणहरूको प्रभाव के हो ? हाम्रा ईश्वरको गुण नै महान छ, भनेर खराब गुणहरूलाई नै असल गुण मानेर यस्तो भन्यो-

१. “तिपुरं सो विनासेसि ललाटनयनग्गिना,
असुरे च विनासेसि तिसुलेन महिस्सरो । ॥१॥

“उहाँ महेश्वरले आफ्नो निधारमा रहेको आँखाको अग्नीले त्रिपुरका तिनवटा नगरहरूलाई विनाश गर्नुभयो, त्रिशूलले घोचेर असुरहरूलाई विनाश गर्नुभयो । ॥१॥

२. जटाकलापं आवत्तं नच्चति दिनसन्धियं,
वादेति भेरिवीणादिं गीतञ्चा पि स गायति । ॥२॥

उहाँ ईश्वर सन्ध्याकालमा (साँझ) जटा घुमाई घुमाई नाच्नुहुन्छ । भेरी, वीणा आदि बाजाहरू बजाउनुहुन्छ, गीत पनि गाउनुहुन्छ ।

३. भरियायो तस्स तिस्सो हि जटायेकं समुब्बहे,
एकं एकेन पस्सेन पस्समानो चरेककं । ॥३॥



https://dhamma.digital

उहाँकी तीनवटी पत्नीहरू छन्, एउटी जटामा, एउटी काखमा र एउटी अगाडि राखेर हेरी मात्र राख्नुहुन्छ ।

४. हत्थिचम्मम्बरधरो तेने'व वारितातपो,
असादिसेहि पुत्तेहि रूपेन च सुपाकटो । ॥४॥

हात्तिको छालाको वस्त्र लगाएर, हात्तिको छालाको नै छाता बनाई ओढेर, कसैसँग जोडा नमिल्ने पुत्रहरू (हरिगण ?) ले गर्दा तथा विचित्र रूपका कारणले अत्यन्त प्रसिद्ध हुनुहुन्छ । ॥४॥

५. रतिया च मधुपाने च व्यावटो सब्बदा च सो,
मनुस्सट्ठिधरो सीसकपालेनेस भुञ्जति । ॥५॥

उहाँ सधैं रतिक्रीडा र मद्यपानमा मस्त भई मनुष्यका मुंड (शिर)हरू धारण गरी खप्पडमा नै आहार ग्रहण गर्नुहुन्छ । ॥५॥

६. न जातो न भयं तस्स मरणं न'त्थि सस्सतो,
ईदिसो मे महादेवो न'त्थञ्ञस्सी'दिसो गुणो ति ।" ॥६॥

हाम्रा महादेव (आमाको गर्भबाट जन्मेका होइनन्) अजन्मा हुनुहुन्छ, उहाँलाई मृत्युको भय पनि छैन, उहाँ शाश्वत हुनुहुन्छ । यस्ता गुण अरू कसैसँग हुँदैनन् ।" ॥६॥

त्यो कुरा सुनेर उपासकले भन्यो, "साथी, यस्ता कुरालाई तिम्रो ईश्वरको गुण भन्छौ भने अवगुण भन्ने अरू केलाई भनिन्छ नि ?" यति भनी भगवानका सम्पूर्ण गुणहरू गाथाद्वारा यसरी व्यक्त गर्यो-



https://dhamma.digital

७. “लोके सब्बसवन्तीन आधारो सागरो यथा,
सब्बेसं गुणरासीनं आधारो व तथागतो । ॥७॥

“जसरी यो संसारमा सबै नदीहरूका आधार सागर हुन्छ, त्यस्तै सबै गुणराशीहरूको आधार तथागत (बुद्ध) हुनुहुन्छ ।

८. चराचरानं सब्बेसं आधारो व धरा अयं,
तथा गुणानं सब्बेसं आधारो'व तथागतो । ॥८॥

चराचर सबैका आधार पृथ्वी भए जस्तै समस्त गुणहरूको आधार अवश्यमेव तथागत हुनुहुन्छ । ॥८॥

९. एवं सन्तो वियत्तो च एवं सो करुणापरो,
एवं इद्धिविधा तस्स एवं एवं गुणा इति । ॥९॥

यसरी उहाँ (भगवान बुद्ध) शान्त, प्रज्ञावान् र करुणाको खानि हुनुहुन्छ। उहाँका ऋद्धिहरू, गुणहरू यस्ता यस्ता हुन्-

१०. बुद्धोपि सक्कोति न यस्स वण्णे
कप्पम्पि वत्वा खयतं गमेतुं,
पगेव न ब्रह्मसुरासुरेहि
वत्तुं न हानन्तगुणस्स वण्णं ति । ॥१०॥

एउटा बुद्धले अर्को बुद्धका गुणहरू कल्पभर बताए पनि सिद्धिन्न। ब्रह्मा, देव, दैत्य, मनुष्य कसैद्वारा पनि उहाँका ती अनन्त गुणहरू वर्णन गरेर पार लाग्न सकिंदैन । ॥१०॥

यसरी उनीहरू दुवै जना हाम्रा देवता उत्तम हुन्, हाम्रा देवता उत्तम हुन् भनेर कलह बढाएर राजाकहाँ गए। राजाले


https://dhamma.digital

उनीहरूका कुरा सुनेर “त्यसो भए तिमीहरूका देवताहरूको उत्तमभाव ऋद्धिप्रातिहार्य हेरेर जान्नेछु । मलाई तिमीहरूले ऋद्धिप्रातिहार्य देखाऊ” भनी नगरमा घोषणा गर्न लगाए- आजबाट सात दिनभित्र यी दुईजना शास्ताहरूको प्रातिहार्य देखाइने भएको छ। सकल जनताहरू एकत्रित हुनू। यो कुरा सुनेर नाना दिशामा बस्ने धेरै मानिसहरू त्यहाँ भेला भए । त्यहाँ मिथ्यादृष्टिकहरूले “आज हाम्रा देवताका आनुभाव प्रताप हेर्नेछौं” भनी महान पूजा गर्दा पनि कुनै सार्थकता देखिएन । सम्यकदृष्टिकहरू पनि “आज हाम्रा भगवानको आनुभाव प्रताप हेर्नेछौं” भनी बालुवाको चैत्यनिर गएर सुगन्ध, फूलमाला आदिद्वारा पूजा गरी प्रदक्षिणा गरी हात बिन्ती गरेर उभिइरहे । अनि राजा पनि आफ्ना सेना र वाहनहरूद्वारा घेरिएर एकातिर उभिइरहे। नानामतावलम्बीहरू पनि “आज उनीहरूको प्रातिहार्य हेर्नेछौं” भनी लहरै खाटमाथि खाट खप्ट्याएर तिनमाथि बसिरहे । त्यस भेलामा सम्यक्दृष्टिक मानिसहरू बालुवाको चैत्यको अगाडि गएर हात बिन्ती गरी “स्वामी, हाम्रा भगवान तथागत सबैजना बुद्धहरूले गर्नुपर्ने सबै काम पूरा गरी अनुपादिशेष निर्वाणधातुद्वारा महापरिनिर्वाण हुनुभयो । सारिपुत्र, महामौद्गल्यायन आदि आठजना महाश्रावकहरू पनि परिनिर्वाण भइसक्नुभयो । यहाँ हामीलाई शरण लिनको लागि अरू कोही बाकी छैनन्” भनी सत्यक्रिया गर्दै यस्तो भने-

११. “आपाणकोटिं बुद्धस्स सरणं नो गता यदि,
तेन सच्चेन'यं धातु दस्सेतु पाटिहारियं । ॥११॥



https://dhamma.digital

"यदि हामीहरू जन्मभर बुद्धको शरणमा गएका हौं भने यस सत्यको प्रभावले यस पिर्का धातुले प्रातिहार्य देखाउनुहोस् । ॥११॥

१२. आपाणकोटिं धम्मस्स सरणं नो गता यदि,
तेन सच्चेन'यं धातु दस्सेतु पाटिहारियं । ॥१२॥

यदि हामीहरू जन्मभर धर्मको शरणमा गएका हौं भने यस सत्य वचनको प्रभावले पिर्का धातुले प्रातिहार्य देखाउनुहोस् ।

१३. आपाणकोटिं संघस्स सरणं नो गता यदि,
तेन सच्चेन' यं धातु दस्सेतु पाटिहारियं । ॥१३॥

यदि हामीहरू जन्मभर संघको शरणमा गएका हौं भने यस सत्य वचनको प्रभावले पिर्का धातुले प्रतिहार्य देखाउनुहोस् ।

१४. रामकाले मुनिन्दस्स पादुका'कासि अब्भुतं,
तेन सच्चेन'यं धातु दस्सेतु पाटिहारियं । ॥१४॥

राम (बोधिसत्त्व) हुनुभएको बेलामा मुनिन्द्र (बुद्ध) को खराउले आश्चर्यजनक चमत्कार गरिदेखायो । यस सत्यवचनको प्रभावले पिर्का धातुले प्रतिहार्य देखाउनुहोस् । ॥१४॥

१५. छद्दन्तकाले मुनिनो दाठा छरंसिरञ्जिता,
तेन सच्चेन'यं धातु निच्छारेतु छरंसियो । ॥१५॥

(बोधिसत्त्व) छद्दन्त हात्ति भएर जन्मिंदा मुनि (भगवान) को दन्तबाट छ प्रकारका रङ्ग भएको रश्मी उत्पन्न भयो ।



https://dhamma.digital

यस सत्य वचनको प्रभावले पिर्का धातुबाट पनि छवटा रंगको रश्मी उत्पन्न होस् । ॥१५॥

१६. जातमत्ते ठितो कञ्जे निच्छारेसासभिंगिरं ।
तेन सच्चेन'यं धातु दस्सेतु पाटिहारियं ।[२] ॥१६॥

जन्मनासाथ उहाँले कमल फूलमा उभेर आसभि (निर्भीक) वचन उच्चारण गर्नुभयो । यस सत्य वचनको प्रभावले पिर्का धातुले प्रतिहार्य देखाउनुहोस् । ॥१६॥

१७. निमित्ते चतुरो दिस्वा निक्खन्तो अभिनिक्खमं,
तेन सच्चेन'यं धातु दस्सेतु पाटिहारियं । ॥१७॥

भगवान बुद्धले चार निमित्तहरू देख्नुभएर अभिनिष्क्रमण (गृहत्याग) गर्नुभयो । यो सत्य वचनको प्रभावले पिर्का धातुले प्रातिहार्य देखाउनुहोस् । ॥१७॥

१८. मारसेनं पलापेत्वा निसिन्नो बुज्झि बोधियं,
तेन सच्चेन'यं धातु दस्सेतु पाटिहारियं । ॥१८॥

उहाँले बोधिबृक्षको मुनि बस्नुभई मारसेनाहरूलाई भगाइ पठाएर बोधिज्ञान अवबोध गर्नुभयो । यस सत्य वचनको प्रभावले पिर्का धातुले प्रातिहार्य देखाउनुहोस् ।

१९. धम्मचक्कं पवत्तेसि जिनो'सिपतने तदा,
तेन सच्चेन'यं धातु दस्सेतु पाटिहारियं । ॥१९॥

---

२ जातमत्ते तदा बुद्धो ठितो पंकजमुद्धनि,
निच्छारेसासभिं वाचं अग्गो सेट्ठो ति आदिना । पाठ पनि छ । हेर, भिक्षु महानाम सम्पाादित देवनागरी संस्करण *रसवाहिनी*। मैले माथि भिक्षु अनिरुद्धको पाठ दिएको छु ।



https://dhamma.digital

वहाँ जिन (भगवान)ले ऋषिपतन मृगदावनमा धर्मचक्र प्रवर्तन (देशना) गर्नुभयो । यस सत्य वचनको प्रभावले पिर्का धातुले प्रातिहार्य देखाउनुहोस् । ॥१९॥

२०. नन्दोपनन्दभोगिन्दं नागं नालागिरिह्वयं,
आलवकादयो यक्खे ब्रह्मानो च बकादयो । ॥२०॥

२१. सच्चकादीनिगण्ठे च कूटदन्तादयो द्विजे,
दमेसि तेन सच्चेन दस्सेतु पाटिहारियं ति ।" ॥२१॥

नन्दोपनन्द नागराजलाई, नालागिरि हात्तिलाई, आलवक आदि यक्षहरूलाई, बक आदि ब्रह्माहरूलाई, सच्चक आदि निगण्ठहरूलाई, कूटदन्त आदि ब्राह्मणहरूलाई भगवानले दमन गर्नुभयो । यो सत्य बचनको प्रभावले पिर्का धातुले प्रातिहार्य देखाउनुहोस् ।" ॥२०-२१॥

यस प्रकार बोलेर उपासकहरूले "हामीउपर अनुकम्पा राखेर धेरै जनताहरूको मिथ्यादृष्टि हटाउनको लागि प्रातिहार्य देखाउनुहोस्, स्वामी" भनी आराधना गरी बसे । अनि भगवान बुद्धको आनुभावले र स्थविरहरूको आनुभावले पनि र उपासकहरूको सत्य क्रियाको प्रतापले पनि बालुवाको चैत्य बिचमा पड्केर (तथागतको) पाउ बिसाइने पिर्का धातु आकाशमाथि चढेर छ वर्णको रश्मी निस्केकोले जनताहरू आनन्दित भए । त्यसपछि धेरै जनताहरूले हजारौं रुमाल आदि कपडाहरू आकाशमा हुर्याएर साधुकार दिई हर्षनाद गरेर ठूलो पूजा गरे । मिथ्यादृष्टिकहरू पनि यो आश्चर्यजनक घटना देखेर मन विस्मित भएर मिथ्यादृष्टि छोडेर त्रिरत्नको शरण ग्रहण गरे ।



https://dhamma.digital

२२. फुट्ठो पि पादेन जिनस्स एवं
कलिङ्गरो पा'सि महानुभावो,
लोकेकनाथस्स अनासवस्स
महानुभावो हि अचिन्तनंयो ति । ॥२२॥

यस प्रकार तथागतको श्रीपादद्वारा स्पर्श भएको काठको टुकडा पिर्काको समेत यस्तो आनुभाव रहेछ, यो यथार्थ हो । कामास्रवादि रहित हुनुभएका र लोकका एक मात्र नाथ हुनुभएका उहाँ तथागतको अत्यन्त महान आनुभाव त (हामीले) चिन्तन गरेर साध्य छैन ।

पिर्काको कथा तेश्रो समाप्त ।

Dhamma.Digital



https://dhamma.digital

# ३.०४. उत्तर श्रामणेरको कथा

अब यहाँबाट शुरु हुन्छ-

सुनिन्छ कि उनी उत्तर श्रामणेर पहिले पहिलेका बुद्धहरूको पालामा संचित पुण्यवान, विभिन्न भवमा उपनिस्सय (उच्च सम्भावना) सम्पत्तियुक्त भएर पुण्य संचय गर्दै सुमेध भगवानको कालमा विद्याधर भएर हिमाल (प्रदेश) मा वास गरिबसे। त्यस बेलामा सुमेध नामका सम्यक्सम्बुद्ध एकान्तस्थान खोज्दै हिमालयमा जानुभई रमणीय प्रदेशमा पलेटी कसेर बस्नुभयो । त्यस बेलामा सो विद्याधर आकाशबाट गइरहेको बेलामा छ वर्णको रश्मी फिजाई विराजमान हुनुभएका भगवानलाई देखेर तीनवटा कर्णिकार (कनकचम्पा) फूलले पूजा गरे। ती फूलहरू भगवान बुद्धको आनुभावले शास्ताको मास्तिर छत्र झैं भइ झुण्डिइरहे । यो देखेर उनी झन चित्त प्रसन्न भएर पछिको समयमा उनी त्यहाँबाट मृत्यु भएर तावतिंस भुवनमा जन्म भएर ठूलो दिब्यसम्पत्ति भोग गरेर आयु छउन्जेलसम्म त्यहाँ रहेर त्यहाँबाट च्यूत भएर गई देव तथा मनुष्य लोकमा घुम्दाघुम्दै बुद्धको उत्पत्तिकालमा राजगृह नगरमा ब्राह्मण महाशाल (सेठ) को पुत्र भएर जन्मे । उनलाई उत्तर भन्ने नाम राखिए। उनी अत्यन्त रूपवान र ज्ञानले छिपिएपछि ब्राह्मण विद्यामा पारंगत भई जातिले, रूपले, विद्याले र शीलले युक्त हुनुका साथसाथै सबैबाट सम्मानित पनि भए। उनको त्यो



https://dhamma.digital

प्रज्ञासम्पत्ति देखेर मगध राजाका महामन्त्री वस्सकारले आफ्नी छोरी बिहे गरिदिने इच्छा उत्पन्न भएकोले आफ्नो अभिप्राय उनलाई बताइयो । उनको मोक्षको इच्छा राख्ने स्वभावको कारणले त्यो कुरा अस्वीकार गरी बेलाबेलामा धर्मसेनापति (सारिपुत्र महास्थविर) कहाँ गएर उहाँबाट धर्मकथा सुनेर श्रद्धा उत्पन्न भएकोले प्रब्रजित भई शीलब्रतले सम्पन्न भएर स्थविरलाई उपस्थान सेवा गरिबसे ।

त्यसबेला स्थविरलाई एउटा रोग उत्पन्न भयो । त्यसको औषधि गर्नका लागि उत्तर श्रामणेर एकाविहानै पात्र चीवर लिएर विहारबाट निस्केर बाटोमा पर्ने पोखरीको किनारमा पात्र बिसाई पानीको नजिक गई मुख धुन बसे । त्यस बेलामा भित्ता फोडेर चोर्ने एउटा चोर चोरी गरिसकेपछि रक्षक पुरुषहरूद्वारा लखेटिनाले नगरको मूल ढोकाबाट निस्केर भागिरहेको बेलामा आफूले चोरील्याइएका रत्न आदि बहुमूल्य वस्तुहरू श्रामणेरको पात्रमा हालेर भाग्यो । त्यसै बेलामा श्रामणेर पनि आफ्नो पात्रको नजिक आइपुगेका थिए । चोर लखेत्दै आएका राजपुरुषहरूले श्रामणेरको पात्रमा वस्तुहरू देखेर "यो चोर हो, यसैले चोरेको हो" भनी श्रामणेरलाई हात पछाडि पारी पाटा कस्सेर बाँधेर वस्सकार ब्राह्मणलाई देखाए । त्यसबेलामा वस्सकार ब्राह्मण राजाको न्यायाधीश पदमा नियुक्त भएर छेदनभेदनको आदेश दिन्थे । "यसले पहिले मैले बोलेको कुरा मानेन, शुद्ध पाखंडीहरूको धर्ममा प्रब्रजित हुनगयो" भनी पहिलेदेखि ईर्ष्या रहेकोले त्यस काम सम्बन्धमा सोधपुछ नै नगरिकन "यसलाई लगेर



https://dhamma.digital

जिउँदै शूलीमा चढाइदेऊ” भनी आज्ञा दिए। राजपुरुषहरूले उनलाई नीम वृक्षको शूलीमा चढाए । शूलीमाथि बसेर श्रामणेरले “अब मेरो उपाध्यायलाई कसले औषधी लगिदेला” भनी सारिपुत्र स्थविरलाई स्मरण गरे ।

अनि स्थविरले त्यो कुरा थाहापाएर भगवान सम्यक्सम्बुद्धलाई बिन्ती गरे । अनि भगवानले उनको ज्ञान परिपक्व भएको देख्नुभई महाश्रावकहरूद्वारा परिवृत्त भएर उक्त स्थानतिर जानुभयो। भगवान विहारबाट निस्कनुभएको समाचार सकल नगरमा फिजिनाले कोलाहल भयो। भगवान त्यहाँबाट निस्कनुभएको तथ्यले सारा नगरमा कोलाहल भयो। ठूलो जनसमूह त्यहाँ भेला हुन आयो। अनि भगवानले आफ्नो नरम, कलिलो, जालिदार अंगुलीयुक्त, रश्मीयुक्त, माणिक्य जस्तो नङ् भएको, सुवर्ण जस्तो पहेँलो, रातो रंगको रसधारा वर्षेको जस्तो हत्केला उत्तर श्रामणेरको सिरमा राखी यस्तो आज्ञा गर्नुभयो- हे उत्तर, यो त तिमीले पहिले गरिआएको पापकर्मको फल उत्पन्न भएको हो । तिमीले प्रत्यवेक्षणको बलले सहेर बस्नुपर्छ। त्यसैले भनिएको हो-

१. “अतीते किर एकस्मिं गामे त्वमसि दारको,
दारकेहि समागम्म कीलन्तो केलिमण्डले । ॥१॥

“अतीत कालमा एउटा गाउँमा बालक भइ तिमी जन्मेका थियौ। बालकहरूका साथमा तिमी खेल्ने मण्डपमा खेलिरहेका थियौ । ॥१॥

२. गहेत्वा सुखुमं सूकं तदा त्वं निम्बजल्लिया,
उत्तासेसि तत्थ सूले जीवमानकमक्खिकं । ॥२॥



https://dhamma.digital

उक्त समयमा तिमीले नीम रुखको हाँगाबाट एउटा सिन्का लिएर त्यस सिन्कामा घोचेर एउटा भिंगालाई मारिदियौ । ॥२॥

३. अपरम्पि ते पापकम्मं पवक्खामि सुणोहि मे,
ओवदन्तिं हितेन त्वं अतीते सकमातरं । ॥३॥

तिम्रो अर्को पनि पापकर्म बताउँछु, मेरो कुरा सुन । अतीतकालमा तिम्रो हित गर्नको लागि तिमीलाई उपदेश दिएकी तिम्री आमालाई ॥३॥

४. जीवसूले निसीदा ति कोपेनाभिसपी तुवं,
इमेहि द्वीहि पापेहि सरं संसारसागरे । ॥४॥

"तँ (आमा) जिउँदै शूलीमा चढ" भनी रिसले श्राप दियौ । यिनै दुईवटा पापकर्महरूले गर्दा संसार सागरमा घुम्दै गर्दा ॥४॥

५. पञ्चजातिसते अच्छि जीवसूलम्हि निम्बजे,
अयं ते चरिमा जाति एत्था पि च विपच्चि सो ति ।" ॥५॥

पाँच सय जन्मसम्म यसरी नीम रुखको शूलीमा राखियौ । यो तिम्रो अन्तिम जन्म हो । अझै पनि त्यो अकुशल कर्मको विपाक भोग्दैछौ ।"

आदि प्रकारले उनको विचारलाई अनुकूल धर्मदेशना गर्नुभयो । उत्तर श्रामणेरलाई अमृत जलले अभिषेक दिएको जस्तो हुनेगरी भगवान शास्ताले हातले स्पर्श गर्नुभएको आनुभावले उत्पन्न भएको मनको प्रसन्नताले गर्दा ठूलो



https://dhamma.digital

प्रीति र प्रमोदभाव लाभ भएर आफूले परिचय गरिराखेको विपस्सना मार्गमा राम्ररी आरुढ भई ज्ञानको परिपक्वता पूर्ण भएकोले भगवान शास्ताको देशना लीलाले गर्दा क्रमशः मार्गको अनुसार सम्पूर्ण क्लेश निमूर्ल गरी षड्भिज्ञ अर्हत् भए । त्यहाँ भेला भई धर्मश्रवण गरिरहेका चौरासीहजार प्राणीहरूलाई धर्माभिसमय (धर्मबोध) भएको थियो, भनिएको छ । उत्तर श्रामणेर त षड्भिज्ञलाभी भएर शूलीबाट निस्केर आई आकाशमा बसेर प्रातिहार्य शक्ति देखाए। धेरै जनताहरूको मन आश्चर्य अद्भूतले भरिभराउ हुनगयो । त्यस क्षणमा उनको शूलीको घाउ पनि (मासु पलाएर) भरिएर निको भयो। उनीसँग भिक्षुहरूले "आवुसो, त्यस्तो महान दुःख कष्ट अनुभव गरिरहँदा पनि कसरी विपस्सना भावना गर्न सकेको होला ?" भनि सोध्दा उत्तर श्रामणेरले भने- "आवुसोहरू, संसारको दोष र संस्कार धर्मको स्वभावलाई मैले पहिले नै राम्ररी देखिसकेको छु । त्यसैले मैले त्यस्तो दुःख अनुभव गरिरहेता पनि विपस्सना भावना बढाएर विशेष भावमा अर्थात् अरहन्त भावमा पुग्न सकें" भनी बताउनुभयो ।

पछिका समयमा उनले भिक्षुसंघको माझमा आफ्नो पहिलेको चरित्र अपदान (कथा) प्रकाश पार्दै निम्नलिखित गाथाहरू आज्ञा भयो-

६. "सुमेधो नाम सम्बुद्धो द्वत्तिंसवरलक्खणो,
विवेककामो सम्बुद्धो हिमवन्तं उपागमि । ॥६॥



https://dhamma.digital

"बत्तिसवटा उत्तम लक्षणहरूले युक्त सुमेध नामका सम्यक्सम्बुद्ध भगवान एकान्तवासको इच्छा गरी हिमालयमा जानुभयो । ॥६॥

७. अज्झोगहेत्वा हिमवन्तं अग्गो कारुणिको मुनि,
पल्लङ्कं आभुजित्वान निसीदि पुरिसुत्तमो । ॥७॥

उत्तम पुरुष, अग्र, कारुणिक (सुमेध नामक) मुनि हिमवन्त प्रदेशको भित्र गई पलेटी कसेर बस्नुभयो । ॥७॥

८. विज्जाधरो तदा आसिं अन्तलिक्खचरो अहं,
तिसूल सुकतं गय्ह गच्छामि अम्बरे तदा । ॥८॥

उक्त समयमा म विद्याधर भई जन्मेको थिएँ । त्यस समयमा राम्ररी बनाइएको त्रिशूल समाएर आकाश मार्गबाट गईरहेको थिएँ ।

९. पब्बतग्गे यथा अग्गि पुण्णमासे व चन्दिमा,
वनं ओभासते बुद्धो सालराजाव फुल्लितो । ॥९॥

पर्वतको टाकुरोमा रहेको आगो झैं, पूर्णिमाको चन्द्रमा झैं, पूरै रुख छोपिने गरी फूल फूलेको शाल वृक्षराज झैं भगवान बुद्ध जंगल पूरै जाज्वल्यमान हुने गरी चम्कीरहनुभयो । ॥९॥

१०. वनग्गा निक्खमित्वान बुद्धरंसा विधावरे,
न लग्गिवण्णसंकासा दिस्वा चित्तं पसादयिं । ॥१०॥

डढेलो लाग्ने बेलामा वनको चारैतिर आगोको ज्वाला निस्के झैं वहाँ भगवान बुद्धको रश्मि फैलेको देखेर मन प्रसन्न गरी ॥१०॥



https://dhamma.digital

११. विचिनं अद्दसं पुप्फं कणिकारं देवगन्धिकं,
तीणि पुप्फानि आदाय बुद्ध सेट्ठं अपूजयिं । ॥११॥

पूजा गर्ने बस्तु खोजी हिंड्दा दिव्यसुगन्धयुक्त कर्णिकार फूल तीन थुँगा लिएर श्रेष्ठ भगवान बुद्धलाई पूजा गरें । ॥११॥

१२. बुद्धस्स आनुभावेन तीणि पुप्फानि मे तदा,
उद्धवन्ता अधोपत्ता छायं कुब्बन्ति सत्थुनो । ॥१२॥

त्यस बेलामा मेरा तीन थुँगा फूलहरू भगवान बुद्धको आनुभावले डाँठ माथि र पुष्पदल तल परी झुण्डिएर शास्तालाई छाता ओढाएकोजस्तो हुनगए । ॥१२॥

१३. तेन कम्मेन सुकतेन चेतनापणिधीहि च,
जहित्वा मानुसं देहं तावतिंसं अगच्छ'हं । ॥१३॥

राम्रोसँग गरेको त्यस कुशल कर्म र चित्तको प्रतिज्ञाले गर्दा मनुष्य शरीर छोडेर म तावतिंस देवलोकमा जन्म लिन गएँ । ॥१३॥

१४. तत्थ मे सुकतं व्यम्हं कणिकारी ति ञायति,
सट्ठियोजनं उब्बेधं तिंसयोजनवित्थतं । ॥१४॥

१५. सहस्सखण्डं सतभेण्डुं धजालुं हरितामयं,
सतसहस्सानि व्यूहानि व्यम्हे पातुरहंसु मे । ॥१५॥

उक्त देवलोकमा राम्रोसँग बनाइएको साठी (६०) योजन अग्लो, ३० योजन चौडा, हजारौं कोठाहरू भएको, सयौंवटा भण्डारहरू भएको, धेरै धेरै झण्डाहरू फहराइएको मेरो सुवर्णमय विमान कर्णिकार भन्ने नामले प्रख्यात थियो ।



https://dhamma.digital

मेरो विमानमा लाखौंलाख सेनाका व्यूहहरू उत्पन्न भएका थिए । ॥१४-१५॥

१६. सोण्णमया मणिमया लोहितङ्कमया पि च,
फलिका पि च पल्लङ्का यदिच्छकयदिच्छका । ॥१६॥

त्यहाँ सुवर्ण निर्मित, मणि निर्मित, रातो माणिक निर्मित, फेरि स्फटिक माणिक्य निर्मित, आफ्नो इच्छा अनुसारका खाट र मेचहरू (फर्निचरहरू) थिए ।

१७. महारहं च सयनं तूलिकं विकतायिकं,
उद्दालोमिक-एकन्तं बिम्बोहनंसमायुतं । ॥१७॥

त्यहाँ बुट्टा भरिएका (सिंह, बाघ आदिका चित्रहरू बनाइएका), सेता पशिमनाका, एकातिर मात्र बुट्टा भएका, सेतो ऊनका बुनिएका गलैंचा र फेरि दुबैतिर बुट्टा भएको सेतो ऊनका बुनिएका, विभिन्न आकारका बहुमूल्य ओढ्ने ओछ्याउने र सिरानीहरू थिए । ॥१७॥

१८. भवना निक्खमित्वान चरन्तो देवचारिकं,
यदा इच्छामि गमनं देवसंघपुरक्खतो । ॥१८॥

१९. पुप्फस्स हेट्ठा तिट्ठामि उपरिच्छदनं मम,
समन्ता योजनसतं कणिकारे हि छादितं । ॥१९॥

देवताहरूको समूहद्वारा परिवृत्त भई आफ्नो भवनबाट निस्केर देवलोकमा चारिका गर्नजाँदा म कणिकार फूलको मुनि बसिरहेको हुन्छु, मेरो सिरानमाथि कणिकार फूलको नै निर्मित चारैतिर एकशय योजन छोप्ने (चँदुवा) हुने गर्छ । ॥१८-१९॥



https://dhamma.digital

२०. सद्विंतुरियसहस्सानि सायं पातं उपट्ठहुं,
परिवारेन्ति मं निच्चं रत्तिन्दिवं अतन्दिता । ॥२०॥

साँझ र सबेरे साठी (६०) हजार तुरही बजाउने देवताहरूद्वारा सेवा गरिएको थिएँ, उनीहरूले रातदिन अल्छी नमानीकन मलाई घेरेर बसिरहन्छन् । ॥२०॥

२१. तत्थ नच्चेहि गीतेहि तालेहि वा वादितेहि च,
रमामि खिड्डारतिया मोदामि कामका'महं । ॥२१॥

त्यहाँ देवलोकमा म नाच्नु र गाउनु, ताल दिनु, बाजा बजाउनुमा भुलेर बसेको थिएँ, मलाई मनपर्ने क्रीडाहरूमा रमाइ बसेको थिएँ । ॥२१॥

२२. तत्थ भुत्वा च पीत्वा च मोदामि तिदसे तदा,
नारिगणेहि सहितो मोदामि व्यम्हं-उत्तमे । ॥२२॥

त्यस बेलामा म त्यस तावतिंस देवलोकमा (दिव्यभोजन) खाएर, (दिव्यपान) पिएर सन्तोष भई बसेको थिएँ। त्यस उत्तम विमानमा दिव्य अप्सराहरूका समूहहरूसँग खुशी प्रसन्न भइ बसेको थिएँ । ॥२२॥

२३. सतानं पञ्चक्खत्तुं देवरज्जं अकारयिं,
सतानं तीणिक्खत्तुं चक्कवत्ती अहोस'हं । ॥२३॥

म त्यसबेलामा पाँचसय पटकसम्म देवताहरूका राजा इन्द्र भएर देवताहरूमाथि राज्य चलाएँ र तीनसय पटकसम्म चक्रवर्ती राजा भएँ । ॥२३॥



https://dhamma.digital

२४. पदेसरज्जं विपुलं गणनातो असङ्खयं,
भवाभवे संसरन्तो महाभोगं लभाम'हं,
भोगे मे ऊनता न'त्थि बुद्धपूजायि'दं फलं । ॥२४॥

असंख्य पटकसम्म ठूला प्रदेशहरूमा राज्य गरेँ, यसरी साना ठूला भवमा घुमिरहँदा महान (उपभोग परिभोग) सम्पत्ति लाभ गरेँ। मलाई भोग सम्पत्तिमा कुनै कमी भएन। यो हो, बुद्धपूजा गर्नाको फल । ॥२४॥

२५. द्वे'मे भवे संसरामि देवत्ते अथ मानुसे,
अञ्ञं गतिं न जानामि बुद्ध पूजायि'दं फलं । ॥२५॥

सधैँ दिव्य आत्मभाव र मनुष्य आत्मभावमा मात्र जन्मेर अरू गतिमा म जन्मनु नै परेन। यो हो, बुद्धपूजाको फल । ॥२५॥

२६. द्वे मे कुले पजायामि खत्तिये चापि ब्राह्मणे,
नीचे कुले न जायामि बुद्ध पूजायि'दं फलं । ॥२६॥

सधैँ ब्राह्मण र क्षेत्रिय कुलमा मात्र जन्मेँ, नीच (चण्डाल आदि) कुलमा जन्म लिएको नै जानिनँ। यो हो, बुद्धपूजा गर्नाको फल । ॥२६॥

२७. हत्थियानं अस्सयानं सीविकं सन्दमानिकं,
लभामि सब्बमेवेतं बुद्धपूजायि'दं फलं । ॥२७॥

हस्तियान, अश्वयान, पाल्कीयान, लहरै माणिक्य जडिएका यान मलाई यी सबै नै लाभ भए। यो हो, बुद्धपूजा गर्नाको फल । ॥२७॥



https://dhamma.digital

२८. दासिगणं दासगणं नारिया च अलंकता,
लभामि सब्बमेवेतं बुद्धपूजायि'दं फलं । ॥२८॥

दाससमूह-दासीसमूह र (अनेक प्रकारका गहनाहरू) द्वारा सजिएका नारीहरू, यी सबै नै मैले लाभ गरें । यो हो, बुद्धपूजा गर्नाको फल । ॥२८॥

२९. कोसेय्यकम्बलीयानि खोमकप्पासिकानि च,
लभामि सब्बमेवेतं बुद्धपूजायि'दं फलं । ॥२९॥

रेशम, कम्बल (ऊन), खोम, कपास आदि सबैका बनाइएका उच्च जातका वस्त्रहरू प्राप्त भयो । यो हो, बुद्ध पूजाको फल । ॥२९॥

३०. नववत्थं नवफलं नवग्गरसभोजनं,
लभामि सब्बमेवे'तं बुद्धपूजायि'दं फलं । ॥३०॥

नयाँ वस्त्रहरू, ताजा फलफूल र उच्च स्वादिष्ट भोजन सधैं प्राप्त भयो । यो हो, बुद्ध पूजाको फल । ॥३०॥

३१. इमं खाद, इमं भुञ्ज, इमम्हि सयने सय,
लभामि सब्बमेवे'तं बुद्धपूजायि'दं फलं । ॥३१॥

"यो खानुहोस्, यो पिउनुहोस्, यो आसनमा सुत्नुहोस्" जस्ता सबै थरिका असल वचन प्राप्त भयो । यो हो, बुद्धपूजाको फल । ॥३१॥

३२. सब्बत्थ पूजितो होमि यसो अच्चुग्गतो मम,
महेसक्खो सदा होमि अभेज्जपरिसो सदा,
ञातीनं उत्तमो होमि बुद्धपूजायि'दं फलं । ॥३२॥


https://dhamma.digital

म सबै ठाउँमा पूजित भएँ । मेरो यश वृद्धि भइरह्यो । म सधैं प्रभावशाली भएँ । कसैले बिगार्न नसकेको मेरो परिषद थियो । आफन्तहरूका माझमा म उत्तम भएको थिएँ । यो हो, बुद्ध पूजाको फल । ॥३२॥

३३. सीतं उण्हं न जानामि परिलाहो न विज्जति,
अथो चेतसिकं दुक्खं हदये मे न विज्जति । ॥३३॥

जाडो, गर्मि भनेको थाहा नै पाइनँ, शरीर पोल्नु भनेको थाहा नै पाइनँ (भोग्नु परेन) । फेरि मेरो हृदयमा मानसिक दुःख भनेको कहिले पनि भएन । ॥३३॥

३४. सुवण्णवण्णो हुत्वान संसरामि भवाभवे,
वेवण्णियं न जानामि बुद्धपूजायि'दं फलं । ॥३४॥

म सुवर्णवर्णको भएर संसारका साना-ठूला भवहरूमा जन्मैं । म कहिले पनि नराम्रो अनुहारको भएर जन्मिनु परेन । यो हो, बुद्ध पूजाको फल । ॥३४॥

३५. देवलोका चवित्वान सुक्कमूलेन चोदितो,
सावत्थियं पुरे जातो महासाले सु-अड्ढके । ॥३५॥

दिव्यलोकबाट च्युत भई कुशल कर्मको प्रभावले श्रावस्ती नगरमा अत्यन्त धनवान महाशाल कुलमा म जन्मैं । ॥३५॥

३६. पञ्चकामगुणे हित्वा पब्बजिं अनगारियं,
जातिया सत्तवस्सो'हं अरहत्तं अपापुणिं । ॥ ३६॥



https://dhamma.digital

म पाँच कामगुणहरू त्यागेर अनागारिय (घरबार छोडेर) प्रब्रजित भएँ। जन्मले सात वर्षको हुँदा मैले अरहत्त्व प्राप्त गरेँ। ॥३६॥

३७. उपसम्पादयी बुद्धो गुणं अञ्ञाय चक्खुमा,
तरुणो व पूजनीयो'हं बुद्धपूजायि'दं फलं। ॥३७॥

चक्षुमान् (पाँच चक्षुले युक्त हुनुभएका) भगवान बुद्धले मेरा गुण बुझ्नुभएर मलाई उपसम्पदा गर्नुभयो। म बालखकालमा नै पूजनीय (अरहन्त) भएँ। यो हो, बुद्ध पूजाको फल। ॥३७॥

३८. दिब्बचक्खु विसुद्धं मे समाधिकुसलो अहं,
अभिञ्ञापारमिप्पत्तो बुद्धपूजायि'दं फलं। ॥३८॥

मेरो दिव्यचक्षु परिशुद्ध भयो, समाधिमा दक्ष र (षड्)अभिज्ञामा पारमिता प्राप्त गरेँ। यो हो, बुद्धपूजाको फल ॥।३८॥

Dhamma.Digital

३९. पटिसम्भिदा-अनुप्पत्तो इद्धिपादेसु कोविदो,
सद्धम्मे पारमिप्पत्तो बुद्धपूजायि'दं फलं। ॥३९॥

(चार)प्रतिसम्भिदा (मार्ग) साक्षात्कार गरेँ, (चार) ऋद्धिपादमा दक्ष भएँ, सद्धर्ममा पारमिता प्राप्त गरेँ। यो हो, बुद्धपूजाको फल ॥।३९॥

४०. तिंसकप्पसहस्सम्हि सम्बुद्धं अभिपूजयिं,
दुग्गतिं नाभिजानामि बुद्धपूजायि'दं फलं। ॥४०॥



https://dhamma.digital

सम्बुद्धलाई मैले राम्ररी पूजा गरेको फलद्वारा तिसहजार कल्पसम्म दुर्गति भन्ने नै थाहा पाईंनँ (जानु परेन) । यो हो, बुद्धपूजाको फल ॥।४०॥

४१. किलेसा झापिता मय्हं भवा सब्बे समूहता,
नागो व बन्धनं छेत्वा विहरामि अनासवो । ॥४१॥

मेरा सबै क्लेशहरू (मार्ग ज्ञानद्वारा) भष्म भईसके, सम्पूर्ण जन्महरू जरैदेखि उखेलिइसकिए। बन्धन चुताईसकेको हात्ति झैं आश्रव रहित भएर बसेको छु । ॥४१॥

४२. सागतं वत मे आसि बुद्ध सेट्ठस्स सन्तिकं,
तिस्सो विज्जा अनुप्पत्ता कतं बुद्धस्स सासनं । ॥४२॥

श्रेष्ठ बुद्धको समीपमा आएर म भाग्यमानी भएँ । मलाई त्रिविद्या प्राप्त भयो । मैले बुद्धको शासन (शिक्षा) पूरा गरिसकें । ॥४२॥

४३. पटिसम्भिदा चतस्सो च विमोक्खापि च अट्ठि'मे,
छलभिञ्ञा सच्छिकता कतं बुद्धस्स सासनं ति ।" ॥४३॥

चार प्रतिसम्भिदा, आठ विमोक्ष र छ अभिज्ञा साक्षात्कार गरें । बुद्धको शासन पूरा गरिसकें ।" ॥४३॥

यो वर्णन सुनेर धेरै जनताहरू कुशल कर्ममा संलग्न भए ।

४४. सहेतुका पच्छिमिका पि सत्ता
पापं न सक्कोन्ति जहातुं एवं,
अनिच्छमानेहि जनेहि दुक्खं
आरा व पापं परिवज्जनीयं ति । ॥४४॥



https://dhamma.digital

यसरी पुण्यको फलले अन्तिम जन्ममा पुगेका सत्त्व (उत्तर श्रामणेर) समेत अकुशल विपाकबाट मुक्त हुन सकेनन् । तसर्थ दुःखको इच्छा नगर्ने मनुष्यहरूले पापलाई टाढैबाट हटाउन सक्नु पर्दछ । ॥४४॥

उत्तर श्रामणेरको कथा चौथो समाप्त ।

Dhamma.Digital



https://dhamma.digital

# ३.०५. कावीरपट्टनको कथा

अब यहाँबाट शुरु हुन्छ-

सुनिन्छ कि जम्बुद्वीपको चोल राष्ट्रमा कावीरपट्टन भन्ने एउटा बंदरगाह थियो । त्यहाँ महेश्वर (शिव) लाई पूजा गर्ने धेरै मिथ्यादृष्टिकहरू बसोबास गर्दथे । एकपटक त्यहाँ देवालयमा चित्रले सजाउने काम गर्दा एउटा काठको फल्याकमा महेश्वरलाई निहुरेर वन्दना गरिरहेको भगवान बुद्धको चित्र बनाए । त्यस बेलामा त्यहाँ धेरै उपासकहरू उक्त देवालयमा गई यता उति लेखिएका चित्रहरू हेर्दै जाँदा त्यस फल्याकमा लेखिएको सो चित्र देखे । देखेपछि ओहो, हामीले हेर्न अनुचित चित्र हेर्न पुगेछौं । देव, मार, ब्रह्मा, श्रमण, ब्राह्मणहरू सहित भएको प्रजाहरूका माझमा फेरि अपरिमेय भएको यस चक्रवालमा भगवान बुद्धभन्दा माथिको त छोडौं, उहाँको समान पनि पाइँदैन । सकल प्राणीहरूद्वारा पूजा गरिनयोग्य, वन्दना गरिन योग्य भगवानलाई यिनीहरूले (चित्रमा) अयोग्य काम गराई राखे भनी रोईकराई गरी, विलाप गरी राजाको दरबारमा गएर चर्को स्वरले कराए । त्यो कुरा सुनेर राजाले उनीहरूलाई बोलाउन लगाई सोधे, “तिमीहरू किन चर्को स्वरले कराईरहेको हो ?” उनीहरूले जवाफ दिए- “महाराज, हाम्रा तथागत त देवताहरूभन्दा पनि माथिका देवातिदेव हुनुहुन्छ । शक्र (इन्द्र)भन्दा पनि माथिका शक्रातिशक्र, ब्रह्माभन्दा पनि माथिका ब्रह्मातिब्रह्मा, सुमेरु



https://dhamma.digital

पर्वत झैं निश्चल, सागर झैं गम्भीर, आकाश झैं अनन्त, पृथ्वीसमान बाक्लो हुनुहुन्छ" आदि प्रकारले भगवान बुद्धका गुण वर्णन गरे । त्यसैले अपदानमा यस्तो भनिएको हो-

१. बत्तिंसलक्खणधरो सुनक्खत्तो व चन्दिमा,
अनुव्यञ्जनसम्पन्नो सालराजा व फुल्लितो । ॥१॥

उत्तम नक्षत्रहरूका माझमा चन्द्रमा झैं, बत्तिस लक्षणहरूले युक्त हुनुभएका (उहाँ भगवान) रुखभरि फूलहरू फुलेको शालवृक्ष झैं (अस्सीवटा) अनुव्यञ्जनहरूले युक्त हुनुहुन्छ । ॥१॥

२. रंसिजालपरिक्खित्तो दित्तो व कनकाचलो,
व्यामप्पभापरिवुतो सत्तरंसि दिवाकरो । ॥२॥

(वहाँ भगवान बुद्ध) जाज्वलमान सुनको पर्वत जस्ता (६ वर्णले युक्त) रश्मीको जाल फिजिएका, शयौंवटा सूर्यको रश्मीले युक्त जस्ता, चारैतिर जिउजति टाढासम्म प्रभा मण्डलले घेरिएका हुनुहुन्छ । ॥२॥

३. सोण्णाननो जिनवरो समणी व सिलुच्चयो,
करुणापुण्णहदयो विवट्टो विय सागरो । ॥३॥

जिनवर (पञ्चमारलाई जित्नुभएका उत्तम पुद्‌गल, भगवान बुद्ध) सुन जस्तो (सुन्दर) अनुहारका हुनुहुन्छ । माणिक्ययुक्त पर्वत समान, विवर्त सागर समान (फन्को मार्ने) करुणाले भरिएको हृदय भएका हुनुहुन्छ । ॥३॥

४. लोकविस्सुतकित्ती व सिनेरू व नगुत्तमो,
यससा विततो धीरो आकाससदिसो मुनि । ॥४॥



https://dhamma.digital

उहाँ मुनि (भगवान) आकाश जस्तो अग्लो सुमेरु पर्वत झैं लोकमा प्रख्यात र कीर्तियुक्त हुनुहुन्छ। उहाँ धीर (बुद्ध) आकाश समान यश फिजिएका हुनुहुन्छ। ॥४॥

५. असङ्गचित्तो सब्बत्थ अनिलो विय नायको,
पतिट्ठा सब्बभूतानं मही व मुनिसुत्तमो। ॥५॥

उहाँ नायक (भगवान) (दश दिसामा बगिरहेको) हावा समान कतै पनि आसक्त नभएको चित्त भएका हुनुहुन्छ। मुनिहरूका माझमा पनि अत्यन्त श्रेष्ठ मुनि हुनुभएका, पृथ्वी समान सकल सत्त्व प्राणीहरूका प्रतिष्ठा हुनुहुन्छ। ॥५॥

६. अनूपलित्तो लोकेन तोयेन पदुमं यथा,
कुवादगच्छदहनो अग्गिक्खन्धो व सोभति। ॥६॥

कमल फूल पानीसँग लिप्त नभए जस्तै सांसारिक विषयहरूबाट अलग्गिएर मिथ्यादृष्टिरूपी दाउरालाई भस्म गर्ने आगो जस्तो शोभायमान हुनुहुन्छ। ॥६॥

७. अगदो विय सब्बत्थ किलेसविसनासको,
गन्धमादनसेलोव गुणगन्धविभूसितो। ॥७॥

उहाँ सर्वत्र क्लेशरूपी विषलाई नाश गर्ने औषधि समान हुनुहुन्छ। (सुगन्धित) गन्धमादन पर्वतराज झैं (शील आदि) गुणरूपी सुगन्धले अलंकृत हुनुहुन्छ। ॥७॥

८. गुणानं आकरो धीरो रतनानं व सागरो,
सिन्धू व वनराजीनं किलेसमलहारको। ॥८॥

उहाँ भगवान धीर (प्रज्ञावान्) रत्नहरूको खानि समुद्र झैं गुणहरूका खानि हुनुहुन्छ। जङ्गलको झारपातलाई



https://dhamma.digital

(बगाएर सफा गर्ने) नदी भ्रैं (सबै जनाका) क्लेश पापहरू हरण गर्ने हुनुहुन्छ । ॥८॥

९. विजयी व महायोधो मारसेनप्पमद्दनो,
चक्कवत्ती व सो राजा बोज्झङ्गरतनिस्सरो । ॥९॥

मारसेनालाई हराउनुभई विजयी हुनुभएका महायोद्धा हुनुहुन्छ । (सप्त) बोज्झङ्ग रूपि रत्नका मालिक हुनुभएका उहाँ चक्रवर्ती राजा जस्ता हुनुहुन्छ ।

१०. महाभिसक्कसङ्कासो दोसव्याधितिकिच्छको,
सल्लकत्तो यथा वेज्जो दिट्ठिगण्डविफालको । ॥१०॥

द्वेषादिरूपी रोगको औषधि गर्ने महाचिकित्सक हुनुहुन्छ । खटिराको चिकित्सा गर्ने चिकित्सकले जस्तै मिथ्यादृष्टिरूपि खटिराको चिकित्सा गर्नुहुन्छ । ॥१०॥

११. सत्था नो भगवा देव महाब्रह्मेहि वन्दितो,
देविन्दसुरसिद्धेहि वन्दनीयो सदादरा । ॥११॥

हाम्रा भगवान शास्ता महाब्रह्मा, देवताहरूद्वारा वन्दना गरिएका र देवेन्द्र, असुर, सिद्ध (विद्याधर) हरूद्वारा सदैव आदरपूर्वक वन्दना गर्न योग्य हुनुहुन्छ । ॥११॥

१२. सब्बेसु चक्कवालेसु ये अग्गा ये च पूजिता,
तेसं अग्गो महाराजे भगवा नो पतापवा ति । ॥१२॥

भो महाराज ! यो सम्पूर्ण चक्रवालमा जो जो अग्र र पूजित छन्, ती सबैमध्येमा पनि हाम्रा भगवान अग्र हुनुहुन्छ, प्रतापवान् हुनुहुन्छ । ॥१२॥



https://dhamma.digital

“देवकुल (मन्दिर, देवालय)मा बस्नेहरूले अयोग्य काम गरे, महाराज” भनी बोले । यो कुरो सुनेर राजाले बोले- “भो नागरिकहरू, सबैले आ आफ्ना देवताहरू ठूलो भएको कुरा बोल्छन् । तिमीहरूका शास्ता नै ठूला छन् भनी हामीले कसरी थाहापाउने ? हामीलाई बताऊ ।” उपासकहरूले बोले- “महाराज ! त्यस्तो थाहापाउन गहारो छैन । हजुरले त्यो काठको फल्याक ल्याउन लगाई शुद्ध कपडाले बेरेर त्यसमा राजाको लाहा छाप राख्नलगाई सुरक्षितपूर्वक राम्ररी गोप्य देवकुलमा राखेर सात दिन बितेपछि ल्याउनलगाई हेर्नुहोस् । अनि हाम्रा भगवान शास्ताको महानता हजुरले जान्नुहुनेछ ।” अनि राजाले उनीहरूले बोलेअनुसार गराएर एउटा देवालयमा राख्नलगाई त्यहाँ लाहाछाप राख्न लगाई “यसलाई राम्ररी रक्षा गर्नू” भनेर पहरा राख्न लगाए । त्यसपछि ती उपासकहरू सबैजना भेला भएर सात दिनसम्म दान गर्दै, शील पालन गर्दै, उपोसथ धारण गर्दै, सकल सत्त्व प्राणीहरूप्रति मैत्री भावना गर्दै, सकल सत्त्व प्राणीहरूलाई आफूले गरेका पुण्यभाग वितरण गर्दै, त्रिरत्नलाई पूजा गर्दै यस्तो भनी घोषण गरे- “हामीले गरेका कुशलकर्मको प्रभावले लोकमा बस्ने महान ऋद्धिसम्पन्न, महान बलवान् सबै देवताहरू र लोकलाई पालन गरिबसेका चतुर्महाराज देवताहरूले पनि उठेर हाम्रा भगवान शास्तालाई उपस्थान सेवा गरिरहेको भाव देखाईदिनुपऱ्यो ।” यस्तो भनी सत्यक्रिया गरे ।

त्यसबेलामा उनीहरूका पुण्यको प्रभावले गर्दा तत्क्षणमै देवराज इन्द्रको पाण्डुकम्बल सिलासन तातेको आकार



https://dhamma.digital

देखायो । अनि इन्द्रले मनुष्यलोकमा हेर्दा मिथ्यादृष्टिकहरूले गरेको उक्त अयोग्य कामलाई देखेर संवेग अनुभव गरेर (मनुष्यलोकमा) ओर्लेर ईश्वरले भगवान बुद्धको पाउमा वन्दना गरि घोप्टो परिबसेको (चित्र) बनाएर त्यो समाचार उपासकहरूलाई बताएर आफ्नो स्थानमा फर्केर गए । त्यसपछि सातौं दिनमा एकाविहानै उनीहरू सबैजना राजाकहाँ गएर वन्दना गरेर यस्तो बिन्ती गरे- "हे देव ! ईश्वरले हाम्रा भगवान बुद्धको पाउमा वन्दना गरि घोप्टो परिबसेका छन् ।"

त्यस बेलामा राजाले उनीहरूको कुरा सुनेर नगरमा भेरी बजाई घोषणा गर्नलगाएर धेरै ठूलो जनसमूह भेला गरेर उनीहरूका बिचमा आफू बसेर देवकुलमा गएर लाहाछाप फुटाउनलगाई दैलो खोली फल्याक ल्याउनलगाई बेरिराखेको कपडा खोल्न लगाए । त्यस बेलामा राजा र त्यो ठूलो जनसमूहले त्यस महान प्रातिहार्य (चमत्कार) देखेर मिथ्यादृष्टि छोडेर सबैजना शास्ता तथागतको शरणमा गए । त्यस बेलामा राजाले त्यस देवालयलाई भत्काउन लगाई ठूलो रमणीय विहार बनाउन लगाई जन्मभरसम्म पुण्यकर्म गरेर देवलोकमा जन्मिन गए ।

१३. अनब्भुतं सत्थु धरीयमाने
करोन्ति दिस्वा कुसलानि इद्धिं,
ये तं मुनिन्दे परिनिब्बुतम्हि
करोन्ति पुञ्ञानि महब्भुतं ते ति । ॥१३॥



https://dhamma.digital

(जसले) शास्ताको जीवमान कालमा (वहाँ) बुद्धको ऋद्धि प्रातिहार्य देखेर कुशल कर्म गरे, त्यस्तो गरिनु केही पनि आश्चर्यको कुरो होइन, बरु जसले मुनिन्द्र परिनिर्वाण भएपछि पुण्यकर्महरू गर्छन्, त्यो नै महान आश्चर्यको कुरो हो, भनिएको छ ।

काबीरपट्टनको कथा पाँचौं समाप्त ।

Dhamma.Digital



https://dhamma.digital

# ३.०६. चोरघातकको कथा

अब यहाँबाट शुरु हुन्छ-

सुनिन्छ कि एक समयमा हाम्रा भगवान बुद्ध श्रावस्तीको आश्रय लिई जेतवन विहारमा बसेर धर्मदेशनाद्वारा ठूलो जनसमुदायलाई स्वर्ग र मोक्ष सम्पत्ति प्रदान गरिरहनु भएको थियो । त्यस समयमा पाँचसय जना चोरहरू जंगलबाट नगरमा आई रातमा चोरी गरेर त्यसबाट स्वास्नी बालबच्चाहरू पालनपोषण गरी बसेका थिए । अनि एक दिन ती चोरहरू चोरी गर्नका लागि नगरमा पसिरहेको बेलामा नगरको द्वारनिर एक जना गाउँले अत्यन्त गरिब दुःखी अवस्थामा रहेको देखेर सोधे, "तिमी कहाँ बस्ने मानिस हो ?" उसले आफू जनपदवासी भएको बतायो । अनि चोरले ऊसँग सोध्यो- हे मानिस, तिमी किन यसरी दुःखी जीवन बिताइरहेको हो ? आऊ, हामीसँग चोरी गरेर वस्त्र र अलंकारले पूर्ण भएर स्वास्नी छोराछोरीहरूको पालनपोषण गर । यसरी दुखी दरिद्र जीवनमा नबस् । उसले सोच्यो- यिनीहरूले मलाई असल र उचित कुरा गरेका हुन् । अनि उनीहरूको सल्लाह स्वीकार गर्‍यो । त्यसपछि उनीहरूले "त्यसो भए हामीसँग आऊ" भनेर उसलाई साथमा लिएर नगरभित्र पसेर यताउति भित्ता फोडेर चोर्दै हिंडे । त्यसबाट त्यो गाउँलेलाई धन प्राप्त भएकोले यही काम उत्तम भनी उनीहरूका साथमा चोरी काम गरी जीविका गरिरह्यो ।



https://dhamma.digital

त्यसपछि एक दिन उनीहरूले चोरी गरेकोले सबैजनालाई राजपुरुष (प्रहरी) हरूले हात पछाडि पारेर बलियोसँग पाटा कसेर बाँधेर कोसल राजालाई देखाए ।

राजाले उनीहरूलाई देखेर बोले- ए भणे (सेवक), तिमीहरूमध्ये जसले बाकी सबैजनालाई काटेर ज्यान लिन सक्ला, म उसलाई जीवन दान दिनेछु । त्यो कुरा सुनेर ती चोरहरू सबैजना आफुसमा मिलिजुली गरी बसेका आफन्तभावनाले गर्दा कसैले पनि त्यसो गर्ने इच्छा गरेन । त्यो गाउँलेले "म यिनीहरू सबैलाई मारिदिनेछु" भनेर राजाबाट अनुमति पाएपछि उसले सबैजनालाई मारिदियो । त्यो काम देखेर सन्तुष्ट भएर राजाले उसलाई चोर मार्ने जागीर दिए । उसले २८ वर्षसम्म चोरहरू र प्राणदण्ड पाएकाहरूलाई मार्ने काम गर्यो । पछि ऊ बुढो भयो ।

त्यस बेलामा ऊ दुर्बल भएकोले पटक पटक मार हान्दा पनि मार्न सकेन । राजाले त्यो कुरो थाहा पाएर यो चोर मार्ने काम अरूलाई दिए । त्यसपछि त्यो गाउँले चोर मार्ने काम नपाएपछि फर्केर आफ्नै घरमा बस्न आयो । त्यस बेलामा एकजना मानिस मन्त्र पढेर नाकको हावाले मानिस मार्ने विद्या जान्दथ्यो । त्यस्तै नै हात, खुट्टा, कान, नाक, टाउको आदिमध्ये कुनै एउटा काट्नुपरेमा मन्त्र पढेर नाकको हावाले फुकिदिएमा त्यहीत्यही अङ्गप्रत्यङ्ग टुक्रिएर जाने गर्दछ । यस प्रकार त्यो अत्यन्त प्रभावशाली मन्त्र रहेछ । अनि उसले (जल्लादले) त्यो मान्छे भेटेर त्यो मन्त्र सिकेर राजालाई समाचार पठायो- म यसभन्दा पहिले बूढो



https://dhamma.digital

भइसकेको हुनाले चोरहरूका हात, खुट्टा आदि कष्टपूर्वक काट्दथेँ । मार्नुपर्नेहरूलाई पनि मुश्किलले मात्र काट्ने, मार्ने गर्न सक्थेँ । अब भने म त्यसो गर्दिनँ । मेरो मन्त्रको बलले काट्ने, मार्ने आदि काम गर्नेछु ।

राजाले त्यो समाचार सुनेर "हुन्छ" भनेर उसलाई बोलाएर उसको पहिले कै पदमा काम लगाइदिए । त्यसबेलादेखि ऊ त्यो काम गर्दै पाँच वर्ष बित्यो । त्यसपछि ऊ अत्यन्त बुढो, आयु सिद्धेको, दुर्बल भएर मर्नलागेको वेदनाको दुःखले चर्को भयानक आवाज निकालेर कराउँदै आँखा चिम्लिंदा भयानक किसिमको नरकको आगोको ज्वाला हुरहुर बलिरहेको, (फेरि) फलामको दण्डी, फलामको मुंग्रो लिएका यमदूतहरूलाई हेर्दै लेटीरह्यो । त्यसपछि उसका चारैतिरका छिमेकीहरू उसको त्यो बिशब्दले कराएको भयानक आवाज सुनेर (डराएर) आआफ्नो घर छोडेर भागेर गए ।

त्यसै दिनमा महासारिपुत्र महास्थविरले दिव्यचक्षुले लोकमा हेर्नुहुँदा त्यो चोर मार्ने मानिस आजै मरेर नर्कमा जन्मिने देखेर "म त्यहाँ गएँ भने मलाई देखेर उसले मन प्रसन्न गरेर स्वर्गमा जन्म लिन जानेछ" भनी जानेर "आज मैले उसलाई अनुकम्पा गर्नु उचित हुनेछ" भनी सोची एकाविहानै चीवर ओढेर उसको घरको ढोकाअगाडि जानुभयो । अनिपछि उसले स्थविरलाई देखेर रिसले चूर भएर थरथर काम्दै "आज मैले मन्त्रले हानेर यसको शरीर पड्काएर टुक्रा टुक्रा गरी मार्नेछु" भनी लेटेर नै मन्त्र पढेर



https://dhamma.digital

स्वास फुकीदियो । स्थविर त्यस समयमा निरोधसमापत्ति ध्यानमा बसेर त्यसबाट उठेर सूर्य जस्तै चम्केर जाज्वल्यमान भई उभिएर बस्नुभयो । त्यसपछि उसले स्थविरलाई तीन पटकसम्म त्यसरी गर्दा पनि केही (बाधा) गर्न नसकेर अत्यन्त आश्चर्यचकित भएर स्थविरउपर मन प्रसन्न गरेर आफूलाई भनी पकाइराखेको खीर भोजन स्थविरलाई दान गर्न लगायो । स्थविरले आशिर्वाद दिएर विहारमा फर्केर जानुभयो । चोर मार्ने मानिस स्थविरलाई दिइएको दान स्मरण गर्दै त्यसै क्षणमा त्यहाँबाट मृत्यु भई स्वर्गलोकमा जन्मिन पुग्यो । अहो, वीतराग बुद्धपुत्रहरूको आनुभाव, जसको बलले गर्दा नर्कमा उत्पन्न हुन जानलागेको यो मानिस पनि स्वर्गमा जन्मिन पुग्यो । त्यसैले भनिएको हो-

१. दानं ताणं मनुस्सानं दानं दुग्गतिनिवारणं,
दानं सग्गस्स सोपानं दानं सन्तिकरं परं । ॥१॥

दान दिने काम भनेको मानिसहरूका लागि सुरक्षित हुने स्थान हो । दान दिने कामले गर्दा दुर्गति जानबाट मुक्त होइन्छ । दान दिनु भनेको स्वर्गमा जाने भऱ्याङ हो । दानले उत्तम शान्ति (निर्वाण) लाभ गराइदिन्छ । ॥१॥

२. इच्छितिच्छितदानेन दानं चिन्तामणि विय,
कप्परुक्खो व सत्तानं दानं भद्दघटो विय । ॥२॥

दान दिनु भनेको आफूलाई इच्छा लाग्ने वस्तुहरू दिने चिन्तामणि रत्न जस्तो हो । दान दिनु भनेको कल्पवृक्ष जस्तो हो र प्राणीहरूको लागि चिन्तामणि कलश जस्तो हो । ॥२॥



https://dhamma.digital

३.	सीलवन्तस्स दानेन चक्कवत्तिसिरिं पि च,
लभन्ति सक्कसम्पत्तिं तथा लोकुत्तरं सुखं । ॥३॥

शीलवानहरूलाई दान दिनाले चक्रवर्ती राजाको सम्पत्ति, शक्र (इन्द्र)को सम्पत्ति र त्यस्तै गरी लाकोत्तर सुख समेत लाभ हुन्छ । ॥३॥

४.	पापकम्मेसु निरतो ठितो'यं नरकायने,
सारिपुत्तस्स थेरस्स पिण्डपातस्स वाहसा । ॥४॥

त्यो पापकर्ममा लागेको मानिस जो कि नर्कमा जाने बाटोमा बसिरहेकोले सारिपुत्र महास्थविरलाई पिण्डपात (भोजन) दान दिएको कारणले गर्दा ॥४॥

५.	अपायं परिवज्जेत्वा नेकदुक्खसमाकुलं,
देवसङ्घंपरिब्बूल्हो गतो देवपुरं वरं । ॥५॥

अनेक दुःखले आकुल-ब्याकुल रहेको नरकबाट बचेर उत्तम देवलोकमा गएर देवताहरूको संघद्वारा परिवृत्त भएर बस्न पायो । ॥५॥

६.	तस्मा सुखेत्ते सद्धाय देथ दानानि कामदं,
दानं देन्तेहि सीलं पि पालनं चातिसुन्दरं ति । ॥६॥

तसर्थ पुण्यको बिउ रोप्ने असल खेतमा दान देऊ, जुन कि इच्छाएको फल दिने हो । त्यस्तै दायकहरूले शील पनि पालन गर्दै गएमा अत्यन्त राम्रो हुन्छ ।

त्यसपछि भिक्षुहरू धर्म सभामा जम्मा भएर बसिरहँदा भगवान बुद्धसँग सोधे- "के हो त भन्ते, त्यो पापी मानिस


https://dhamma.digital

चार अपायहरूमध्ये कुनमा जन्मिनगयो त ?" अनि भगवान शास्ताले बताउनुभयो- "हे भिक्षुहरू हो ! आजै सारिपुत्र स्थविरलाई दिएको दानको प्रभावले ऊ देवलोकमा जन्म हुनपुग्यो । त्यही दानको प्रभावले पछि ऊ भविष्यमा प्रत्येक बुद्ध पनि हुनेछ" भनि भविष्यवाणी गर्नुभयो ।

७. भो सारिपुत्ते निहितप्प दानं
खणेन पापेति हि सग्गमग्गं,
तस्मा सुखेत्तेसु ददाथ दानं
कामत्थ चे सग्गमोक्खं परत्था ति । ॥७॥

भो सज्जनवृन्द ! सारिपुत्र स्थविरलाई दिइएको थोरै मात्र दानले तुरुन्तै स्वर्ग मार्गमा पुऱ्यायो । तसर्थ परलोकमा स्वर्ग र मोक्ष सुख इच्छा गर्नेहरूले पुण्य क्षेत्रमा दान दिनुहोस् । ॥७॥

चोरघातकको कथा छैठौं समाप्त ।

Dhamma.Digital



https://dhamma.digital

## ३.०७. श्रद्धावान उपासकको कथा

अब यहाँबाट शुरु हुन्छ-

सुनिन्छ कि अतीतकालमा काश्यप दसबल (भगवान) को समयमा श्रद्धावान भई त्रिरत्नमा प्रसन्न भएको एकजना मानिस यन्त्रद्वारा उखु पेल्ने काम गरी जीवन निर्वाह गरिरहेको थियो । एकचोटि उसले एकजना बिरामी भिक्षुलाई देखेर उनलाई घिउ एक पसर दान दियो । त्यस्तै अर्को एकजना भिक्षुलाई एक डाडु सखर दान दियो । अनि अर्को दिनमा एउटा भोकाएको कुकुरलाई देखेर उसलाई भात एक गाँस खुवाएर उपकार गऱ्यो । पछि अर्को दिनमा एउटा ऋण लागेको मानिसलाई एक रूपैयाँ (कहापण) दियो । त्यसपछि एक पटक धर्म श्रावण गर्दै गर्दा उसले धर्मदेशक भिक्षुलाई एउटा पछ्यौरा पूजा गऱ्यो (चढायो) । उसले यति मात्र पुण्यकर्म गरेर यस्तो प्रार्थना गर्यो- सानो-ठूलो भव (जन्म) मा घुम्दै गर्दा मलाई समुद्र, पर्वत आदि जहाँ गए पनि जे जे इच्छा भयो, ती सबै सफल सिद्ध होस् । पछिल्लो समयमा मृत्यु भएपछि त्यही कुशल कर्मको कारणले सुतेर बिउँझेको जस्तो भई देवलोकमा जन्मेर त्यहाँ महान दिब्यसम्पत्ति भोग गरी त्यहाँबाट च्यूत भएर आई हाम्रा भगवानको समयमा श्रावस्ती नगरमा धनाढ्य महाशाल कुलमा जन्म लिएर पछि ऊ सुझबूझको विकास भएपछि बेलाबेलामा धर्मश्रवण गर्दागर्दै घरगृहस्थीमा बस्नुको दोष र प्रब्रजित



https://dhamma.digital

हुनुको आनिसंस (फल) सुनेर प्रब्रजित भई धेरै समय नबित्दै अरहन्त पदमा पुग्यो ।

पछिल्लो समयमा उहाँ भगवान शास्तालाई वन्दना गरी पाँचशय भिक्षुहरूको परिवारलाई साथमा लिई उग्ग नगरमा जानुभयो । त्यहाँका सेठकी पत्नी अत्यन्त श्रद्धासम्पन्ना थिइ । तिनले स्थविरलाई पाचशय भिक्षुहरूका साथ भिक्षाटनमा आउनुभएको देखी छिटो छिटो गई स्थविरको भिक्षापात्र लिएर पाँचशय जना भिक्षुहरू सहितलाई भोजन गराई स्थविरलाई सधैं त्यहीं बास गर्नका लागि याचना गरी पाँचशय वटा कूटागार विहारहरू बनाउन लगाएर सजधज गराई पाँचशय जना भिक्षुहरूलाई त्यहाँ बास गराई प्रत्येक दिन चारप्रत्ययद्वारा उपस्थान सेवा सत्कार गरिबसि ।

त्यसपछि स्थविरले तिनलाई पञ्चशीलमा प्रतिष्ठित गरी त्यहाँ इच्छाहुँजेल बसिसकेपछि अन्यत्र जाने इच्छा गरी क्रमशः पट्टन (बन्दरगाह) गाउँमा जानुभयो । त्यहाँबाट पानीजहाजमा बसेर पाँचशय जना भिक्षुहरूद्वारा परिवृत्त भई समुद्रमा यात्रा गरिरहनुभयो । समुद्र तरिरहँदा उहाँलाई पेटमा वायु बढेर ठूलो पीडा भयो । त्यो देखेर भिक्षुहरूले सोधे, “भन्ते, यो रोग पहिले के औषधीले निको हुन्थ्यो ? स्थविरले जवाफ दिनुभयो- आवुसो, यो रोग मलाई घिउ एक पसर खाने बित्तिकै शान्त हुन गएको थियो । अनि भिक्षुहरूले बोले- भन्ते, समुद्रको बिचमा परेका हामीले कसरी घिउ लिन जानु नि ? सहेर बस्नुहोला ।



https://dhamma.digital

त्यो कुरो सुनेर स्थविरले भन्नुभयो- आयुष्मानहरू हो, मलाई यहाँ घिउ दुर्लभ छ र ? । मेरो पात्र लिएर त्यसमा समुद्रको पानी भरेर ल्याऊ । भिक्षुहरूले त्यस्तै गरे । समुद्रको पानी उबाउने बित्तिकै त्यो पानी परिवर्तन भएर घिउ बन्नगयो ।

त्यसपछि भिक्षुहरूले त्यो घटना देखेर अश्चर्य चकित भई स्थविरलाई त्यो घिउ लगेर सौंपी दिए । स्थविरद्वारा त्यो घिउ खाने बित्तिकै रोग शान्त हुनगयो । त्यसपछि उहाँलाई भिक्षुहरूले, "यो के कस्तो आश्चर्य हो, भन्ते ? यसभन्दा पहिले हामीले यस्तो भएको कहिले पनि देखेका छैनौं" भनी भन्दा स्थविरले "त्यसो भए (मैले) गरि आएको पुण्यको फल विपाक एकपटक हेर" भनी समुद्रतिर हेर्नुभयो र भन्नुभयो- "यो घिउ बनोस् ।" भन्नासाथै उनीहरूले देख्नसक्ने जति समुद्रको पानी परिवर्तन भएर घिउ बन्नगयो ।

त्यसपछि भिक्षुहरू अद्भुत आश्चर्य मानेर सोधे, "अरू पनि यस्ता पुण्यकार्य गर्नुभएको छ कि ?" अनि स्थविरले भन्नुभयो, "त्यसो भए तिमीहरूले मेरो पुण्य हेर, आयुष्मानहरू हो !" भनी त्यहाँ त्यसबेलामा देखिएका चारैतिरका शैलपर्वततिर हेर्नुभयो । ती ढुँगाहरू सबै शख्खरका डल्ला हुनपुगे । त्यसपछि आँखाले देखिनेजति चारैतिर भात र व्यञ्जन (तरकारी) सहित भएका भाँडाहरू उत्पन्न भए । त्यसपछि हिमाल पर्वततिर हेर्नुभयो । त्यो सबै सुवर्णमय हुनगयो । त्यसपछि अगाडि नै रहेको ठूलो वन जंगललाई हेर्नुभयो । सबै जंगल नै नाना प्रकारका रंगीविरंगी वस्त्रले



https://dhamma.digital

भरियो । भिक्षुहरूले यो प्रातिहार्य देखेर अत्यन्त विस्मित भएर सोधे- भन्ते, कुन पुण्यकर्मले गर्दा तपाँइले यस्ता यस्ता प्रातिहार्य देखाउन सक्नुभयो ? स्थविरले काश्यप दशबल भगवानको समयमा आफूले गरेका ती सकल कुशलकर्म प्रकट गर्नुभयो । तसर्थ यहाँ यस्तो भनिएको हो-

१. “इमस्मिं भद्दके कप्पे कस्सपो नाम नायको,
सब्बलोकहितत्थाय लोके उप्पज्जि चक्खुमा । ॥१॥

“यस भद्र कल्पमा चक्षुमान् (आँखा भएका) काश्यप नामका नायक (भगवान बुद्ध) सकल लोकजनलाई हित गर्नको लागि उत्पन्न हुनुभयो । ॥१॥

२. तदा'हं उच्छुयन्तम्हि नियुत्तो गुलकारको,
तेन कम्मेन जीवामि पोसेन्तो पुत्तदारके । ॥२॥

त्यस बेला म उखु पेल्ने यन्त्रमा काम गर्थें र सखर बनाउने काम गरी छोरा-छोरी जहान परिवार पालनपोषण गरी जीवन यापन गर्दथें । ॥२॥

३. किलन्तिन्द्रियं अद्दक्खिं भिक्खुं रोगातुरं तदा,
भिक्खाचारकवत्तेन घत'त्थं उपागतं । ॥३॥

त्यस बेला शरीर क्लान्त भएर रोगले ग्रसित भएका भिक्षाटन गरिखाने व्रत लिनुभएका एकजना भिक्षु घ्यूको लागि समीपमा आउनुभएको देखें । ॥३॥

४. उलुङ्कमत्तं सप्पिस्स अददं तस्स भिक्खुनो,
सद्दहन्तो दान फलं दयायु'द्दग्गमानसो । ॥४॥


https://dhamma.digital

दानको फल-विपाकमा विश्वास गरेर दया-करुणाले भरिएको मन गरी उहाँ भिक्षुलाई एक डाडु घिउ दान दिएँ । ॥४॥

५. तेन कम्मेन संसारे संसरन्तो भवाभवे,
यत्थि'च्छामि घतं तत्थ उप्पज्जति अनप्पकं । ॥५॥

त्यस कुशल कर्मको फलले संसारमा जन्मेर घुमिरहँदा प्रत्येक जन्ममा जहाँ घ्यूको इच्छा भयो, त्यहाँ धेरै घ्यू उत्पन्न भयो । ॥५॥

६. इच्छाम'हं समुद्दस्मिं जलं पि घतं अत्तनो,
तं तं सब्बं घतं होति घतदानस्सि'दं फलं । ॥६॥

मैले समुद्रमा पानीबाट घिउ पाउने इच्छा गर्दा त्यो सबै नै घिउ बन्नपुग्यो । यो हो, घ्यू दानको फल । ॥६॥

७. सुणाथ मय्हं अञ्ञं पि पुञ्ञकम्मं मनोरमं,
तदा दिस्वान'हं भिक्खुं रोगेन परिपीलितं । ॥७॥

अरू पनि मेरा मनोरम पुण्यकर्म सुन । त्यस समयमा मैले रोगले पीडित एक जना भिक्षुलाई देखेँ । ॥७॥

८. गुलपिण्डं गहेत्वान पत्ते तस्स समाकिरिं,
तेन सो सुखितो आसि रोगं व्यपगतं तदा । ॥८॥

मैले एक डल्लो सखर लिएर गई सो भिक्षुको पात्रमा हालिदिएँ । उक्त सखर सेवन गरेपछि वहाँको रोग शान्त भएर सुखी हुनुभयो ।



https://dhamma.digital

९. तेन मे गुलदानेन संसरं देवमानुसे,
यत्थ'त्थो'स्मि गुलेनाहं तत्थ तं सुलभं मम । ॥९॥

मैले उक्त सखर दान गरेको पुण्यले देव तथा मनुष्य दुबै लोकमा घुमी हिंड्दाखेरी मलाई जहाँ जहाँ सखरको आवश्यकता भयो, त्यहाँ त्यहाँ नै मलाई सजिलैसँग प्राप्त भयो ।

१०. सेला च विपुला मय्हं होन्ति चित्तानुवत्तका,
महन्तगुलपिण्डा व गुलदाने इदं फलं । ॥१०॥

महान शैल पर्वत समेत मेरो मनको अनुकूल हुने गरी परिवर्तन भई महान सखरको डल्लो हुनगयो । यो हो, सखर दान गर्नाको फल ।

११. अथा पि मे कतं पुञ्ञं सुणाथ साधु भिक्खवो,
छातज्झत्तं फन्दमानं दिस्वान सुनखं तदा,
भत्तपिण्डेन सङ्गण्हिं तम्पि दानं फलावहं । ॥११॥

हे भिक्षुहरू हो ! मैले गरिआएका अरू पनि पुण्यकार्य राम्ररी सुन । त्यस बेलामा भोक लागेर छटपटाइरहेको एउटा कुकुर देखेर एक गाँस भात उसलाई खुवाएँ । त्यस दानले पनि फल दिन्छ । ॥११॥

१२. ततो पट्ठाय नाहोसि अन्नपानेन ऊनतं,
सुलभन्नपानो सुखितो अहोसिं जातिजातियं । ॥१२॥

त्यसबेलादेखि लिएर कहिले पनि अन्नपान नपुग भएन । जहाँ जन्म भए पनि अन्नपान सुलभ भएर सुखी भएर बसेको छु । ॥१२॥


https://dhamma.digital

१३. अज्जा पि यदि इच्छामि भोजनेन पयोजनं,
चक्खुपथे समन्ता मे जायन्तु'क्खलियो बहू । ॥१३॥

यदि आजै पनि मलाई भोजनको आवश्यकता लाग्यो भने मेरो आँखाले भ्याउने जति चारैतिर धेरै भातका भाँडाहरू उत्पन्न हुनेछन् । ॥१३॥

१४. अथापरं पि कुसलं अकासिं तं सुणाथ मे,
इणट्ठकस्स पोसस्स अदासे'कं कहापणं । ॥१४॥

फेरि अरू पनि कुशल कर्महरू गरेको छु, मेरा ती पुण्यकर्महरू सुन । एकजना ऋृण लागेकोलाई एक कहापण (मुद्रा) दिएँ । ॥१४॥

१५. तेन मे पुञ्ञकम्मेन अनोमभवसम्पदं,
पचुरं जातरूपं च लभामि जातिजातियं । ॥१५॥

मेरो उक्त पुण्यको प्रभावले जन्मजन्ममा हीन वा नीच नभएको भवभोग सम्पत्ति र धेरै सुन, चाँदी, रत्न आदि सम्पत्तिहरू पनि प्राप्त गरें । ॥१५॥

१६. सच'ज्ज धनकामो'हं घनसेलो पि पब्बतो,
होति हेममयं सब्बं इणतो मोचने फलं । ॥१६॥

आज यदि मैले इच्छा गरेमा यहाँको यो शैलपर्वत सबै नै पनि सुनको बन्नजानेछ । यो हो ऋृणमुक्त गरिदिनाको फल । ॥१६॥

१७. अञ्ञं पि मम पुञ्ञं भो सुणाथ सुतिसोभनं,
कस्सपस्स भगवतो सासने'कं बहुस्सुतं । ॥१७॥


https://dhamma.digital

१८. देसेन्तं मुनिनो धम्मं सुत्वा पीणितमानसो,
पूजेसिं साटकं मय्हं धम्मस्स धम्मसामिनो । ॥१८॥

भो सज्जनवृन्द ! सुन्नमा मनोरम लाग्ने मेरा अरू पनि कुशलकर्म सुन । काश्यप भगवानको शासनमा एक जना बहुश्रुत भिक्षुद्वारा देशना गरिएको मुनि (भगवान) को धर्म श्रवणद्वारा मन प्रसन्न भएर धर्मस्वामी हुनुभएका बुद्धका धर्मलाई मेरो खास्टो एउटाद्वारा पूजा गरें । ॥१७-१८॥

१९. तेनाहं पुञ्ञकम्मेन संसरं देवमानुसे,
लभामि पचुरं वत्थं यं लोकस्मिं वरं वरं । ॥१९॥

म त्यस पुण्यकर्मले गर्दा देव र मनुष्यलोकमा घुम्दै गर्दा जुन लोकमा पनि अत्यन्त उत्तम वस्त्रहरू धेरै नै लाभ भयो । ॥१९॥

२०. इच्छमानो प'हं अज्ज हिमवन्तं पि पब्बतं,
नानाविरागवत्थेहि छादयामि समन्ततो । ॥२०॥

यदि मैले इच्छा गरें भने हिमालय पर्वत सिंगै सबैतिर रंगी-विरंगी वस्त्रहरूद्वारा छोपिदिन सक्छु । ॥२०॥

२१. सचे इच्छामि अज्जे'व वत्थेन'च्छादयामि ते,
जन्तवो चतुदीपस्मिं वत्थदानस्सि'दं फलं । ॥२१॥

यदि इच्छा गरें भने आजै मैले चारै द्वीपहरूमा बस्ने सबै जनताहरूलाई वस्त्र लगाइदिन सक्छु । यो हो, वस्त्र दान दिनाको फल । ॥२१॥



https://dhamma.digital

२२. एतेसं पुञ्ञकम्मानं वाहसा कामभूमियं,
सम्पत्तिं अनुभूत्वान सावत्थिपुर-मु-त्तमे । ॥२२॥

२३. जातो कुले महाभोगे वुद्धिप्पत्तो सुखे ठितो,
तस्स धम्मं सुणित्वान पब्बजित्वान सासने । ॥२३॥

यी पुण्यकर्महरूको आनुभावले ६ वटा काम सुगतिको सम्पत्ति अनुभव गर्दै यस जुनिमा यो उत्तम श्रावस्ती नगरमा धेरै धेरै भोग्य वस्तुहरूले सम्पन्न कुलमा जन्मेर सुखपूर्वक हुर्केर बुद्धि परिपक्व भएपछि वहाँ भगवानको धर्म श्रवण गरेर शासनमा प्रब्रजित भएँ । ॥२२-२३॥

२४. लोकुत्तरं अग्गरसं भुञ्जन्तो मुनिवाहसा,
किलेसे पजहित्वान अरहत्तं अपापुणिं । ॥२४॥

बुद्धको आनुभावले गर्दा लोकोत्तर रहेको रस पान गर्दै क्लेशलाई हटाई अरहत्त्व प्राप्त गरेँ । ॥२४॥

२५. कुसलं नावमन्तब्बं खुद्दकं ति कदाचि पि,
अनन्तफलदं होति निब्बाणं पि ददाति तं । ॥२५॥

कुशल कर्मलाई "सानो छ" भनेर कहिल्यै हेला गर्न हुन्न । त्यस सानो कुशल कर्मले गर्दा अनन्त फल विपाक दिन सक्छ, निर्वाण फल समेत दिन्छ । ॥२५॥

त्यस बेलामा उहाँको धर्मदेशना सुनेर भिक्षुहरू तथा गृहस्थ अनुयायीहरू दान आदि कुशल कर्म गरेर धेरै मानिसहरू स्वर्गमा जन्मिन गए ।



https://dhamma.digital

२६. मनोपसादेना’पि अप्पपुञ्ञं
एवं महन्तं भवती ति ञत्वा,
मा अप्पपुञ्ञं ति पमज्जथ’म्भो
सराथ देविं इध लाजदायिं । ॥२६॥

भो मित्रहरूहो ! मन प्रसन्न गरेर गरेको थोरै मात्र पुण्यकर्म भए पनि यस प्रकारले महान फल दिने हुन्छ भनी जानेर “यो सानो पुण्य हो” भनी हेला गरी प्रमादी नहुनुस् । यहाँ लाजदायी[३] देवीलाई स्मरण गर्नुस् ।

श्रद्धावान उपासकको कथा सातौं समाप्त ।

३ यिनी महाकाश्यप स्थविरलाई लाजा दान गर्ने उपासिका हो वा भिक्षुणी उप्पलवण्णाको पूर्वजन्मको यसै नामकी उपासिका हो, प्रष्ट छैन ।



Dhamma.Digital
https://dhamma.digital

# ३.०८. गरीब दुखीको कथा

अब यहाँबाट शुरु हुन्छ-

हाम्रा भगवान बुद्धको परिनिर्वाणपछि वाराणसी नगरवासी एकजना गरीब मानिस अर्काको घरमा सेवा गरेर जीविका गरि बसेको थियो । उक्त समयमा नगरबासीहरू धेरैले ठाउँठाउँमा मण्डप आदि बनाउन लगाई ठूलो दान दिइरहेका थिए । त्यो देखेर सो गरीब मासिले यस्तो चिन्तन गऱ्यो- "मैले पहिले पुण्य गरि नआएको हुनाले अर्काको घरमा ज्यामि काम गरेर दुःखकष्ट भोग्दै बाँचिरहेको छु । मैले  आफ्नो लगाउने मामुली लुगा र बस्ने आवास समेत दुःख गरेर कमाउँदछु । हिजोआज बुद्ध भगवान उत्पन्न हुनुभएको छ, र भिक्षुसंघ पनि हुनुहुन्छ । यी मानिसहरू सबैजना दान दिएर स्वर्ग जाने बाटो शुद्ध गरिरहेका छन् । मैले पनि दान दिनु राम्रो हुनेछ । त्यो दान मलाई दीर्घकालसम्म हित तथा सुखको लागि हुनेछ । यद्यपि अहिले मसँग एक नालि (माना) चामल समेत छैन । मेहनत र उद्योग नगरिकन त्यो काम सफल पार्न सकिनेछैन, त्यसो भएकोले मैले उद्योग गरी दान दिनेछु ।" त्यसै बेलादेखि त्यहाँ खोजी खोजी गरी ज्यामि काम गरेर पाएको ज्याला र भिक्षा गरेर पाएको तिल र चामल आदि पनि भेला गरेर मानिसहरूको मदत लिएर त्यहाँ मण्डप बनाई जंगलबाट फूलपात आदि ल्याएर त्यस मण्डपलाई सजाई भिक्षुहरूलाई



https://dhamma.digital

निमन्त्रणा गरी मण्डपमा बसाली सबैजनालाई खीर पकाएर भोजन गरायो । त्यो काम सिद्धेपछि आफूले गरेका ती उत्तम दानहरू याद गरिरह्यो । ऊ त्यस पुण्यकर्मले गर्दा सुतेर बिउँझेको जस्तो भई देवलोकमा जन्मिनपुग्यो । त्यसैले उसले गरिआएको पुण्यकर्मलाई सुहाउने गरी ठूलो सुनको विमान उत्पन्न भयो । त्यस विमानको चारैतिर तीन गाउतसम्म देवताहरूले अनेक प्रकारका तूर्य (तुरही, मुहाली) आदि बाजा बजाएर पूजा उत्सव गरिरहे । उसलाई सधैं एकहजार अप्सराहरूले घेरेर बसेका हुन्थे । यस प्रकार उसले ठूलो देवसम्पत्ति अनुभव गरिबस्यो । त्यसपछि एक दिन सुवर्णशील विहारमा बास गरिबस्नुभएका महासंघरक्षित स्थविर प्रतिसम्भिदा साक्षात्कार गरिसकेर देवचारिकामा घुम्न जाँदा सो देवपुत्रलाई अत्यन्त महान देवसम्पत्तिले जाज्वल्यमान भई चम्किरहेको देखेर नजिक गएर उसले गरेको कर्म सोध्नुभयो । सो देवपुत्रले पनि उहाँलाई यथार्थ कुरा बतायो । त्यसैले यहाँ यस्तो भनिएको हो-

१. “सब्बसोवण्णमयो आसि पासादो रतनामयो,
सोण्णसिङ्गसताकिण्णो दुद्दिक्खो च पभस्सरो । ॥१॥

“तिम्रो यो सम्पूर्ण विमान सुवर्णमय र रत्नजडित छ, शयौंवटा सुवर्णमय गजूरहरूले युक्त छन्, जुन कि चम्किलो भएकोले हेर्न नै गहारो छ । ॥१॥

२. कूटगारसताकिण्णो सोण्णमालासमाकुलो,
मुत्ताकलापा लम्बन्ति तत्थ तत्थ मनोरमा । ॥२॥



https://dhamma.digital

त्यहाँ सयौंवटा बुर्जहरू छन् । एक कुनादेखि अर्को कुनासम्म प्रचूरमात्रामा मालाहरूले सजिएका छन् । मनोरम मोतीका झुप्पाहरू लर्किएका छन् । ॥२॥

३. नेकगब्भसताकिण्णो सयनासनमण्डितो,
विभत्तो सब्ब भागेहि पुञ्ञवड्ढकिना कतो । ॥३॥

पुण्यरूपी कर्मि (कामदार) ले बनाइदिएको (मेरो प्रासाद) सयौंवटा कोठाहरू, भण्डारहरूले युक्त छ। दिव्यखाट तथा मेचहरूले शोभायमान छ । सबै कोठाहरू राम्ररी विभाजित छ । ।३॥

४. नच्चन्ति पमदा तत्थ भेरिमण्डलमज्झगा,
गायन्ति काचि कीलन्ति वादेन्ति काचि तन्तियो । ॥४॥

त्यस प्रासादमा भेरि (धिमे, नायखिँ आदि) बाजाहरूका बिचमा कोही देवीहरू नाचिरहेकी छिन्, कोही गाउँदै छिन्, कोही खेलिरहेकी छिन् । कोही वीणा आदि बजाइरहेकी छन् । ॥४॥

Dhamma.Digital

५. ततो तिगावुते ठाने पासादस्स समन्ततो,
सहच्छरा देवपुत्ता गहेत्वा आततादयो । ॥५॥

त्यसपछि प्रासादको चारैतिर तिन गाउत जतिको ठाउँमा देवता, अप्सराहरू सहित देवपुत्रहरू ढोलक आदि बाजाहरू बजाइ रहेका छन् । ॥५॥

६. मोदेन्ति परिवारेत्वा नच्चगीतादिना सदा,
उल्लंघन्ति च सेलेन्ति सिलाघन्ति समन्ततो । ॥६॥



https://dhamma.digital

(अप्सराहरू) उसलाई त्यहाँ सधैं घेरेर नाच-गान आदिद्वारा प्रसन्न पारीबसेका छन्। उनीहरू कोही उफ्रन्छन्, कोही हल्ला गर्छन्। कोही उसलाई स्तुति प्रशंसा गर्छन्। ॥६॥

७. एवं महिद्धिको दानि तुवं चन्दो व भाससि,
पुच्छामि तं देवपुत्तं किं कम्मं अकरी पुरा ? ॥७॥

यस्तो महान ऋद्धिवान् तिमी अहिले चन्द्रमा समान जाज्वल्यमान छौ। म देवपुत्रसँग सोध्छु कि पहिले के पुण्यकर्म गरि आएका थियौ ? ॥७॥

देवपुत्रले बोले -

८. अहोसिं दुग्गतो पुब्बे वाराणसिपुरुत्तमे,
दानं देन्ति नरा तत्थ निमन्तेत्वान भिक्खवो। ॥८॥

परापूर्वकालमा उत्तम नगर वाराणसीमा म दरिद्र मानिस भएको थिएँ। त्यहाँ मानिसहरूले भिक्षुहरूलाई निमन्त्रणा गरी दान दिइरहेका थिए। ॥८॥

९. जीवन्तो भतिया सो'हं दानं देन्ते महाजने,
तुट्ठहट्ठे पमुदिते एवं चिन्तेस'हं तदा। ॥९॥

ज्यामि काम गरी जीविका गरिरहेको म उक्त समयमा धेरै जनाताहरू दान दिएर सन्तुष्ट, हर्षित, प्रमुदित भइरहेको देखेर मैले यस्तो चिन्तन गरें- ॥९॥

१०. सम्पन्नवत्थालंकारा दानं देन्ति इमे जना,
परत्थ पि पहट्ठा व सम्पत्तिं अनुभोन्ति ते। ॥१०॥



https://dhamma.digital

"यी मानिसहरू यहाँ वस्त्र तथा अलंकारहरूले सम्पन्न भई दान दिइरहेका छन् । यिनीहरूले परलोकमा पनि हर्षित-प्रमुदित भएर नै सम्पत्ति भोग गर्नेछन् ।" ॥१०॥

११. बुद्धप्पादो अयं दानि धम्मो लोके पवत्तति,
सुसीला दानि वत्तन्ति दक्खिणेय्या जिनोरसा । ॥११॥

अहिले यो बुद्ध उत्पन्न भएको समय हो । उहाँको धर्म लोकमा प्रचार छ । भगवान् जिन (विजयी, भगवान) का शीलले युक्त, दक्षिणा दिन योग्य पुत्रहरू (भिक्षुहरू) यस समयमा अझै विद्यमान छन् । ॥११॥

१२. अनवट्ठितो व संसारो अपाया खलु पूरिता,
कल्याणविमुखा सत्ता कामं गच्छन्ति दुग्गतिं । ॥१२॥

यो संसार अस्थिर छ, तथा अपायहरूले भरिएको छ । कुशल कर्मबाट विमुख प्राणीहरू पक्कै पनि दुर्गतिमा खस्नेछन् । ॥१२॥

१३. इदानि दुक्खितो हुत्वा जीवामि कसिरेन'हं,
दलिद्दो कपणो दीनो अप्पभोगो अनाल्हियो । ॥१३॥

अहिले म दुःख तथा कठिनाईपूर्वक जीवनयापन गरिरहेको छु । दरिद्र, कंजुस, दीन-हीन, निर्धन, अभावग्रस्ट भई बाँचेको छु । ॥१३॥

१४. इदानि बीजं रोपेमि सुखेत्ते साधुसम्मते,
अप्पेवनाम तेनाहं परत्थ सुखितो सिया । ॥ १४॥



https://dhamma.digital

म अहिले असल मानिएको उत्तम खेतमा पुण्यरूपी बिउ रोप्नेछु। त्यसबाट परलोकमा (म) सुखी हुनेछु।" ॥१४॥

१५. इति चिन्तिय भिक्खित्वा भतिं कत्वान नेकधा,
मण्डपं तत्थ कारेत्वा निमन्तेत्वान भिक्खवो। ॥१५॥

यस्तो सोचेर म माग्न गएँ। अनि मैले धेरै प्रकारले ज्यामी काम गरेर मैले त्यहाँ दानशाला बनाएँ र भिक्षुहरूलाई निमन्त्रणा गरेँ।

१६. आयासेन अदासाहं पायासं अमतायसो,
तेन कम्मविपाकेन देवलोके मनोरमे। ॥१६॥

१७. जातो'म्हि दिब्बकामेहि मोदमानो अनेकधा,
दीघायुको वण्णवन्तो तेजसी च अहोसहं ति।" ॥१७॥

मैले मुश्किलले अमृत (निर्वाण) प्राप्तिको आशाले पायस (खीर) भोजन दान दिएँ। उक्त कर्मको विपाकले गर्दा अत्यन्त मनोरम यस देवलोकमा जन्म भएको हुँ। दिव्य पञ्चकाम सुखद्वारा अनेक प्रकारले खुशीप्रसन्न भई बसेको छु। म दीर्घायु भएँ। रूप वर्ण सम्पन्न र तेजयुक्त भएँ।" ॥१६-१७॥

यस प्रकार देवपुत्रले आफूले गरेका कुशलकर्म विस्तारपूर्वक बतायो। स्थविर पनि मनुष्य लोकमा झरेर मानिसहरूलाई आफूले प्रत्यक्षरूपले हेरी आएको दिव्य सम्पत्ति प्रकाश गर्नुभयो। त्यो उपदेश सुनेर धेरै मानिसहरू स्वर्गलोकमा जन्मिनपुगे।



https://dhamma.digital

१८. अनाल्हियो दुग्गतदीनको’पि
दानं ददन्तो’धिगतो विसेसं,
सग्गापवग्गं यदि पत्थयव्हो
हन्त्वान मच्छेरमलं ददाथा ति । ॥१८॥

यस प्रकार एक आल्ह (माना) चामल पनि नभएको दरिद्र मानिसले पनि दान दिएर विशेष (दिव्यसम्पत्ति) साक्षात्कार गरि लियो । (तसर्थ) यदि स्वर्ग मोक्ष सम्पत्ति प्रार्थना गर्दछौ भने मात्सर्य (कंजूसीभाव) लाई छोडेर दान दिनुहोस् । ॥१८॥

गरीब दुखीको कथा आठौं समाप्त ।

Dhamma.Digital



https://dhamma.digital

# ३.०९. देवपुत्रको कथा

अब यहाँबाट शुरु हुन्छ-

भनिन्छ कि पहिले नारद सम्यक्सम्बुद्ध भगवानको कालमा यो जम्बुद्वीप (?) अर्कै नामले प्रसिद्ध थियो । त्यहाँ एक पटक अन्न राम्ररी उत्पादन नभएकोले दुर्भिक्ष (अनिकाल) भयो । प्राणीहरूलाई भोकमरीको भयले दुःख दियो । त्यस समय नारद भगवानको शासनमा बस्ने एक जना भिक्षु एउटा गाउँमा भिक्षाटन गएर जस्तो गरी धोइएको पात्र लिएर जानुभएको थियो त्यस्तै गरी (खाली पात्र) गाउँबाट फर्किनुभयो । अनि एउटा गाउँमा मानिसहरू चामल एक माना कपडामा पोको पारी पानीमा उमाली त्यसको पानी (माड) मात्र खाएर जीविका गरिरहेका थिए । त्यस समयमा स्थविरलाई देखेर वन्दना गरी पात्र लिएर त्यस चामलको भात पकाई पात्रमा हाली स्थविरलाई सौंपीदिए । अनि पछि उनीहरूको श्रद्धाको बल प्रतापले त्यो कसौंडी भातले भरिनगयो । उनीहरूले त्यो आश्चय देखेर "आर्यलाई दान दिएको विपाकफल हामीले आज नै देख्यौं" भनी मन प्रसन्न गरी धेरै जनताहरू भेला गरेर उनीहरूलाई भात खुवाएर पछि आफूहरूले पनि खाए । जहाँ जहाँबाट भात उगाइयो त्यहाँ फेरि भात भरिन आयो । त्यसबेलादेखि उनीहरूले आएजति मानिसहरूलाई दान दिंदै आयु सिद्धिएपछि देवलोकमा जन्मिन पुगे ।



https://dhamma.digital

अनि त्यस स्थविरले भोजन ग्रहण गरी एउटा रुखमुनि बसेर भोजन गर्न थाल्नुभयो। त्यस रुखमा जन्मेका एक जना देवपुत्र आहारको कमीले पीडित भएकोले भोजन गरिरहेका स्थविरलाई देखेर आफ्नो आत्मभाव (स्वरूप) छोडेर एउटा बूढोको भेष बनाएर उहाँको नजिक आएर बसिरह्यो। स्थविरले वास्ता नराखीकन भोजन गरिरहनुभयो। अन्तिम गाँस भोजन उठाउन लागेको बेलामा देवपुत्रले खोकेर आफू त्यहाँ बसिरहेको भाव जानकारी दियो। स्थविरले उसलाई देखेर पश्चाताप अनुभव गरेर त्यो अन्तिम गाँस भोजन उसको हातमा राखी दिनुभयो। त्यसपछि उसले भातको गाँस लिएर उभेर चिन्तन गर्यो- मैले त पहिले कहिले पनि श्रमण ब्राह्मणहरूलाई अथवा गरीबगुरुवाहरूलाई भए पनि अन्ततः काग, कुकुरहरूलाई समेत आहार दान दिएको छैन होला, त्यसैले आज मैले देवता भएर पनि भात खान पाइनँ। म यो भातको गाँस स्थविरलाई नै दान दिनेछु। यस्तो गरेर मेरोलागि दीर्घकालसम्म हितसुखको लागि हुनसक्छ" भनी भातको गाँसको आशा छोडेर स्थविरको नजिक गएर भन्यो, "स्वामी, हजुरको दासलाई यस लोकको संग्रह गर्नु पर्दैन। मलाई परलोकको संग्रह गर्नुहोस्।" यति भनी उसले भातको गाँस उहाँ भिक्षुको पात्रमा नै हालिदियो। त्यसपछि उसको त्यो भातको गाँस पात्रमा खस्ने बित्तिकै तीन गाउत[४]

४ "रतनं तानि सत्त व यट्ठि तावो सतू सभंगाउत मुसभासोति योजनं चतु गाउत" अर्थात् सात हातको एक यट्ठि, २० यट्ठिको एक उसभ, ८० उसभको एक गाउत हुन्छ।



https://dhamma.digital

भएको स्थानमा दिव्यमय भातको भाँडो देखापर्यो । देवपुत्रले स्थविरलाई पञ्चांग वन्दना गरेर त्यसपछि दिव्यभोजन लिएर पहिले दान गरेर पछि मात्र आफूले खायो । त्यसपछि देवपुत्रले भोलिदेखि स्थविरलाई र त्यहाँ भेला हुन आएका जति जनताहरूलाई पनि महादान दिंदै आयुको अन्तमा देवलोकमा जन्मेर छ प्रकारका कामसुगतिमा यताउति यताउति दिव्यसम्पत्ति अनुभव गर्दै पदुमुत्तर भगवानको पालामा त्यहाँबाट च्यूत भएर आई वाराणसी नगरमा धेरै धनसम्पत्तिले युक्त भएको मिथ्यादृष्टिक कुटुम्बिकको घरमा जन्म हुन गयो । उसलाई देव भनी नाम राखियो ।

पछिको समयमा उसले होश सम्भालेपछि उसका मातापिताहरू मृत्यु भए । उसले सुन, माणिक्य, मोती आदिले भरिएको ढुकुटी आदि हेरेर सोच्यो, “मेरा मातापिताहरू मिथ्यादृष्टिक भएकोले यी सम्पत्तिहरू दान आदि केही पनि कुशल कर्म नगरिकन परलोक जाँदा एउटा कानाकौरी समेत नलिइकन गए । मैले त अवश्य नै लिएर जानेछु” भनी अधिष्ठान गरेर बाजा बजाएर घोषणा गर्न लगाएर भिखारी, बटुवा, दरिद्रहरू भेला गराई सात दिन भित्रमा सारा सम्पत्ति दानको रूपमा दिएर जंगलमा पसेर ऋषि प्रब्रज्याले प्रब्रजित भएर कसिण ध्यान वृद्धि गरेर पाँचवटा अभिज्ञा[५] र आठवटा

---

५ पाँचवटा अभिज्ञा भनेको-
१. इद्धिविध, २. परचित्त विजानन, ३. पुब्बे निवासन सति, ४. दिब्बचक्खु, ५. दिब्बसोत हुन् ।



https://dhamma.digital

समापत्ति[६] साक्षात्कार गरि लिएर आकाशबाट जान सक्ने भए ।

अनि त्यस समयमा पदुमुत्तर नामक भगवान हंसवती भन्ने नगरमा वास गरी देव ब्रह्माहरूद्वारा परिवृत्त भई चार सत्ययुक्त धर्मदेशना गरिरहनुभएको थियो। त्यस समयमा त्यो तपस्वी आकाशमार्गबाट गइरहेको बेलामा धेरै मानिसहरू भेला भइरहेको र भगवानको शरीरबाट निस्कीरहेको छवर्णको रश्मी देखेर "यो के रहेछ" भनी आश्चर्य मानेर आकाशबाट झरेर हेर्दा ठूलो बुद्धलीलाको साथमा विराजमान भई धर्मदेशना गरिरहनुभएका भगवानलाई देखेर मन प्रसन्न गरेर धर्म परिषद्को अन्तमा बसेर धर्म श्रवण गरेर भगवानलाई वन्दना गरी  आफ्नो आश्रममा नै फर्केर गए ।

त्यसपछि उनी आयु छउँजेलसम्म त्यहाँ बसेर आयु सिद्धेपछि तावतिंस देवभुवनमा जन्मेर ३० कल्पसम्म दिब्यसम्पत्ति भोग गरेर छ वटा काम सुगतिमा आलोपालो गरी घुमे । ५१ वटा आत्मभाव (जन्म) सम्म देवराज इन्द्र भएर जन्मे। २१ वटा आत्मभाव चक्रवर्ती राजा भएर मनुष्यसम्पत्ति अनुभव गरेर यस बुद्धोत्पादको समयमा भगवान परिनिर्वाण भईसकेपछि श्रावस्ती नगरमा एउटा कुलमा जन्मेर सातवर्ष उमेर भएपछि एक जना भिक्षुले धर्मदेशना गरिरहेको देखे ।

---

६ आठ समापत्ति-
१. प्रथम ध्यान, २. द्वितीय ध्यान, ३. तृतीय ध्यान, ४. चतुर्थ ध्यान, ५. आकासानञ्चातयन, ६. विञ्ञानञ्चायतन, ७. आकिञ्चञ्ञायतन, ८. नैवसञ्ञानासञ्ञायतन ।



https://dhamma.digital

देखेर उहाँकहाँ गएर धर्मश्रवण गरेर अनित्यभाव साक्षात्कार गरेर त्यहाँ बस्दाबस्दै नै अरहत्त्व प्राप्त गरे । त्यसपछि उनी प्रतिसम्भिदामा पुगेर आफूले गरेको पुण्यकर्म हेर्दै त्यो पहिलेका कर्महरू भिक्षुहरूका माझमा प्रकाश गरी बताए । त्यसैले भनिएको हो-

१. “नारदो किर सम्बुद्धो पुब्बे आसि नरुत्तमो,
लोकं दुक्खा पमोचेन्तो ददन्तो अमतं पदं । ॥१॥

“परापूर्वकालमा नरजनहरूमध्ये उत्तम नारद सम्यक्सम्बुद्ध लोकजनहरूलाई (संसार) दुःखबाट मुक्त गर्दै अमृतपद (निर्वाण) प्रदान गरि बस्नुभयो । ॥१॥

२. तस्मिं तु समये तस्स सावको छिन्नबन्धनो,
भिक्खित्वा दीपके लद्धं आहारं परिभुंजितुं । ॥२॥

३. रुक्खमूलं उपागञ्छि तत्थासिं रुक्खदेवता,
बुभुक्खिता उदिक्खन्ति अट्ठासिं तस्स सन्तिके । ॥३॥

त्यस समयमा उहाँ (नारद तथागत) का भवबन्धनबाट मुक्त एक जना शिष्य एउटा द्वीपमा भिक्षाटन गरी प्राप्त भएको आहार भोजन गर्नको लागि एउटा रुखमुनि जानुभयो । म उक्त रुखमा बस्ने देवता भइबसेको थिएँ । त्यस बेलामा भोक लागेर सहन नसकेर उहाँको नजिक गएर उभिइरहें । ॥२-३॥

४. अदासि मे भत्तपिण्डं करुणापूरितन्तरो,
गहेत्वान ठितो पिण्डं सहमानो खुदं तदा । ॥४॥


https://dhamma.digital

करुणाले भरिपूर्ण हृदयका उहाँ भिक्षुले मलाई एकगाँस भात दिनुभयो । उक्त पिण्ड (भात) लिएर भोक सहेर उभेरै मैले यस्तो चिन्तन गरेँ । ॥४॥

५. अदिन्नत्ता मया पुब्बे किञ्चि दानं सुपेसले,
जिघच्छापीलितो होमि जातो पि देवयोनियं । ॥५॥

मैले पूर्वजन्ममा शीलवानहरूलाई केही पनि दान नगरेकोले गर्दा देवयोनिमा जन्मेर पनि भोकले पीडित भएर बस्नु पर्‍यो । ॥५॥

६. अज्ज खेत्तं सुलद्धं मे देय्यधम्मो पि विज्जति,
बीजं एत्थ च रोपेमि भवतो परिमुत्तिया । ॥६॥

आज मलाई पुण्य क्षेत्र प्राप्त भएको छ, दान दिने वस्तु पनि उपलब्ध छ । यस भव संसारबाट मुक्त हुनका लागि म यस पुण्यक्षेत्रमा बिउ रोप्नेछु । ॥६॥

७. इति चिन्तिय वन्दित्वा सामि वो दासिया अलं,
सङ्गहं इध लोकस्मिं करोथ पारलोकिकं । ॥७॥

यति चिन्तन गरी वन्दना गरेर भने- स्वामी (भन्ते) हजुरको दासलाई यस लोकको लागि संग्रह (उपकार) नगर्नुहोस् । परलोकको लागि संग्रह गर्नुहोस् । ॥७॥

८. इति वत्वा अदासाहं भुञ्जि सो पि दयापरो,
तेनाहं पुञ्ञकम्मेन सुधन्नं अलभिं खणे । ॥८॥



https://dhamma.digital

यस्तो भनेर मैले वहाँलाई दान गरेँ। वहाँले दयापूर्वक सो भोजन सेवन गर्नुभयो । मैले गरेको उक्त पुण्य कर्मद्वारा तुरुन्तै मलाई दिव्य भोजन प्राप्त भयो। ॥८॥

९. ततो चुतो छदेवेसु विन्दन्तो महतिं सिरिं,
चिरकालं वसिं तत्थ देविद्धिहि समङ्गितो। ॥९॥

त्यहाँबाट च्यूत भई छ वटा देवलोकहरूमा ठूलो दिव्य ऐश्वर्य सम्पत्ति भोग गर्दै देवताहरूका ऋद्धिबलले संयुक्त भएर त्यहाँ दीर्घकालसम्म नै बास गरेँ । ॥९॥

१०. सतसहस्से इतो कप्पे पदमुत्तरनामको,
उप्पज्जि लोकनयनो धम्मराजा तथागतो। ॥१०॥

यस भद्रकल्पभन्दा एक लाख कल्प पहिले लोकजनका आँखा हुनुभएका, धर्मराज हुनुभएका, पदुमुत्तर नामका तथागत लोकमा उत्पन्न हुनुभयो। ॥१०॥

Dhamma.Digital

११. महिद्धिको तदा आसिं तापसो कानने वने,
सम्पत्तपञ्चाभिञ्ञो आकासेन चराम'हं। ॥११॥

उक्त समयमा म पाँच अभिज्ञाप्राप्त ठूलो ऋद्धिवान भएर जङ्गलमा तपस्वी बनेर आकास मार्गबाट आउजाउ गर्थें। ॥११॥

१२. तदाकासेन गच्छन्तो रम्मे हंसवतीपुरे,
बुद्धरंसीपरिक्खित्तं केतुमालाविलासितं। ॥१२॥



https://dhamma.digital

त्यस समयमा म आकासबाट गईरहँदा रमणीय हंसवती नगरमा चारैतिर बुद्धरश्मी फिजिको र पताकाहरूको माला (केतुमाला) ले सुसज्जित भएको स्थान देखेँ ।

१३. देवसङ्घपरिब्बूल्हं देसेन्तं अद्दसं जिनं,
ओतरित्वान नभसा ठितो'हं परिसन्तके । ॥१३॥

देवतासंघद्वारा घेरिएर (धर्म) देशना गरिरहनुभएका जिन (विजयी, भगवान)लाई देखेर म आकाशबाट ओर्लेर त्यस परिषदको छेउमा उभिइरहेँ । ॥१३॥

१४. धम्मं सुत्वा उदग्गो'हं कारं कत्वान सत्थुनो,
ततो चुतो'पपन्नो'स्मि तावतिंसे मनोरमे । ॥१४॥

धर्म उपदेश सुनेर मन प्रफुल्लित पारी शास्तालाई सत्कार गरेँ । त्यहाँबाट च्यूत भई म मनोरम तावतिंस देवलोकमा उत्पन्न भएँ । ॥१४॥

१५. तिंसकप्पसहस्सानि चरन्तो देवमानुसे,
दुग्गतिं नाभिजानामि लभामि विपुलं सुखं । ॥१५॥

तिसहजार कल्पसम्म देव र मनुष्य लोकमा भ्रमण गर्दै ठूलो (देव र मनुष्य) सुख प्राप्त गरेँ । मैले दुर्गति भनेको थाहा पाइनँ (जानु परेन) । ॥१५॥

१६. एकपञ्ञासतिक्खत्तुं देवरज्जं अकारयिं,
अथे'कवीसतिक्खत्तुं चक्कवत्ति अहोस'हं । ॥१६॥



https://dhamma.digital

मैले एकाउन्न (५१) पटकसम्म देवलोकमा राज्य गरेँ, फेरि एकाइस (२१) पटकसम्म चक्रवर्ति राजा भएँ ।

१७. पदेसरज्जमकासाहं बहुक्खत्तुं तहिं तहिं,
इमस्मिं भद्दके कप्पे निब्बुतेसु तथागते । ॥१७॥

१८. चोदितो पुञ्ञकम्मेन सावत्थिपुरमु’त्तमे,
उप्पज्जित्वा कुले सेट्ठे जातिया सत्तवस्सिको । ॥१८॥

१९. सुत्वा धम्मं कथेन्तस्स भिक्खुस्स’ञ्ञतरस्स’हं,
भवस्स’न्तं करित्वान अरहत्तं अपापुणिं । ॥१९॥

मैले यताउति धेरै पटक प्रदेश राज्य गरेँ । यस भद्रकल्पमा तथागतको महापरिनिर्वाणपछि पुण्य कर्मको बलद्वारा प्रेरित भएर उत्तम श्रावस्ती नगरमा श्रेष्ठ कुलमा जन्मेर सात बर्षको उमेर भएपछि धर्मदेशना गरिरहनु भएका एक जना भिक्षुको उपदेश सुनेर संसारलाई अन्त गरी अरहत्त प्राप्त गरेँ । ॥१७-१८-१९॥

Dhamma.Digital

२०. सुदिन्नं मे तदा दानं सुस्सुतं धम्ममुत्तमं,
दुक्खस्स’न्तं अकासा’हं तस्स कम्मस्स वाहसा ति । ॥२०॥

त्यस समयमा मैले दिएको दान राम्रो थियो । उत्तम धर्म उपदेश राम्ररी सुनिएको थियो । मेरो त्यस पुण्यकर्मको हेतुले संसार दुःखलाई अन्त गरेँ ।

उनले यस प्रकार बोलेर धेरै जनताहरूलाई कुशल कर्ममा लगाए ।



https://dhamma.digital

२१. दानेन’पे’वं चरिमाय पिण्डिया
सवणाय धम्मस्स मुहुत्तकेन,
लभन्ति सत्ता तिविधं पि सम्पदं
फलं वदे को बहुदायकस्स भो ? ॥२१॥

भो सज्जनवृन्द ! यस प्रकार भातको अन्तिम गाँस मात्र दान गरेर पनि, एक छिन मात्र धर्म श्रवण गरेर पनि सत्त्वप्राणीहरूलाई तिन प्रकारका सम्पत्तिहरू (दिव्य, मनुष्य र निर्वाण) समेत लाभ भयो । धेरै दान दिनेहरूलाई प्राप्त हुने फल विपाकको कुरा कसले पो गर्न सक्ला र ? ॥२१॥

देवपुत्रको कथा नवौं समाप्त ।



https://dhamma.digital

# ३.१०. सीवली स्थविरको कथा

अब यहाँबाट शुरु हुन्छ-

यस भद्रकल्पबाट एक लाख कल्प पहिले धर्मदेशनाद्वारा सत्त्व प्राणीहरूलाई अमृत महानिर्वाणमा पठाउनुहुने पदुमुत्तर नामको शास्ता लोकमा उत्पन्न हुनु भएको थियो । उक्त समयमा भगवानले हंसवती नगरमा राजा सहित भएको परिषद्को बिचमा एक जना भिक्षुलाई लाभसत्कार लाभीहरूमध्ये सबभन्दा अग्र स्थानमा राख्नुभयो । त्यो देखेर राजाले पनि त्यो पदको इच्छा गरेर बुद्ध भगवान प्रमुख भिक्षु संघलाई महादान गरी भगवान (पदुमुत्तर बुद्ध) को चरणमा शिरले टेकी घोप्टो परी बसे । अनि उनलाई भगवानले "भविष्यमा गौतम भगवानको शासनमा त्यो पदवी (तिमीलाई) लाभ हुनेछ" भनी भविष्यवाणी गर्नुभयो ।

त्यो कुरा सुनी प्रसन्न भएका राजा पुण्यकर्म गरी देवलोकमा जन्मिए । त्यस पछिको समयमा वाराणसी नगरमा महाजनको पुत्र भएर जीवनभर एकहजार जना प्रत्येक बुद्धहरूलाई चार प्रत्ययहरूद्वारा सेवा सत्कार गरी देवलोकमा जन्मिएर ठूलो सम्पत्ति भोग गरेर त्यहाँबाट च्युत भई विपस्सी भगवानको समयमा बन्धुमती नगरमा एउटा कुलगृहमा जन्मिए । त्यस समयमा सेनापतिको पदमा बसी आफ्नो मालिकको सेवा गरीबसे ।



https://dhamma.digital

त्यस बेलामा नगरवासी उपासकगणले विपस्सी सम्यक्सम्बुद्धकहाँ गएर वन्दना गरी बिन्ती गरे- भन्ते भगवान, श्रावकहरूसहित गरी हामीलाई अनुग्रह गर्नुहोस् । अनि भोली भोजन गर्नका लागि निमन्त्रणा गरी महादान दिएर सबैजना एकमत भएर भगवानका लागि अत्यन्त योग्य महापरिवेण-महाविहार बनाउन लगाई परिवेण उद्घाटन उत्सवमा महादान दिइरहेको बेलामा दान दिइरहेको ठाउँमा "यो एउटा वस्तु छैन, भन्न नसकोस्" भनी दानवस्तुहरू तयार गर्न लगाई दान दिने ठाउँमा गएर हेर्दा ताजा दही र महको घार नदेखेर मानिसहरूलाई बोलाएर एकहजार कार्षापण (पैसा) दिएर "दही र मह छिट्टै खोजेर ल्याउनू" भनी पठाइदिए । उनीहरू एकहजार खर्च लिएर गएर दही र मह पाइने ठाउँ खोजेर हिंड्दै नगरको मूलढोकानिर उभिइरहे । त्यस समयमा यो सेनगुप्त (सैनिक अधिकारी) ले राजाका लागि भोजन सहित दही र मह लिएर गइरहँदा नगरको मूलढोकानिर पुगे । अनि ती दाताहरूले दही र मह देखेर याचना गरे- "भो पुरुष ! कहापण (पैसा) लिएर यो सामान हामीलाई दिनुस् ।" उसले "दिन्नँ" भनेपछि मूल्य बढाबढ गर्दै "एकहजार नै दिन्छु, सामान देऊ", भने । अनि सेनगुप्तले सोचे- "यिनीहरूले धेरै मूल्य नपर्ने सामानका लागि हजार पनि तिर्छौं, सामान देऊ, भन्छन् ।" अनि सोधे- "तिमीहरूलाई यो सामान किन चाहिएको हो ?" उनीहरूले "सम्यक्सम्बुद्धका लागि हो" भनेपछि "त्यसो भए मैले नै दान गर्छु", भनी जीराको धुलो, मरिचको धुलो, मह, चाकु, सख्खर



https://dhamma.digital

आदि समेत राखेर दान दिने ठाउँमा लगिदिए। त्यो दानवस्तु शास्ताको आनुभावले गर्दा बुद्ध प्रमुख ६८ हजार भिक्षुहरूलाई पर्याप्त हुनगयो । त्यसपछि त्यस दानको पुण्यकर्मले गर्दा देव तथा मनुष्यलोकका सम्पत्ति भोग गरी पछिको समयमा हाम्रा भगवान बुद्धको समयमा कोलिय नगरमा महालिच्छवि राजाका आश्रयमा सुप्पवासा भन्ने बडामहारानीको गर्भमा जन्म लिन पुगे । सो बालक त सात वर्षसम्म आमाको गर्भमा बसेर सात दिनसम्म जन्मिन नसकेर महान दुःखकष्ट भोगे । आमाको गर्भबाट जन्मिएपछि उनलाई आमाबाबुले सीवली भनी नामाकरण गरे ।

यस प्रकार महान पुण्यवान व्यक्ति यति धेरै समयसम्म आमाको गर्भमा बसेर दुःख सहनु परेको उसले आफुले गरिआएको पापकर्मको कारणले नै हो । उनी पहिले अतीत समयमा राजा भएर आफ्ना शत्रु राजासँग लडाई लड्दै आमासँग सल्लाह गरे । आमाले सल्लाह दिए कि नगरको चारैतिर घेरा लगाएर शत्रु राजालाई समात्न सकिने छ, र उपाय सिकाइदिइन् । सो राजाले उनको आमाको वचन अनुसार नगरको चारैतिर घेरा लगाएर सातौं दिनमा (शत्रु राजालाई) समाते । त्यस पापकर्मको बलले गर्दा आमा छोरा दुबैजनाले यस्तो महान दुःख भोग्नु पऱ्यो ।

त्यसपछि सो महारानीले पुत्र प्रसव हुन लाग्दा सातौं दिनमा भगवानलाई अनुस्मरण गरेर सुखपूर्वक सो बोझबाट मुक्त भइन् । सन्तोष भएर सो महारानीले सातौं दिनमा बुद्ध प्रमुख भिक्षुसंघलाई महादान दिए । त्यसपछि उनका



https://dhamma.digital

छोरा सात वर्षको हुँदा घर त्यागेर आई शास्तालाई देखेर प्रव्रज्या मागे। भगवान शास्ताले सारिपुत्र स्थविरलाई जिम्मा दिनुभयो। त्यसपछि सारिपुत्र स्थविर उपाध्याय, मौद्गल्यायन स्थविर आचार्य बनाएर प्रव्रजित हुनुभयो । त्यसपछि उहाँ शिरको केश खौरिंदा नै अरहन्त हुनुभई बुद्ध शासनलाई शोभायमान गर्नुभयो ।

उहाँले पहिले गर्नुभएको पुण्यको आनुभावले गर्दा महापुण्यवान् हुनुभयो। लाभी भिक्षुहरूका माझमा सबभन्दा अग्र हुनुभयो । पछिल्लो समयमा एक पटक तथागत रेवत स्थविर भेट्न खदिरवन विहारमा जानका लागि ३०,००० (तिस हजार) भिक्षुहरूका साथमा ३० (तिस) योजन पानीरहित तथा भोजन कमी रहेको भूमिमा पुग्नुभयो । धेरैजसो देवताहरू सीवली स्थविर देखेर प्रसन्न हुन्छन् । त्यसैले भगवान सीवली स्थविरलाई अगाडि अगाडि राखेर चारिकामा निस्कनुभयो । देवताहरूले बनाइदिएका विहार हरूमा बास गरेर देवताहरूले तयार गरिदिएको भोजन गरेर रेवत स्थविरकहाँ पुगेर यात्राको उद्देश्य पूर्ण गरेर भगवान जेतवन विहारमा नै फर्केर आई (उहाँ सीवली स्थविरलाई) लाभीहरूमध्येमा सबभन्दा अग्र पदवीमा राख्नुभयो ।

त्यसैले अपदान ग्रन्थमा यस्तो भनिएको हो-

१. “पदुमुत्तरो नाम जिनो सब्बधम्मेसु चक्खुमा,
इतो सतसहस्सम्हि कप्पे उप्पज्जि नायको । ॥१॥



https://dhamma.digital

“यस भद्रकल्पदेखि एक लाख कल्प पहिले सबै (ज्ञेय) धर्ममा चक्षुवान् लोकका नायक पद्मोत्तर नामक जिन (विजेता, भगवान) लोकमा उत्पन्न हुनुभयो । ॥१॥

२. सीलं तस्स असङ्खेय्यं समाधिवजिरूपमा,
असंखेयं ञाणवरं विमुत्ती च अनोपमा । ॥२॥

वहाँको शील असङ्खेय (अपरिमित) थियो, समाधि बज्र जस्तो (बलियो) थियो । उहाँको उत्तम ज्ञान पनि असङ्खेय नै थियो, र विमुक्ति पनि अनुपम थियो । ॥३॥

३. मनुजामरनागानं ब्रह्मानं च समागमे,
समणब्राह्मणाकिण्णे धम्मं देसेति नायको । ॥३॥

उहाँ नायक (अगुवाई गर्ने, भगवान) ले मनुष्य, देवता, नाग, श्रमण, ब्राह्मणहरूको समागममा बसेर धर्मदेशना गर्नुभयो जुनमा श्रमण तथा ब्राह्मणहरूको भीड लागेको थियो । ।३॥

४. ससावकं महालाभिं पुञ्ञवन्तं जुतिन्धरं,
ठपेसि एतदग्गम्हि परिसासु विसारदो । ॥४॥

उहाँ विशारद (ज्ञानी, बुद्धिमान, भगवान) ले परिषदहरूको बिचमा एकजना पुण्यवान् (शील, समाधि रूपी) तेजवान्, धेरै लाभ सत्कार प्राप्त गर्ने श्रावकलाई एतदग्ग (उत्कृष्ट, विशिष्ट) पदमा राख्नुभयो । ॥४॥

५. तदा'हं खत्तियो आसिं नगरे हंससवत'व्हये,
सुत्वा जिनस्स तं वाक्यं सावकस्स गुणं बहुं । ॥५॥



https://dhamma.digital

६.	निमन्तयित्वा सत्ताहं भोजयित्वा ससावकं,
महादानं ददित्वान तं ठानं अभिपत्थयिं । ॥६॥

उक्त समयमा म हंसवती भन्ने नगरमा राजा थिएँ । उहाँ जिन (विजेता, भगवान)को त्यो श्रीमुखबाट उहाँ श्रावकका धेरै गुणगान सुनेर श्रावकहरू सहित उहाँ (भगवान) लाई निमन्त्रणा गरी सात दिनसम्म भोजन गराई महादान दिएर मैले त्यो अग्रश्रावक पदवी प्रार्थना गरेँ । ॥५-६॥

७.	तदा मं विनतं पादे दिस्वान पुरिसासभो,
सो सरेन महावीरो इमं वचनं अब्रुवी । ॥७॥

त्यस बेलामा उहाँ पुरुषोत्तम महावीर (ठूला वीर, भगवान) ले उहाँको चरणकमलमा वन्दना गरिबसेको मलाई देखेर (ब्रह्म) स्वर निकाल्नुभई यो वचन आज्ञा हुनुभयो- ॥७॥

८.	ततो जिनस्स वचनं सोतुकामा महाजना,
देवदानवगन्धब्बा ब्रह्मानो च महिद्धिका । ॥८॥

त्यसपछि उहाँ जिन (विजेता, भगवान) को वचन सुन्न चाहनेहरू धेरै जनता, देव, दानव, गन्धर्व र महान ऋद्धिवान् ब्रह्माहरू समेत थिए । ॥८॥

९.	समण ब्राह्मणाचा पि नमस्सिंसु कतञ्जली,
नमो ते पुरिसाजञ्ञ नमो ते पुरिसुत्तम । ॥९॥

श्रमण, ब्राह्मणहरूले पनि हात जोडेर "पुरुषश्रेष्ठ हुनुभएका हजुरलाई नमस्कार गर्दछौं, पुरुषोत्तम हुनुभएका हजुरलाई नमस्कार गर्दछौं" भनी नमस्कार गरे । ॥९॥



https://dhamma.digital

१०. खत्तियेन महादानं दिन्नं सत्ताहकं विभो,
सोतुकामो फलं तस्स व्याकरोहि महामुने । ॥१०॥

भो महामुनि प्रभू (भगवान) ! राजाले सप्ताहभर महादान गर्नुभयो । हामी त्यस दानको फल सुन्ने इच्छा गरिरहेका छौं, आज्ञा हुनुहोस् । ॥१०॥

११. ततो अवोच भगवा सुणाथ मम भासितं,
अप्पमेय्यम्हि बुद्धस्मिं ससंघम्हि पतिट्ठिता । ॥११॥

त्यसपछि भगवानबाट आज्ञा भयो- सबैले मेरो वचन सुन । संघ सहित गरी बुद्धप्रति श्रद्धा बलियो पारी जुन दान गर्यौ, त्यसको फल अपरिमित छ । ॥११॥

१२. दक्खिणाताय को वत्ता अप्पमेय्यफलावहा,
अपि चे'स महाभोगो ठानं पत्थेतिमुत्तमं । ॥१२॥

१३. लाभी विपुललाभीनं यथा भिक्खु सुदस्सनो,
तथा'हं पि भवेय्यं ति लच्छते तं अनागते । ॥१३॥

त्यस अपरिमेय (अपरिमित) फल दिने दक्षिणादान सम्बन्धी फल कसले पो बयान गर्न सक्ला र ? तसर्थ महान भोगसम्पत्तिले युक्त राजाले पनि "चतुप्रत्यय लाभीहरूमध्येमा सुदर्शन भिक्षु जस्तो नै हुन पाउँ" भनेर जुन अग्रपदवी प्रार्थना गर्‍यौ, भविष्यमा त्यो अग्रपदवी तिमीले पाउनेछौ । ॥१२-१३॥

१४. सतसहस्से इतो कप्पे ओक्काककुलसम्भवो,
गोतमो नाम नामेन सत्था लोके भविस्सति । ॥१४॥



https://dhamma.digital

यस भद्रकल्पबाट एक लाख कल्पपछि ओक्काक कुलमा उत्पन्न गौतम नामका शास्ता लोकमा प्रकट हुनुहुनेछ । ॥१४॥

१५. तस्स धम्मेसु दायादो ओरसो धम्मनिम्मितो,
सीवली नाम नामेन हेस्सति सत्थु सावको । ॥१५॥

(यो राजा) उहाँ शास्ताको धर्मको अंस पाउने धर्मनिर्मित ओरसपुत्र (मुखबाट जन्मेका सन्तान) सीवली नाम भएका श्रावक हुनेछन् । ॥१५॥

१६. तेन कम्मेन सुकतेन चेतनापणिधीहि च,
जहित्वा मानुसं देहं तावतिंसूपगो अहं । ॥१६॥

उक्त सुकृत कुशलकर्म र प्रतिज्ञायुक्त चेतनाको कारणले म मनुष्य शरीर छोडेर तावतिंस देवलोकमा उत्पन्न भएँ । ॥१६॥

१७. ततो'परस्मिं समये बाराणसिपुरुत्तमे,
सेट्ठिपुत्तो अहं आसिं अड्ढप्पत्तो महाधनो । ॥१७॥

त्यसपछि म उत्तम नगर वाराणसीमा धेरै धन सम्पत्ति भएको समृद्ध श्रेष्ठिपुत्र (सेठ) भएको थिएँ । ॥१७॥

१८. सहस्समत्ते पच्चेकनायके च निमन्तिय,
मधुरेनन्नपानेन सन्तप्पेसिं सदादरो । ॥१८॥

त्यस समयमा एकहजार जति प्रत्येक बुद्धहरूलाई निमन्त्रणा गरेर मधुर रसयुक्त (मिठो) अन्नपानद्वारा राम्ररी आदर-पूर्वक अर्पण गरेँ । ॥१८॥



https://dhamma.digital

१९. ततो चुतो छकामग्गे अनुभोसिं महायसं,
देवच्छरापरिवुत्तो पासादे रतनामये । ॥१९॥

त्यहाँबाट च्यूत भई छ वटा कामसुगतिहरूमा रत्नद्वारा निर्मित प्रासादमा देव अप्सराहरूद्वारा परिवृत्त भई ठूलो यश-ऐश्वर्य भोग गरैँ । ॥१९॥

२०. एवं अचिन्तिया बुद्धा, बुद्धधम्मा अचिन्तिया,
अचिन्तियेसु पसन्नानं विपाको होति अचिन्तियो । ॥२०॥

यसरी भगवान बुद्धहरू अचिन्तेय (चिन्तन गरेर साध्य नहुने) हुनुहुन्छ । बुद्धद्वारा देशित धर्म पनि अचिन्तेय छ । यसरी अचिन्तेय (त्रिरत्न) प्रति प्रसन्न हुनाको विपाक पनि अचिन्तेय नै हुन्छ । ॥२०॥

२१. एकनवुते इतो कप्पे विपस्सी नाम नायको,
उप्पज्जि चारुनयनो सब्ब धम्मविपस्सको । ॥२१॥

यस भद्रकल्पबाट एकान्नब्बे कल्प पहिले धर्मलाई विशेष रूपले देख्नुहुने सुन्दर आँखा भएका, लोकका नायक विपस्सी भन्ने भगवान उत्पन्न हुनुभयो । ॥२१॥

२२. तदा'हं बन्धुमतिया कुलस्स'ञ्ञतरस्स च,
दयितो पत्थितो पुत्तो आसिं कम्मन्तव्यावटो । ॥२२॥

त्यस बेलामा म बन्धुमती नगरको एउटा कुलको दयामाया गरिएको, प्रार्थना गरिएको (मन पराइएको), कामदाममा ब्यस्त पुत्र भएको थिएँ । ॥२२॥



https://dhamma.digital

२३. तदा अञ्ञतरो पूगो विपस्सिस्स महेसिनो,
परिवेणं अकारेसिं महन्तं इति विस्सुतं । ॥२३॥

उक्त समयमा महर्षी विपस्सी भगवानका संघलाई एकजना मानिसले ठूलो र प्रख्यात परिवेण (विहार) बनाउन लगायो । ॥२३॥

२४. निट्ठिते च महादानं ददं खज्जकसंयुत्तं,
नवं दधिमधुंचे'व विचिनं न च अद्दस । ॥२४॥

खाद्यपदार्थ सहित जम्मा गरेर दिइएको त्यस महादानको अन्तमा ताजा मह र दही देखेनन् । ॥२४॥

२५. तदा भत्तं गहेत्वान नवं दधिमधुं पि च,
कम्मस्सामिघरं गच्छिं तं एसन्ता अद्दसं । ॥२५॥

त्यस बेलामा म ताजा दही र मह सहितको भोजन लिएर आफ्नो कामको मालिकको घरतिर गइरहेको थिएँ । अनि ती मह र दही खोज्न आएकाहरूले मलाई देखे । ॥२५॥

२६. सहस्सं पि च दत्वान नलभिंसु च तद्द्वयं,
ततो एवं विचिन्तेसि नेतं हेस्सति ओरकं । ॥२६॥

हजार कार्षापण दिंदा पनि उनीहरूले ती दुई वस्तुहरू पाएनन् । तब मैले यस्तो चिन्तन गरें, “यो काम सानोतिनो होइन” । ॥२६॥

२७. यथा इमे जना सब्बे सक्करोन्ति तथागतं,
अहं पि कारं करिस्सामि ससंघे लोकनायके । ॥२७॥



https://dhamma.digital

जसरी यी सबै मानिसहरू तथागतलाई सत्कार गर्दैछन्, म पनि त्यसरी नै श्रावक संघ सहित उहाँ लोकका नायकलाई सत्कार गर्नेछु । ॥२७॥

२८. तदा'हं एवं चिन्तेत्वा दधिं मधुं च एकतो,
योजेत्वा लोकनाथस्स ससंघस्स अदास'हं । ॥२८॥

त्यस बेलामा मैले यस्तो चिन्तन गरी दही र मह एउटा भाँडोमा मिसाएर संघ सहित लोकनाथलाई दान गरेँ ॥२८॥

२९. तेन कम्मेन सुकतेन चेतनापणिधीहि च,
जहित्वा मानुसं देहं तावतिंसे अगञ्छ'हं । ॥२९॥

त्यस सुकृत कर्मले गर्दा र चित्तको आकांक्षाले गर्दा मनुष्य शरीर छोडेर म तावतिंस देवलोकमा गएँ । ॥२९॥

३०. पुनाहं बाराणसियं राजा हुत्वा महायसो,
सत्तुकस्स तदा रुट्ठो द्वाररोधं अकारयिं । ॥३०॥

फेरी म वाराणसीमा जन्मी त्यहाँको महाऐश्वर्य सम्पन्न राजा भएँ । त्यस समयमा मैले क्रुद्ध भएर शत्रु राष्ट्रको राजालाई नगरको द्वार थुनिदिएँ । ॥३०॥

३१. ततो तपस्सिनो रुद्धा सत्ताहं रक्खिता अहू,
ततो तस्स विपाकेन पापं तं निरयं भुसं । ॥३१॥

अनि हामीहरूले एक सप्ताहसम्म त्यहाँ असल मानिस (तपस्वी ?) हरूलाई थुनिराख्यौं । त्यसपछि त्यसैको विपाकले गर्दा डरलाग्दो जन्ममा नरक भोग्न पुगेँ । ॥३१॥



https://dhamma.digital

३२. पच्छिमे च भवेदानि जातो’हं कोलिये पुरे,
सुप्पवासा च मे माता महालिच्छवि मे पिता । ॥३२॥

अहिले म यस अन्तिम जन्ममा कोलिय नगरमा जन्म भएँ । मेरी आमा सुप्रवासा हो र बुबा महालिच्छवि हो । ॥३२॥

३३. खत्तिये पुञ्ञकम्मेन द्वाररोधस्स वाहसा,
सत्तमासे सत्तवस्से मातुकुच्छिम्हि दुक्खितो । ॥३३॥

पुण्यकर्मद्वारा क्षत्रिय कुलमा जन्मैं । (तर) नगरद्वार बन्द गरिदिएको कर्मले गर्दा सात वर्ष, सात महिनासम्म आमाको कोख (पेट) मा दु:ख सहेर बस्नु पर्यो । ॥३३॥

३४. सत्ताहं द्वारमुल्हो’हं महादुक्खसमप्पितो,
माता मे छन्ददानेन एवं आसि सुदुक्खिता । ॥३४॥

म सात दिनसम्म गर्भद्वारमा परी (जन्मिन गहारो भएर) ठूलो दु:ख भोगें । नगरद्वार बन्द गर्ने सहमति दिएकोले आमाले पनि यस महान दु:ख भोग्नुपऱ्यो । ॥३४॥

३५. सुवत्थितो’हं निक्खन्तो बुद्धेन अनुकम्पितो,
निक्खन्तदिवसे येव पब्बजिं अनगारियं । ॥३५॥

अनि पछि भगवान बुद्धको अनुकम्पाले म स्वस्तिपूर्वक आमाको गर्भबाट निस्कैं र निस्केकै दिनमा म घरबार छोडेर प्रब्रजित भएँ । ॥३५॥

३६. उपज्झा सारिपुत्तो मे मोग्गल्लानो महिद्धिको,
केसे ओरोपयन्तो मे अनुसासि महामति । ॥३६॥



https://dhamma.digital

मलाई महाप्रज्ञावान सारिपुत्र (स्थविर) उपाध्याय हुनुभयो र मलाई केश मुण्डन गरिदिएर ऋद्धिवान् मौद्गल्यायन (स्थविर) ले अनुशासन (शिक्षा दिने काम) गर्नुभयो । ॥३६॥

३७. केसेसु छिज्जमानेसु अरहत्तं अपापुणिं,
देवा नागा मनुस्सा च पच्चयानु'पनेन्ति मे । ॥३७॥

केश मुण्डन भईरहँदा म अरहत्भावमा पुगेँ । देवताहरूले, नागहरूले र मानिसहरूले मलाई चार प्रत्ययहरू चढाउन ल्याउँदछन् । ॥३७॥

३८. पदुमुत्तरनाथं च विपस्सिं च विनायकं,
सम्पूजयिं पमुदितो पच्चयेहि विसेसतो । ॥३८॥

पद्मोत्तरनाथ (बुद्ध) र विपस्सी विनायक (बुद्ध) हरूप्रति मन प्रसन्न गरेर विशेष किसिमका चार प्रत्ययले पूजा गरेँ । ॥३८॥

३९. ततो तेसं विपाकेन कम्मानं विपुलुत्तमं,
लाभं लभामि सब्बत्थ वने गामे जले थले । ॥३९॥

त्यसपछि त्यस विपुल उत्तम कर्मको विपाकले गर्दा जङ्गल, गाउँ जल, स्थल सबै ठाउँमा लाभ प्राप्त गरेँ । ॥३९॥

४०. रेवतं दस्सनत्थाय यदा याति विनायको,
तिंसभिक्खुसहस्सेहि सह लोकग्गनायको । ॥४०॥

जब उहाँ विनायक, लोकका अग्रनायक भगवान तिसहजार भिक्षुसंघका साथ रेवत स्थविरलाई भेट्न जानुभयो । ॥४०॥



https://dhamma.digital

४१. तदा देवोपनीतेहि मं अत्थाय महामति,
पच्चयेहि महावीरो ससंघो लोकनायको । ॥४१॥

४२. उपट्ठितो मया बुद्धो गन्त्वा रेवतं अद्दस,
ततो जेतवनं गन्त्वा एतदग्गे ठपेसि मं । ॥४२॥

तब देवताहरूले मेरो लागि ल्याइएका प्रत्ययहरूद्वारा संघ सहित महामति, लोकका नायक (भगवान बुद्ध)लाई मबाट उपस्थान (सेवा) भयो। उहाँ भगवान बुद्ध गएर रेवत स्थविरलाई भेट्नुभयो । त्यहाँबाट जेतवन विहारमा गइसकेपछि वहाँले मलाई "एतदग्ग" पदमा राख्नुभयो । ॥४१-४२॥

४३. लाभीनं सीवली अग्गो मम सिस्सेसु भिक्खवो,
सब्बलोकहितो सत्था कित्तयि परिसासु मं । ॥४३॥

सकल लोकजनहरूलाई हित गर्नुहुने शास्ताले- "भिक्षुहरू हो ! मेरा शिष्यहरूका माझमा लाभी भिक्षुहरूमध्येमा सीवली स्थविर सबैभन्दा अग्र हुन्" भनि परिषदको माझमा मलाई प्रकाशित गर्नुभयो ।

४४. किलेसा झापिता मय्हं भवा सब्बे समूहता,
नागो व बन्धनं छेत्वा विहरामि अनासवो । ॥४४॥

मेरा सबै क्लेशहरू भष्म भइसके । सकल भव संसार नाश भइसके । बन्धन चुटाएको हात्ति जस्तो आस्रव रहित भएर बसिरहेको छु ।

४५. सागतं वत मे आसि बुद्धसेट्ठस्स सन्तिकं,
तिस्सो विज्जा अनुप्पत्तो कतं बुद्धस्स सासनं । ॥४५॥



https://dhamma.digital

श्रेष्ठ बुद्धको समीपमा आएको भाग्य भयो । (पूर्वनिवासानुस्मृति ज्ञान आदि) तीन विद्यालाई क्रमैसित साक्षात्कार भइसके । मैले बुद्धको शासन (शिक्षा) पूरा गरिसकेँ । ॥४५॥

४६. पटिसम्भिदा चतस्सो पि विमोक्खा पि च अट्ठि'मे,

छलभिञ्ञा सच्छिकता कतं बुद्धस्स सासनं ति । ॥४६॥

चारवटा प्रतिसम्भिदाहरू पनि, आठ वटा विमोक्ष धर्महरू पनि र छ वटा अभिज्ञा धर्महरू पनि मैले साक्षात्कार गरिसकेँ । (तसर्थ) बुद्धको शासन पूरा गरि सकेँ ।

आयुष्मान सीवली स्थविरले यस प्रकार यी गाथाहरू आज्ञा गर्नुभयो-

४७. सुत्वान एतं चरितं महब्भुतं,
पुञ्ञानुभावं च सिरिं सिरिमतं,
हित्वा कुसीतं कुसलं करोथ भो
कामत्थ कामं भवभोगनिब्बुतिं । ॥४७॥

भो सज्जनहरू ! भवभोग सम्पत्ति र निर्वाण सम्पत्ति समेत इच्छा गर्दछौ भने महान आश्चर्यजनक यस (सीवली) चरित्र (जस्ता) प्रसिद्ध पात्रहरूका श्रीशोभायुक्त कथा सुनेर अलसीभाव छोडेर कुशलकर्म गर्ने प्रयास गर्नुहोस् ।

सीवली स्थविरको कथा दसौं समाप्त ।

यक्षवञ्चित वर्ग तेश्रो समाप्त ।



https://dhamma.digital

# ४. महासेन वर्ग

## ४.०१. महासेन राजाको कथा

अब यहाँबाट शुरु हुन्छ-

भगवानको महापरिनिर्वाणपछि पाटलीपुत्र नगरमा महासेन नामका न्यायी र धार्मिक राजाले राज्य गरिरहेका थिए। उनले आफ्ना बाबु बाजेहरूको धनराशि हेरेर "वहाँहरू यतिका सम्पत्ति यहीं छोडेर मृत्युको मुखमा पर्नुभयो। अहो ! संसारिक मानिसहरूको अज्ञानता, धन छोडेर आफ्नो विनाश हुने, आफूले छोडेर धनको विनाश हुने स्वभाव थाहा रहेनछ।" यसरी सम्पत्तिको उत्पत्ति र विनाश भएर जाने सबै कुराहरू चिन्तन गरेर धर्म श्रवण गरेर श्रद्धा लाभ गरी दिनको दश हजार भिक्षुहरूलाई मधुर अन्नपान सन्तर्पण गरिरहे। एक दिन एकान्तमा एक्लो गुप्त स्थानमा बसिरहेको बेलामा यस्तो चिन्तन गरे- "यस प्रकारले राजा भएर हुकुम चलाएर जनताहरूलाई पीडा दिएर दिएको दानभन्दा आफ्नै हातले काम गरेर प्राप्त भएको धनद्वारा दिएको दानको महान फल आनिसंस हुनेछ। मैले त्यस्तै गर्नुपर्‍यो।" उनले एक जना आफ्नो विश्वास लाग्ने अमात्यलाई राज्यभार सुम्पी आफ्नो एक जना भाईलाई साथमा लिएर कसैले थाहा नपाउने गरी कसैले नचिन्ने भेष बनाएर नगरबाट निस्केर उत्तर मधुर नामको नगरमा गए। त्यहाँ एक जना निक्कै धनवान् महाजन बस्दथ्यो। उनीहरू त्यस महाजनकहाँ उभिए।



https://dhamma.digital

सेठले “किन आएको हो ?” भनी सोधे । राजाले “हजुरकोमा ज्यामी काम गर्न आएको हो” भनी जवाफ दिए । उनीबाट सहमति पाएपछि तीन वर्षसम्म त्यहाँ काम गरे । अनि एक दिन महाजनले उनीहरूलाई बोलाएर सोधे “तिमीहरू साह्रै सुकुमार छौ, तैपनि यस घरमा काम गरेर बसेको धेरै समय भइसक्यो । यति लामो समयभित्र कुनै काममा पनि कुनै किसिमको अल्छीभाव देखिंदैन, आचरण खराब हुनु त परै जाओस् । तिमीहरूलाई मैले भात र यागु बाहेक अरू केही पनि उपकार दिएको छैन । केको लागि तिमीहरूले यसरी काम गरिरहेका हौ ?” राजाले सेठको वचन सुनेर यस्तो जवाफ दिए- यस जनपदमा धान बालि राम्रो छ भन्ने सुनेको छु, त्यसका लागि हामी यहाँ आएका हौं । त्यो कुरा सुनी उनीहरूदेखी खुशी भएर महाजनले एकहजार गाडा धान दिए ।

राजाले धान प्राप्त गरिसकेपछि महाजनलाई यस्तो भने- “भो महाजन ! यो धान सबै हाम्रो नगरमा पुऱ्याइदिनु होला ।” त्यो कुरो सुनी महाजनले “हुन्छ” भनीकन धानले पूरा भरिएका एकहजार वटा गाडाहरू राजाको नगरमा पुऱ्याउन पठाए । राजा आफ्नो शहरमा गएर अनेक रंगी विरंगी वस्त्रहरू तथा सुन चाँदीले गाडाहरू भरिदिएर मैत्री दरो गरी फर्काइदिए । पठाइएको धान सबै नै दरबारमा एकातिर थुपार्न लगाए ।

त्यसको केही दिनपछि राजाले आफ्नै हातले मूसल समाएर धान कुटे । कुटीसकेको धान राजाकी बहिनीले



https://dhamma.digital

निफनीदिइन् । यस प्रकार दुबैजनाले चामलको ठूलो थुप्रो बनाएर काठ पानी आदि पनि आफैंले ल्याएर अमिलो भात पकाएर राजदरबारमा पाँचशय वटा आसनहरू बिछ्याउन लगाई समय खबर गरे- "अनुकम्पा गरी आर्यहरू मेरो दरबारमा आउनुभई भोजन गर्नुहोस् ।" त्यो घोषणा सुनेर पाँचशय जना भिक्षुहरू आकाशबाट आउनुभयो । राजाले उहाँहरूलाई भरपूर भोजन गराए । त्यसपछि उहाँहरूका माझमा पियंगु द्वीपवासी एकजना महासीव स्थविरले भोजन लिएर "यिनीहरूले मलाई देखून्" भनेर अधिष्ठान गरेर आकासबाट पियंगु द्वीपमा गएर पाँचशय भिक्षुहरूलाई भोजन बाँडेर दिई भोजन गर्नुभयो । त्यो भोजन उहाँको आनुभावले सबै भिक्षुहरूलाई पर्याप्त हुन गयो । यस प्रकार थोरै मात्र दिइएको दान भए पनि त्यसलाई महत्त्व दिएर सत्पुरुषहरूले दाताहरूको मन प्रसन्न पार्छन् । त्यसैले भनिएको हो-

१. "अप्पकेन'पि मेधावी दायकानं मनं पति,
सद्धं वड्ढेन्ति चन्दो व रंसिना खीरसागरं । ॥१॥

"चन्द्रमाले समुद्रलाई जाज्वल्यमान पार्ने झैं स्थानोचित प्रज्ञावान् (आर्य श्रावकहरू) लाई स्वल्प मात्र दान गरे पनि दायकहरूको मनमा श्रद्धा वृद्धि गराइदिन्छन् ।

२. अट्ठाने न नियोजन्ता करोन्ता ने'व सन्निधिं,
परिभोगं अकत्वान ने'व नासेन्ति पच्चयं । ॥२॥

उहाँहरूले धनलाई बेठिक ठाउँमा लगाउनुहुन्न, जम्मा मात्र पनि राख्नुहुन्न, भोग नगरिकन चतुप्रत्ययहरूलाई नाश हुन पनि दिनुहुन्न । ॥२॥



https://dhamma.digital

३. न पापन्ता च थेय्यस्स न करोन्ता तथे'व इणं,
विभजन्ति ते सुसीलेसु सयं भुत्वान सीलवा ति । ॥३॥

उहाँहरूले (नकली भिक्षु बनेर) चोरी परिभोग गर्नुहुन्न, उहाँहरूले ऋणपरिभोग पनि गर्नुहुन्न, उहाँहरूले शीलवान्हरूलाई दान वस्तुहरू बाँडेर दिनुहुन्छ । ॥३॥

त्यसपछि राजा आफ्नी बहिनीका साथमा दरबारमा उभिइबसेको बेलामा पियंगु द्वीपमा भोजन गरिरहेका पाँचशय जना क्षीणाश्रवी भिक्षुहरू देखेर हर्षित भई अत्यन्त प्रसन्न भए । अनि उनीहरू केही छिनपछि आफूले गरेका उत्तम दानहरू स्मरण गरेर दुबैजना छिटै नै स्रोतापन्न भए ।

४. न गणेन्ता'त्तनो दुक्खं विहाय महतिं सिरिं,
आयतिं भवं इच्छन्ता सुजने'वं सुभे रता । ॥४॥

यसरी आफ्नो दुःखलाई पर्वाह नगरिकन सत्पुरूषहरू भव सम्पत्ति इच्छा गरी असल कर्म (दानादि) गर्नमा लागीरहन्छन् । ॥४॥

५. आयासेन कतं पुञ्ञं महन्तफलदायकं,
इति मन्त्वान मेधावी सहत्थेने'व तं करे ति । ॥५॥

आफ्नो शरीरद्वारा नै दुःखकष्ट सहेर गरिएको पुण्य महान फल दिने हुन्छ भन्ने जानेर प्रज्ञावानहरूले त्यो पुण्य आफ्नै हातले गर्ने कोशिस गर्नुहोस् । ॥५॥

महासेन राजाको कथा पहिलो समाप्त ।



https://dhamma.digital

# ४.०२. सुवर्ण तिलकाको कथा

अब यहाँबाट शुरु हुन्छ-

सुनिन्छ कि लंकाद्वीपको अनुराधपुर नगरमा एउटी महिला श्रद्धाले प्रसन्न भई सधैं अभयुत्तर चैत्यलाई फूल चढाई पूजा गर्दथि । पछिल्लो समयमा एक दिन उक्त महिलाले आफ्नी छोरीसँग त्यस चैत्यलाई फूल चढाउन जाँदा फूल चढाउने वेदी रहेको पाटीमा पानी नदेखेकोले छोरीको हातमा फूलको ढकी जिम्मा दिएर पानीको घडा लिएर पोखरीतिर गइ । अनि पछि सो छोरीले आमा नफर्कंदै उक्त धोइ नसकिएको फूल चढाउने वेदीमा फूलको बिटो समातेर चारैतिर पूजा गरेर प्रार्थना गरि । त्यसैले भनिएको हो-

१. “महावीरस्स धीरस्स सयम्भुस्स महेसिनो,
तिलोकगस्स नाथस्स भगवन्तस्स सत्थुनो ॥१॥

“महावीर, प्रज्ञावान्, स्वयम्भू (स्वयं ज्ञान लाभ गरेका, बुद्ध), महाऋषि, तिनै लोकका अग्र, नाथ भगवान शास्तालाई ॥१॥

२. यं अहं पूजयिं पुप्फं तस्स कम्मस्स वाहसा,
रूपीनं पवरा हेस्सं आरोह परिणाहवा । ॥२॥

मैले फूल चढाई जुन पूजा गरें, त्यस कुशल कर्मको प्रभावले गर्दा म सुन्दरीहरूको माझमा रूपमा उत्तम हुनपाउँ, उँचाइ



https://dhamma.digital

र मोटाइमा लक्षणयुक्त (सुन्दर) शरीर भएको हुनपाऊँ । ॥२॥

३. मं दिस्वा पुरिसा सब्बे मुच्छन्तु काममुच्छिता,
निच्छरन्तु सरीरा मे रंसिमाली व रंसियो । ॥३॥

सबै पुरुषहरू मलाई देखर कामुकताले मुर्छा परुन् । मेरो शरीरबाट चम्केको सूर्यसमान रश्मि फैलिरहोस् । ॥३॥

४. हदयङ्गमा कण्णसुखा मञ्जुभाणी सुभा मम,
किन्नरानं यथा वाणी एवं एवं पवत्ततू ति ।" ॥४॥

किन्नरीहरूको जस्तो सबैको हृदयलाई छुने, कानलाई सुख दिने, मधुर, असल स्वर भएको वाणी मेरो मुखबाट निस्कोस् ।" ॥४॥

त्यसपछि उसकी आमा फर्केर आई त्यस नधोइएको वेदीमा फूल चढाइराखेको देखेर भनिन्, "चण्डालनी, किन यो नधोइएको वेदीमा भगवानलाई फूल चढाएको ? तिमीले अयोग्य काम गर्‍यौ ।" त्यो सुनेर आमादेखि रिसाइ "तैं चण्डालनी होस्" भनेर आमालाई गाली गरि । सो छोरीले यति पुण्य र अपुण्य गरेर पछिल्लो समयमा त्यहाँबाट मृत्यु भएर जम्बुद्वीपमा उत्तरमथुरा (मधुरा) नगरमा एक जना चण्डालनी गन्धर्व ब्राह्मणीकी छोरी भएर जन्मि । अत्यन्त सुन्दर रूप सम्पत्तियुक्त भइ । तिनको शरीर र मुस्कान भरिएको अनुहारले बिजुली चम्केजस्तो रश्मी निस्कीरहन्छ । चारैतिर चारहातसम्म शरीरको प्रकाशले गर्दा अन्धकार हटेर जान्छ । मुखबाट कमल फूलको बास्ना आउँछ । उसको शरीरबाट श्रीखण्डको बास्ना आउँछ, दुइटा स्तनको



https://dhamma.digital

बिचमा सुवर्णको वर्ण भएको कोथी एउटा छ । त्यसबाट भर्खर उदाएको सूर्यको रश्मी जस्तो प्रकाश फिजिरहेको छ । प्रायःगरी उसलाई देख्ने सबै पुरुषहरू बहुला जस्तो भएर काममदले गर्दा मूर्छित नै हुनजान्छन् । अहो, आश्चर्य, कुशलाकुशलको आनुभाव । त्यसैले भनिएको हो-

५. "येन सा कोधसा मातु चण्डाली इति भासिता,
तेन सा आसि चण्डाली जिगुच्छा हीनजातिका । ॥५॥

"त्यो छोरीले आमालाई जुन चण्डालनी भनी पहिले गाली गरि, उक्त कारणले गर्दा सो छोरी घृणित हीन जातिको चण्डालनी बन्न पुगि । ॥५

६. सल्लक्खेत्वान सम्बुद्धगुणं पूजेसि यं तदा,
तेन पुञ्ञानुभावेन सा'सि रूपी मनोरमा । ॥६॥

सो छोरीले सम्बुद्धको गुणलाई स्मरण गरी (बुद्ध भगवानलाई) जुन फूलहरूद्वारा पूजा गरि, उक्त पुण्यको प्रभावले गर्दा हेर्दा नै लोभ लाग्ने, अत्यन्त रूप सौंन्दर्ययुक्त महिला हुन पुगि । ॥६॥

७. येन येन पकारेन पुञ्ञपापानि यो करे,
तस्स तस्सानुरूपेन मोरो व लभते फलं । ॥७॥

जसले जुन आकारले पुण्य र पापहरू गर्ला, उसलाई त्यही अनुरूपले मयूरलाई जस्तो फल लाभ हुनेछ । ॥७॥

८. पापेन च तिरच्छाने जायन्ति कुसलेन ते,
वण्णपोक्खरताहोति मोरानं कम्म ईदिसं ति । ॥८॥



https://dhamma.digital

जसरी मयूरहरू पाप कर्मले गर्दा पंछी योनिमा जन्म भए, तर पुण्य कर्मको बलले गर्दा वर्ण सौन्दर्य राम्रा भए । मयूरहरूका कुशल कर्म विपाक यिनै हुन् ।

त्यसपछि तिनका मातापिताले तिनलाई सुवर्णतिलका भनी नामाकरण गरिदिए । उक्त समयमा त्यस नगरमा मानिसहरूले तिनको रूप र स्वभावको कुरा सुनेर (त्यहाँ) भेला हुन आए तापनि यो चण्डालकी छोरी भनेर जातले हेला गरिने भयले (कसैले पनि बिहा गरी लगेनन्) । तदनन्तर त्यस नगरमा जेठो चण्डाल ब्राह्मणको छोरोले तिनका मातापिताकहाँ आएर वस्त्र, गहना, सुगन्ध, माला आदि ल्याईदिएर "सुवर्णतिलका हामीलाई देऊ" भनेर माग्न पठायो । मातापिताले त्यो समाचार छोरीलाई बताए । सुवर्णतिलकाले त्यो पुरुषलाई घृणा गरी हेला गरी पठाइ । त्यसपछि ब्राह्मणपुत्रले लाज मानेर राजाकहाँ गएर वीणा बजाएर गीत गाएर यस्तो भन्यो-

९. "ललनाननानी चललोचनानी
तरुणारुणानि चलिताधरानी,
मनुजो हि यो नेत्तपियं करोति
स तु नीचजातिं अपि नो जहाति ।" ॥९॥

"चम्किलो अनुहार भएकी, चंचल आँखा भएकी, अरूणको किरणजस्तो राता र चलिरहेका ओँठहरू भएकी, जसलाई हेर्न मनुष्यका आँखाहरू खोजिरहन्छन्, त्यस्ती युवती पाएमा नीच कुलकी भए पनि छोड्न हुन्न ।" ॥९॥



https://dhamma.digital

राजाले त्यो केटी को हो ? भनेर सोधेपछि यस्तो बोल्यो-

१०. "समेति किं देव छमाय मत्तिका
कदाचि चामीकरजातिकाय,
सिगाल धेनू अपि नीचजातिका
समेति किं सीहवरेन देवा ? ति।" ॥१०॥

"भो महाराज ! सुवर्णमय वस्तुहरू र पृथ्वीको माटो कसरी समान हुन सक्ला र ? भो महाराज ! फेरि (पशुहरू नै भए पनि) नीच जातको स्याल र उत्तम सिंहराज कुन हालतमा समान हुन सक्ला र ? (कदापि हुन सक्दैन।)" ॥१०॥

यति बोलिसकेपछि यस्तो बिन्ती चढायो- महाराज ! यस नगरमा सुवर्णतिलका नामकी एउटी चण्डालकी छोरी छे। तिनले आफूसमान जातकाले पठाएका उपहार केही पनि लिंदैन। तिनले ठूलो जात कुलको वर नै इच्छा गरिरहेकी छे। पोथी काग र सुवर्णहंसमा कसरी समान हुनसक्ला र, महाराज ?

राजाले सुवर्णतिलकाको बुबालाई बोलाउन पठाइ "के यो कुरा सत्य हो ?" भनेर सोधे। बुबाले "हो महाराज ! मेरी छोरीले उच्च कुलको वर खोजि रहेकी छे" भनेर जवाफ दियो । राजाले बोले, "त्यसो भए हे सेवक ! पञ्चमधुर नगरमा उद्दाल ब्राह्मण भन्ने एक जना छ। ऊ आमा-बुबा दुबैतिरबाट उच्चकुलको हो। ऊ जातिवादको कारणले निन्दित छैन। ऊ घृणा गर्न योग्य प्रतिकूल स्त्रीहरूसँग बास



https://dhamma.digital

गर्दैन । आफ्नो घरबाट दरबार जाँदा तथा फर्किंदा पनि १६ वटा घडा दूध मिसिएको पानीले छर्कन लगाएर महिलाहरू देख्नेबित्तिकै मद्वारा कालकण्णि (अलक्षिणा) लाई देख्नपुगियो भनेर दूधपानीले मुख धुन्छ । तिम्री छोरी ऊसँग बस्न सक्छे कि ? यो कुरो तिम्री छोरीलाई भन" भनी अह्राए ।

उसले यो कुरो सुनेर घरमा फर्केर गई छोरीलाई बोलाएर राजाबाट आज्ञा भए मुताबिक उसलाई बतायो । त्यो युवतीले यो कुरा सुनेर "हुन्छ, सक्छु, म उद्दाल ब्राह्मणसँग बस्नेछु । तिमीहरूले कुनै चिन्ता लिनु पर्दैन । अरू कुनै झंझट पनि गर्नु पर्दैन । म भोलि बिहान सबेरै जानेछु" भनेपछि उसका बाबुले उसलाई एकहजार कार्षापण मूल्य पर्ने विचित्र किसिमको खास्टो र चोलो छोरीको जिउमा लगाउनदिएर वीणा आदि बाजाहरू बोकाएर छोरीसँगै नै यात्रामा निस्क्यो ।

उनीहरू यात्रा गरिरहँदा एउटा नगरका राजाकहाँ उसले आफ्नी छोरीलाई पछाडि बसालेर आफ्नो गन्धर्वविद्या देखाइबस्यो । अनि उसको पछाडि बसिरहेकी सुवर्णतिलकाले आँखाको कुनाले रसपूर्ण हुने गरी राजालाई हेरेर आफ्नो आङ्को लुगा अलिकति हटाएर आफ्नो शरीरको प्रभा देखिने पारि । त्यस राजाले उसको शरीरको रश्मी र सौन्दर्य देखेर कामक्लेशले आतुर भएर चेत नै हरायो । केही छिनपछि चेत जाग्दा राजाले "सो युवती विवाहिता हो, कि अविवाहिता हो ?" भनी सोधेर "चण्डालकी छोरी हो" भन्ने सुनेर लोकनिन्दाको भयले उसलाई दरबारमा ल्याउन नमिल्ने भएकोले "यस्ती



https://dhamma.digital

रूपयौवन सम्पन्ना स्त्रीरत्न प्राप्न नभएको म बाँचेर के प्रयोजन ?" भनी शोक गरेर बिलाप गरी कामतृष्णाले मूर्छित भई "कुन काम गर्न मिल्छ, मिल्दैन" भन्ने होश नै हराएर खड्ग लिएर आफ्नो शिर आफैले काटेर आत्महत्या गरे । यस प्रकार बाटोको बिचमा नै पाँचजना राजाहरू रूपसम्पत्तिप्रतिको आसक्तिलाई दमन गर्न नसक्नाले खड्गले शिर छेदन गरी मृत्यु भए । यसरी नै निश्चय पनि प्राणीहरू सुन, चाँदी, दास, दासी, सन्तान, पत्नी र प्रियजनहरूसँगको कामतृष्णाले मूर्छित भएर धेरै दुःखकष्ट सहनुपर्ने हुन्छ । त्यसैले तथागतले भन्नुभएको हो-

११. "पियतो जायती सोको पियतो जायती भयं,
पियतो विप्पमुत्तस्स न'त्थि सोको कुतो भयं ? ॥११॥

"प्रिय (रूप आदि मन पर्नु) ले शोक उत्पन्न हुन्छ । प्रियले भय उत्पन्न हुन्छ । प्रिय नहुनेलाई शोक हुँदैन, भय कहाँबाट हुन्छ ? (बिल्कुल हुँदैन ।) ॥११॥

१२. पेमतो जायती सोको पेमतो जायती भयं,
पेमतो विप्पमुत्तस्स न'त्थि सोको कुतो भयं ? ॥१२॥

प्रेमले शोक उत्पन्न हुन्छ । प्रेमले भय उत्पन्न हुन्छ । प्रेमबाट मुक्त हुनेलाई शोक हुँदैन, भय कहाँबाट हुन्छ ? (बिल्कुल हुँदैन) । ॥१२॥

१३. रतिया जायती सोको रतिया जायती भयं,
रतिया विप्पमुत्तस्स न'त्थि सोको कुतो भयं ? ॥१३॥


https://dhamma.digital

रागले शोक उत्पन्न हुन्छ, रागले भय उत्पन्न हुन्छ । राग नहुनेलाई शोक हुँदैन, भय कहाँबाट हुन्छ ? (बिल्कुल हुँदैन) ॥१३॥

१४. कामतो जायती सोको कामतो जायती भयं ।
कामतो विप्पमुत्तस्स नत्थि सोको कुतो भयं ? ॥१४॥

काम (तीब्र इच्छा)ले शोक उत्पन्न हुन्छ, कामले भय उत्पन्न हुन्छ । कामबाट मुक्त हुनेलाई शोक हुँदैन, भय कहाँबाट हुन्छ ? (बिल्कुल हुँदैन)। ॥१४॥

१५. तण्हाय जायती सोको तण्हाय जायती भयं,
तण्हाय विप्पमुत्तस्स नत्थि सोको कुतो भयं ? ॥१५॥

तृष्णाले शोक उत्पन्न हुन्छ, तृष्णाले भय उत्पन्न हुन्छ । तृष्णा नहुनेलाई शोक उत्पन्न हुँदैन, भय कहाँबाट हुन्छ ? (बिल्कुल हुँदैन) । ॥१५॥

त्यसपछि ऊ क्रमशः पञ्चमधुर नगरमा पुग्यो र आफू आइपुगेको सूचना त्यहाँका राजालाई पठायो । राजाले अनुमति दिएपछि गएर राजाको दर्शन गर्यो । त्यस समयमा उद्दाल ब्राह्मण राजाको नजिक कम्बल वछ्याइराखिएको उत्तम आसनमा बसिरहेको थियो । यता गन्धर्व ब्राह्मण छोरीसँग गीत गाउँदै बसिरह्यो । त्यस बेलामा बाबुको पछाडि बसिरहेकी सुवर्णतिलकाले "उद्दाल ब्राह्मण कुन हो ?" भनी सोधि । "त्यही उत्तम आसनमा बसिरहेको नै हो" भन्ने जवाफ सुनेर नीलो रंगका दुइवटै आँखाले उसलाई हेरेर दर्शन रश्मी मिसिएको अत्यन्त रातो ओठ खोलेर मुस्काएर



https://dhamma.digital

उसलाई हेरेर ओढीराखेको खास्टो अलिकति हटाएर शरीरको प्रभा फिजाएर पठाइ ।

ब्राह्मणले त्यो देखेर बहुला जस्तो भएर शरीरमा शोकले दाह भएर मुख तथा नाकमा तातो हावा भरिएर आँखा आँसुले भिजेर बेहोस पर्न गयो । त्यसपछि उसले छिनभर आश्रय पाएको रोगी जस्तो भई राजाको ठाउँबाट उठेर गई आफ्नो घरमा पुगी आफ्ना हितैषी सेवकहरूलाई बोलाई यस्तो भन्यो-

१६. "यो आपदे समुप्पन्ने उपतिट्ठति सन्तिके,
सुखदुक्खे समो होति सो मित्तो सो व ञातको । ॥१६॥

"जो आपत-विपत पर्दा नजिक आएर बस्छ, सुख-दुःख दुबैमा समान भएर बस्छ, उही साँच्चैको मित्र हो, उही नै साँच्चैको आफन्त पनि हो । ॥१६॥

१७. यो गुणं कासते यस्स अगुणं च निगूहति,
पटिसेधेति अकतब्बा सो मित्तो सो व ञातको । ॥१७॥

जसले आफ्नो मित्रको गुण प्रकाश गर्छ, अवगुणलाई लुकाईराख्छ, र अयोग्य कामबाट रोक्छ, त्यस्तो नै असली मित्र हुन्छ, त्यस्तो नै असली आफन्त हुन्छ । ॥१७॥

१८. सुवण्णतिलका नाम ललना कामलालसा,
नीलक्खिचण्डकण्डेहि विखण्डेसि मनो मम । ॥१८॥

काममा लालसा भएकी सुवर्णतिलका नामकी एउटी तरुणीले मेरो मनलाई नीला आँखाका डर लाग्दा बाणले छेडि । ॥१८॥



https://dhamma.digital

१९. तस्सा मुखम्बुजे सत्ता मम नेत्तमधुब्बता,
अप्पं पि न सरन्ता मं तत्थे'वाभिरमन्ति ते । ॥१९॥

तिनको कमल जस्तो अनुहारमा आसक्त भइरहेका मेरा आँखारूपी भमराहरू मलाई अलिकति पनि याद नगरिकन त्यहीं मात्र आनन्द मानी भुली बसेका छन् । ॥१९॥

२०. सहे'व तेही मे चित्तं गतो उल्लंघ उद्धतो,
लज्जागम्भीरपरिखं धितिपाकारं उग्गतं । ॥२०॥

ती आँखारूपी भमराहरूका साथमै मेरो यो मन लज्जारूपी अत्यन्त गहिरो खाई (नहर) र अग्लो पारेर बनाइएका धैर्यरूपी पर्खाललाई माथिबाट नाघेर गयो । ॥२०॥

२१. सम्मुय्हामि पमुय्हामि सब्बा मुय्हन्ति मे दिसा,
तस्स मे सरणं होथ करोथ मम सङ्गहं ति ।" ॥२१॥

म मोहित भएँ, म ढुनमुनिएँ । सबैतिर मेरा धैर्य नाश भइसके । आऊ, यस्तो अवस्थामा तिमीहरू मलाई शरण भईदेऊ, मलाई संग्रह (उपकार) गर, (आदि भनी विलाप गर्यो) ।" ।२१॥

यो कुरो सुनेर उनीहरूले यस्तो भनेः-

२२. यं त्वं आचरिय पत्थेसि चण्डाली सा असङ्गमा,
किं नु मील्हेन संयोगो चन्दनस्स कदा सिया ? ॥२२॥

हे आचार्य ! तपाईले जुन स्त्रीको इच्छा गर्नुभयो, ऊ त उत्तम मानिसहरूले भोग गर्न नमिल्ने चण्डालनी हो ।



https://dhamma.digital

मलमूत्रसँग श्रीखण्डको मेल कसरी हुन सक्ला र ? (हुनै सक्दैन ।) ॥२२॥

२३. अगम्मगमना याति नरानं दूरतो सिरि,
किन्ति चा'यु बलं बुद्धि अयसं च स गच्छती ति । ॥२३॥

अगम्यगमन (अनुचितसँग कामभोग) गर्नाले (उत्तम जातका) मानिसहरूका श्रीशोभा, कीर्ति, आयु, बल र बुद्धि समेत टाढिन जान्छ। फेरि अपमानित पनि हुनजान्छ। ॥२३॥

यो कुरो सुनेर फेरी उद्दाल ब्राह्मणले बोले-

२४. न परिच्चजति लोको'यं अमेज्झे मणिं उत्तमं,
थीरतनं सुवाणी च दुक्कुला अपि गाहिया ति ।" ॥२४॥

यो संसारमा मलमूत्रमा परेका भए पनि बहुमूल्य सुन-चाँदी, उत्तम रत्नहरूलाई त्याग गरिंदैन । (त्यस्तै नै सुमधुर, सुन्दा प्यारो लाग्ने वचन (स्वर) भएकी स्त्रीरत्न पनि नीच कुलकी भए पनि ग्रहण गरी लिन योग्य छ ।" ॥२४॥

Dhamma.Digital

यस्तो बोलेर "त्यो स्त्री विवाहिता हो, वा होइन भनी जानकारी लिएर आउनू" भनी मानिसहरू पठाए। उनीहरूले त्यस्तै गरे । त्यसपछि तिनी घरमा आएदेखि ब्राह्मण पूरा चार महिनासम्म राजाको सेवामा गएनन् ।

सो ब्राह्मणकहाँ पाँचशय जना राजकुमारहरू अनेक प्रकारका शिल्प सिक्न आउने गरेका रहेछन्। उनीहरूले त्यो कारण थाहापाएर "सुवर्णतिलका यहाँ छउन्जेलसम्म हामीलाई शिल्प सिक्ने काममा बाधा हुन्छ । कुनै एउटा उपाय गरेर



https://dhamma.digital

यसलाई मार्नुपर्‍यो" भनी चिन्तन गरेर उनीहरूले माहुत्तेलाई बोलाएर घूस दिएर यस्तो भने- "हात्तीहरूलाई रक्सी खुवाएर लट्ठ पारेर सुवर्णतिलकालाई मारीदेऊ ।" अनि उनीहरू सबैजना राजप्रासादको आँगनमा भेला भएर दूत पठाएर सूचित गरे- "हामी आचार्यको दर्शन गर्न चाहन्छौं ।" अनि ब्राह्मण आएर बसिसकेपछि भलोकुसारी गर्दै भने- "भो आचार्य, आचार्यनीलाई हेर्न चाहन्छौं ।" तदनन्तर "त्यो सुवर्णतिलकालाई यहाँ बोलाई ल्याऊ" भनेर मानिसहरू पठाइदिए । उनीहरूले त्यस्तै गरे । अनिपछि उनीहरूले बाटोको बिचमा पुग्दा हात्ती फोइदिए । त्यो हात्ती सुँड भुईमा बजार्दै दगुरेर आई सुवर्णतिलकालाई सुँडले लुचुक्क उचालेर आफ्नो काँधमा बसाल्यो । अनि पछि राजाका मानिसहरूले तिनलाई यस्तो गरेर मार्न नसकिएपछि भोलिपल्ट रातमा मानिसहरू पठाएर मार्नलगाए ।

ब्राह्मण पनि "यस्ती असल स्त्रीबिना म मात्र बाँचेर के गर्नु, बरु मर्नु नै असल हुन्छ" भनी शोक गरी विलाप गरी राजाको दरबारको अगाडि दाउराको चिता बनाउन लगाएर त्यसमा आगो बाल्न लगाएर आगोमा पसेर आत्मदाह गरेर मरे ।

यस प्रकार आइमाईहरूको बसमा गएपछि महान अनर्थ, दुःख र मरण समेत हुने गर्दछ । त्यसैले तथागतले यस्तो भन्नुभएको हो-

२५. "माया चे'सा मरीची व सोको रोगो चु'पद्दवो,
खरा च बन्धना चे'सा मच्चुपासो गुहासयो,
तासु यो विस्ससे पोसो सो नरेसु नराधमो ति ।" ॥२५॥



https://dhamma.digital

"स्त्री जाति भनेको (पुरुषहरूलाई भुलाउने) मरीचि (मृगतृष्णा) जस्तो भ्रम हो, शोक हो, रोग हो, उपद्रव पनि हो। अझ स्त्री भनेको पीडायुक्त बन्धन हो, गुफामा लुकेको मृत्युपासो हो। यस्ती स्त्रीहरूलाई जो पुरुषले विश्वास गर्ला ऊ मानिसहरूको माझमा अभागी हो।" ॥२५॥

२६. अयोनिसो सा पुरिमाय जातिया
पुञ्ञं करित्वा अलभीदिसं गतिं,
धीतिसम्पयुत्ता कुसलं करोन्ता
निब्बाणं एवाभिमुखं करोथा'ति। ॥२६॥

उक्त सुवर्णतिलकाले पहिलेको जन्ममा समुचित बुद्धि नपुर्याइकन पुण्य गरेकोले गर्दा यस्तो दुर्गतिमा पऱ्यो। (तसर्थ) प्रज्ञाले युक्त भई कुशल कर्म गर्दै निर्वाणको मात्र प्रार्थना गर्नुहोस्। ॥२६॥

सुवर्णतिलकाको कथा दोश्रो समाप्त।

Dhamma.Digital



https://dhamma.digital

# ४.०३. दरिद्रनीको कथा

अब यहाँबाट शुरु हुन्छ-

वहाँ भगवानको महापरिनिर्वाणपछि जम्बुद्वीपका धेरै भिक्षु-भिक्षुणीहरू र उपासक उपासिकाहरू "जयमहाबोधिवृक्षको दर्शन गर्नेछौं" भनी प्रायः त्यहाँ गई वन्दना गरिरहन्छन् । पछिल्लो समयमा धेरै भिक्षुहरू भेला भएर महाबोधि बृक्षलाई वन्दना गर्नकालागि गइरहँदा एउटा गाउँमा भिक्षाटन गएर दानशालामा गएर भोजन गरिसकेपछि अलिकति विश्राम गरी बस्नुभयो । त्यस समयमा त्यहाँ एउटी दरिद्र महिलाले त्यसरी बसिरहेका भिक्षुहरू देखेर अगाडि गएर पञ्चाङ्ग वन्दना गरी एक छेउमा उभेर "आर्यहरू कहाँ जाने हो ?" भनी सोधि । भिक्षुहरूले त्यो कुरा सुनेर जयमहाबोधिको आनुभाव तथा त्यसलाई वन्दना गर्नका लागि आफूहरू गइरहेको कुरा बताउँदै यस्तो आज्ञा हुनुभयो-

१. "यत्थासीनो जिनो जेसि ससेनं मकरद्धजं,
हन्त्वा किलेससेनं च बुद्धो आसि नरुत्तमो । ॥१॥

"जुन रुखमुनि बस्नुभई जिन (विजयी, बुद्ध) ले मकरध्वजधारी सेना सहित मार र क्लेश मारलाई नाश गर्नु भई नरजनहरूमध्ये उत्तम बुद्ध हुनुभयो, ॥१॥

२. यं पूजेसि महावीरो ठितो पदं अकोपयं,
सत्तरत्तिन्दिवं नेत्तनीलनीरजरंसिना । ॥२॥



https://dhamma.digital

जुन रुखलाई उहाँ महावीर (महान वीर, बुद्ध)ले श्रीपाद (भगवानपाउ) नचलिकन, मात्र उभेर, सात रात, सात दिनसम्म आफ्नो आँखाबाट निस्केको रश्मीद्वारा पूजा गर्नुभयो, ॥२॥

३. सुरासुरनरादीनं नेत्तालिपालिपातना,
मेचकाकारपत्तेहि सिखण्डी विय भाति यो । ॥३॥

(जुन बोधिवृक्ष) देव, असुर, मनुष्यहरू आदिका आँखारूपी भमराहरूले छोप्नाले (मयूरका) आँखायुक्त प्वाँख जस्ता पातहरूले गर्दा मयुरहरूका राजा समान जाज्वल्यमान भइरहेको छ, ॥३॥

४. सुरपादपो व सन्तानं यं तिट्ठति महीतले,
इहलोके परत्थे च ददन्तो इच्छितिच्छितं । ॥४॥

इहलोक र परलोकमा पनि सत्त्व प्राणीहरूलाई चिताएकोजति दिने कल्पवृक्ष झैं यस पृथ्वीमा खडा छ, ॥४॥

५. यस्स पुराणपण्णं पि पतितं यो नरो इध,
पूजेसि तस्स सो देति भवभोगं महीरुहो । ॥५॥

जो मानिसले यस लोकमा (बोधिवृक्षबाट) झरेको पुराना पातलाई समेत पूजा गर्छ, त्यस बोधिवृक्षले उसलाई भवभोग सम्पत्ति प्रदान गर्नेछ ।

६. गन्धमालेहि सलिलेहि यं उपासति सदा नरो,
अम्भत्तं च बहिद्धा च दुरितं सो निहञ्ञति । ॥६॥



https://dhamma.digital

जसले (बोधिवृक्षलाई) सुगन्ध, फूलमाला आदि (सुगन्धित) जलले सधैं उपासना (पूजा) गर्छ त्यस बोधिबृक्षले उसको भित्री र बाहिरी उपद्रवहरू शान्त गरिदिन्छ। ॥६॥

७. यो देति इहलोकत्थं यो देति पारलोकिकं,
सम्पदं जयबोधिं तं भोति गच्छाम वन्दितुं।" ॥७॥

भो उपासिका ! जुन बोधिवृक्षले यस लोकको र परलोकको सम्पत्ति दिन्छ, उक्त महाबोधिबृक्षलाई वन्दना गर्नका लागि हामी जाँदैछौं।" ॥७॥

उक्त कुरा सुनेर अति प्रफुल्लित भएर सो महिलाले यस्तो भनि- "भन्ते, म अर्काको घरमा काम गर्ने दासी हुँ, दुःख कष्ट गरेर जीविका गरिरहेकी छु। मसँग भोलिको निम्ति एक माना (नालि) चामल समेत छैन, अरू धनको त कुरै गर्नु परेन। (मसँग) यही खास्टो एउटा बाहेक अरू खास्टो समेत छैन। किन कि मैले पहिले पुण्यकर्म गरि नआएकोले नै होला। त्यसैले भन्ते, मेरो उपर दया करुणा राखी यो खास्टो एउटा दान लिएर बोधिवृक्षमा चारैतिर झण्डा बनाई बाँध्नुहोस्" भनी याचना गरेर खास्टो धोएर सफा गरेर भिक्षुहरूलाई दिई। भिक्षुहरूले उसलाई अनुकम्पा राखी स्वीकार गरी लिएर जानुभयो। यसरी खास्टो चढाएर अत्यन्त प्रमुदित हृदय गरी घर गएर त्यस दिनको रातको मध्यम याममा तिनलाई शस्त्रक भन्ने वायु लागेर मृत्यु भई ती भिक्षुहरू गईराखेको बाटोमा रहेको एउटा अत्यन्त रमणीय बनखण्डमा देवी भएर जन्मि। त्यसपछि



https://dhamma.digital

सो महिलाको पुण्यको प्रतापले गर्दा तीन योजन भएको ठाउँमा दिब्यकल्पबृक्ष उत्पन्न भयो । त्यहाँ अनेक प्रकारका रङ्गीबिरङ्गी ध्वजा पताकाहरू फहराइ राखिएका थिए । त्यहाँ देवपुत्रहरू, र देवपुत्रीहरू पनि सबैजना वस्त्रालंकार लगाई श्रृँगार गरी त्यस्तै ध्वजा पताकाहरू बोकी क्रीडा गरिरहेका थिए । गाउने, नाच्ने आदि अनेक प्रकारका आश्चर्यजनक कामहरू गरी देखाइरहेका थिए । अनि भोलिपल्ट ती भिक्षुहरू बोधिमण्डलतिर गईरहँदा साँझतिर त्यस ठाउँमा पुगेर "आज यही वनखण्डमा बास बस्नेछौं" भनी त्यहाँ गई बास बस्नुभयो । त्यसपछि उहाँहरूले रातमा अनेक रंगीचंगी ध्वजाहरू र दिव्यगीत, संगीत बजाएको र तीन योजन ठूलो स्थानमा कल्पबृक्षहरू पनि सबै नै सो महिलाको प्रतापले देवताहरूको ऐश्वर्य उत्पन्न भएको भाव देखेर आश्चर्य लागेर देवीलाई बोलाएर "कुन कर्म गर्नाले यहाँ उत्पन्न भएकी हौ ?" भनेर सोध्नुभयो । सो देवी आएर भिक्षुहरूलाई नमस्कार गरेर उभिएर "भन्ते ! मलाई चिन्नु भएन ?" भनेर सोधि ।

जब भन्तेहरूले "अहँ ! हामीले चिनेका छैनौं, बहिनी" भनी भन्नुभएपछि उसले आफ्नो परिचय दिंदै यस्तो भनि-

८. "हिय्यो आसनसालाय निसीदित्थ समागता,
तुम्हाकं सन्तिकं गम्म या वराकी'भिवादयी । ॥८॥

हिजो दानशालामा हजुरहरू (सबैजना) बसिरहनु भएको थियो । त्यहाँ हजुरहरूको नजिक जो दरिद्रनी आएर हजुरहरूलाई वन्दना गरेकी थिइ, ॥८॥



https://dhamma.digital

९. या बोधिं पूजनत्थाय वत्थकं पटिपादयी,
साहं हिय्यो चुता आसिं रत्तियं व्याधिपीलिता । ॥९॥

जसले बोधिबृक्षलाई पूजा गर्नका लागि एक सानो टुकडा कपडा तयार गरिदिएकी थिइ, र हिजो राति रोगले पीडित भई म मृत्यु भएँ । ॥९॥

१०. नानासम्पत्तिसंयुत्ता नानाभूषणभूसिता,
विमाने रतनाकिण्णे जाता'हं एत्थ कानने । ॥१०॥

म अनेक प्रकारका दिब्य सम्पत्तिले युक्त रहेको, अनेक प्रकारका दिब्यगहनाहरू लगाएर यस जंगलमा चारैतिर अनेक प्रकारका रत्नहरूले पूर्ण विमानमा उत्पन भएँ । ॥१०॥

११. हिय्यो पस्सित्थ मे गत्तं रजोजल्लेहि संकुलं,
अज्ज पस्सथ मे गत्तं वण्णवन्तं पभस्सरं । ॥११॥

हिजो मेरो शरीर धुलो-मैलो लागेको देख्नु भएको थियो । आज सुन्दर र तेजिलो (प्रभाश्वर) मेरो शरीरलाई हेर्नुहोस् । ॥११॥

Dhamma.Digital

१२. हिय्यो पस्सिथ मे भन्ते निवत्थं मलिनम्बरं,
अज्ज पस्सथ मे भन्ते दिब्बं अम्बरं उत्तमं । ॥१२॥

भो भन्ते ! हिजो मैले मैलो खास्टो लगाइराखेको देख्नुभयो । भो भन्ते ! आज मेरो उत्तम दिब्यवस्त्रलाई हेर्नुहोस् । ॥१२॥

१३. विकिण्णफलितग्गेहि केसेहि विरलाकुलं,
ऊकागूथपटिक्कूलं हिय्यो आसि सिरं मम । ॥१३॥



https://dhamma.digital

हिजो मेरा केशहरू पातला तथा जटाजटा परिराखेका थिए, जसका टुप्पाहरू चिरिएका थिए । धेरै जुम्राका फोहर रहनाले दुर्गन्धित र घीनलाग्दो थियो । ॥१३॥

१४. अज्ज तं परिवत्तित्वा मम पुञ्ञानुभावतो,
सुनीलमुदुधम्मिल्लं कुसुमाभरणभूसितं । ॥१४॥

मेरो पुण्यको प्रभावले आज फेरिएर बडो नीलो, नरम, सुन्दर केशको जुल्ठा बाँधेर त्यसमा अनेक थरिका दिव्यफूलहरूद्वारा सजिएकी छु । ॥॥१४॥

१५. पुरा मे सकसीसेन वहितं दारूदकादिकं,
पुञ्ञेनाहं अज्ज मालाभारं सीसे समुब्बहे । ॥१५॥

मैले पहिले आफ्नो सिरमा काठ, पानी आदि ओसार्थें । (हिजो गरेको) पुण्यले गर्दा आज मेरो सिर दिव्य पुष्पमालाले सजिएको छ । ॥१५॥

१६. धजत्थाय मया हिय्यो पदिन्नं थूलसाटकं,
अज्ज निब्बत्ति मे भन्ते महन्तं दिब्बसम्पदं । ॥१६॥

भो भन्ते ! हिजो (बोधिबृक्षमा) ध्वजा फहराउनका लागि एउटा खस्रो खास्टो दान गरेको थिएँ । (त्यसबाट) आज महान् दिब्यसम्पत्ति मलाई उत्पन्न भयो । ॥१६॥

१७. जानमानेन कत्तब्बं दातादिसु महप्फलं
देवलोके मनुस्सेसु सुखदं दानं उत्तमं ति ।" ॥१७॥

दान दिनुले महान् फल पाइन्छ भन्ने कुरा थाहा पाएकाहरूले देव र मनुष्य दुबै लोकमा सुखदायी उत्तम दानकार्य गर्नुपर्छ ।" ॥१७॥



https://dhamma.digital

त्यो कुरा सुनेर भिक्षुहरू सबैजना अद्‌भुत मानेर आश्चर्य चकित हुनुभयो। उक्त देवकन्याले त्यो रात कटेपछि सबै भिक्षुहरूलाई निमन्त्रणा गरी दिब्य खाद्य भोजन आफ्नै हातले खुवाएर उहाँ भिक्षुहरूका साथ मै गएर यात्राकालभरी नै दान गर्दै महाबोधिमा पुगेर सबैजनाले ध्वजापताका आदि र अनेक प्रकारका रंगीविरंगी सुगन्धयुक्त फूलहरू र धूप, दीपद्वारा पनि बोधिवृक्षलाई पूजा गरी भिक्षुहरूलाई चीवरका लागि दिब्यवस्त्र दान गरी फर्केर गइ। त्यही घना जंगलमा बास गर्दागर्दै अनेक प्रकारका पुण्यद्वारा तावतिंस देवलोकमा जन्मिन पुगि। भिक्षुहरूले उक्त आश्चर्यजनक घटनालाई ठाउँ ठाउँमा प्रकाश पार्नु भइ धेरै जनताहरूलाई पुण्यकर्ममा लगाउनुभयो।

१८. एवंविधा पि कपणा जिनसासनम्हि
कत्वा पसादं अथ थूलकुचेलकेन,
पूजेत्वा दिब्बविभवं अलभी ति ञत्वा
पूजापरा भवथ वत्थुसु तीसु सम्मा ति। ॥१८॥

"यस प्रकार दरिद्रनी गृहस्थ भए पनि जिन (विजयी, बुद्ध) को शासनमा प्रसन्न भएकोले र फेरि आफ्नो खस्रो खास्टो श्री महाबोधिवृक्षलाई पूजा गर्नाले (भोलि पल्ट नै) दिब्य ऐश्वर्य लाभ भयो" भन्ने जानेर तिन वस्तुहरू (त्रि-रत्न) मा राम्ररी पूजा (सत्कार) गर्ने प्रयास गर्नुहोस्। ॥१८॥

दरिद्रनीको कथा तेश्रो समाप्त।



https://dhamma.digital

# ४.०४. इन्द्रगुप्त स्थविरको कथा

अब यहाँबाट शुरु हुन्छ-

यस्तो सुनिन्छ कि हाम्रा भगवानको महापरिनिर्वाण भएर केही समय बितेपछि जम्बुद्वीपमा पाटलीपुत्र भन्ने एउटा नगर थियो। त्यहाँ महान भौतिक ऋद्धि तथा महान दिव्य आनुभावयुक्त धर्माशोक नामका राजाले आज्ञाचक्रवर्ति (एकछत्र) गरी राज्य गर्दथे । सम्पूर्ण जम्बुद्वीपमा माथि आकाशमा र तल भूमिमा एकएक योजनसम्म उनको आज्ञा चल्दथ्यो । त्यसबेला सम्पूर्ण जम्बुद्वीपका चौरासिहजार (८४,०००) राजाहरू आ-आफ्ना सेनाहरू साथमा लिएर हाजिर भई धर्माशोक महाराजको सेवा गर्दथे। त्यस बेलामा देवपुत्र नगरका देवपुत्र भन्ने महाराजा आफ्ना सेना साथमा लिएर (अशोक) महाराजको सेवामा आए । धर्माशोक राजाले देवपुत्र महाराजलाई भेटेर मधुर कुशलवार्ता गरी "तिमीहरूको देशमा बहुश्रुत, सम्पूर्ण त्रिपिटक अध्ययन गरेका महान गुणहरूले युक्त आर्य (भिक्षु) हरू छन् कि ?" भनेर सोधे। त्यो कुरा सुनी देवपुत्र राजाले जवाफ दिए, "छन्, महाराज ! उक्त देवपुत्र नगरमा सिंहगुम्बक नामको एउटा विहार छ । त्यहाँ हजारौं भिक्षुहरू बास गर्नुहुन्छ। वहाँहरू शीलवान, अल्पेक्ष (थोरै मात्र इच्छा गर्ने), सन्तोषी, एकान्तप्रेमीहरू हुनुहुन्छ । वहाँहरूमध्ये अर्थकथा सहित त्रिपिटकधर इन्द्रगुप्त स्थविर सबैका प्रमुख आचार्य



https://dhamma.digital

हुनुहुन्छ । वहाँले मनुष्य सहित देवगणहरू सबैलाई धर्मको वर्णन गर्नुहुन्छ । गुणवान् हुनाले आफ्नो गुणको कारणले संसारमा प्रसिद्ध हुनुहुन्छ ।"

त्यो कुरा सुनेर धर्माशोक महाराज सन्तुष्ट भएर मन प्रसन्न गरी वहाँ स्थविर भन्तेको दर्शन गर्ने इच्छा भएकोले, "हे मित्र ! हजुर नै गएर स्थविरसँग प्रार्थना गरी वहाँलाई यहाँ आमन्त्रण गरी ल्याइदिनुहोस्" भनी आज्ञा दिए । त्यो कुरा सुनेर देवपुत्र राजाले आफ्नो वाहन सेनाले परिवृत्त भई इन्द्रगुप्त स्थविरकहाँ गएर वन्दना गरी बिन्ती गरे- आर्य ! हजुरलाई धर्माशोक महाराजले दर्शन गर्ने इच्छा गर्नुभयो । स्थविरले "हुन्छ" भनी स्वीकार गर्नुभयो । राजाले स्थविरले स्वीकार गर्नुभएको समाचार धर्माशोक महाराजकहाँ पठाए । त्यसपछि धर्माशोक महाराजले प्रसन्न भएर आफ्नो आज्ञा चल्ने क्षेत्र जति ठाउँमा राजाहरूकहाँ "सबैजनाले स्थविर आउनुहुने बाटो सबै सिंगार्नू" भनी सूचना पठाए । त्यसपछि ती राजाहरूले मन सन्तुष्ट भएर आआफ्नो नगरमा झ्याली पिट्न लगाएर देवपुत्र नगरदेखि पाटलीपुत्र नगरसम्मको बिचको ५५ योजन बाटोमा सम्म नपरेका ठाउँहरू सम्याएर देवताहरूका दिब्यमार्ग जस्तो हुनेगरी सिंगारेर धर्माशोक नरेन्द्र (राजा) लाई यस्तो सूचना पठाए । यसको बारेमा यस्तो कविता भनिएको छ-

१. "इन्दगुत्तमहाथेरसामिनो गमनाय नो,
मग्गं अलङ्करोन्तू ति महाराजेन पेसितं । ॥१॥



https://dhamma.digital

“हाम्रा इन्द्रगुप्त महास्थविर (पाटलीपुत्र नगरमा) आगमन गराउनको लागि बाटो सिंगार्नू” भनी (धर्माशोक) महाराजले पठाउनुभयो । ॥१॥

२. ततो ते अपनेत्वान पासाणकण्टकादिकं,
विसमं समं करित्वान सम्मज्जित्वान साधुकं । ॥२॥

अनि उनीहरूले ढुँगा, काँढा आदि हटाएर, खाल्टाखुल्टा पुरेर, सम्याएर, राम्ररी बढार्न लगाएर, ॥२॥

३. धोतमुत्तासमाभासा ओकिरित्वान वालुका,
उस्सापिता तत्थतत्थ दुस्सतोरणपन्तियो । ॥३॥

धोएर सफा गरिएको मोती जस्ता सेतो बालुवा छरेर, विभिन्न ठाउँमा कपडाका द्वारहरू बनाई लहरै खडा गरी राखे । ॥३॥

४. कलधोतहेमरम्भादिनानातोरणपन्तियो,
तथा पुप्फमया नेका तोरणूपरितोरणा । ॥४॥

चाँदिका, सुनका तथा केरा बोट आदिका द्वारहरू, फेरि नानाथरिका फूलहरूका द्वारहरू एकपछि अर्को गरी लहरै सजाएर राखिए । ॥४॥

५. तेसु तेसु च ठानेसु सङ्गता कुसुमग्घिका,
तथे’व गन्धतेलेहि दीपिता दीपपन्तियो । ॥५॥

त्यसै प्रकारले ठाउँ ठाउँमा अमूल्य फूलहरूका झल्लरहरू सजाएर राखिए । त्यस्तै लहरै सुगन्धित तेलका बत्तिहरू बालि राखिए । ॥५॥



https://dhamma.digital

६. पदुमुप्पलसन्नीरपुप्फपल्लव'लङ्कता,
ठपिता घटमालायो पुण्णसोगन्धवारिहि । ॥६॥

पद्म, उत्पल, नरिवल आदि बिरुवाका फक्रेका फूलहरूद्वारा सजित, सुगन्धित जलले पूर्ण घैंटाहरूका मालाहरू लहरै राखिए । ॥६॥

७. नीलपीतादिसम्भिन्नपताकायो धजेहि च,
मग्गस्स उभतो पस्से वनं आसि समाकुलं । ॥७॥

बाटाका दुबै किनारामा रहेका जङ्गलमा नीलो, पहेँलो आदि अनेक रंगका टुकडा टुकडा ध्वजा-पताकाहरू भरेर सजाइ राखिए । ॥७॥

८. केतवो उग्गता तत्थ मन्दमन्दसमीरणा,
अव्हयन्ता व सोभन्ति ब्रह्मोरगसुरादयो । ॥८॥

त्यहाँ मन्द मन्द चलेको हावाले फहरिएका ध्वजा-पताकाहरू चम्किला भएर ब्रह्मा, नाग, असुर आदिहरूलाई हात फिजाई "यहाँ आऊ, यहाँ आऊ" भनेको जस्ता छन् । ॥८॥

९. नागचम्पकपुन्नागकेतकीवकुलादिहि,
पदुमुप्पलादिजलजेहि मालतीकुसुमादिहि,
मालादामेहि नेकेहि मग्गं आसि विचित्तकं । ॥९॥

नाग, चम्पक, पुन्नाग, केतकी, वकुल आदि (भूमिमा उम्रने फूलका बोटहरू) र पद्म, उप्तल र मालती आदि जलमा उम्रने फूलहरूले (निर्मित) अनेक प्रकारका फूलमालाहरूद्वारा बाटोलाई सजाइ राखिए । ॥९॥



https://dhamma.digital

१०. पत्थरित्वा पादपटे सित्तसम्मट्ठभूमियं,
लाजादिपञ्चपुप्फानि विकिरिंसु मनोरमं । ॥१०॥

सम्म्याइएको भूमिमा बढारकुढार गरी सितल जल छर्केर, हिंड्ने ठाउँमा बस्त्र (पादपट, बसाः) बिछ्याइ त्यसमाथि लावा आदि पाँच प्रकारका पूजाका फूलहरू मनोरम हुनेगरी छरेर राखिए । ॥१०॥

११. अलङ्करित्वा हत्थस्सा कुसुमाभरणादिहि,
मग्गालङ्करणत्थाय ठपितासुं ततो ततो । ॥११॥

फूल, गहना आदि अलङ्कारहरूले सजाएर बाटो सजाउनकोलागि हात्ती, घोडाहरू उभ्याईराखिए । ॥११॥

१२. तेसु तेसु च ठानेसु भेरिमण्डलमज्झगा,
नच्चन्ति चतुरा नारीयो रसभावनिरन्तरा । ॥१२॥

ठाउँ ठाउँमा सुर-ताल मिलाएर बजाइँदै गरिएका बाजामण्डलहरूका बिचबिचमा दक्ष नारीहरू रस र भाव मिल्ने गरी नाचिरहेका छन् । ॥१२॥

१३. कंसवंसादि पग्गय्ह वज्जेन्ता नेकतन्तियो,
गायन्ति मधुरं गीतं गायन्ते'त्थ लयन्वितं । ॥१३॥

त्यहाँ कोही कोही कांसका घंटा बाजा, बाँसका (बाँसुरी आदि) बाजा, अनेक तन्ति (सितार आदि) बाजाहरू हातमा लिएर बजाई रहे । लय मिलाएर मधुर गीतहरू गाइरहे ।

१४. मग्गो सो साधुवादेहि भेरीनं निनदेहि च,
करीनं कुञ्चनादेहि हयानं हेसितेहि च,
नेकविटङ्कसङ्केहि सो करीहि समाकुलो । ॥१४॥



Dhamma.Digital
https://dhamma.digital

(महिला तथा पुरुषहरूका) साधुकार दिइरहेका शब्दले गर्दा र बाजा बजाएको ध्वनिले गर्दा, हात्तीहरूको कुञ्चनादले गर्दा, र घोडाहरू हिनहिनाएको स्वरले गर्दा, अनेक प्रकारका वस्त्रहरू लगाएका अभिनयकर्ताहरू, नृत्यमण्डलीहरू र हात्तीहरूले गर्दा त्यो मार्ग व्यस्त रहन्छन् । ॥१४॥

१५. मग्गस्स उभतो पस्से देवकञ्ञूपमा सुभा,
मालाकलापे पग्गय्ह तिट्ठन्ति तुट्ठमानसा । ॥१५॥

बाटाका दुबैतिर देवकन्या जस्ती सुन्दरी (युवतीहरू) फूलका गुच्छाहरू बोकेर प्रसन्न मन गरी आएर त्यहाँ उभिइरहे । ॥१५॥

१६. तथा पुण्णघटे गय्ह पदमुप्पलसंकुले,
अट्ठमङ्गलं उग्गय्ह तिट्ठन्ति पमदा तहिं । ॥१६॥

त्यस्तै युवतीहरू कमल, उत्पल फूलहरूले भरिएका पूर्ण कलस बोकेर, अष्टमङ्गल उचाली ठाउँ ठाउँमा आएर उभिइरहे । ॥१६॥

१७. सीतलूदकसम्पन्नपपाहि समलङ्कता,
सिनानत्थं खता आसुं पोक्खरञ्ञो तहिं तहिं । ॥१७॥

मार्गका दुबैतिर ठाउँ ठाउँमा सितल पानी बगिरहेका झरनाहरू थिए र राम्ररी अलंकृत नुहाउने पोखरीहरू पनि खनेर राखिए । ॥१७॥

१८. तहिं तहिं कता आसुं दानसाला मनोरमा,
निचिता'सुं अनेकानि दानोपकरणा तहिं । ॥१८॥



https://dhamma.digital

ठाउँ ठाउँमा अत्यन्त राम्रा मनोरम दानशालाहरू बनाएर राखिएका छन् । त्यहाँ अनेक प्रकारका दान दिइने वस्तुहरू पनि थुपारिराखिएका छन् । ॥१८॥

१९. एवं नेकविधा पूजा अम्हेहि पटिपादिता,
ठपेत्वान महागङ्ग तं जानातु महीपती ति । ॥१९॥

हामीले यस प्रकार अनेक प्रकारका पूजा सामग्रीहरू जोरजाम गरिराख्यौं । यो चन्द्रभागा भन्ने ठूलो नदीमा बाहेक हो । पृथ्वीका मालिक हुनुभएका भो महाराज ! उक्त नदी एउटा सिंगार्ने काम हजुरले हेरेर गराउनुहोस् । ॥१९॥

उक्त कुरा सुनेर अशोक महाराजले “गंगा (नदी)लाई अलंकृत गरिदिनू” भनेर सोह्रजना यक्षहरूलाई पठाइदिए । उनीहरू आआफ्ना परिवार (मानिस)हरूसँग त्यहाँ गएर आआफ्ना आनुभावद्वारा नदी भित्र तीन गाउत गहिराईमा पादसिला (ढुङ्गाको जग) राख्न लगाए । त्यसरी जग बनाएर त्यसमाथि खम्बा ठड्याई दलिन वछ्र्याई हिमालबाट रातो श्रीखण्डसार काठ ल्याउनलगाई त्यसको फलक (डलिनको माथि) बिछ्र्याए । अनेक प्रकारका पूजा विधानले सिंगारेर राजाकहाँ यसको समाचार पठाइदिए ।

त्यसैले यहाँ यस्तो भनिएको हो-

२०. यं अत्थाय मयं सब्बे महाराजेन पेसिता,
अम्हेहि दानि तं सब्बं कतं एव सुणोथ तं । ॥२०॥



https://dhamma.digital

महाराजद्वारा जुन कामको लागि हामीलाई पठाइएको थियो, अहिले ती सबै काम पूर्ण गरिसकिएका छन् । त्यो समाचार सुन्नुहोस् । ॥२०॥

२१. गावुतत्तयगम्भीरं गङ्गं योजनवित्थतं,
थम्भे पतिट्ठपेत्वान अनग्घरत्तचन्दनं । ॥२१॥

२२. हिमवन्ततो 'हरित्वान सेतुं तत्थ सुमापितं,
तोरणाच उभो पस्से रतनेहि सुनिम्मिता । ॥२२॥

नदी तीन गाउत गहिरो तथा एक योजन चौडा छ । हिमालयबाट अत्यन्त मूल्यवान् रक्त चन्दन ल्याएर त्यस नदीमा राम्रोसँग पुल बनाएर दुबैतिर रत्नद्वारा निर्मित तोरणहरू पनि राखि सकिएका छन् । ॥२१-२२॥

२३. पुण्णकुम्भद्धजाचे'व पदीपावलियो तथा,
उभोपस्सेसु रतनानि मापेत्वा लम्ब नानिच । ॥२३॥

त्यस्तै पूर्ण कलस र ध्वजाहरू पनि (फहराइ राखी सकिए), लहरै बत्तिहरू पनि (बाली राखी सकिए), पुलका दुवैतिर द्वारहरूमा सप्तरत्न जडान गरिएका पताकाहरू पनि झुण्ड्याइ राखी सकिए । ॥२३॥

२४. सुवण्णमणिमुत्तादिदामेहि समलङ्कता,
वालुकत्थाय ओकिण्णा धोतमुत्ता पभस्सरा । ॥२४॥

सुन, माणिक्य, मोती आदिका मालाहरूले जतातत्तै राम्ररी सिंगारी राखिसकिए । बालुवाहरूको सट्टामा धोइएका चम्किला मोतीहरू छरिसकिए । ॥२४॥



https://dhamma.digital

२५. तेसु तेसु च ठानेसु ठपितासुं महामणी,
नानारागवितानेहि सोभितं सेतुनोपरि । ॥२५॥

पुलको माथि नाना रंगका चँदुवाहरू टाँगिएका छन् । त्यहाँ ठूला ठूला मणिहरू स्थापना गरी शोभायमान गरिसकिएका छन् । ॥२५॥

२६. ओलम्बितासुं तत्थे'व दिब्बादिकुसुमादयो,
निट्ठितं इध कातब्बयुत्तं पूजाविधि तु नो,
देवो तं पटिजानातु इति वत्वान पेसयुं ति । ॥२६॥

ती चँदुवामा दिब्यमय फूलहरू झुण्ड्याएर राखिएका छन् । हामीले यहाँ गर्नुपर्ने सबै पूजा विधिहरू सिध्याइ सक्यौं, महाराज । भो महाराज ! यो शुभ समाचार जानकारीकोलागि पठाएका छौं । यति लेखेर समाचार पत्र पठाए । ॥२६॥

त्यो समाचार सुनी अशोक महाराजले "तपाईहरूले नै स्थविरलाई यहाँ बोलाईल्याउनुस्" भनी जवाफ (सूचना) पठाए । उनीहरूले "हुन्छ, हवस्" भनी इन्द्रगुप्त स्थविरकहाँ गएर वन्दना गरी बिन्ती गरे- भन्ते ! पाटलिपुत्र नगरमा जाने समय भयो । त्यसपछि स्थविर साठीहजार भिक्षुसंघद्वारा परिवृत्त भई पचपन्न योजन लामो मार्गमा यात्रा प्रारम्भ गर्नुभयो । त्यसपछि देवपुत्र नगरका बासिन्दाहरूले अनेक प्रकारका फूलमाला, सुगन्ध, अत्तरचूर्ण, ध्वजा-पताका आदिले सजाएर अनेक प्रकारका ताल-तालमा नृतकहरू नाच्ने तथा गाउने कामद्वारा, बाजा बजाउने कामद्वारा पूजा गरी पुर्याउन आए ।



https://dhamma.digital

त्यस पछि स्थविर जम्बुद्वीपवासीहरूद्वारा महान पूजा विधान सहित गरिएका पूजा सत्कार ग्रहण गरी क्रमशः चन्द्रभागा नदीको माथिको पुलनिर पुगेर त्यहाँ गरिएको अत्यन्त ठूलो पूजा विधी हेरेर चिन्तना गर्नुभयो- "यो जम्बुद्वीपमा आजसम्म यस्तो विधीविधानयुक्त मान अरू कसैले पाएको छैन। मलाई मात्र प्राप्त भएका छन्। यहाँ म मात्रै उत्तम छु। म समान (ठूलो) अरू कोही छैनन्। यस प्रकार म उत्तमहरूभन्दा पनि उत्तम हूँ" भनी घमण्ड गरेर बस्नुभयो। त्यस क्षणमा एक जना क्षीणाश्रवी स्थविरले उहाँ अभिमानले व्याप्त चित्त लिएर बसेको तथ्य दिव्यचक्षुले देखेर उहाँकहाँ जानुभई वन्दना गरी स्थविरलाई उपदेश दिँदै यस्तो भन्नुभयो। त्यसैले भनिएको हो-

२७. "मा मानस्स वसी होथ मानं भन्ते वसीकतं,
अनत्थदो सदा होति पातेत्वान भवावटे। ॥२७॥

"भो भन्ते ! अभिमानको बसमा नपर्नुस्। अभिमानले धेरै अनर्थ मात्र सिद्ध हुनजान्छ। यसले तपाईलाई पुनर्जन्मको चक्रमा मात्र पार्नेछ। ॥२७॥

२८. मानोपलालितो सत्तो तण्हापटिघसङ्गतो,
मक्कटोरगसोणादि हुत्वा जायति जातिसु। ॥२८॥

अभिमानले मन धमिलो भएको प्राणी तृष्णा र द्वेष दुइटैमा पर्न गई जन्मजन्मान्तरमा बाँदर, सर्प, कुकुर आदि योनिमा जन्मिन पुग्नेछन्। ।२८॥



https://dhamma.digital

२९. मा मानं सामि पूजेहि अत्तानं परिसोधय,
अपरिसुद्धासयो भिक्खू दायकं न परितोसति । ॥२९॥

भो स्वामी (भन्ते) ! अभिमानलाई प्रोत्साहन नदिनुहोस् । आफूलाई परिशुद्ध गर्नुहोस् । चित्त परिशुद्ध नभएको भिक्षुले दाताहरूलाई सन्तुष्ट गर्दैन । ॥२९॥

३०. ददन्तानं सरन्तानं पूजेन्तानं सचे तुवं,
महप्फलं महाभूतिं कामत्थ होथ निब्बणा ति ।" ॥३०॥

हजुरलाई चार प्रत्ययहरू दान गर्नेहरूलाई, स्मरण गर्नेहरूलाई र पूजा सत्कार गर्नेहरूलाई महान फलदायी, महान आनिशंसदायी बनाउने हो भने हजुर अभिमानमुक्त हुनुहोस् ।" ॥३०॥

त्यो कुरो सुनेर स्थविर संसार देखेर वैराग्य अनुभव गरी त्यहीं नै उभेर (अनित्य, दुःख, अनात्मा) तिनवटा लक्षणहरूको भावना गरी कर्मद्वारा उत्पन्न भएको यस शरीरको सम्बन्धमा विचार विमर्श गरेर प्रतिसम्भिदा सहित अरहन्तभावमा पुगेर मात्र त्यस पुलबाट निस्कनुभयो । उता धर्माशोक महाराज सेनाहरू र रथहरूद्वारा परिवृत्त भई उत्तम पूजाविधान व्यवस्था सहित भई स्वागत गर्न आई वन्दना गरी दोश्रो पटक पूजा सत्कार गरी धेरै भिक्षुहरू सहित स्थविरलाई आफ्नो नगरमा प्रवेश गराई वहाँको धर्म देशना सुनेर मन प्रसन्न गरी पञ्चशीलमा प्रतिष्ठित भई ठूलो विहार बनाउन लगाई उहाँ स्थविरका साथमा आएका ६० (साठी) हजार भिक्षुहरूलाई चार प्रत्ययद्वारा उपस्थान सेवा



https://dhamma.digital

गरे । त्यसपछि स्थविरले अर्थकथा सहित त्रिपिटक प्रकाश गर्दै चिरकालसम्म त्यहाँ बसेर त्यहीं नै परिनिर्वाण हुनुभयो । अनि राजाले परिषद्हरू सहित भई उहाँको पार्थीव शरीरलाई अग्नि संस्कार गराई धातु ल्याएर ठूलो चैत्य बनाउन लगाउनुभयो ।

३१. पुराकतानं भुवि पुञ्ञकम्मिनं
गुणानुभावेन महेन्ति एवं,
सदेवका नं मनसीकरोन्ता
पुञ्ञं करोथायतने सदादरा ति । ॥३१॥

यस संसारमा पूर्वजन्ममा रोपिआएको पुण्यकर्म भएकाहरूलाई शीलादि गुण धर्मको प्रतापले गर्दा देवताहरू सहित लोकवासीहरूले यस प्रकार पूजा-सत्कार गर्नेछन् । यो तथ्य मनन गरी सदैव आदरयोग्य क्षेत्रमा आदर गरेर पुण्यकर्म गर्नुहोस् । ॥३१॥

इन्द्रगुप्त स्थविरको कथा चौथो समाप्त ।



https://dhamma.digital

# ४.०५. साखमाला पूजिकाको कथा

अब यहाँबाट शुरु हुन्छ-

हाम्रा भगवान दस पारमिता पूर्ण गरेर क्रमशः तुसित भुवनमा जन्म लिएर देवताहरूद्वारा आराधना गरिएपछि शाक्य राजकुलमा जन्म लिई आमाको गर्भबाट निस्कनुभई क्रमशः परमअभिसम्बोधि प्राप्त गरी त्यसबेलादेखि पैंतालिस बर्षसम्म जीवित रहनुभई चौरासीहजार धर्मस्कन्धहरू देशना गर्नुभई अनगिन्ती सत्त्व प्राणीहरूलाई भवसंसाररूपी कन्तार (मरुभूमि) बाट तार्नुभई सबै बुद्धकृत्यहरू पूरा गर्नुभई कुशीनगरको उपवत्तनमा मल्ल राजाहरूको शालवनमा एकजोड शालवृक्षको बिचमा उत्तरतिर सिरान पारी वछ्र्याइएको खाटमा दाहिनेतिरबाट कोल्टो परेर राम्ररी स्मृति राख्नुभई बैशाख पूर्णिमाको दिनमा अब फेरी नउठ्ने शैय्यामा लेटेर अन्तिम याममा भिक्षुहरूलाई अववाद उपदेश दिनुभई भोर हुनुभन्दा पहिले महापृथ्वी कम्पमान गरेर अनुपादिशेष निर्वाणधातुमा परिनिर्वाण हुनुभयो ।

लोकनाथ भगवान परिनिर्वाण हुनुभएपछि आनन्द स्थविर मल्ल राजाहरूकहाँ जानुभई यो घटना सुनाउनुभयो । त्यसपछि कुशीनगरवासी मानिसहरू, ब्रह्मा आदि देवहरू भेला भएर नाच्ने, गाउने, बाजा बजाउने र फूलमाला र सुगन्ध आदिद्वारा पनि सत्कार गर्दै, गौरव गर्दै, मान गर्दै, पूजा गर्दै कपडाका चँदुवा आदि टाँगेर भगवानको



https://dhamma.digital

शरीरलाई नगरको माझमा, जहाँ कि मकुटबन्धन भन्ने मल्लहरूको चैत्य रहेको थियो, त्यहाँ लगेर चक्रवर्ती राजाको शरीरलाई जस्तो गरी नयाँ वस्त्रले बेरेर त्यसपछि छोडाइएको कपासले बेरे । यस्तै प्रकारले पाँचशय जोर कपडाले बेरेर तेल भरिएको फलामको द्रोणीमा राखेर त्यसलाई अर्को फलामको द्रोणीले छोपेर सबै थरिका सुगन्धित वस्तुहरूले चिता बनाएर भगवानको शरीर चितामाथि राखे । अनि पछि महाकाश्यप स्थविरले भगवानको पाउमा शिरले वन्दना गर्नासाथै देवताहरूको आनुभावले गर्दा पूरै चितामा सबैतिर एकसाथ आगो बल्यो । भगवानको शरीर भस्म भएपछि चमेली फूलको कोपिला जस्ता धातुहरू बाकी रहे ।

सुनिन्छ कि त्यस समयमा कोसल राजाको जनपदमा एउटी गाउँले स्त्रीले भगवान परिनिर्वाण भएपछि गरिएको पवित्र उत्सवमा सामेल हुनका लागि आउँदै गर्दा बाटोमा आफ्नो शरीरमा उत्पन्न भएको आन्द्रा सम्बन्धी रोगको कारणले अन्तिम संस्कार उत्सवमा पुग्न नसकेर शास्ताको मशानमा गएर भगवानको धातुमय शरीरमा तीनवटा चमेली फूल चढाएर मन प्रसन्न गरी पञ्चाङ्ग वन्दना गरी फर्केर गइ । तिनी त्यसै रातमा बिचको याममा मृत्यु भएर तावतिंस भवनमा तिस योजन भएको सुनको विमानमा जन्म लिइ । तिनको पूर्वकर्म प्रकाश गर्नका लागि त्यहाँ पाँग्रा जत्रा शाखपुष्पहरू लर्काइराखिएका थिए । त्यसैबाट सारा विमानलाई प्रकाशित गरिराखिएको थियो । त्यसबाट बास्ना फिजिनाले त्यो सुगन्धको बट्टा जस्तो नै भएको थियो ।



https://dhamma.digital

तिनले आफ्नो सौभाग्यले प्राप्त भएको आत्मभाव, विमान सम्पत्ति र परिवार सम्पत्ति पनि देखेर विस्मित भएर विचार गरी हेरि कि "आफूले पहिले के कर्म गरेकोले यो प्राप्त भएको होला ?" भगवानको धातु शरीरमा पूजा गरिआएकोले तीनवटा शाखफूल देखेर मन प्रसन्न पारेर पाँग्रा जत्रा शाख फूलका मालाहरू हातमा बोकेर धातुपूजा गर्नका लागि गई । त्यस बेलामा त्यहाँ भेला भएका मानिसहरूले तिनको रूपसम्पत्ति र हातमा बोकेको ठूलो शाख फूलका माला देखेर विस्मित भएर सोधे- ए बहिनी, यस्ता फूलहरू कहाँ लिन पाइन्छन् ? त्यो कुरा सुनी देवकन्याले आफूले भगवानको धातु शरीरमा तीनथुँगा शाखफूलले पूजा गरिआएको आनुभावले गर्दा आफूलाई प्राप्त भएको सम्पत्ति, दिव्य विमान र पहिले मरेर आएको देह पनि सबै उनीहरूलाई देखाएर धर्मदेशना गरी धर्मदेशनाको अन्तमा यस्तो भनि-

१. "समागता भवन्ता भो ! पस्सन्तु मम सम्पदं,
कतं अप्पेन कारेन सम्मासम्बुद्धधातुया । ॥१॥

"यहाँ उपस्थित भो सज्जनवृन्द ! तपाँइहरूले सम्यक्सम्बुद्धको शरीर धातुलाई गरेको थोरै मात्र पूजा सत्कार गर्नाले (प्राप्त भएको) मेरो यो सम्पत्ति हेर्नुहोस् । ॥१। ।

२. साकमालानि तीणे'व हिय्यो'हं मुनिधातुया,
पूजयित्वान सन्तुट्ठा निवत्ता तम्हि रत्तियं । ॥२॥

३. मरन्ती खरवातेन तं अहं सुचरितं सरिं,
तेनाहं पुञ्ञकम्मेन तावतिंसूपगा अहुं । ॥३॥



https://dhamma.digital

मैले हिजो मुनि (भगवान) को धातुलाई तीनवटा शाखमाला फूलले पूजा गरि सन्तुष्ट भएर फर्केको थिएँ । त्यही रातमा कड़ा आन्द्राको रोगको वेदनाले मृत्यु भएको थिएँ। (मैले गरेको) त्यो पुण्यकर्मको प्रतापले गर्दा म तावतिंस देवलोमा जन्मिन पुगें । ॥२-३॥

४. तत्थ मे आसि पासादो तिंसयोजनं उग्गतो,
कूटागारवराकिण्णो साकमाला ति विस्सुतो । ॥४॥

देवलोकमा मलाई प्राप्त भएको तीस योजन अग्लो उत्तम कूटागारले चारैतिर घेरिएको शाखमाला भनी प्रसिद्ध रहेको मेरो प्रासाद विमान छ। ॥४॥

५. यथा सब्बसुगन्धेहि करण्डं परिभावितं,
तथा दिब्बसुगन्धेहि गन्धितं भवनं मम । ॥५॥

सबै प्रकारका सुगन्धले सुगन्धित गरिएको करण्ड भाँडो जस्तो नै मेरो विमान पनि दिव्य सुगन्धका कारणले हररर सुगन्ध बासना आइरहन्छ। ॥५॥

६. चक्कमत्ता साकपुप्फा तत्थ तत्थू'पलम्बरे,
दिब्बगन्धा पवायन्ति मधुब्बतनिसेविता । ॥ ६॥

भमराहरूद्वारा नित्य सेवन गरिएको पाँग्रा जत्रा शाख फूलहरू त्यहाँ ठाउँठाउँमा लर्काइराखिएका छन् । दिब्य सुगन्ध पनि हररर बासना आइरहेको छ । ॥६॥

७. भस्सन्ति एकपुप्फस्मा तुम्बमत्ता हि रेणवो,
तेहि पिञ्जरिता देवा कीलन्ति च ललन्ति च । ॥७॥



https://dhamma.digital

एक थुँगो फूलबाट लौका जत्रो पराग झरिरहेको छ। तिनका परागहरूको कारणले निस्किरहेका राता वर्ण भएका चारजना देवताहरू प्रसन्न भई खेलिरहेका छन् । ॥७॥

८. पिलन्धित्वान मालायो सुदिब्बाभरणानि च,
सहच्छरा देवपुत्ता नच्चगीतादिव्यावटा । ॥८॥

अप्सराहरू सहित देवपुत्रहरू असलअसल, सुन्दरसुन्दर दिव्यवस्त्रालंकार र दिव्यफूलमालाहरू लगाएर नाचगान गरिरहेका छन् । ॥८॥

९. पस्सथेमं भुजङ्गा भो सत्ता मोहेन पारुता,
हिय्यो मतं'पविद्धं मे पूतिभूतं कलेवरं । ॥९॥

१०. पुलवेहि समाकिण्णं मक्खिकागणकीलितं,
काकसोणादिसत्तानं आहारं कुणपालयं । ॥१०॥

मोहले छोपिएका हे धूर्तजनहरू ! कीराहरूले भरिएको, झिंगाहरूले छोपिएको, काग, कुकुर आदि प्राणीहरूका आहार रहेको, हिजो मरेको, विनाश भइरहेको, त्यसैले बाहिर फालिएको, कुहिएको मेरो यो लाशलाई राम्ररी हेर्नुहोस् । ॥ ९-१०॥

११. पत्थेन्ति पुरिसा पुब्बे अनेकोपायनेन तं,
दट्ठुं पि दानि नि'च्छन्ति तण्हाय'ञ्ञाणता अहो ! ॥११॥

पहिले सबै पुरुषहरूले अनेक प्रकारका उपाय गरेर त्यस शरीर (लाभ गर्ने) आशिका गर्दथे, अब भने (त्यही शरीर) एकछिन पुलुक्क हेर्न पनि इच्छा गर्दैनन् ।



https://dhamma.digital

तृष्णाको कारणले हुने अज्ञानभाव हो यो, अहो, आश्चर्य हो । ॥११॥

१२. लोकपज्जोतकस्साहं विमलस्स यसस्सिनो,
धातुं हिय्यो महिं सम्मा अज्ज सग्गे पतिट्ठिता । ॥१२॥

हिजो मैले निर्मल यशकीर्ति भएका, तिनै लोकलाई उज्यालो पार्नुहुने भगवानको शरीरधातुलाई राम्ररी पूजा गरेँ । (त्यस पुण्यले गर्दा) आज स्वर्गमा प्रतिष्ठित भएँ (जन्मेँ) । ॥१२॥

१३. हित्वाने'तादिसं कायं लद्धं दानि ममेदिसं,
दिब्बत्तभावं सोभाहि भासमानं उदिक्खथ । ॥१३॥

त्यस्ता (घृणित) मनुष्य देहलाई त्याग गरेर अहिले प्राप्त भएको यस्तो शोभाले जाज्वल्यमान रहेको उज्यालो मेरो देवत्त्वभावलाई हेर्न आउनुहोस् । ॥१३॥

१४. भासमानाय मे वाचं सुणोथेत्थ समागता,
नत्थे'वाकतपुञ्ञस्स अणुमत्तं भवे सुखं । ॥१४॥

यहाँ उपस्थित हे जनसमुदाय, मेरो वचन सुन्नुहोस् । पुण्य नगर्नेहरूलाई यस संसारमा सुख भनेको थोरै पनि पाइँदैन । ॥१४॥

१५. बिन्दुमत्तं पि यो पुञ्ञबीजं रोपेति सासने,
नभानन्तफलं होति याव निब्बानपत्तिया ति ।" ॥१५॥

जसले शासनरूपी खेतमा अलिकति भएपनि पुण्यरूपी बिउ रोप्छ, उसलाई त्यो पुण्य निर्वाण नपुगुञ्जेलसम्म आकाश समान अनन्त फल प्राप्त भई रहन्छ ।" ॥१५॥


https://dhamma.digital

यस प्रकार सो देवकन्याले आफुलाई प्राप्त भएको दिव्यसम्पत्ति देखाएर जनताहरूलाई उपदेश दिएर दिव्यशाक फूलद्वारा जिन (विजयी, भगवान) को धातुलाई पूजा गरी मानिसहरूले हेर्दा हेर्दै विमान सहित देवलोकमा नै फर्की । त्यो घटना देखेर धेरै जनताहरू दान आदि पुण्यकर्म गरेर देवलोकमा भरिन गए ।

१६. एवं हि सा पुप्फमत्तेन धातुं
पूजेत्व देवेसु अलत्थ भूतिं,
तुम्हे पि भोन्तो तिदिवेसु सातं
कामत्थ चे कत्थ पुञ्ञानि साधुं ति । ॥१६॥

यसरी त्यस महिलाले फूलले मात्र धातुलाई पूजा गरि । (त्यस पुण्यले) देवताहरूका माझमा महान दिव्यसुख लाभ गरिलिइ । (त्यसो भएकोले) भो सज्जनहरू, तपाईंहरू पनि देवलोकमा दिव्य सुख इच्छा गर्नु हुन्छ भने राम्ररी पुण्य कर्म गर्नुहोस् । ॥१६॥

शाखमाला पूजिकाको कथा पाँचौं समाप्त ।



https://dhamma.digital

# ४०६. मोरिय ब्राह्मणको कथा

अब यहाँबाट शुरु हुन्छ-

हाम्रा भगवानको परिनिर्वाण भएपछि मगध राष्ट्रमा मचल भन्ने एउटा ठूलो गाउँ थियो । त्यहाँ (त्रिरत्न उपर) श्रद्धावान् प्रसन्न चित्त भएको मोरिय नामको एक जना ब्राह्मण बास गर्दथ्यो । उसकी सेना नामकी पत्नी थिइ । तिनी पनि (त्रिरत्नप्रति) श्रद्धाले प्रसन्न चित्त भएकी थिइ । उनीहरू दुबैजना मिलीजुली भई खुशी प्रसन्न भएर भिक्षु संघलाई निमन्त्रणा गरी सधैं नै दान दिने काम गर्दै चीवर आदि चार प्रत्ययहरूद्वारा उपस्थान सेवा गर्दै, शील पालन गर्दै, उपोसथ कर्म गर्दै दिन बिताइरहेका थिए । पछिल्लो समयमा उसको घरमा भएका सम्पत्ति धेरैजसो दान दिंदै सिध्यो । अनि ब्राह्मणीले ब्राह्मणलाई भनि- "स्वामी ! हाम्रो घरमा भएका धन सिद्धिसके । अब हामीले कसरी निरन्तर दान गरिरहने होला ? अनि ब्राह्मणले भन्यो- "हे प्रिया ! तिमीले चिन्ता नलेऊ, जुन उपाय गरेर भए पनि दान दिने काम स्थिर नै राख्नेछौं" भनेर आफ्नो उत्साह प्रकट गर्दै भन्यो-

१. "जानमानो हि लोकस्मिं दानस्सेदं फलं इति,
न दज्जा को सुसीलेसु अप्पं पि दिवसं पति । ॥१॥



https://dhamma.digital

“दानको फल यस्तो हुन्छ भन्ने बुझेका व्यक्तिहरू कसले पो यस संसारमा शीलवान व्यक्तिहरूलाई स्वल्प मात्र भए पनि दान नदिइकन बस्ला र ? (आवश्य दिन्छ ।) ॥१॥

२. सग्गलोकनिदानानि दानानि मतिमा इध,
को हि नाम नरो लोके न ददेय्य हितो रतो ति । ॥२॥

यस लोकमा ज्ञानी र आफ्नो हित गर्नमा लागेको कुन व्यक्तिले पो स्वर्ग लोक (सम्पत्ति सिद्ध गरिदिने) निश्चय पनि हेतु भएको दान नदेला र ? (अवश्य नै दिन्छ ।) । ॥२॥

यस्तो भनिसकेपछि फेरि भन्यो- “भद्रे ! जंगलमा पसेर अनेक प्रकारका पात र फलफूलहरू डालोभरी खोजेर ल्याएर त्यो बिक्री गरेर भए पनि दान दिने काम टुट्नदिने छैन ।” यति भनी त्यसै बेलादेखि जंगलमा पसेर पात र फलफूलहरू ल्याएर बिक्री गरेर भए पनि दान दिईरह्यो ।

अनि एक दिन ब्राह्मण जंगलमा पसेर पात तथा फलफूलहरूले डालो भरेर टाउकोमा बोकी घरतिर फर्कीरहेको बेलामा एउटा खोल्सा देख्यो जुन कि सुन्दर, मनमोहक किनारा भएको, हिलो नभएको, सितल र सफा पानीको धारा मन्द-मन्द बगिरहेको, दुबै किनाराहरूमा असंख्य फूल र फल फलिफुली रहेको, लता लहराहरू धेरै भएको, चातक आदि पंछीहरू र चौपाया पशुहरू भेला भइरहेको, धेरै फल, फूल र कोपिलाहरूको भारले नुहेका धेरै वृक्षसमूहले युक्त थियो । अनि उसले डालो किनारामा बिसाएर त्यस खोल्सामा झरेर नुहाइरह्यो । त्यही क्षणमा त्यहाँ एउटा रुखमा बसेका



https://dhamma.digital

एउटा देवपुत्रले त्यहाँ नुहाइरहेको उसलाई देखेर चिन्तन गरे- के हो त, यो मानिस, असल मनसुवा भएको हो, कि अथवा खराप ? यस्तो भनी दिव्यचक्षुले परीक्षा गरेर हेर्दा यो मानिस आश्चर्यजनक छ, आफू गरीब भए पनि आफ्नो दान परम्परा टुट्ने भयले जंगलमा गएर रुखका पातहरू तथा फलफूलहरू ल्याएर दुःख कष्ट गरेर आफ्नो जीविका चलाएर दान धर्मलाई टुट्न नदिइकन निरन्तर चलाइरहेको छ, भन्ने देखे । अनि उसको गुण धर्मको कारणले “डालोमा रहेका पातहरू र फलफूल सबै नै सुन होस्” भनी आधिष्ठान गरे । तदनन्तर उसको आनुभाव-प्रतापले गर्दा (डालोमा भएभरका) सामानहरू सबै नै सुनमा परिणत भए । फेरि सो देवपुत्रले सुनले भरिएको डालोको माथि सुनको थुप्रोको बिचमा इच्छा गरेका जति सबै नै पूरा गरिदिने एउटा ठूलो चिन्तामणि रत्न पनि राखेर अन्तर्धान भएर लुकेर बसिरहे ।

त्यसपछि ब्राह्मण नुहाइसकेर पोखरीबाट उक्लेर डालोमा भएका सारा बस्तुहरू सुवर्णको रश्मीले ज्वार्रर टल्कीरहेको मणिरत्न देखेर “यो के होला ?” भनी शंका आशंका भएर डालोको नजिक गएर हात पसारेर लिने आँट नभएकोले त्यसै उभिइरह्यो । उसलाई देखेर देवपुत्रले आफ्नो शरीर समेत देखाएर भने- हे ब्राह्मण ! तिमी नडराऊ । ती सबै मैले बनाएको हूँ, तिमीले लिएर जाऊ ।

त्यसपछि ब्राह्मणले देवपुत्रको कुरा सुनेर विचार गर्यो- “यो देवपुत्रले मैले बनाइदिएका वस्तुहरू लिएर जाऊ भन्छ । यी सारा वस्तुहरू उसले आफ्नो आनुभावले दिएको



https://dhamma.digital

हो, अथवा मैले गरेको पुण्यकर्मले गर्दा उत्पन्न भएको हो ? ऊसँग मैले सोध्नु पर्यो ।" अनि हात बिन्ती गरी देवपुत्रसँग सोद्धै भन्यो-

३. पुच्छामिमञ्जलीदानि देवपुत्तं महिद्धिकं,
ददासि मे सुवण्णं च कामदं मणिं उत्तमं । ॥३॥

धेरै ऋद्धिसम्पन्न देवपुत्र ! म हात जोडेर सोद्धैछु, तपाँईले मलाई यी सुन र चिताएका सबै वस्तुहरू दिने उत्तम (चिन्ता) मणि दिनुभयो । ॥३॥

४. नापि भो नो तुवं ञाति न मित्तो नोपकारको,
किं त्वं अत्थवसं दिस्वा मम दज्जासि'मं धनं । ॥४॥

भो देवपुत्र ! म तपाइँका आफन्त पनि होइन, साथीभाई पनि होइन, फेरी मैले कुनै उपकार सेवा गरिराखेको पनि छैन । तपाँईले के प्रयोजन देखेर मलाई यी धन दिंदै हुनुहुन्छ ? ॥४। ।

५. केन तपेन सीलेन केनाचारगुणेन च,
येन दज्जासि मे देव किं मे सुचरितं चितं ? ॥५॥

भो देवपुत्र ! मैले गरिआएको कुन तपस्या, कुन शील, कुन सदाचरण गुण धर्म, कुन सुचरित्रको कारणले मलाई तपाँइले यी धनराशी दिनुभएको हो ? ॥५॥

६. किं नु पुरातनं कम्मं केन कम्मेन दस्ससि,
अथवा तवि'द्धिया देति तं मे अक्खाहि पुच्छितो ति । ॥६॥



https://dhamma.digital

अथवा मेरो पुरानो कर्मको कारणले हो कि, कुन कर्मको कारणले यो धन दिइरहनुभएको हो ? अथवा तपाँइको ऋद्धिको बलले पो दिएको हो कि ? मैले सोधेको सो कारण मलाई बताउनुहोस् । ॥६॥

अनि उक्त देवपुत्रले भने- हे ब्राह्मण ! हामी देवताहरूले त अरूलाई केही पनि दिन सक्दैनौं । यी सबै वस्तुहरू तिमीले पहिले गरिआएको सुचरित्रको प्रतापले नै उत्पन्न भएका हुन् । यति भनी दिब्यचक्षुले उसले पहिले गरिआएको कर्म देखेर उसलाई बताउँदै भने-

७. “कस्सपे लोकपज्जोते सम्बुद्धे परिनिब्बुते,
सब्बत्थ पत्थटं आसि तस्स बुद्धस्स सासनं । ॥७॥

“लोकजनहरूका दीपक हुनुभएका काश्यप सम्यक्सम्बुद्ध महापरिनिर्वाण हुनु भएपछि उहाँको शासन सबै ठाउँमा फैलिरहेको थियो । ॥७॥

८. तदा पच्चन्तिमे गामे त्वं आसि कुलदारको ।
सद्धो आसि पसन्नो च दायको कुसले रतो । ॥८॥

त्यस बेलामा तिमी प्रत्यन्त ग्राममा एउटा कुलपुत्र भएका थियौ । तिमी श्रद्धा सम्पन्न (संघप्रति) प्रसन्न चित्त भएको, कुशल कर्म गर्नमा लागिरहेको दायक पनि थियौ । ॥८॥

९. तदा पब्बजितो एको गच्छन्तो अन्तरापथे,
चोरेहि अनुबद्धो’सि अच्छिन्नपत्तचीवरो । ॥९॥



https://dhamma.digital

त्यस बेलामा एकचोटी एकजना बाटोमा हिंडीरहेका भिक्षुलाई चोरहरूले लखेटी उहाँको भिक्षापात्र र चीवर लुटेर लिए । ॥९॥

१०. साखाभङ्गं निवासेत्वा पारुपित्वा तथे'व तं,
अन्तोगामं पविट्ठो'सि एसमानो पिलोतिके । ॥१०॥

सो (भिक्षु) रुखको हाँगा र पातले लाज छोपेर त्यस्तै गरी खास्टो पनि ओढेर चीवरका लागि झुत्रो कपडा खोज्दै गाउँमा आइपुग्नुभयो । ॥१०॥

११. ततो त्वं चरमानं तं दिस्वा कम्पितमानसो,
वत्थयुगं अदासि त्वं सद्दहं दानतो फलं । ॥११॥

अनि तिमीले त्यसरी घुमिरहेको सो भिक्षुलाई देखेर आफ्नो हृदय कम्पमान गरेर दानको फलमा विश्वास गरी उहाँलाई एकजोर वस्त्र दियौ । ॥११॥

१२. पत्थोदनेन तं भिक्खुं परिविसित्वा यथा बलं,
पेसेसि अभिवादेत्वा सद्धाय सुद्धमानसो । ॥१२॥

मन शुद्ध गरेर आफ्नो गच्छे अनुसारले सो भिक्षुलाई सेवा गरेर श्रद्धापूर्वक एक थाली (पत्थ) भात दान दिई वन्दना गरी पठायौ । ॥१२॥

१३. इमं त्वं अकरी पुञ्ञं तुय्हेतं चरितं इमं,
तस्स ते पुञ्ञकम्मस्स अमुख्यफलं ईदिसं ति ।" ॥१३॥

तिमीले त्यसबेलामा यो पुण्य गर्यौ । तिमीले गरेको चरित्र यही हो । तिम्रो त्यस पुण्य कर्मको मामुलि विपाक यस्तो हो ।" ॥१३॥



https://dhamma.digital

यस्तो भनी सुनाइसकेपछि देवताले बोले- हे ब्राह्मण ! यो तिम्रो धन राजा आदिले लुट्न नसक्ने बनाइ सकेको छु । तिमीले कुनै शंका नगरीकन लिएर गई आफ्नो इच्छा अनुसार गर । यो माणिक्यरत्नले तिमीले चिताएचिताएका सबै नै पूरा गरिदिन्छ । यसको आनुभावले तिम्रो दान दिने काम पनि अटुट गर र जहानबच्चाहरूको पालन पोषण पनि गर भनी उपदेश दिए । त्यो कुरो सुनी ब्राह्मणले सो देवताले बोलेको अनुसार भिक्षुसंघलाई महादान दिंदै, शील पालन गर्दै दीर्घकालसम्म बाँचेर पछिल्लो समयमा त्यहाँबाट च्यूत भएर देवलोकमा जन्मिन गयो ।

१४. एवं निहीना पि धनेन सन्तो
दानन्वयं ने'व परिच्चजन्ति,
तस्मा हि भोन्तो सति देय्यधम्मे
मा कत्थ दानेसु पमादभावं ति । ॥१४॥

सत्पुरुषहरूले यस प्रकारले केही पनि बाकी नरहेको धन हीन अवस्थामा पनि आफ्नो दान परम्परालाई कहिले पनि छोड्दैनन् । त्यसो हुनाले नै हो, भो सज्जनहरू ! दान दिन योग्य वस्तुहरू उपलब्ध हुने बेलामा दान दिनुमा प्रमाद नहुनुहोस् । ॥१४॥

मोरिय ब्राह्मणको कथा छैठौं समाप्त ।



https://dhamma.digital

# ४.०७. छोराको कथा

अब यहाँबाट शुरु हुन्छ-

सुनिन्छ कि एक समयमा लंकाद्वीपवासी साठी जनाजति भिक्षुहरू जयमहाबोधिवृक्षलाई वन्दना गर्ने इच्छा भएकोले सबैजनाले सहमति गरेर महातीर्थ घाटबाट जहाजमा बसेर जम्बुद्वीपमा पुगेपछि ताम्रलिप्ति पत्तन (वर्तमान भारतको मिदनापुर जिल्लाको तमलुक बन्दरगाह) भन्ने घाटमा ओर्लनुभई क्रमशः पाटलिपुत्र नगरमा पुग्नुभयो । अनि त्यस नगरमा भिक्षाटन आएका ती भिक्षुहरूलाई एकजना गरीब मानिसले देखेर "धेरै समय पछि मैले बुद्धपुत्रहरूको दर्शन पाएँ" भनी मन प्रसन्न गरी श्रीमतीलाई बोलाई भन्यो- "भद्रे ! यी आर्यहरूलाई दान गर्ने इच्छा भइरहेको छ । पहिले हामीले पुण्य गरी नआएकोले गर्दा आज हामी दरिद्र भयौं । हामीले यी पुण्य रोप्ने खेत (भिक्षुहरू) मा (कुशलकर्म) बिऊ रोपेनौं भने फेरि पनि यस्तै (दरिद्र) हुनुपर्नेछ । हाम्रो घरमा दान दिनयोग्य वस्तु केही छ कि ?" यो कुरो सुनी स्वास्नीले भनि- "स्वामी ! हाम्रो घरमा आर्यहरूलाई दान दिन योग्य वस्तु केही पनि देख्दिनँ। तैपनि मेरा प्रिय छोरालाई मारेर दान दिन सकिन्छ ।" पतिले तिनको कुरो सुनेर बोल्यो- "भद्रे ! छोरालाई मारेर कसरी दान दिने नि ?" अनि स्वास्नीले जवाफ दिइ- "स्वामी ! कसरी नजानेको नि ? हाम्रा पुत्र मरेपछि हामीसँग मन मिल्ने र हामीप्रति समर्पित आफन्तहरू,



https://dhamma.digital

साथीभाईहरू र घनिष्ठहरू हामीकहाँ आउने बेलामा केही न केही कोसेली लिएर आउँछन् । हामीले ती कोसेलीद्वारा दान दिनेछौं" भनेपछि उपासकले "हुन्छ, त्यसो भए त्यस्तै गर" भनी (सो काम गर्ने जिम्मा) आमामा नै छोडिदियो । आमाले छोरालाई मार्ने आँट नलागेर बोली : यो साँच्चै हो-

१. "किच्छा लद्धं पियं पुत्तं अम्म'म्माति पियं वदं,
सुनीलनेत्तं सुभमुं को पक्कमितुं इच्छति ? ॥१। ।

"नीलो र राम्रो आँखा भएको, सुन्दर आँखिभौं भएको, आमा ! आमा ! भन्दै प्रिय वचन बोल्ने, दुःखकष्ट सहेर पाएको प्यारो छोरोलाई कसले पो मार्न चाहला र ? ॥१॥

२. मातरा मारियन्तो पि मातरं एव रोदति,
मारेतुं तं न सक्कोमि हदयं मे पवेधती ति ।" ॥२॥

आमाले (छोरालाई) कुटे पनि (छोराले आमा, आमा भन्दै कराएर रुन्छ । (त्यसैले) त्यो छोरालाई मार्न सक्दिनँ । मेरो हृदय कामिरहेको छ ।" ॥२॥

यस्तो भनिसकेपछि भनि, "भो स्वामी ! मैले छोरालाई मार्न सक्दिनँ । तिमीले मार" भनी छोरालाई बाबुकहाँ पठाइदिइ । बुबा हुनेले पनि मार्ने आँट नलागेर यस्तो भन्यो । त्यसैले भनिएको हो-

३. "तायन्ति पितुनो दुक्खं पुत्ता पुत्ता'ति कित्तिता,
पितु दुक्खं सुखं पुत्ता दायादा होन्ति सब्बदा । ॥३॥

"छोराहरूले बाबुलाई भइपरिआउने दुःखहरूबाट रक्षा गरिदिन्छन् । (त्यसो हुनाले) पुत्रलाई पुत्र भनिएको



https://dhamma.digital

हो । छोराहरू सधैं नै बुबाको सुख दुःख दुबैका अंशयारी हुन्छन् । ॥३॥

४. तस्मा मे सदिसं पुत्तं पिल्लकं मञ्जुभासनं,
न सक्कोमि अहं भद्दे जीविता तं वियोजितुं । ॥४॥

भो प्रिय ! त्यसैले मधुर हुने गरी कुरा गर्ने म जस्तो भएको हिस्सी परेको सानो बच्चा पुत्रको जीवन (प्राण) चुताउन सक्दिनँ । ॥४॥

५. अयसं च अकित्तिं च पप्पोति पुत्तघातको,
पाणातिपातकम्मं पि कामं सो फुसते नरो ति ।" ॥५॥

छोरालाई मार्ने व्यक्तिको अयश र अकीर्ति फैलिन्छ । पुत्रघात गर्ने मानिस प्राणघात गरेको (अकुशल) कर्ममा पनि निश्चय नै पर्न जान्छ । (जसबाट नरक आदि अपायमा जन्मिन जान्छ) ।" ॥५॥

यस्तो बोलेर उसले "तिमीले नै तिम्रो छोरोलाई मार" भनी पठाइदियो । उसले यस्तो भनेपछि छोरालाई मार्ने उपाय खोजी गर्दै यस्तो भन्यो- हामी दुईमध्ये कसैले पनि यसलाई मार्न सक्दैन । हाम्रो घरको पछाडि धमिराको माटोको ढिस्को छ । त्यसमा एउटा नागराज बास गर्दछ । छोरालाई त्यहाँ पठाइदिएपछि नागराजले उसलाई टोकेर मारिदिने छ । यो खास्सै राम्रो उपाय हो भनी चिन्तन गरी छोरालाई बोलाएर आँखामा काजल लगाइदिएर, मोतीमाला र चूडी आदि पहिराएर उसको हातमा भकुण्डो दिएर भन्यो-



https://dhamma.digital

“पुता ! घरको पछाडि धमिराको माटोको ढिस्कोनिर गएर भकुण्डो खेलीबस् ।” यति भनी पठाइदियो ।

त्यसपछि सो बच्चा गएर भकुण्डो खेल्दाखेल्दै त्यस माटोको ढिस्कोको प्वालमा भकुण्डो पस्यो । अनि त्यो बच्चाले भकुण्डो निकाल्छु भनी धमिराको ढिस्कोको प्वालमा हात पसायो । त्यसपछि नाग रिसाएर सूसू आवाज निकालेर ठूलो फण फिजाएर प्वालबाट टाउको निकालेर यमराजले फालि पठाएको जालोजस्तो भई हेरेर ठडिइरह्यो । त्यसपछि बच्चाले केही नजोनेकोले नागको गर्दनमा जोडसित समात्यो । अनि उसका आमा बाबुको श्रद्धाबलले नागराजाले बच्चाको हत्केलामा चिताएका सबै बस्तुहरू दिने आठकुने कण्ठमणिरत्न खसालिदियो । बच्चाका आमाबुबा दुबैजना ढोकानिर आएर उसको त्यो साहसिक काम देखेर त्यस माणिक्यरत्न पनि देखेर छिटो छिटो गएर छोरोलाई उचालेर लियो र हातले मणिरत्न टिप्यो । त्यसपछि उनीहरूले सो नागमणिरत्नलाई परिशुद्ध आसनमा बिसाएर पूजा सत्कार गरेर हामीलाई “यस्तो यस्तो वस्तुहरू देऊ” भनी (शुद्ध जलले) छम्काउने गरे । अनि उनीहरू मणिरत्नको आनुभावले गर्दा घरको मूल द्वारको अगाडि ठूलो मण्डप बनाउनलगाई चँदुवा आदि टाँगेर मण्डपलाई सजाएर भिक्षुहरूका लागि आसन आदि वछ्याएर ती साठीजना जति भिक्षुहरूलाई बसालेर ठूलो दान दिए । त्यसपछि नगरवासीहरू मणिरत्नको आनुभाव सुनेर (त्यहाँ) भेला भए । अनि उनीहरूका माझमा आफ्नो श्रद्धाबलले गर्दा मणिरत्न लाभ भएको भाव प्रकाश



https://dhamma.digital

गर्दै भने- "यो त दान गर्नका लागि नै परित्याग गर्दैछु ।" यस्तो भनी मणिलाई एक ठाउँमा प्रतिष्ठापन गरी त्यसको प्रतापले जन्मभरसम्म दान दिंदै, शील रक्षा गर्दै, आयु सिद्धिएपछि देवलोकमा जन्मिनपुगे ।

६. छेत्वान पेमं अपि अत्रजेसु
ददन्ति दानं इध मानुसे'वं,
न ददाति को नाम नरो समिद्धो
दानं हि दानस्स फलं सरन्तो ? ति । ॥६॥

यस प्रकारले यस मनुष्यलोकमा (कोही कोही श्रद्धावान) मानिसहरू आफ्नो छोराप्रतिको प्रेम स्नेह गर्न छोडेर पनि (स्वर्ग मोक्ष सुख प्रार्थना गरी) दान दिन्छन् । दानको फल अनुस्मरण गरी धन धेरै हुने कुन मनुष्यले दान दिने इच्छा नगार्लन् र ? (अवश्य नै गर्नेछन् ।)

छोराको कथा सातौं समाप्त ।

Dhamma.Digital



https://dhamma.digital

# ४.०८. मह ब्यापारी तिन दाजुभाइको कथा

अब यहाँबाट शुरु हुन्छ-

सुनिन्छ कि अतीत कालमा वाराणसी नगरमा तिनजना मह ब्यापारी दाजु भाइहरू मिली एकजुट भई मह ब्यापार गरी जहान परिवार पालन पोषण गरिरहेका थिए । अनि यिनीहरूमध्ये एक जनाले प्रत्यन्त (गाउँ-गाउँ) मा गई मलय प्रदेशवासीहरूको हातबाट बेच्न ल्याइएका मह किनेर लिन्थ्यो । एक जनाले ती जम्मा गरिएका जति सबै मह नगरसम्म ल्याउँथ्यो । बाकी एकजनाले उसले ल्याएका जति मह वाराणसीमा बसेर बेच्थ्यो । उक्त समयमा गन्धमादन पर्वतमा एकजना प्रत्येकबुद्ध घाउ हुनाले आत्तुर भइबस्नुभएको थियो । अनि अर्को एकजना प्रत्येक बुद्धले (उहाँलाई मह पाएमा निको हुनेछ) भनी थाहापाउनुभई गन्धमादन पर्वतमा नै बसेर चीवर पहिरेर आकाशमार्गबाट आगमन भई नगरको द्वारनिर अवतरण हुनुभएर “कहाँ गएमा मह प्राप्त होला ?” भनी विचार गरी बस्नुभयो । त्यसै बेलामा त्यहाँ अर्काको घरमा नोकर काम गरी जीविका गरिबसेकी एकजना महिला गाग्री बोकी घाटमा पानी लिनगएको बेलामा बाटोबाट हटेर गाग्री बिसाएर वन्दना गरेर एक छेउमा उभेर बसि । त्यस बेलामा प्रत्येक बुद्धले सोध्नुभयो -“ए बहिनी ! यहाँ भिक्षाटन आउनेहरूलाई कुन ठाउँमा मह प्राप्त हुनेछ ?” त्यो कुरा सुनेर सो महिलाले मह बजार देखिने



https://dhamma.digital

ठाउँमा उभेर हात पसारेर- “भन्ते ! मह बजार उता छ” भनी देखाएर विचार गरि- “यदि उहाँ प्रत्येक बुद्धलाई आज बजारबाट मह प्राप्त भएन भने मैले ओढीराखेको खास्टोसँग साटेर भए पनि मह चढाउनेछु” भनी हेरेर त्यहीं उभिइरहि । त्यसपछि क्रमशः प्रत्येकबुद्ध गएर मह बजारमा पुग्नुभयो । अनि त्यहाँ कुटुम्बिकले उहाँलाई देखेर हातबाट पात्र लिएर त्यसको आसन (बेडा)मा बिसाएर महको गाग्री लिएर हतार हतार पात्रमा खन्यायो । त्यसपछि मह पात्रमा लबालब भरिएर ओइरिएर भूमिमा समेत पोखियो । त्यो घटना देखेर मन प्रसन्न भएको ब्यापारीले यस्तो भनी प्रार्थना गर्‍यो-

त्यसो भएर *महावंस*मा यस्तो उल्लेख भएको हो-

१. “तत्थ पत्तस्स बुद्धस्स वाणिजो सो पसादवा,
विस्सन्दयन्तो मुखतो पत्तपूरं मधुं अदा । ॥१॥

“अनि त्यहाँ आउनुभएका (प्रत्येक) बुद्धप्रति मन प्रसन्न गरी त्यो व्यापारीले पात्रको किनारासम्म भरिएर ओइरिने गरी दान दियो । ॥१॥

२. पुण्णं च उप्पतन्त च पतितं च महीतले,
दिस्वा मधुं पसन्नो सो एवं पणिदही तदा । ॥२॥

लबालब भरिएर मह ओइरिएर भुईंमा झरेको देखेर मन प्रसन्न गरी त्यस बेलामा उसले यस्तो आशिका गरेको थियो- ॥२॥

३. “जम्बुदीपे एकरज्जं दानेनानेन होतु मे,
आकासे योजने आणा भूमियं योजन तथा ।” ॥३॥



https://dhamma.digital

"यस दानको प्रभावले गर्दा म जम्बुद्वीपमा एकछत्र चक्रवर्ती राजा हुन पाउँ। माथि आकाशमा एक योजनसम्म र तल पृथ्वीको भित्र एक योजनसम्म मेरो आज्ञा चलोस्।"

यस्तो प्रार्थना गरी भिक्षा पात्र सौंपी दियो। प्रत्येकबुद्धले भिक्षापात्र ग्रहण गरी लिएर त्यहीं उभेर यस्तो बोल्नुभयो-

४. "इच्छितं पत्थितं तुय्हं खिप्पं एव समिज्झतु,
पूरेन्तु चित्तसङ्कप्पा चन्दो पण्णरसो यथा। ॥४॥

"तिमीद्वारा इच्छा गरिएका, प्रार्थना गरिएका चाँडै नै सिद्ध होस्। शुक्ल पक्षको पूर्णिमाको चन्द्रमा जस्तै तिम्रा चित्तका संकल्पहरू पूर्ण होस्। ॥४॥

५. इच्छितं पत्थितं तुय्हं सब्बं एव समिज्झतु,
पूरेन्तु चित्तसङ्कप्पा मणिजोतिरसो यथा ति।" ॥५॥

तिमीद्वारा इच्छा गरिएका, प्रार्थना गरिएका सबै नै सिद्ध होस्। जोतिरस (चिन्तामणिको प्रकाश) जस्तो नै तिम्रा मनोकामना पूर्ण होस्।" ॥५॥

यस्तो बोलेर आशिर्वाद दिई जानुभयो। त्यसपछि बाटोमा उभेर कुरिरहेकी पानी ओसार्ने दासीले प्रत्येक बुद्धको अगाडि गएर सोधि- "मह प्राप्त भयो कि नाई, भन्ते ?" उहाँले "प्राप्त भयो, बहिनी" भनेर बोल्नुभएपछि सोधि- "उसले के भनेर दान गर्यो नि, भन्ते ?" प्रत्येकबुद्धले सबै वृत्तान्त सुनाउनुभयो। सो महिलाले त्यो कुरो सुनेर "भन्ते, म दासीको उपर दया अनुकम्पा राखेर यहीं एकछिन बस्नुहोस्"



https://dhamma.digital

भनेर छिटो घरमा गएर झुत्रो खास्टो ओढेर लगाइराखेको खास्टो धोएर सिरानी बनाएर ल्याई प्रत्येक बुद्धलाई दान गरेर तिनले प्रार्थना गरि- भन्ते ! जब त्यो मह दान गर्ने व्यक्ति जम्बुद्वीपमा एकछत्र राजा हुनेछ, तब म उसको अग्रमहेषी (बडामहारानी) हुन पाउँ ।" यस्तो भनि-

६. "यदा ते मधुदो भन्ते भूभुजो होति भूतले,
तस्स हेस्सं तदा भन्ते पिया अग्गमहेसिका । ॥६॥

"भो भन्ते ! जब हजुरलाई मह दान दिने त्यो व्यक्ति यो पृथ्वीमा एकछत्र राजा हुनेछ, तब म उसको अग्रमहेषी हुन पाउँ । ॥६॥

७. सरूपा च सुवाणी च सुयसा सुब्बता सुभा,
अस्सं तस्स पिया चाथ मनापा इच्छदा सदा ति ।" ॥७॥

राम्रो रूप, मधुर वचन, ठूलो यश-ऐश्वर्य सम्पत्तिले पूर्ण, असल चरित्र भएकी उसका सधैं प्रिय, मनलाई खुशी पार्ने, उसलाई चाहिने (न्यानो, शीतल स्पर्श) दिन सक्ने हुन पाउँ ।" ॥७॥

प्रत्येक बुद्धले सो महिलालाई पनि "त्यस्तै होस्" भनी आशीर्वाद वचन बोलेर आकाशबाट गन्धमादन पर्वतमा नै फर्किनुभयो ।

पछिल्लो समयमा ती तिनै जना एकत्र भएर महको हिसाब जाँच गर्दा "त्यस महको गाग्री खोइ नि" भनी सोधे । उसले आफूले गरेको काम सबै नै बताएर भन्यो-



https://dhamma.digital

“यदि तिमीहरूले त्यसमा पुण्यानुमोदन गरेमा बेश नै भयो, होइन भने त्यति महको पर्ने मोल जति मेरो हातबाट लेऊ । अनि उनीहरूले भने,,“हामीलाई त्यो मह परेन । बरु मह कस्तालाई दिएको हो ?” भाई हुनेले यस्तो बतायो- “त्यस्ताहरूलाई प्रत्येक बुद्ध भनिन्छ, गन्धमादन पर्वतमा बास गर्नुहुन्छ। काषाय बस्त्र लगाएर घर घरमा भिक्षाचरण गर्नुहुन्छ। उहाँ अत्यन्त शान्त र शीलवान् हुनुहुन्छ।” यस्तो सुनेर उनीहरूमध्ये जेठोले भन्यो- “ब्राह्मण चण्डालहरू पनि काषायवस्त्र धारण गरेर हिंड्छन् । म त उसलाई चण्डाल नै होला भनी मान्छु ।” माइलोले रिसाएर भन्यो- “तिम्रो प्रत्येकबुद्धलाई समुद्रको पार लगेर फालिदेऊ ।” उनीहरूको यस्तो कुरा सुनिसकेपछि त्यो मह दान गर्नेले- “महान सामर्थ्य भएका, धेरै आनुभाव भएका आर्य प्रत्येक बुद्धहरूलाई यस्तो कडा वचन नबोल्नुस् न । के तपाईंहरू अपायका दुःखदेखि डराउनु हुन्न र ?” आदि भनेर अनेक प्रकारले उनीहरूलाई सम्झाइबुझाइ गरेर प्रत्येक बुद्धको गुण प्रकाश गर्यो । त्यो सुनेर ती दुबैजनाले “त्यसो भए ठिक छ, असल भयो” भनी मन प्रसन्न गरेर (पुण्य) अनुमोदन गरे । पछिल्लो समयमा उनीहरू मृत्यु भई देव, मनुष्य दुई लोकमा घुम्दै जुन ठाउँमा नि ठूलो सम्पत्ति भोग गरेर हाम्रा शास्ताको महापरिनिर्वाण भएको दुइशय वर्ष बितेपछि आफुले गरेको प्रार्थना अनुसार योग्य स्थानहरूमा जन्मिए । त्यसैले भनिएको हो-

८. “असोको मधुदो ’सन्धिमित्ता देवी तु चेटिका,
चण्डालवादी निग्रोधो तिस्सो च सो पारवादिको ति ।॥८॥



https://dhamma.digital

"मह दान दिएको व्यापारी अशोक नामका (सम्राट) भयो । दासी असन्धिमित्ता महारानी भइ । "चण्डाल हो" भन्ने जेठो दाजु निग्रोध श्रामणेर भयो । (समुद्रको) पार बोल्ने व्यक्ति (लंका द्वीपका राजा) तिस्स भयो । ॥८॥

ती तिनजना दाजु-भाईहरूमा "चण्डाल हो" भन्ने ब्यापारी बिन्दुसार राजाका जेठा छोरा सुमन राजकुमारका छोरा भएर जन्म्यो ।

अब उसको आनुपूर्वी (शुरुदेखिको) कथा यस्तो छ-

सुनिन्छ कि बिन्दुसार राजा दुर्बल हुनथालेको समयमा नै अशोक राजकुमार आफूलाई प्राप्त भएको उज्जैन राज्य छोडेर आई सबै नगरलाई आफ्नो हातमा लिएर सुमन राजकुमारलाई कैद गर्यो । त्यही दिनमा सुमन राजकुमारकी पत्नी सुमना नामकी देवी (रानी) को गर्भ पूर्ण भएको थियो । तिनी कसैले नचिन्ने गरी भेष बदलेर (दरबारबाट) निस्केर नजिक नै रहेको एउटा चण्डालहरूको गाउँतिर गइरहँदा चण्डालहरूको जेठोको घरको नजिक एउटा बर रुख थियो । त्यस बृक्षमा अधिग्रहित भइ बसेकी देवताले "यता आऊ सुमना !" भनी बोलाएको शब्द सुनेर त्यसको नजिक गइन् । देवताले आफ्नो आनुभावले एउटा सत्तल बनाएर "(तिमी) यहाँ बस्" भनी बसालिइन् । तिनी त्यसको भित्र पसिन् । गएकै दिनमा तिनले पुत्र जन्माइन् । तिनले निग्रोध बृक्षद्वारा रक्षा गरिएको हुनाले निग्रोध भनेर नै नामाकरण गरिन् । जेठो चण्डालले देखेको दिनदेखि नै तिनलाई आफ्नो मालिककी छोरी जस्तो सम्झेर दिनहुँ आवश्यक सेवा सत्कार गर्नुपर्ने


https://dhamma.digital

उपकार सबै प्रबन्ध गरिदियो। राजकन्या त्यहाँ सात वर्षसम्म बसिन्। निग्रोध कुमार पनि सातै वर्षका भए। त्यस बेलामा महावरुण स्थविर भन्ने एकजना अरहन्त भिक्षुले सो बच्चाको हेतु सम्पत्ति हेरी बस्दा "अब सो बालक सात वर्षको भयो, यसलाई प्रब्रजित गर्ने समय पुग्यो" भनी चिन्तना गर्नुभई राजकन्यालाई सूचित गरी निग्रोध कुमारलाई प्रब्रजित गरिदिनुभयो। कुमार त केश खौरनासाथै अरहन्त हुनुभयो। त्यसो हुनाले *महावंस*मा यस्तो भनिएको हो-

९. "तं महावरुणत्थेरो तदा दिस्वा कुमारकं,
उपनिस्सयसम्पन्नं अरहा पुच्छि मातरं,
पब्बाजेसि खुरग्गे सो अरहन्तं अपापुणी ति।" ॥९॥

"त्यस समयमा अरहन्त हुनुभएका महावरुण स्थविरले अरहन्त हुने हेतु सम्पन्न उक्त (निग्रोध) कुमारलाई देख्नुभई आमालाई सोधेर कुमारलाई प्रब्रज्या दिनुहुँदा केश मुण्डन गर्दागर्दै कुमार अरहन्त भावमा पुग्नुभयो।" ॥९॥

सुनिन्छ कि सो (निग्रोध श्रामणेर) एक दिन एकाविहानै शरीर कृत्य गरिसकेपछि आचार्य, उपाध्यायहरूलाई गर्नुपर्ने नियमानुसारका सेवा गरेर पात्र चीवर लिएर "आमा उपासिकाको घरको द्वारमा जानेछु" भनी (विहारबाट) निस्केर आमाको घरको दक्षिण तिरको द्वारबाट नगरमा पस्नुभई नगरको बिच्चोबिचबाट गएर पूर्वतिरको द्वारबाट निस्केर जानुपर्ने रहेछ। त्यस बेलामा धर्मराज अशोक पूर्वतिर अभिमुख भएर चंक्रमण गरिरहेका थिए। त्यहि क्षणमा


https://dhamma.digital

निग्रोध श्रामणेर राजांगणमा पुग्नुभयो । शान्त इन्द्रिय, शान्त मन गरी चारहात मात्र अगाडि हेरेर इर्यापथ सम्पन्न भएर संयमपूर्वक उभिइरहेका उहाँलाई देखेर राजाको मनमा यस्तो लाग्यो- "यी जनताहरू सबैजना विक्षिप्त चित्त भएकाहरू हुन् । डराएका मृग समान चञ्चल छन् । यिनी भने यद्यपि बालख नै हुन्, तर मन विक्षिप्त छैनन् । आँखाले तल मात्र हेर्छन्, यताउति हेर्दैनन् । यिनको चालचलन, हात खुट्टा चलाउने ढंग, आचरण, स्वभाव कति आकर्षक छ । यिनको भित्र अलौकिक गुण रहेको हुनुपर्दछ ।" यसरी राजाले यस श्रामणेरलाई देख्दा मात्र नै मन प्रसन्न गरे, प्रेम उत्पन्न भयो । किन होला ? किन कि यिनी पहिले पुण्य गरेको बेलामा राजाका जेठा दाजु (महव्यापारी) थिए । त्यसैले भनिएको हो-

१०. "पुब्बे व सन्निवासेन पच्चुपन्नहितेन वा,
एवं तं जायते पेमं उप्पलं व यथोदके ति ।" ॥१०॥

"पहिले पहिलेका जन्ममा सँगै बास गरिआएकोले अथवा वर्तमान कालमा हित उपकार गरिनाले पानीमा कमल फूल उत्पन्न भएजस्तै प्रेम उत्पन्न हुन्छ ।" ॥१०॥

अनि पछि राजाले प्रेम उत्पन्न भएकोले "श्रामणेरलाई बोलाएर ल्याऊ" भनी अमात्यहरूलाई पठाइदिए । "साह्रै विस्तार भयो" भनी फेरि पनि दुईतिन जना अमात्यहरूलाई "छिटो आउनू" भनी बोलाउन पठाइदिए । श्रामणेर आफ्नै चालले जानुभयो । राजाले "तिमीलाई योग्य आसन रोजेर बस्" भनी आज्ञा भयो । उहाँले यता उति चारैतिर हेरेर



https://dhamma.digital

"अब यहाँ मभन्दा जेष्ठ भिक्षुहरू कोही पनि छैनन्" भनी जानेर श्वेतछत्रले ओढाइएको राजसिंहासनको नजिक गएर आफ्नो "पात्र लिनू" भनी राजालाई आकार देखाउनुभयो । राजाले उहाँ सिंहासनतिर गइरहेको देखेर चिन्तन गरे- "आज अहिले नै यो बालख श्रामणेर यस घरको ईश्वर स्वामी हुने भयो ।" श्रामणेरले राजाको हातमा पात्र दिएर राजसिंहासनमा चढेर बस्नुभयो । राजाले आफ्नोलागि तयार गरिएका सबै प्रकारका यागु, भोजन आदि सबै नै चह्राए । श्रामणेरले आफूलाई चाहिनेजति मात्र ग्रहण गर्नुभयो । भोजन कार्य सिद्धेपछि राजाले बोले- तिम्रा शास्ताले तिमीहरूलाई दिएको उपदेश थाहा छ, कि नाईं ? "आंशिक रूपले थाहा छ, महाराज !" भनी जवाफ दिनुभयो । अनि राजाले "अहो पुत्र ! त्यसो भए त्यो उपदेश हामीलाई सुनाउनु पर्यो" भने । "हवस् महाराज !" भनी अनुमोदन गर्नका लागि राजालाई समुचित धम्मपदमा भएको अप्रमाद वर्गबाट देशना गर्नुभयो । राजाले "अप्पमादो अमतं पदं, पमादो मच्चुनो पदं" भन्ने सुन्नासाथै- "बुझें, पुत्र, बुझें । धर्मदेशना पूरा गर" भनी भने । श्रामणेरले अनुमोदन सिध्याइसकेपछि बत्तिस जना भिक्षुहरूको नित्य भोजन प्राप्त गरेर भोलिपल्ट बत्तिस जना भिक्षुहरू लिएर राजाको राजनिवासमा प्रवेश गर्नुभई भोजन गर्नुभयो । राजाले "अझ थप बत्तिस जना भिक्षुहरू लिएर भोलि तपाँइ यहाँ भोजन गर्न आउनुहोस्" भने । यस प्रकारले निग्रोध स्थविरको उपर उत्पन्न भएको प्रसन्नताले गर्दा दिनैपिच्छे बत्तिस बत्तिस जना भिक्षुहरू बढाउँदै लगेर साठीहजार ब्राह्मण परिब्राजकहरूलाई दिइने



https://dhamma.digital

भोजन दान छोडेर दरबारमा साठीहजार भिक्षुहरूलाई नित्य भोजन दान दिने चलन गरे । निग्रोध स्थविरले परिषद्हरू सहित गरेर राजालाई त्रिशरण र पञ्चशीलमा प्रतिष्ठित गरी बुद्धशासनमा पृथक्जनको प्रसन्नताले स्थिर भएको रूपले प्रतिस्थित गर्नुभयो । राजाले अशोकाराम भन्ने ठूलो विहार एउटा बनाउन लगाएर साठीहजार भिक्षुहरूलाई सदाबर्त (दैनिक भोजन) स्थापना गरे । (फेरि) सकल जम्बुद्वीपमा चौरासीहजार नगरहरूमा चौरासीहजार नै विहारहरू बनाउन लगाए । त्यसैले भनिएको हो-

११. "चण्डालवादीदोसेन जातो चण्डालगामके,
पत्तानुमोदनापाका असे'सो हि अनासवो ति ।" ॥११॥

"(पहिलेको जन्ममा) "चण्डाल" भनी गाली गरेकोले गर्दा वहाँ निग्रोध श्रामणेर चण्डालहरूको गाउँमा जन्म लिन जानु पऱ्यो । पुण्यानुमोदन गरेको विपाकले गर्दा अरहन्त हुनुभयो ।" ॥११॥

यो हो, निग्रोध श्रामणेरको कथा ।

मह दान दिने व्यापारी त देवलोकबाट च्यूत भएर पुष्पपुर (पाटलीपुत्र, पटनाको पुरानो नाम) को राजकुलमा उत्पन्न भई प्रियदास (प्रियदर्शी, पियदस्सी) भन्ने राजकुमार भई छत्रले ओढाउन लगाई सकल जम्बुद्वीपमा एकछत्र राज्य चलाए । त्यो कसरी भयो भने-

बिन्दुसार राजाका सयजना छोराहरू थिए । ती सबै राजकुमारहरूमा आफ्नी आमाकै छोरा भाइ तिस्स राजकुमार



https://dhamma.digital

एक जना बाहेक अरू अट्ठान्नब्बे (९८) जना राजकुमार हरूलाई अशोक (प्रियदास) राजकुमारले मारिदिए । यो मार्ने काम गर्दै राज्याभिषेक लिन अगावै चार बर्षसम्म उनले राज्य गरेर चार वर्ष बितिसकेपछि तथागत महापरिनिर्वाण भएको दुइसयअठार (२१८) बर्षमा सम्पूर्ण जम्बुद्वीपमा एकमात्र चक्रवर्ति राजाको अभिषेक प्राप्त गरे । त्यसपछि उनलाई सम्पूर्ण जम्बुद्वीपमा रहेका चौरासी हजार नगर हरूमा बस्ने राजाहरू आएर उपस्थान सेवा गर्दथे । उनका तीनवटा ऋतुलाई समुचित तीनवटा प्रासादहरू थिए । एउटाको नाम महासप्पिक, एउटाको नाम मोरगीव (मयूरको घाँटी), एउटाको नाम मंगल थियो । उनी तिनमा हजारौं नर्तकीहरूद्वारा घेरिएर बस्दथे ।

महको पसल देखाइदिएकी महिला देव अप्सरा समान सुन्दरी, साठीहजार महिलाहरूमध्ये सबभन्दा अग्र असन्धिमित्रा राजकन्या भई धर्माशोक राजाकी महारानी हुनपुगिन् ।

Dhamma.Digital

अभिषेक पाएपछि राजाका यस्ता ऋद्धिहरू उत्पन्न भए- पृथ्वीको भित्र एक योजनसम्म आज्ञा चल्छ, माथि आकाशमा पनि त्यति नै चल्छ । अनोतप्त तालबाट देवताहरूले आठ नोलद्वारा सोह्र गाग्री पानी प्रतिदिन ओसारी दिइरहन्छन् । शासनमा श्रद्धा उत्पन्न भएदेखि आठ गाग्री पानी भिक्षुसंघको प्रयोजनका लागि दान दिए । दुई गाग्री पानी ६८ जना त्रिपिटकधारी भिक्षुहरूलाई, दुई गाग्री पानी अग्रमहारानी असन्धिमित्रालाई, बाकी चार गाग्री पानी आफूले



https://dhamma.digital

भोग गरे । देवताहरूले नै हिमवन्तबाट दिनहुँ सुगन्धित र नरम नागलताका दतिवनहरू ल्याइदिइरहन्छन् । त्यसबाट राजा, रानी र सोह्रहजार नर्तकीहरूलाई र साठी हजार भिक्षुसंघलाई समेत (सबैजनालाई) दाँत माझ्ने काम सम्पन्न भइरह्‌यो । दैनिकरूपले नै राजालाई देवताहरूले औषधीको लागि अमला, हर्रो, सुनको वर्णको सुगन्ध र रसले युक्त पाकेका आँपहरू ल्याइ दिइरहे । छद्दन्त नामक तालबाट पाँच रंगका लगाउने र ओढ्ने कपडा, पहेँलो रंगका हात पोछ्ने रुमाल, र दिव्यपानका वस्तुहरू ल्याइदिन्छन् । दिनहुँ जस्तो गरी उनलाई शरीरमा घस्ने सुगन्ध, ओढ्नका लागि धागो नभएको सुमनपुष्पपट कपडा, बहुमूल्य काजल नागभवनबाट नागराजाहरूले ल्याएर दिइरहे । दिनका दिन सुगाहरूले छद्दन्त दह (ताल) बाट स्वयं उम्रेका शाली धान नौहजार गाडा ओसारी दिइरहे । ती धानलाई मुसाहरू आएर भूस बोक्रा छोडाई दिइरहे । त्यसबाट कनिका भनेको एउटा पनि हुँदैनन् । राजाले सबै ठाउँहरूमा यही नै चामलको भुजा सेवन गरे । माहुरीहरू आएर मह बनाइदिइरहे । ज्यासलहरूमा भालूहरू आएर मुंग्रोले कुट्ने काम गरे । करवीक भन्ने पंक्षीहरू आएर मधुर स्वरले गाएर राजालाई अभिनन्दन गरिरहे ।

यी ऋद्धिहरूले सम्पन्न राजाले एकदिन सुनको सिक्रीको पासो (पिंजरा) पठाएर चारजना बुद्धहरूको रूप दर्शन पाएका, एक कल्प आयु भएका महाकाल नागराजलाई ल्याएर (राजकीय) श्वेतछत्रको मुनि धेरै मूल्यवान आसनमा



https://dhamma.digital

बसालेर शयौं वर्ण भएका जलज, थलज फूलहरू, त्यस्तै सुनका फूलहरूद्वारा पूजा गरेर सकल अलंकार गहनाहरूद्वारा प्रतिमण्डित सोह्रहजार नर्तकहरूद्वारा चारैतिर घेराई यस्तो भनी अनुरोध गरे- "अनन्त ज्ञानले पूर्ण, सद्धर्मको उत्तम चक्र घुमाउनुभएका सम्यक्सम्बुद्धको रूप मलाई मेरा यी आँखाका अगाडि देखाऊ !"

यति भनेपछि त्यस (महाकाल नागराज) द्वारा निर्मित शरीरभरी पुण्यरूपी प्रकाश छरिएको झैं उत्पन्न भएका अस्सीवटा अनुव्यञ्जनहरूले सबैतिर सजिएको; बत्तिसवटा महापुरुष लक्षणहरूले शोभायमान भएको; कमल, उत्पल, पुण्डरीक फूलहरूद्वारा सजिएको पोखरीको सतह जस्तो; रश्मी फिजाइरहेका तारागणले जाज्वल्यमान भएको आकाश जस्तो; नीलो, पहेँलो, रातो आदि थरिथरिका विचित्र वर्णका रश्मी जोडिएको पानीको सतहजस्तो; स्वर्गको (दिव्य) प्रकाशले व्याप्त भएको, चारैतिर बिजुली चम्किरहेको इन्द्रधनुष जस्तो; अनेक प्रकारका रंगीचंगी र जाज्वल्यमान ध्वजापताकाका मालाहरूद्वारा जाज्वल्यमान रहेको सुवर्णमय पर्वतको टुप्पो जस्तो; आँखाको (लागि सितल पार्ने) रसायन (औषधी) जस्तो बुद्धरूपलाई ब्रह्मा, देव, मनुष्य, नाग यक्षहरूले हेर्दै सात दिनसम्म चक्षुपूजा भनिने आँखाले हेरेर मात्र पूजा गरे ।

सुनिन्छ कि राजा अभिषेक प्राप्त गरी तीन वर्षसम्म मात्र शासनको बाहिरका पाखण्डीहरूलाई सत्कार गरी बसे, चौथो वर्षमा बुद्ध शासनमा प्रसन्न भए । उनका पिता



https://dhamma.digital

बिन्दुसार राजा भने ब्राह्मण भक्त थिए। उनले ब्राह्मणहरू र ब्राह्मणजातिका पाखण्डहरू र पण्डरङ्ग परिब्राजकहरू गरी साठीहजार जति संख्यामा भएकालाई भोजनको व्यवस्था गरिराखेका थिए । सम्राट अशोकले पनि पिताले चलाई आएको दानकार्य आफ्ना महारानीहरू बस्ने दरबारमा त्यस्तै नै दान दिइ रहँदा एकदिन सिंहपञ्जर झ्यालमा बसेर शान्त गति र आचरणले रहित भई भोजन गरिरहेका चंचल इन्द्रियका, ईर्यापथ राम्रो नभएका साधुहरू देखेर चिन्तना गरे- "यस्तो उत्तम दान राम्ररी परीक्षा गरेर हेरेर योग्य स्थानमा पारेर दिनुपर्छ ।" अनि मन्त्रीहरूलाई भने- "भो मन्त्रीहरू ! तिमीहरूले आ-आफ्ना साधु, असल महात्मा मानिएका श्रमणब्राह्मणहरूलाई भित्रको दरबारमा बोलाई ल्याउनू । म उनीहरूलाई भिक्षादान गर्नेछु । मन्त्रीहरूले "हवस् महाराज", भनी राजालाई जवाफ दिएर उनीहरूले खरानी घसेका पण्डरङ्ग परिब्राजकहरू, आजीवक, निगण्ठ आदिहरू बोलाएर ल्याई बिन्ती गरे- महाराज ! यिनीहरू हुन्, हाम्रा अर्हन्तहरू । अनि राजाले अन्तःपुरमा अग्ला, होचा अनेक थरिका आसनहरू वछ्याउन लगाई आएका जतिलाई "आउनुहोस्" भनेर बोलाएर भने- "आफूलाई योग्य, उचित आसनमा बस्नुहोस् ।" अनि कोही कोही असल र राम्रा आसनमा र कोही कोही पिढा आसनमा बस्नगए । यो देखेर राजाले "यिनीहरूमा कुनै सार छैन" भनी जानेर उनीहरूलाई अनुकूल भएका खाने, पिउने सामान दिएर फर्काइदिए ।



https://dhamma.digital

यस प्रकारले समय बित्दै गइरह्यो । एक दिन राजा सिंहपञ्जर झ्यालमा बसेर पटांगिनीमा हेरिरहेको बेलामा निग्रोध श्रामणेरलाई देखेर उहाँको चालचलन देखेर बुद्धशासनमा प्रसन्न भएर साठीहजार पाखण्डहरूलाई हटाएर साठीहजार भिक्षुहरूलाई भोजन गराएर बुद्धशासनमा प्रसन्न भई अशोकाराम विहार बनाउन लगाई त्यहाँ भिक्षुहरूलाई बसाई एक दिनमा अशोकाराम विहारमा साठीहजार भिक्षुहरूलाई दान दिएर उहाँहरूका माझमा बसेर संघलाई चार प्रत्ययहरू पूरा गर्ने वचनबद्ध भएर यो प्रश्न सोधे- भन्ते ! भगवानले देशना गर्नुभएको धर्म कतिवटा छन् ? "महाराज ! अंगको हिसाबले नौवटा छन् । धर्मस्कन्धको हिसाबले चौरासीहजार छन् ।" राजाले भने- धर्ममा प्रसन्न भएर मैले एक एकवटा धर्मस्कन्धको लागि एक एकवटा विहार बनाएर पूजा गर्नेछु । एकै दिनमा छयान्नब्बे कोटी धन खर्च गरी अमात्यहरूलाई आज्ञा दिए- "एक एकवटा नगरमा एक एक वटा विहार बनाएर चौरासीहजार नगरहरूमा चौरासीहजार नै विहारहरू बनाइदेऊ ।" आफुले पनि अशोकाराम (वनखण्ड) मा अशोकमहाविहार बनाउने काम थालनी गरे । भिक्षुसंघले इन्दक नामक महान ऋद्धि सम्पन्न, महान आनुभाव सम्पन्न क्षीणश्रवी भिक्षुलाई विहार बनाउने कामको हेरदेख गर्ने जिम्मा दिए । जुनजुन काम सिध्याउन नसकीरहेका थिए स्थविरले आफ्नो आनुभावले सिध्याइदिए । यस प्रकारले तिन वर्षभित्र विहार बनाउने काम सबै सिध्याए । एक दिन भित्र नै सबै नगरहरूबाट पत्र आइपुगे । मन्त्रीहरूले "चौरासी



https://dhamma.digital

हजार विहार बनाउने काम सिधीसके, महाराज” भनी बिन्ती गरे ।

त्यसपछि राजाले भिक्षुसंघसँग भेटेर “भन्ते ! मैले चौरासिहजार विहारहरू बनाउन लगाइसकें । तिनका लागि अस्थिधातुहरू कहाँबाट प्राप्त हुनेछ ?” भनी सोधे । “महाराज ! “धातुहरू निधान गरिएका छन् भन्ने सुनेका छौं । तर यस ठाउँमा छ भन्ने कुरा प्रष्ट छैन ।” अनि राजाले राजगृहमा चैत्य भट्काउन लगाएर हेरे, त्यहाँ धातु नपाएर त्यस चैत्यलाई फेरि पूर्ववत् नै हुने गरी बनाउन लगाएर भिक्षु, भिक्षुणीहरू, उपासक, उपासिकाहरू चार परिषद्हरू साथमा लिएर वैशालीमा गए । त्यहाँबाट पनि प्राप्त नभएकोले कपिलवस्तुमा गए । त्यहाँबाट पनि प्राप्त नभएर रामग्राम गए । रामग्राममा नागहरूले उनलाई चैत्य भट्काउन दिएनन् । त्यहाँ चैत्यमा खन्न प्रयोग गरिएका कोदालाहरू नै टुक्राटुक्रा हुन गए । यस प्रकारले त्यहाँबाट पनि धातु प्राप्त नभएर अल्लकप्प, पावा, कुशीनगरमा भएका सबै चैत्यहरू खोल्न लगाए पनि धातु प्राप्त नभएर फेरि पूर्ववत् नै बनाउन लगाएर राजगृह नगरमा आएर चारै परिषद्लाई भेला गराई “के कसैले फलानो ठाउँमा धातु निधान गरि राखिएको छ भन्ने सुनेको छ कि ?” भनी सोधिए । त्यहाँ एकशयबीस वर्ष आयु भएका एक जना महास्थविरले भने- “हे महाराज, यस ठाउँमा धातु निधान गरिराखिएको छ भन्ने कुरो त थाहा छैन । मेरा गुरुबाज्या महास्थविर म सात वर्षको मात्र हुँदा फूलको डालो बोकाएर “आऊ श्रामणेर,



https://dhamma.digital

यस रुखको झाडभित्र ढुँगाको एउटा चैत्य छ, त्यहाँ जाउँ" भनी साथमा लग्नुभयो र त्यस ठाउँमा पूजा गर्नुभयो । "यो ठाउँ राम्ररी हेरविचार गरेर सम्झीराख्न योग्य छ, श्रामणेर", भनी भन्नुभएको सम्झना छ । मैले यति मात्र जान्दछु" भनी बताउनुभयो । अनि राजाले "त्यही स्थान हो" भनेर त्यहाँ भएका रुख झारपातहरू हटाउन लगाएर ढुँगाको चैत्य र माटो हटाउन लगाउँदा तल सेतो चूना लगाइएको भूमि देखे । त्यहाँबाट चूना र इट्टा निकाल्न लगाई क्रमशः भूमिगत कोठामा ओर्लेर सातरत्नहरू मिसिएको बालुवा र तलवार बोकेर बसेका काठका मूर्तिहरू यन्त्रद्वारा चारैतिर घुमिरहेकाहरू देखे । राजाले तन्त्रमन्त्र गर्ने झाँक्रीहरू बोलाउन लगाएर बलि पूजा गराउँदा पनि त्यसको फेद र टुप्पो भेटाउन नसकेर देवताहरूलाई बिन्ती गरेर बोले- "मैले यी धातुहरू लिएर चौरासीहजार विहारहरूमा स्थापना गरेर सत्कार पूजा गर्नेछु । यस काममा देवताहरूले मलाई बाधा दिई नबस्नुहोला ।"

देवराज शक्र चारिकामा आएको बेलामा उनीहरूलाई देखेर विश्वकर्मा देवपुत्रलाई बोलाएर भने- "भो देवपुत्र ! अशोक धर्मराजाले धातु निकाल्छौं भनेर लागेका छन् । तिमी त्यसको भूमिगत कोठामा झरेर काठका मूर्तिहरू निकालिदेऊ ।" उनी शिरमा पाँचवटा चुल्ठो बाटिएको गाउँको बच्चाको भेषमा गएर राजाको अगाडि सानो धनुष हातमा लिएर उभिए र भने "महाराज, म त्यसलाई निकालिदिन्छु ।" "हुन्छ, कृपा गरी निकालिदेऊ, पुत्र" भने । अनि तीर लिएर



https://dhamma.digital

सन्धी (जोड्नी) मा पर्ने गरी हानिदिए । सबै छ्यालबिछ्याल हुन गयो । त्यसपछि राजाले तान्ने डोरीमा झुण्ड्याइएको साँचो हातमा लिए । मणिहरूको थुप्रो र पातामा रहेको अभिलेख देखेर रिसाए, जुनमा लेखिएको थियो "अनागतमा गरीब राजाहरूले यी माणिक्यहरू लिएर धातुलाई सत्कार पूजा गर्नू ।" "मजस्तो राजालाई दरिद्र राजा भन्नु योग्य छैन" भन्ने कुरा बारम्बार मनमा मनन गरी धातुगर्भको ढोका खोलेर गर्भभित्र पसे । त्यहाँ दुइशयअठारवर्ष पहिले बालिएका दियोहरू पूर्ववत बलि नै रहेका थिए ।[७] नीलो कमल फूलहरू भर्खर मात्र ल्याई चढाइका जस्ता (ताजा नै) थिए । फूलमाला पनि भर्खर मात्र उनेको जस्तो नै थियो । सुगन्ध पनि भर्खर मात्र पिनेर चढाएको जस्तो थियो । राजाले सुनको पाता लिएर त्यसमा लेखिएको अभिलेख वाचन गरे- "अनागतमा **पियदास** भन्ने कुमार छत्र ओढाउन लगाएर अशोक भन्ने धर्मराजा हुनेछन् । उनले यी धातुहरू फिजाइदिनेछन् ।" "आर्य महाकाश्यप स्थविरले मलाई देख्नुहुँदो रहेछ" भनेर बोली बायाँ हात मोडेर दायाँ पाखुरामा पिटे । उनले त्यहाँ पूजा गर्नको लागि चाहिने जति मात्र धातु बाकी राखी अरू बाकी सबै धातुहरू लिएर धातुघरलाई पहिले जस्तोगरी बन्द थियो, त्यस्तै गरी थुनेर सबै नै पूर्ववत बनाउन लगाई त्यसको माथि ढुँगाको चैत्य स्थापना गराई धातुहरू चौरासीहजार विहारहरूमा स्थापना गर्न लगाए ।

---

७ यो संख्याको उल्लेख सामान्यरूपले मात्र गरिएको होला, नत्र त यसमा कमसेकम ६ वर्ष थपिनुपर्ने हो ।



https://dhamma.digital

पछि एक दिन राजा विहारमा गएर भिक्षुसंघलाई वन्दना गरी एकातिर बसेर भिक्षुसंघसँग सोधे- भन्ते, मैले छयान्नब्बे कोटि धन खर्च गरेर चौरासीहजार चैत्यहरू सहित गरी विहारहरू बनाउन लगाइसकेँ । अब म बुद्धशासनको अंश पाएको भएँ, कि भइनँ ? अनि मोग्गलिपुत्त तिस्स स्थविरले भन्नुभयो - यति गर्दैमा महाराज, तपाँइले पक्का बुद्धशासनको अंश पाएको भनिंदैन । तपाइँ त चतुप्रत्यय दायक मात्र हुनुभयो, महाराज । जसले (यो शासनमा) छोरा भए पनि, छोरी भए पनि प्रब्रजित गर्ला, उसलाई नै (यस शासनको) साँचो अंश पाएको भनिन्छ ।" यस्तो आज्ञा भएपछि राजा अशोकले "बुद्धशासनको अंश पाउने इच्छा गरेर नजिकै बसिरहेका राजकुमार महिन्द्रलाई देखेर सोधे - पुत्र ! के तिमी प्रब्रजित हुनसक्छौ ? सो राजकुमार स्वभावैले प्रब्रजित हुने इच्छा गरिरहेको हुनाले राजाको वचन सुनेर अत्यन्त प्रमुदित भई "म प्रब्रजित हुन्छु, देव । मलाई प्रब्रजित गर्नुभई तपाँई बुद्धशासनको अंश्यारी हुनुहोस्" भने । त्यसै समयमा राजाकी छोरी संघमित्ता पनि त्यहीं नै उभिइरहेकी थिइन् । तिनलाई देखेर सोधे "छोरी ! के तिमी पनि प्रब्रजित हुन सक्छौ कि ?" "हुन्छ, बुबा ! (म पनि प्रब्रजित हुन्छु ।)" भनी जवाफ दिइन् । आफ्ना पुत्र तथा पुत्रीहरूको आश्वासन पाएर राजाको मन अति प्रसन्न भएर भिक्षुसंघमा गएर प्रार्थना गरे- "भन्ते ! यी मेरा पुत्र र पुत्रीहरूलाई प्रब्रजित गरेर मलाई बुद्धशासनको अंश्यारी बनाइदिनुहोस् ।" राजाको वचन स्वीकार गरी भिक्षुसंघले कुमारलाई मोग्गलिपुत्त तिस्स स्थविर उपाध्याय गरेर महादेव स्थविरलाई आचार्य बनाएर



https://dhamma.digital

प्रब्रजित गर्नुभयो । मज्झन्तिक स्थविरलाई आचार्य बनाएर उपसम्पदा गर्नुभयो । सो कुमार उपसम्पदा गरिरहँदा नै प्रतिसम्भिदा सहित अरहन्त हुनुभयो। संघमित्ता राजकन्यालाई पनि आयुपाल थेरी नामक भिक्षुणी आचार्यनी (पवत्तिनी ?) हुनुभयो । धर्मपाली नामकी भिक्षुणी उपाध्याय हुनुभयो ।[८]

राजाले अनेक प्रकारले बुद्धशासनलाई राम्रो पारी मोग्गलिपुत्त तिस्स स्थविरलाई सहायता गरी साठीहजार जति दुश्शील तीर्थंकरहरूलाई बुद्धशासनबाट चीवर छोडाई तेश्रो धर्मसंगायन गराई सिध्याए । त्यस धर्मसमागममा भिक्षु भिक्षुणीहरू कति थिए त ? भनिएको पनि छ-

१२. "तस्मिं समागमे आसुं असीतिभिक्खु कोटियो,
अहेसुं सतसहस्सानि तेसु खीणासवा यति । ॥१२॥

"त्यस संगायनामा अस्सिकोटि भिक्षुहरू थिए। तीमध्ये अरहन्त, क्षीणाश्रवी र स्वसंयमी (यति) एकलाख थिए। ॥१२॥

१३. नवुतिसतसहस्सानि अहू भिक्खुणियो तहिं,
खीणासवा भिक्खुणियो सहस्सं आसुतासु चा'ति ।" ॥१३॥

त्यहाँ नब्बे लाख भिक्षुणीहरू थिए र तिनीहरूमध्ये क्षीणाश्रवी अरहन्त भिक्षुणीहरू एक हजार थिए ।" ॥१३॥

यस प्रकार अशोक धर्मराजले सम्पूर्ण जम्बुद्वीपमा अग्र राजा भई बुद्ध शासनलाई उज्यालो पारी बसे । यो वर्णन

---

८ यहाँ यो आचार्यनी (आचरियाणी) तथा उपाध्याया (उपज्झाया) शब्दको प्रयोग पिटकअनुरूप छैन । यसको सत्ता पवत्तिनी भनिने हो कि ?



https://dhamma.digital

संक्षिप्त मात्र हो । यसको विस्तृत वर्णन *महावंस*मा उल्लेख गरिएको छ । यो अवश्य भनिएको छ कि-

१४. "सम्पूरेत्वा अयं तिस्सो चेतनायो मधुप्पदो,
सब्बत्थ सब्बदा सब्बसम्पत्तिमभिसम्भुणी'ति । ॥१४॥

(पूर्व, अपर, र मुञ्च भन्ने) तीनवटा चेतनाहरूले पूर्ण हुने गरी मह दान गर्ने सो दाताले सम्पूर्ण ठाउँमा सदैव सबै किसिमका भवभोग सम्पत्ति भोग गर्न पाए ।" ॥१४॥

माहिलो मह व्यापारी आफ्नो पारवादी दोषले गर्दा समुद्रको पारी लंकाद्वीपमा जन्मिन पुगे । यो आगामी वर्णन उनको सिलसिलामा आएको यस्तो भनी बुझ्नुपर्छ-

भनिन्छ कि ताम्रपर्णीद्वीप (लंकाद्वीप) मा मुटसीव भन्ने राजाले साठी वर्षसम्म राज्य गरे । उनका पुण्य र प्रज्ञा गुणले युक्त आपसमा हितैषी दस जना छोराहरू थिए र दुई जना छोरीहरू थिए । उनीहरू सबैजना परस्पर मिलिजुली भएर मैत्रीपूर्वक बास गरिरहेका थिए । त्यसपछि पछिल्लो समयमा मुटसीव राजा स्वर्गवास भएपछि अमात्यहरूले देवताहरूका प्रिय (देवानं पिय) तिस्स कुमारलाई राज्याभिषेक गरिदिए र अभिषिक्त भएदेखि नै उनका अनेक प्रकारका आश्चर्यजनक घटनाहरू भए । ती घटनाहरू प्रकाश गर्नका लागि *महावंस* वंशावलीका लेखक आचार्यले भनेका छन्-

१५. "देवानं पिय तिस्सो ति विस्सुतो दुतियो सुतो,
तेसु भातूसु सब्बेसु पुञ्ञपञ्ञाधिको अहु । ॥१५॥



https://dhamma.digital

"देवताहरूका प्रिय तिस्स नामले प्रसिद्ध माहिला छोरा ती सबै दाजुभाईहरूमध्ये पुण्य र प्रज्ञाले अगाडि थिए । ॥१५॥

१६. देवानं पिय तिस्सो सो राजासिं पितु अच्चये,
तस्साभिसेकेन समं बहूनच्छरियानहु । ॥१६॥

उनी देवताहरूका प्रिय तिस्स कुमार बुबा परलोक भएपछि राजा भए । उनी अभिषिक्त हुनासाथै अनेक प्रकारका आश्चर्यजनक घटनाहरू हुनथाले । ॥१६॥

१७. लङ्कादीपम्हि सकले निधयो रतनानि च,
अन्तोठितानि उग्गन्त्वा पठवीतलमासहुं । ॥१७॥

सम्पूर्ण लंकाद्वीपमा भूमिको भित्र रहेका सबै निधान (गाडधन)हरू र रत्नहरू पृथ्वीबाट निस्केर भूमिमाथि बस्न आए । ॥१७॥

१८. लङ्कादीपसमीपम्हि भिन्ननावागतानि च,
तत्र जातानि च थलं रत्नानि समारुहं । ॥१८॥

लंकाद्वीपको नजिक जहाज बिग्रेर डुबेका र त्यहाँ समुद्रको तल रहेका रत्नहरू निस्केर आई स्थलमा बस्न आए । ॥१८॥

१९. जातपब्बतपादम्हि तिस्सो च वेलु यट्ठियो,
जाता रथपतोदेन समाना परिमाणतो । ॥१९॥

जातवाहन भन्ने पर्वत[९]को मुनि रथदण्ड जत्रा मोटा मोटा बाँसका घारीहरू तीनवटा उत्पन्न भए । ॥१९॥

---

९ यो स्थान अनुराधपुर नगरको दक्षिणतिर दुई योजन भित्र छ ।



https://dhamma.digital

२०.	तासु एका लतायट्ठि रजताभा तहिं लता,
सुवण्णवण्णा रुचिरा दिस्सन्ते ता मनोरमा । ॥२०॥

ती बाँसका घारीहरूमध्ये एउटाको नाम हो लतायष्ठि, र यो चाँदीको जस्तो सेतो छ, अर्को हेर्दा नै लोभलाग्दो सुनको वर्ण भएकोले अत्यन्त मनोरम देखिन्छ । ॥२०॥

२१.	एका कुसुमयट्ठी तु कुसुमानि तहिं पन,
नानानि नानावण्णानि दिस्सन्ते'ति फुटानि च । ॥२१॥

एउटा अर्को बाँसघारीको नाम कुसुमयष्ठि हो । यसमा त अनेक रंगीविरंगी नाना प्रकारका फूलहरू फुलिरहेका देखिन्छन् । ॥२१॥

२२.	एक सकुणयट्ठी तु तहिं पक्खिमिगा बहू,
नाना च नानावण्णा च सजीवा विय दिस्सरे । ॥२२॥

अर्को बाँसघारीको नाम सकुणयष्ठी हो । यहाँ नानाथरिका रंगीविरंगी पंछीहरू र मृग, खरायो आदि जन्तुहरू सजीव जस्ता छन् ।

२३.	हयगजरथामलका वलयंगुलिवेठका,
ककुधफला पाकतिका इच्चेते अट्ठजातितो । ॥२३॥

हय (अश्व) मोती, गज मोती, रथ मोती, आमलक मोती, वलय मोती, अंगुल मोती, ककुधफल मोती र प्राकृतिक मोती गरी आठ प्रकारका मोतीहरू छन् । ॥२३॥



https://dhamma.digital

२४. मुत्ता समुद्दा उग्गन्त्वा तीरे वट्टि वियट्ठिता,
देवानं पियतिस्सस्स सब्बं पुञ्ञविजम्भितं । ॥२४॥

ती सबै थरिका मोतीहरू समुद्रबाट निस्केर किनारामा लहरै बसिरहे । यी सबै नै देवताहरूका प्रिय तिस्स राजाले पहिले पुण्य गरिआएकोले प्राप्त भएको आश्चर्यजनक विशेषता हो । ॥२४॥

२५. इन्दनीलं वेलुरिय लोहितङ्कमणी च मे,
रतनानि च नेकानि मुत्ता ता च यट्ठियो,
सत्ताहब्भन्तरे येव रञ्ञो सन्तिकं आहरूं ति ।" ॥२५॥

इन्द्रनील, वैदूर्य र रोहितङ्क आदि माणिक्यहरू पृथ्वीबाट निस्केर बाहिर भूमिमा बस्न आए । यी रत्नहरू र ती मोतीहरू र ती यष्ठि (काठका घारीहरू) पनि राजमुकुट लगाएको सात दिन भित्र नै उनीहरूले राजाकहाँ ल्याइ पुर्‍याए ।" ॥२५॥

त्यस बेलामा देवताहरूका प्रिय तिस्स महाराजा र धर्मराजा अशोक अदृष्ट (एकले अर्कालाई कहिल्यै नदेखेका) मित्रहरू थिए । तसर्थ उनले यी रत्नहरू र अरू अरू पनि धेरै वस्तुहरू "मेरा मित्रलाई दिनू" भनी धर्माशोक महानरेन्द्रलाई भेटीको रूपमा पठाए । धर्माशोक राजाले पनि त्यो उपहार देखेर प्रसन्न भएर "मेरा मित्रलाई राज्याभिषेक गर" भनी पंचराजककुधभाण्ड र अरू अरू सामानहरू पनि गरेर धेरै नै भेटीहरू राज्याभिषेक गर्नका लागि पठाइदिए । यति आमिस उपहार मात्र होइन, अझ यस्तो भनी धम्मउपहार समेत पठाए-



https://dhamma.digital

२६. अहं बुद्धं च धम्मं च संघं च सरणं गतो ।
उपासकत्तं देसेसिं सक्यपुत्तस्स सासने । ॥२६॥

म बुद्ध, धर्म र संघको शरण गइसकेँ । उहाँ शाक्यपुत्र (भगवान) को शासनमा उपासकत्व प्रकट गरिसकेँ । ॥२६॥

२७. इमेसु तीसु वत्थूसु उत्तमेसु नरुत्तम,
चित्तं पसादयित्वान सद्धाय सरणं वजा ति । ॥२७॥

हे राजा, उत्तमहरूमध्ये सबभन्दा उत्तम यी तीन वस्तुहरू (त्रिरत्न)मा चित्त प्रसन्न गरेर श्रद्धापूर्वक (तपाइँ पनि) शरणमा जानुहोस् । ॥२७॥

अमात्यहरू फेरि लंकामा फर्केर आई राजालाई राज्याभिषेक गरिदिए ।

त्यस बेलामा मोग्गलिपुत्ततिस्स स्थविरले "अनागत कालमा यो बुद्धशासन कहाँ राम्ररी स्थीर हुनेछ होला ?" भनी विचार गरी हेर्दा "प्रत्यन्त (सीमान्त) तिर राम्ररी स्थीर हुनेछ" भनी थाहा गरी विभिन्न महास्थविरहरूलाई विभिन्न ठाउँहरूमा पठाउनुभई महामहेन्द्र स्थविरलाई "ताम्रपर्णीद्वीपका मानिसहरूलाई प्रसन्न गर्न जानुहोस्" भनी अह्राउनुभयो । शक्र देवराज इन्द्रले पनि महामहेन्द्र स्थविरकहाँ गएर यस्तो बोले- "भन्ते ! मुटसीव राजा स्वर्गीय भइसके । हिजो आज देवताहरूका प्रिय तिस्स राजाले राज्य गर्दैछन् । भगवान सम्यक्सम्बुद्धले पनि तपाँइलाई भविष्यवाणी गर्नुभएको छ- "भविष्यमा महेन्द्र भन्ने भिक्षुले ताम्रपर्णि (लंका) द्वीपलाई प्रमुदित गर्नेछ ।" त्यसो हुनाले भन्ते ! अब



https://dhamma.digital

उक्त द्वीपमा जाने समय भयो । म पनि सहायक हुनेछु ।" स्थविरले उनको वचन स्वीकार गरेर आफू समेत सातजना साथीहरू सहित गरी चेतियक पर्वत विहारबाट आकासबाट उडेर जानुभई अनुराधपुरको पूर्व दिशातिर मिस्सक पर्वतमा ओर्लेर उभिनुभयो, जसलाई हिजो आज कसैकसैले चेतिय पर्वत भनेर पनि चिन्दछन् ।

त्यस बेलामा ताम्रपर्णी द्वीपमा उत्सवको दिन थियो । राजाले "उत्सव मनाऊ" भनी अमात्यहरूलाई आज्ञा दिएर आफू मृगहरू शिकार गर्ने इच्छाले चालिसहजार मानिसहरूद्वारा घेराई नगरबाट निस्केर मिस्सक पर्वततिर गए । त्यस बेलामा त्यस पर्वतमा अधिग्रहित एउटा देवताले "राजालाई स्थविरसँग भेट गराइदिन्छु" भनी रोहित मृगको वर्ण बनाई घाँसपात खाँदै गरेको जस्तो गरी नजिक यताउति चरीरह्यो । राजाले "प्रमादमा बसेकोलाई तीर हान्नु उचित छैन" भनी धनुषको डोरीले आवाज दिए । मृग अम्बस्थलमार्ग गएर भाग्न थाल्यो । राजाले उसलाई लखेट्दै गएर अम्बस्थल पर्वत नै चढे । मृग पनि स्थविर भएको नजिक गएर अन्तर्धान हुनगयो । अनि महेन्द्र स्थविरले अधिष्ठान गर्नुभयो- नजिक आउँदा राजाले म एक्लोलाई मात्र देखून्, अरूलाई नदेखून् । अनि भन्नुभयो- हे तिस्स ! तिस्स, यता आऊ । राजाले त्यो आवाज सुनेर चिन्तना गरे- यस ताम्रपर्णी द्वीपमा मलाई तिस्स भनेर नाम काढेर बोलाउने आँट गर्ने कोही जन्मेको छैन । तर टालिएको लुगा लगाएको, सिर मुडेको, काषायवस्त्र लगाएको यसले मलाई नाम काढेर बोलाइरहेको छ, यो को होला ? मनुष्य हो, कि अमनुष्य हो ?



https://dhamma.digital

अनि स्थविरले भन्नुभयो-

२८. समणा मयं महाराज धम्मराजस्स सावका,
तं एव अनुकम्पाय जम्बुदीपा इधागता ति । ॥२८॥

भो महाराज ! हामी धर्मराज (भगवान) का श्रावक श्रमणहरू हौं । हजुरलाई अनुकम्पा राखी जम्बुद्वीपबाट यहाँ आएका हौं । ॥२८॥

राजा धर्माशोक नरेन्द्रले पठाएको पत्रअनुसार स्मरण गरेर "आर्य (भिक्षु) हरू आउनुभयो" भनेर तुरन्त नै हथियारहरू एकातिर पन्छाएर एक छेउमा बसे । उनी कुशलक्षेम भलाकुसारीका वार्तालाप गरेर बसेको बेलामा ती चालिसहजार मानिसहरू पनि त्यहाँ आइपुगेर राजालाई बिचमा पारेर घेरेर बसे । त्यस बेलामा स्थविरले पनि आफूसँग आएका अरू साथीहरू देखाउनुभयो । राजाले देखेर "यिनीहरू कहिले आएका हुन् नि ?" भनी सोधे । "मसँग नै आएका हुन्, महाराज" भनेर जवाफ दिनुभयो । "अहिले जम्बुद्वीपमा अरू पनि यस्ता श्रमणहरू छन् कि ?" भनी सोधे । "महाराज ! अहिले जम्बुद्वीप काषायवस्त्रले उज्यालो छ । भिक्षुहरूका हावाले समाज हलचल भइरहेको छ ।" त्यहाँ त-

२९. "तेविज्जा इद्धिप्पत्ता च चेतोपरियायकोविदा,
खीणासवा अरहन्तो बहू बुद्धस्स सावका ति ।" ॥२९॥

"तीन विद्याले युक्त, ऋद्धिविध ज्ञान प्राप्त, अर्काको मनका कुरा जान्न सक्ने, आश्रव क्षीण भएका, भगवान अर्हत् बुद्धका श्रावकहरू धेरै छन् ।" ॥२९॥



https://dhamma.digital

यो कुरो सुनी राजा प्रसन्न भए । त्यसपछि स्थविरले रुखको उपमा आदिद्वारा त्यस राजाको प्रज्ञाको तिक्षणता जानेर देवताहरू सहित मानिसहरूले साधुकार दिने गरी धर्मदेशना गर्नुभयो । त्यसैले भनिएको हो-

३०. "पण्डितो ति विदित्वान चुल्लहत्थिपदोपमं,
सुत्तन्तं देसयी थेरो महीपस्स महामति ।"[१०] ॥३०॥

"महामति स्थविरले पण्डित (बुझक्कड) हुन् भनी जान्नुभएर (देवताहरूका प्रिय तिस्स) पृथ्वीका मालिक (राजा) लाई चुल्लहत्थिपदोपमसूत्र देशना गर्नुभयो ।" ॥३०॥

देशनाको अन्तमा सो राजा सहित त्यहाँ उपस्थित चालिसहजार मानिसहरू त्रिशरणमा प्रतिष्ठित भए । त्यसपछि उहाँलाई राजाले "भन्ते, भोलिको भिक्षाभोजन मेरो दरबारमा ग्रहण गर्नुहोस्", भनी प्रार्थना गरी फर्केर गई नगर र राजप्रासाद सिंगारेर स्थविरलाई बसाली प्रणीत आहारद्वारा सेवा गरी राजा अनुला देवी प्रमुख पाँचशय जना महिलाहरूका साथमा एक छेउमा बसे । त्यसपछि महेन्द्र महास्थविरले धर्मदेशनारूपी वर्षा गराउनुभयो । त्यसपछि ती पाँचशय जना महिलाहरू स्रोतापत्ति फलमा पुगे । त्यसपछि हस्तिशालामा एक हजार जना, नन्दनवनमा एक हजार जना, यस प्रकारले दोश्रो दिनमा पच्चीसशय जना, तेश्रो दिनमा

---

१० शोधग्रन्थमा यहाँ यो गाथा थप पाइन्छ-
देसनापरियोसाने सद्धिं तेहि नरेहि सो,
चत्तालीससहस्सेहि सरणेसु पतिट्ठिता ति ।



https://dhamma.digital

एक हजार जना मानिसहरूलाई स्रोतापत्ति फलमा प्रतिष्ठित गर्नुभयो । यसरी अनेक शय, अनेक हजार, अनेक लाख जना मानिसहरूलाई धर्मामृतपान गराउनुभयो ।

त्यसैले भनिएको हो-

३१. "महामहिन्दसुरियो लङ्कावेहासमज्झगो,
बोधनेय्य'म्बुजे 'कासि विकासं धम्मरंसिना । ॥३१॥

"उहाँ महामहेन्द्र स्थविररूपी सूर्यले लंकाद्वीपको आकासको बिचमा बसेर वेनेय्यजनरूपी कमललाई धर्मरूपी रश्मीको प्रकाशले फक्राउनुभयो । ॥३१॥

३२. महामहिन्दचन्दो सो लङ्कावेहासमज्झगो,
बोधेसि धम्मरंसीहि वेनेय्यकुमुदाकरे । ॥३२॥

लंकाद्वीपरूपी आकाशको बिचमा बस्नुभएर उहाँ महामहेन्द्र (स्थविर) रूपी चन्द्रमाले वेनेय्यजनरूपी कुमुद फूल समूहलाई धर्मरूपी चन्द्ररश्मीद्वारा राम्ररी फक्राउनुभयो । ॥३२॥

३३. महामहिन्दमेघो सो वस्सं धम्मम्बुवुट्ठिया,
साधूनं चिन्तबीजेसु जनेसि कुसलंकरे ति ।" ॥३३॥

उहाँ महामहेन्द्र स्थविररूपी बादलले सद्धर्मरूपी बर्षा गरेको पानीका थोपाहरूद्वारा सत्पुरुषहरूका चित्तरूपी बिउमा कुशलरूपी पालुवा उमारीदिनुभयो ।" ॥३३॥

त्यसपछि राजाले सुमन श्रामणेरद्वारा धर्माशोक राजाको हातबाट सम्यक्सम्बुद्धका धातुहरू भगवानद्वारा प्रयोग भएको



https://dhamma.digital

पात्र भरी र शक्र देवराज इन्द्रको ठाउँबाट भगवानका दाहिने कनपटीको धातु पनि लिन पठाई चेतिय पर्वतमा स्तूप आदि बनाएर सम्पूर्ण लंकाद्वीपमा एकएक योजनको दूरिमा स्तूप चैत्य बनाउन लगाएर दाहिने कनपटीको धातु निधान गरी थूपाराम चैत्य पनि प्रतिष्ठापन गरे । त्यसपछि संघमित्रा थेरीले ल्याउनुभएको जयमहाबोधि वृक्षको दक्षिण शाखा स्थापना गरी पूजा चलाए । यसको विस्तृत कथा सबै नै *महावंस*बाट थाहापाउनु पर्छ ।

३४. पारवादिक दोसेन जातो'यं परसागरे,
पत्तानुमोदना एवं लङ्कायं आसि इस्सरो । ॥३४॥

उनी पारवादिक (अर्थात् प्रत्येक बुद्धलाई समुद्रको पारी फालिदेऊ भन्न पुगेको) दोषले गर्दा समुद्रको पारी जन्मिनगए। (पछि प्रसन्न मन गरेर) पुण्यको अनुमोदन गरेकोले गर्दा यस प्रकारले लंकाका अधिपति (राजा) हुनपुगे । ॥३४॥

३५. पापम्पि एवं फलतीति मन्त्वा
ञत्वान पुञ्ञस्स फलं इदं ति,
भो योनिसो कुब्बथ पुञ्ञकम्मे
गन्त्वान ये यत्थ न सोचयन्ती ति । ॥३५॥

भो सज्जनवृन्द ! यस प्रकार "पापको पनि फल हुन्छ र पुण्यको पनि फल हुन्छ" भनी सहिरूपले जानेर पुण्य कर्म गर्नुहोस्, जहाँ गएर मानिसले शोक गर्नु पर्दैन ।

तिन जना महव्यापारी दाजुभाईहरूको कथा आठौं
समाप्त ।



https://dhamma.digital

# ४.०९. बोधि राजकुमारीको कथा

अब यहाँबाट शुरु हुन्छ-

भगवानको परिनिर्वाणपछि लंकामा शासन राम्रोसँग प्रतिष्ठित भएपछि त्यहाँ "हकुरेलि" भन्ने एउटा गाउँ थियो । त्यहाँ एउटी कुमारी गाउँका अरू कुमारीहरूसँग गएर यताउति खेल्दै बसिरहेकी थिइ । त्यस बेलामा गाउँको नजिक एउटा ठूलो जलाशय थियो । त्यहाँ सधैं ढकमक्क फूल फुलिरहने एउटा मरुत्त रुख थियो । मानिसहरूले पानी तरेर रुख चढेर बुद्धपूजाको लागि फूल टिप्न जान्थे । कुमारीले उनीहरूलाई देखेर मानिसहरू सुविस्तापूर्वक गएर फूल टिपुन् भनेर सुकेको मुढो एउटा ल्याएर साँघु बनाइ राखी दिइ । त्यस बेलादेखि मानिसहरू त्यसबाट गएर फूल टिप्न थाले । पछि सो कुमारी त्यहाँबाट मृत्यु भएपछि त्यही कुशलकर्मले गर्दा जम्बुद्वीपमा पाटलीपुत्र नगरमा सोमदत्त राजाकी छोरी भएर जन्मि । तिनी अत्यन्त उत्तम रूप भएकी देव अप्सरा समानकी भइन् । मातापिताले तिनीलाई बोधि राजकुमारी भनेर नामाकरण गरिदिए । पहिलेको जन्ममा साँघु बनाएको पुण्यानुभावले तिनको सुवीरक भन्ने एउटा आकाशमा उड्नसक्ने सिंधव घोडीबाट एउटा बच्चा जन्म्यो । सो राजकुमारीका पिता भने बुद्धमामक, धर्ममामक र संघमामक (बुद्धलाई अपनाएको, धर्मलाई अपनाएको, र संघलाई अपनाएको) भएर ठूलो पुण्य आर्जन गर्दै बस्दा त्यस



https://dhamma.digital

सिन्धव घोडाको बच्चालाई देखे र "पुण्य कर्म गर्नका लागि एउटा साथी पाइयो" भनेर मन प्रसन्न गरेर घोडा चढी दिनको तीन पटक महाबोधिलाई वन्दना गर्न जान्थे ।

राजकुमारीले यो काम देखेर पिताकोमा गएर सोधिन्, "हे पिता ! हजुर दिनका दिन कहाँ जाने गर्नुभएको हो ?" राजाले केही उत्तर दिएनन् । राजकुमारीले भने बारम्बार अटूट सोधि । त्यसपछि राजाले तिनलाई यो कुरो प्रकाश पार्दै यस्तो बोले-

१. अम्हाकं भगवा पुब्बे पूरेन्तो दसपारमी,
अदासि सीसरत्तक्खिमंसं जीवितं एव च । ॥१॥

२. पुत्तदारे च रज्जे च पत्वा पारमिमत्थकं,
अनप्पकप्पकोटीनं खेपेत्वा कपिलव्हये । ॥२॥

पहिले दसपारमिता पूर्ण गरिरहनुभएको बेलामा हाम्रा भगवानले आफ्नो सिर, रगत, आँखा, मासु र प्राण तथा सन्तानहरू, पत्नीहरू र राज्य समेत दान गर्नुभयो । कोटानकोटी कल्प समय बिताएर पारमिताको उच्चतम अवस्थामा पुगी कपिलवस्तु भन्ने नगरमा ॥१-२॥

३. सक्कराजकुले जातो लोके अप्पटिपुग्गलो,
सम्पत्तचक्कवत्तित्तं पहत्वान नराधिपो । ॥३॥

उहाँ नरजनहरूका अधिपति, अप्रतिपुद्गल (संसारमा अद्वितीय व्यक्ति) शाक्यहरूको राजकुलमा जन्मिनुभयो । आफ्नो हातमा नै रहेको चक्रवर्ती राजाको पदलाई त्याग गरेर ॥३॥



https://dhamma.digital

४.	दिस्वा निमित्ते चतुरो निक्खम्म अभिनिक्खमं,
बोधिमूलं उपागम्म निसिन्नो वजिरासने । ॥४॥

चार निमित्तहरू देखेर, महाभिनिष्क्रमण (गृहत्याग) गरेर, बोधि मण्डपको मुनि जानुभई बज्रासनमा बस्नुभएको बेलामा । ॥४॥

५.	सहस्सबाहुं मापेत्वा नानावुधसमाकुलं,
महाभीतिकरं वेसं कालपब्बतसादिसं । ॥५॥

६.	मापेत्वान समारुय्ह गिरिमेखलवारणं,
मारसेनं समानेत्वा आगतं मकरद्धजं । ॥६॥

काल पर्वत जस्तो भयानकरूप बनाएर, अनेक प्रकारका शस्त्र-अस्त्र बोकेका हजार वटा हात उत्पन्न गरेर, मकरको चित्र भएको ध्वजा लिएर, गिरिमेखल नामक हात्ति चढेर मारसेनाहरूलाई साथमा लिएर आएकालाई ॥५-६॥

७.	पारमिताबलेनेतं मारसेनं पलापिय,
यत्थासीनो किलेसारिसहस्सं घातयी जिनो । ॥७॥

जिन (विजयी, बुद्ध) ले दश पारमिता धर्मको बलले भगाइ पठाउनुभई हजारौं क्लेशरूपी शत्रुहरूलाई नाश गर्नुभयो । ॥७॥

८.	नयनंसुजलसेकेहि सत्ताहं जिनसेवितं,
पूजितं देवब्रह्मेहि सिद्धोरगनरादिहि,
वन्दितुं जयबोधिं तं गच्छामि सततं अहं । ॥८॥

(आफ्नो) आँखाको रश्मीरूपी असल जलद्वारा एक सप्ताहसम्म जिन (विजयी, भगवान) द्वारा सेवित देव, ब्रह्मा,



https://dhamma.digital

सिद्ध (विद्याधर), नाग, मनुष्यहरूद्वारा पूजा गरिएको त्यस जयबोधिवृक्षलाई वन्दना पूजा गर्नको लागि म प्रायः जाने गर्दछु । ॥८॥

९. उपासति सदा गन्त्वा यो नरो बोधिपादपं,
गन्धोददीपधूपादिनानापूजाहि साधुकं । ॥९॥

जो (श्रद्धावन्त) मानिसले सधैं गएर सुगन्ध, जल, धूप-दीप आदि नाना प्रकारका वस्तुहरूले बोधिवृक्षको जरालाई राम्ररी उपासना गरी पूजा गर्ला, ॥९॥

१०. स नरो निरामयो होति पच्चत्ते च परत्थ च,
पूजितो मानितो होति दीघायु बलवा सुखी । ॥१०॥

त्यो व्यक्ति इहलोकमा तथा परलोकमा पनि निरोगी हुन्छ । (लोकजनहरूद्वारा) पूजा सत्कार, मान-मिजास गरिने हुन्छ, दीर्घायु, बलवान र सुखी हुन्छ । ॥१०॥

११. तद अत्थं पत्थयन्तेन अत्थकामेन जन्तुना,
उपासनीयं सद्धाय निच्चं तं बोधिपादपं ति । ॥११॥

ती अर्थ (फाइदा) चाहने, हित कामना गर्ने मानिसहरूले श्रद्धा पूर्वक सधैं उक्त महान बोधिवृक्षको जरालाई उपासना गर्नु उचित छ । ॥११॥

त्यो कुरा सुनेर तिनी राजकुमारीले शरीरमा प्रीती भरिएर पितालाई वन्दना गरी भनि "हे पिता ! म पनि आउँछु ।" राजाले "उसलाई साथमा लिएर गएमा उपद्रव होला" भनी लाने इच्छा गरेनन् । त्यसपछि उनले तीनबारसम्म



https://dhamma.digital

पितालाई प्रार्थना गरेर राजाको अनुमति पाइन्। त्यसबेलादेखि पितासँग सिन्धव घोडा चढेर सधैं नै बोधिवृक्षलाई वन्दना गर्न जान थालिन् । अनि पछिल्लो समयमा मृत्युशैय्यामा पल्टिबसेका राजाले चिन्तना गरे- "मेरी छोरी सधैं नै बोधिवृक्षको उपस्थान गर्नका लागि गइरहन्छे । उसलाई अनागतमा कथंकदाचित कुनै भय उत्पन्न भयो भने त्यसैबाट उत्पन्न हुनसक्छ। अब मैले के उपाय गरिजानुपर्ला ?" अनि सिन्धव घोडालाई बोलाउन लगाएर उसको काननिर सल्लाह दिएर यस्तो फुसफुसाए- "हे पुत्र, मेरी छोरी दिनका दिन तिम्रो सहायता लिएर बोधिवृक्ष वन्दना गर्न जान्छे । त्यहाँ उसलाई कथंकदाचित कुनै भय उत्पन्न भएमा त्यसो हुन दिनु उचित छैन । त्यहाँ आउने जाने गर्दा मेरी छोरीलाई रक्षा गर्ने कोसिस गर" भनी छोरीको सुरक्षा गर्ने जिम्मा दिएर स्वर्गे भए । त्यसपछि राजकन्याले पिताको शरीर अग्नि संस्कार गराइसकेपछि दिनको तीनपटक घोडा चढी बोधिवृक्षको उपस्थान गर्नका लागि जाने गरिन् । (अरू) देशका मानिसहरूले उनको रूप सम्पत्ति देखेर आश्चर्य मन गरी "हाम्रा राजालाई निश्चय पनि सुहाउने एउटा कोसेली हामीले देख्यौं, भनी राजालाई बिन्ती गर्नजानु पर्यो । राजाले हामीलाई केही न केही (बक्सिस) दिन सक्छ" भनि चिन्तना गरी राजाकहाँ गएर वन्दना गरेर उभेर यस्तो बिन्ती गरे-

१२. बोधिमण्डं समागम्म अभिण्हं तुट्ठमानसा,
वन्दन्तो याति कञ्ञे'का विज्जूव सिरिया जलं । ॥१२॥



https://dhamma.digital

बिजुली झैं चम्किलो शोभाले जाज्वल्यमान एउटी कन्या सधैं प्रसन्न चित्तले बोधिमण्डपमा वन्दना गरी फर्केर जान्छे । ॥१२॥

१३. नीलधम्मिल्लभारा सा विसालायतलोचना,
सोण्णदोलाभसवणा सामा सुभपयोधरा । ॥१३॥

तिनी श्याम वर्णकी, निलो केश लट्टीएकी, ठूला र आयताकार आँखा भएकी, सुनका पंखा जस्ता कान भएकी, आकर्षक स्तन जोडी भएकी हो । ॥१३॥

१४. सतरंसीहि सम्मिस्ससञ्झाम्बुदसमाधरा,
तुङ्गनासा नीलभमू हासभासा मनोरमा । ॥१४॥

सूर्यका शयौं रश्मी मिसिएको साँझको बादल जस्तो ओँठ भएकी, चुच्चे नाक भएकी, नीलो आँखिभौं भएकी हुन्, मुस्कानयुक्त भएर आनन्ददायक कुरा गर्ने हुन्, तिनी । ॥१४॥

१५. ईदिसं नो महाराज दिट्ठपुब्बं कुदाचनं,
एहि तस्सा सिरी देव बोधिमण्डम्हि दक्खसी ति । ॥१५॥

यस्ती राम्री नारी हामीले पहिले कहिले पनि देखेका छैनौं । भो देव ! आउनुहोस्, सो नारीको (रूप) शोभा बोधिमण्डपमा देख्नुहुनेछ । (भनी बिन्ती चढाए।) ॥१५॥

त्यो कुरा सुनेर राजा वर्णन मात्र सुनेर नै तिनमा प्रेमासक्त भएर चतुरंगिनी सेना लिएर गई राजकन्या बोधि वन्दना गर्नका लागि आउने बेलामा (समात्न) पर्खालको



https://dhamma.digital

बाहिर सेनाहरूद्वारा चारैतिर घेर्न लगाएर "तिनलाई समातेर ल्याऊ" भनेर मानिसहरू पठाइदिए । त्यसपछि सेनाहरू पनि "तिनलाई समातेर लान्छौं" भनेर तयार भएर बसे । राजकन्याले उनीहरूलाई देखेर शीघ्र सिन्धव घोडाकहाँ गएर त्यसको पीठमा बसेर कुर्कच्चाले इशारा दिइन् । घोडा तिनलाई बोकेर वेगले आकाशमा उड्यो । सो राजकन्या भने ठिकसँग बसि नभ्याएकोले गर्दा घोडाको बेग थाम्न नसकेर घोडाको पिठ्युबाट चिप्लेर खसिन् । सिन्धव घोडा राजकन्या खसिरहेको देखेर राजाको सल्लाह सम्झेर वेगले फर्केर आएर तिनको केशमा दाँतले च्यापेर हुत्याएर तल झरिरहेकोलाई आफ्नो पिठ्युमा थापेर बसालेर तिनलाई आकाशबाट लगेर पाटलीपुत्र नगरसम्म नै पुर्याइदियो ।

१६. तिरच्छानगतापे'वं सरन्ता उपकारकं,
न जहन्ती ति मन्त्वान कतञ्ञू होन्तु पाणिनो ति । ॥१६॥

यस प्रकार पशु नै भए पनि आफुलाई उपकार गर्ने (मालिक) लाई सम्झेर (उसलाई) छोड्दैनन् भनी जानेर (सकल) प्राणीहरू कृतज्ञ होउन् । ॥१६॥

त्यस बेलादेखि तिनी पुण्यकर्म गर्दै गरी स्वर्गपरायणा भइन् ।

१७. यो यं दुमिन्दं यतिनन्दनेन
सम्पूजितं पूजयते सपञ्ञो,
सो भोगवा होति अनीतिको च
सब्बत्थ सो होति पसत्थरूपो । ॥१७॥



https://dhamma.digital

यतिनन्दन (प्रब्रजितहरूलाई प्रसन्न पार्ने, भगवान बुद्ध) द्वारा राम्ररी पूजा सत्कार गरिएको (बोधि)वृक्षराजलाई जो प्रज्ञावानले पूजा गर्ला, ऊ भवभोग सम्पत्तिले सम्पन्न हुन्छ । ऊ उपद्रवरहित हुन्छ, र सबै ठाउँमा (सबैबाट) प्रशंसायोग्य हुन्छ । ॥१७॥

बोधि राजकुमारीको कथा नवौं समाप्त ।

Dhamma.Digital



https://dhamma.digital

# ४.१०. कुण्डलिको कथा

अब यहाँबाट शुरु हुन्छ-

लंकाद्वीपको रोहण जनपदमा महाग्राम नामको एउटा गाउँ थियो। त्यहाँ अनेक परिवेण (भिक्षु आवास)ले शोभायमान सयौं जना भिक्षुहरूको जमघट भएको तिस्स भन्ने विहार एउटा थियो । त्यस विहारमा एक जना तिस्स नामका श्रामणेर बास गर्थे । उनी एक समयमा जनपदको चारिका गर्नका लागि घुम्दै पासाणवापि भन्ने गाउँमा भिक्षाटन गरेर जीवनयापनको लागि चाहिनेजति मात्र भोजन (भात) र घिउ प्राप्त भयो । उनी त्यहाँबाट बाहिरिएर गाउँको द्वारमा पुगेर महाग्राम गाउँतिर गईरहँदा मानिसहरूसँग सुविधाजनक ठाउँ सोधे । जब उनीहरूले उत्तर दिए कि "भन्ते ! हजुरको अगाडि नजिक नै ककुबन्द भन्ने चिसो पानी बगिरहेको, सेतो बालुवाको बगर भएको कन्दर (गुफा) छ। हजुर त्यहाँ जानुहोस्, स्नान गर्नुहोस्, र बालुवाको बगरमा सितल छाँयामा बसेर भोजन गर्नुहोस्, अनि जानुहोस् ।" श्रामणेरले "हवस्", भनी त्यहाँ गए, र आफूलाई सुविस्ता लागेको ठाउँमा बसेर भोजन गर्न थाले । त्यस समयमा जंगलमा काम परेको मानिससँग जंगलमा गएकी र त्यहीं गुफाको पाखामा छाउराहरू बियाएर भोकाएकोले शरीर लगलग काम्दै छाउराहरूको नजिकै लेटीरहेकी एउटी पोथि कुकुरले श्रामणेरको पात्रको भोजनको गन्ध चाल पाएर लेटिरहेको



https://dhamma.digital

ठाउँबाट उठेर लुरुलुरु काम्दै उनको नजिक पुच्छर हल्लाउँदै उभिन आयो । श्रामणेरले त्यसलाई देखेर हृदय कम्पन गरेर आफूलाई भनी लिएको पहिलो गाँस भात उसको अगाडि राखिदिए । अनि त्यस पोथि कुकुरले मन प्रसन्न गरी खायो । त्यो देखेर प्रसन्न भएर फेरि फेरि पनि भातका गाँसहरू बनाएर त्यसलाई दिएर आफ्नो पात्र धोएर झोलामा राखेर हिंडे ।

त्यसपछि श्रामणेरप्रति मनमा श्रद्धा उत्पन्न गरेकोले गर्दा त्यो पोथि कुकुर त्यहाँबाट मृत्यु भएपछि जम्बुद्वीपमा देवपुत्त नगरमा राजाद्वारा बडा महारानीको गर्भमा प्रतिसन्धि लिएर दश महिना पूरा भएपछि आमाको गर्भबाट जन्मियो । त्यसपछि तिनको शिखामंगल (प्रथम केश मुण्डन) दिन आइपुग्दा आमाबुबाले तिनलाई (शिरमा) घुम्रेको कपाल भएकी हुनाले कुण्डली भनेर नामाकरण गरिदिए । क्रमशः तिनी सोह्र बर्ष उमेरकी भइन् । भनिएको छ कि त्यस बेलामा तिस्स श्रामणेर “महाबोधिवृक्षलाई वन्दना गर्नेछु” भनी विचार गरी पानीजहाजमा बसेर जम्बुद्वीपमा गएर क्रमशः देवपुत्त नगरमा पुगेपछि अन्तरवासक राम्ररी लगाएर, उत्तरासंगले राम्रोसँग ओढेर, चारहात जति मात्र अगाडि हेर्दै भिक्षाटन गर्नका लागि फराकिलो सडकमा पुगे । राजकन्या सिंहपञ्जर झ्याल खोल्न लगाएर भित्री बाटोमा हेरिरहेको बेलामा भिक्षाटन गरिरहेका श्रामणेरलाई देखेर पहिलेको स्नेह उत्पन्न भयो । त्यही क्षणमा तिनलाई जातिस्मरण ज्ञान उत्पन्न भयो ।



https://dhamma.digital

तिनी त पहिलेको जन्ममा भिक्षुणी भएर विषयसूची समेत भएको पुस्तक र बत्ति बाल्नका लागि तेल पनि दान गरेर “म जातिस्मरण ज्ञान भएको हुन पाउँ” भनी प्रार्थना गरेकी थिइन् । त्यसैले तिनले पहिलेका जन्मका कुरा याद गर्दा श्रामणेरले आफूप्रति गरेको उपकार देखेर मन प्रसन्न गरि तथा श्रामणेरलाई बोलाउन लगाएर राजदरवारमा आसन वछ्याउन लगाएर त्यहाँ बसेपछि अनेक प्रकारका उत्तम सुस्वादु भोजनद्वारा पूजा गरेर पात्रबाट हात झिकेपछि श्रामणेरकहाँ गई वन्दना गरेर एक छेउमा बसेर उनीसँग वार्तालाप गर्दै यस्तो भनिन्-

१. “न सञ्जानासि मं धीर पुब्बे'हं तव दासिका,
तयाहं सुखिता आसिं तस्मा त्वं असि इस्सरो ति ।” ॥१॥

“प्रज्ञावान भन्ते ! के तपाईले मलाइ चिन्नुभएन ? म पहिले तपाईकी दासी थिएँ। तपाईद्वारा म सुखी भएँ। त्यसैले तपाई मेरा मालिक-स्वामी हुनुहुन्छ ।”

त्यो कुरो सुनेर श्रामणेरले भने-

२. “न'त्थि मे तादिसी दासी न सञ्जानामि तं अहं,
का'सि त्वं कस्स वा धीता ? तं मे अक्खाहि पुच्छिता ति ।” ॥२॥

“मेरी त्यस्ती कोही दासी छैन । मैले तिमीलाई चिन्दिनँ । तिमी को हौ ? कसकी छोरी हौ ? सोधिएका प्रश्नहरूको उत्तर देऊ ।” ॥२॥



https://dhamma.digital

अनि तिनले उनलाई याद दिलाउँदै यस्तो भनि-

३. "सरापेमि तुवं अज्ज यथा जानासि मं इसे,
बुज्झस्सु बोधितो दानि मया जातिं सरन्तिया । ॥३॥

"भो भन्ते, म हजुरलाई याद दिलाउँछु ताकि हजुरले आज मलाई चिनुन् । मैले पहिलेका जन्मका कुरा याद गरेर बताएपछि हजुरले चिन्नुहुनेछ । ॥३॥

४. पासाणवापिगाममम्हि तम्बपण्णिम्हि रोहणे,
भिक्खित्वान तुवं भन्ते यदा ककुबन्दकन्दरे । ॥४॥

भो भन्ते ! हजुर जुन समयमा ताम्रपर्णीद्वीप (लंकाद्वीप) मा रोहण जनपदमा पासाणवापि भन्ने गाउँमा भिक्षाटन गरि ककुबन्द कन्दरामा ॥४॥

५. निसीदित्वान त्वं भत्तं भुत्तकालं सरिस्ससि,
तदा'हं सुनखी आसिं विजाता 'लद्धगोचरा । ॥५॥

बसेर भोजन गर्न लाग्नु भएको बेलाको घटना सम्झना छ कि ? त्यस समय म छाउराहरू बियाएर आहार प्राप्त नभएको (भोको) पोथी कुकुर थिएँ । ॥५॥

६. दारके खादितुं मय्हं आसन्ना खुदपीलिता,
पवेधमानसब्बङ्गा अट्ठासिं तव सन्तिके । ॥६॥

भोकले पीडित भएर म आफ्नै छाउराहरू खाने अवस्थामा पुगेर, सकल शरीर थरथर कामिरहेकी (म) हजुरको नजिक आएर उभिइरहें । ॥६॥

७. दिस्वा तं मं तदा भन्ते वेधमानं वुभुक्खितं,
छिन्नभत्तो तुवं हुत्वा मं भत्तेन तोसयि । ॥७॥



https://dhamma.digital

भो भन्ते ! उक्त समयमा भोकले थरथर कामिरहेको मलाई हजुरले देखेर आफु भोकै बसेर मलाई भोजन ख्वाउनुभयो । ॥७॥

८. तदा'हं मुदुचित्तेन चित्तं तयि पसादयिं,
तेनाहं पुञ्ञकम्मेन दुतिये अत्तसम्भवे,
इध राजकुले जाता सब्बकामसमिद्धिनी । ॥८॥

उक्त समयमा म चित्त कोमल भएकोले हजुरप्रति मन प्रसन्न भएँ । त्यस पुण्यकर्मको प्रभावले म अर्को आत्मभावमा यहाँ राजकुलमा जन्मेर सकल सम्पत्तिले समृद्ध भएँ । ॥८॥

९. चित्तप्पसादमत्तेन लोकनाथस्स सासने,
तदहुपब्बजितस्सा पि ईदिसा होन्ति सम्पदा,
कीदिसं होति सम्बुद्धे पसादेन फलं अहो ! ॥९॥

लोकनाथ (मानिसहरूका भरोसा, भगवान) को शासनमा आजै मात्र प्रब्रजित भएकाप्रति चित्त प्रसन्न गर्नाको फल नै यस्तो हुन्छ भने भगवान सम्यक्सम्बुद्धप्रति प्रसन्न गर्नाको फल अहो ! कस्तो हुन्छ होला ?॥९॥

१०. अञ्ञानि पन किच्चानि पहाय'त्तहिते रतो,
अतन्दितो दिवारत्तिं सरातु रतनत्तयं ति ।" ॥१०॥

आफ्नो हित चाहने बुद्धिमानले अरू काम सबै छोडेर पनि अल्छी नमानिकन दिनरात (सधैं) त्रिरत्नको गुण स्मरण गर्ने प्रयास गर ।" ॥१०॥

यस प्रकार तिस्स श्रामणेरले गरेको उपकार याद दिलाई-"भन्ते ! हजुरकी दासीलाई अनुग्रह राख्नका लागि



https://dhamma.digital

मात्र (भए पनि) यहीं बस्नुहोस्” भनी निमन्त्रणा गरेर उनले स्वीकार गरेपछि ठूलो विहार बनाउन लगाई श्रामणेरदेखि गरेर अनेक शय भिक्षुहरू निमन्त्रणा गरेर विहारमा बास गराई, चार प्रत्यय सुलभ गरेर उपस्थान गरिबसिन्। श्रामणेर पनि पोथी कुकुरलाई दिएको दान स्मरण गरी संतुष्ट भएर बुद्धानुस्मृति मनन गरी चिरकाल नबित्दै अरहत्त्व लाभ गरी त्यही विहारमा बास गर्दै आयु सिद्धिएपछि त्यहीं नै परिनिर्वाण भए ।

११. तियद्धेसु तिलोकस्मिं न'त्थि वत्थुत्तयं विना,
सत्तानं अञ्ञं इच्छत्थदायकं सुरपादपं ति । ॥११॥

(अतीत, वर्तमान र अनागत गरी) तिन कालमै, र (काम, रूप, अरूप भनिएका) तिन लोकमा त्रिरत्न बाहेक सत्त्व प्राणीहरूलाई चिताएका वस्तुहरू दिने अरू कल्पवृक्ष भन्ने छँदैछैन ।

कुण्डलीको कथा दसौं समाप्त ।

Dhamma.Digital

महासेन वर्ग चौथो समाप्त ।

*रसवाहिनी (जम्बुद्वीपमा उत्पन्न कथाहरू)* समाप्त ।



https://dhamma.digital

बौद्ध भिक्षु बनेर

निःशुल्क सबै प्रबन्ध प्राप्त गरी

त्रिपिटकका साथै

स्कूल तथा कलेजमा

पढ्न चाहनेले

हामीलाई सम्पर्क गर्नुहोला ।

Dhamma.Digital

# मुनि विहार

## (श्री धर्म्मोत्तम महाविहार)

वडा नं. ७, भनपा.,

भक्तपुर जिल्ला, नेपाल ।

फोन नं ०१ ६६१६४६४



https://dhamma.digital

**सम्पादकका प्रकाशित कृतिहरू :**

१) बालोपयोगी सचित्र बुद्धजीवनी (अनुदित, १९९३)
२) भगवान शरण (स्वलिखित लेख संग्रह, १९९९)
३) स्वर्गीय भिक्षु रत्नज्योति महास्थविर स्मृतिग्रन्थ (सहसम्पादन, २००१)
४) थेरी अपदान (अनुदित, २००२)
५) महाजनक राजाको कथा (थाइ नरेश भूमिबल अदुल्यदेजको कृतिको अनुवाद, २००३)
६) एन इन्ट्रोडक्शन टु वत् मुनि विहार (लिखित, २००९)
७) मुनि विहार, भक्तपुरको परिचय (लिखित, २००९)
८) भक्तपुरको मुनि विहार (लिखित, (२०१५)
९) जनताका भिक्षु (अनुदित, थाइलैंडका १९ औं राजगुरु संघराज परमपूज्य भिक्षु समतेज बरञाणसंवारको जीवनी, २०१५)
१०) परित्राण सूत्र संग्रह (अनुदित, २०१६ तथा २०२२ मा प्रकाशित)
११) नयाँ परित्राण निश्रय (सम्पादित, २ भागमा गरी ७०० पृष्ठको, २०१८)
१२) भगवान् बुद्धको जीवनी र उपदेश (सचित्र र संक्षिप्त, २०१९)
१३) नवकोवाद (नवदीक्षित भिक्षुहरूका लागि निर्देश, २०२१)
१४) बुद्ध-वचन (सम्पादित, २०२३)
१५) विनयमुख भाग १, २ तथा ३ (अनुवादित, २०२३)
१६) रसवाहिनी (जम्बुद्वीपमा उत्पन्न कथाहरू, २०२५)
१७) धर्मको इतिहास (सर्गेइ टोकरेभद्वारा रूसीभाषामा लिखित, पाउल गार्बद्वारा अंग्रेजीमा अनुदितको नेपाली भाषान्तरित, २०२५)

**प्रकाशकको प्रतिक्षामा :**

१) बुद्धिज्म इन नेपाल (एमएको थेसिस, २००१)
२) बाह्र महिनाका राजबिधीहरू (थाइराजा चुलालंकरण राम पाचौं लिखित, २०००)
३) भक्तपुरदेखि थाइलैंडसम्म (यात्रा विवरण, २०२२)
४) मुनि विहार (श्री धर्म्मोत्तम महाविहार) को विधान २०७२)

https://dhamma.digital